३२८
भक्तपुर मासिक
Bhaktapur Monthly
कार्तिक २०८०
ISSN 2705-4454



# नेपाल संवत् र अन्य संवतहरू




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इ. कलेज तथा ख्वप कलेज अफ इ.को संयुक्त आयोजनामा 'कम्प्यूटर, विद्युत, सञ्चार प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन २०२३' को उद्घाटन गर्नुहुँदै । असोज २५ गते




नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इ. कलेज र ख्वप कलेज अफ इको संयुक्त आयोजनामा 'भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुन:निर्माण' विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन । असोज ३० गते

## भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६
website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{$) ⋆ cÆ !@ ⋆ g]; ⫲!$# ⋆ lj÷; ⫲@)*) sflt{§ ⋆ A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**'मताधिकार एउटा कर्तव्य हो, जुन राज्यद्वारा ती व्यक्तिहरुलाई प्रदान गरिन्छ, जसको सम्बन्धमा यो मताधिकारको प्रयोग राष्ट्रिय हित गर्नमा आवश्यक योग्यता राख्छ ।'** – प्रा. गार्नर

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) त्रिचालिसौं नेपाल भाषा साहित्य तः मुंज्या भव्यताका साथ सम्पन्न | – | ३ |
| २) प्यालेस्टाइनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध विरोध प्रदर्शन तथा सभा | – | १५ |
| ३) गैरआवासीय नेपालीलाई नागरिकता र यसको सम्भावित परिणाम | विवेक | २० |
| ४) हत्याराका संरक्षक बनाइएका राष्ट्रपति रामचन्द्र पौडेल | विमल पोखरेल | २२ |
| ५) समालोचनाया सिद्धान्त (२१) नां कायें बहपिं समालोचकपिं (१) न्हूगु युग ह:गु छुं मत | प्रा. माणिकलाल श्रेष्ठ | २६ |
| ६) सम्पदा | आर.दिस्ती | ३० |
| ७) सम्पदाप्रेमी समाज नेपालको छायादेवी कम्प्लेक्सबारेको अपिल | – | ३१ |
| ८) नेपाल संवत् र अन्य संवत्हरू | दिव्यराज | ३५ |
| ९) पर्यटन उद्योग र यसको संवेदनशीलता | समिर | ३९ |
| १०) बक्सिङ्ग खेलाडी राजु दुवाल | राजकुमार लघु | ४२ |
| ११) सरकारी कर्मचारी र निर्वाचित प्रतिनिधि दुवै इमानदार हुनु आवश्यक | – | ४३ |
| १२) अमेरिकी प्रहरी र न्यायपालिकामा 'प्रणालीगत नस्लवाद' व्याप्त:संयुक्त राष्ट्र सङ्घ | – | ४४ |
| १३) ग्वान्टानामोमा बन्दीहरूमाथि सीआईएद्वारा शारीरिक र मानसिक यातना चालु | – सैयद जफर मेहदी | ४६ |
| १४) भक्तपुर नगरपालिका गतिविधि | – | ५२ |
| क) शैक्षिक गतिविधि | – | ६० |
| ख) स्वास्थ्य सेवा | – | ८३ |
| ग) भेटघाट | – | ८६ |
| घ) सङ्क्षेपमा | – | ९० |
| १५) विविध समाचार | – | ९१ |
| १६) हिटलरलेझैं यहुदी शासकहरूले सजाय भोग्ने निश्चित (सम्पादकको पृष्ठ) | – | १०८ |

**साथमा** : नारमल्ला फल्चाको पुन:निर्माण सार्वजनिक परीक्षण कार्यक्रम–२५/ बसिबियाँलो–३४/ वडाध्यक्ष ज्याख्वका पिताको निधन–६१/ नवयुवकसँग अपिल–४९/ प्रेरणीय–५०/ वैधानिक कानुन (७)–५१/ जीवन–आचरण–८२/ हाम्रा मौलिक सामग्री–८२/ चीनका प्राचीन नीति कथा–८२/ सम्झनाको लागि –८९/ थाहा पाइराखौं–९०/ हाम्रो स्वास्थ्य–१०६/ पर्यटक तथ्याङ्क–१०७/ रङ्गीन पृष्ठ– क–घ ।






# lqrfln;f}+g]kfn efiff ;flxTo tM d'+Hof / ;f:s[ts k|bz{gL eJotfsf ;fy ;DkGg

**'जनता म्वासा भाषा म्वाइ'** नारा बोकेर हरेक वर्ष कौलाथ्व द्वादशी र त्रयोदशी दुई दिन हुने नेपाल भाषा साहित्य तःमुंज्या र सांस्कृतिक प्रदर्शनी यस वर्ष ल्यसिंख्यःमा भव्यताका साथ सम्पन्न भयो ।

**कौलाथ्व द्वादशी** (पहिलो दिन)

## नेपालको सार्वभौम भूमि कहींको जग्गासित पनि साटिन हुँदैन : अध्यक्ष बिजुक्छेँ

त्रिचालीसौं नेपालभाषा साहित्य तःमुंज्या र सांस्कृतिक प्रदर्शनी कार्तिक ९ गते स्थानीय ज्येष्ठ नागरिक एवं सांस्कृतिक गुरु राम घेमोसुबाट मालश्री धुनको पार्श्वमा कलात्मक पानसमा दीप प्रज्ज्वलन गरी समुद्घाटन भयो ।



भक्तपुरको ऐतिहासिक तथा धार्मिक स्थल ल्यसिंख्यःमा भएको उक्त तःमुंज्याका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले लिम्पियाधुरा, कालापानी नेपालको भूमिसित जग्गा साटफेर गर्ने विचारप्रति असहमति जनाउनुहुँदै त्यो क्षेत्र सामरिक महत्त्वको क्षेत्र भएकोले कुनै हालतमा नेपालले छोड्न नहुने विचार व्यक्त गर्नुभयो ।



पुर्खाको रगतले कोरिएको हाम्रो सार्वभौम भूमि कहींको जग्गासित पनि साटिन नहुने स्पष्ट पार्नुहुँदै उहाँले चीनले नेपालको सीमा कहीं नमिचेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'कुनै व्यक्ति कुनै पदमा बस्नुभन्दा पनि पदअनुसारको काम उसले गरे नगरेको मुख्य हुन्छ । शिक्षक हुनु ठूलो कुरा होइन बरु पदअनुसारको पठनपाठन गर्नु ठूलो हो । भक्तपुरको शैक्षिक स्तर उठ्नुमा यहाँका शिक्षकहरूको परिश्रमको सकारात्मक परिणाम हो ।'

उहाँले भन्नुभयो, 'हामी जो जहाँ जेसुकै पेशा व्यवसायमा रहे पनि इमानपूर्वक देश र जनताको सेवा गर्न समर्पित हुनुपर्छ । बिरामीसित नर्स, डाक्टर झर्कने हो भने त्यो पेशा नै छोड्नुपर्छ । पढाउन झर्को मान्ने व्यक्ति शिक्षक हुनुहुँदैन ।'

शिष्ट भाषा आजको आवश्यकता रहेको चर्चा गर्नुहुँदै उहाँले यस्ता सभा गोष्ठी सम्मेलन आफैं पनि एउटा कक्षा हो भन्नुभयो ।



उहाँले सो अवसरमा जनगायक चन्द्रबहादुर श्रेष्ठ, वरिष्ठ इन्जिनियर राजदास श्रेष्ठ, वरिष्ठ कार्टुनिस्ट मोहनश्याम खोकना र शिक्षाकर्मी अम्बिकामान मानन्धरलाई दोसल्ला ओढाई नगद रु. पच्चीस हजारसहित सम्मानपत्रद्वारा सम्मान गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता **कृष्णप्रसाद भण्डारी**ले देश आर्थिक मन्दीतिर गइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै सरकारले जनता परिचालन गरेर देशलाई जोगाउन आग्रह गर्नुभयो । उहाँले चीनमा माओ त्सेतुङले रुसले दिएको दान सहयोग पनि नलिई जनपरिचालन गरी विकास निर्माणमा जोड दिएको दृष्टान्त दिनुभयो ।

देशले सही नेतृत्व नपाइकन देशमा सुशासन नहुने र सुशासनविना देश नबन्नेमा जोड दिनुहुँदै उहाँले रुस, मलेसिया, कतारलगायतका शासकले जनता परिचालन गरेरै देश बनाएका उदाहरणहरू दिनुभयो ।

पूर्वन्यायाधीश **गौरीबहादुर कार्की**ले सहकारी क्षेत्रमा व्याप्त विकृति, विसङ्गतिको चर्चा गर्नुहुँदै विश्वास नभएको सहकारीमा रकम जम्मा नगर्न सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, 'सरकार कुहिराको काग बनेको छ । जनताको रकम कुम्ल्याएर सञ्चालकहरू विदेश भागेका छन् । जनता माइतीघर मण्डलामा धर्ना बस्नुपरेको छ । नौ अर्ब रकम डुबाउने सिभिल सहकारीका सञ्चालक इच्छाराज तामाङलाई १-२ करोड धरौटीमा छोडिन्छ । उही व्यक्ति संसद् सदस्य हुन्छ; सहकारीसम्बन्धी समितिको सभापति बन्छ । अनि देश कसरी बन्छ ?'









त:मुंज्याको प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट त:मुंज्याको सम्मान ग्रहण गर्नुहुँदै क्रमशः जनगायक चन्द्रबहादुर श्रेष्ठ, वरिष्ठ इन्जिनियर राजदास श्रेष्ठ, वरिष्ठ कार्टुनिस्ट मोहनश्याम खोकना र शिक्षाकर्मी अम्बिकामान मानन्धर।

ज्योतिषशास्त्री **वीरेन्द्रप्रसाद कायष्ठ**ले ज्योतिषीय दृष्टिमा बिस्केट जात्राबारे बोल्नुभयो भने प्रा.डा. **सिद्धिवीर कर्माचार्य**ले समाजमा चलेका उखान टुक्काको व्यावहारिक महत्त्वमाथि प्रकाश पार्नुहुँदै अल्छी मान्छेले प्रगति गर्न नसक्ने बताउनुभयो।

सभामा सम्मानित कार्टुनिष्ट **मोहनश्याम खोकना**ले २०२८ सालदेखि आफूले कार्टुन लेखेको चर्चा गर्नुहुँदै पञ्चायतकालमा आफ्नो कार्टुनका कारण पत्रिकाका सम्पादक पक्रिएको अनुभव सुनाउनुभयो भने शिक्षाकर्मी **अम्बिकामान मानन्धर**ले सेवा निवृत्त भए पनि सेवा निवृत्त शिक्षक समाजमा रहेर शैक्षिक गतिविधिमा लागिरहेको बताउनुभयो।

त्यस्तै अर्का दुई सम्मानित इन्जिनियर **राजदास श्रेष्ठ**ले समाजवादी शासन व्यवस्था भएको रुसमा आफूले अध्ययन गरेको र त्यहाँ मान्छेको जन्मदेखि मरणसम्म सबै सरकारले जिम्मा लिएको हुँदा जनतालाई कुनै दुःख नभएको विचार सुनाउनुभयो भने जनगायक **चन्द्रबहादुर श्रेष्ठ**ले नेपालभाषाका महाकवि गिरिजाप्रसाद जोशीको चेतनामूलक गीत सुनाउनुभयो।

कार्यक्रममा गीतकार **आनन्द अधिकारी**ले हजार न्युक्लियर बमभन्दा एउटा सांस्कृतिक बम शक्तिशाली हुने धारणा राख्नुहुँदै सबै नेपालीमा 'राष्ट्र देव भवः' भन्ने भावना हुनुपर्ने सुझावका साथ 'धूलो' शीर्षकको कविता सुनाउनुभयो।

सीमाविद् **बुद्धिनारायण श्रेष्ठ**ले नेपालको चुच्चे र बुच्चे नक्सा निर्माणको चर्चा गर्नुहुँदै त्यसबेला दरबारले नै नेपालको नक्सा बुच्चे बनाएको प्रस्ट पार्नुभयो।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कूटनीतिक आचरणविपरीत विवादित क्षेत्रमा भ्रमण गरेको चर्चा गर्नुहुँदै उक्त क्षेत्र भारतकै हो भन्ने देखाउन मोदीले त्यस क्षेत्रका ३२ जना प्रतिनिधिहरूलाई भेटेर छलफल गरेको उहाँले बताउनुभयो।

विवाद सदाका लागि अन्त्य गर्न उक्त जग्गा भारतले नै लिने भए त्यसको सट्टामा बंगलादेशसम्म पुग्ने जग्गा नेपाललाई दिनुपर्ने धारणा राख्नुहुँदै उहाँले जग्गा साटफेरका अनेक उदाहरण र विकल्पहरू छलफलका लागि प्रस्तुत गर्नुभयो।

यसअघि एक वक्ताले उहाँको आलोचना गरेको सम्बन्धमा 'अधकल्चो अध्येता' भनी टिप्पणी गर्नुहुँदै उहाँले पूर्ववक्ताको खण्डन गर्नुभयो।

संसद्मा प्रेम सुवालले चुच्चे नक्सा जारी भएपछि नेपालको क्षेत्रफल कति भयो भन्ने प्रश्नको अहिलेसम्म जवाफ नमिलेको चर्चा गर्नुहुँदै उहाँले आफ्नो अध्ययनअनुसार अब नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किमिमा ३७२ वर्ग किमि थपिएको तथ्याङ्क प्रस्तुत गर्नुभयो।



वरिष्ठ मनोरोग चिकित्सक डा. **धनरत्न शाक्य**ले मानसिक रोगीहरू समाजमा आवाजविहीन हुन्छ; आवाजविहीनहरूको आवाजलाई पनि सम्बोधन गर्न सके समाज थप सभ्य हुने बताउनुभयो।

जलस्रोत अध्येता **रत्नसंसार श्रेष्ठ**ले संसद्मा प्रस्तुत विद्युतीय विधेयकबारे देशमा खासै चर्चा नभएकोमा आश्चर्य व्यक्त गर्नुहुँदै विधेयक नेपाली भाषामा नभई अङ्ग्रेजी भाषामा किन प्रस्तुत गरियो भनी प्रश्न गर्नुभयो।

संरा अमेरिकी राष्ट्रपतिको गलत नाम उल्लेख भएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'अमेरिकाको इतिहासमा त्यो नामको व्यक्ति राष्ट्रपति बनेका छैनन्।'

देशका हरेक नदीमा बिजुली देख्ने शासकहरूले देशको बिजुली देशमै खपत कसरी गर्ने भन्ने किन देखेनन् भनी उहाँले प्रश्न गर्नुभयो।

नेपालमा प्रतिव्यक्ति सात हजार घनमिटर पानी छ तर पनि यहाँ पानीको सर्वत्र हाहाकार छ– न खान, न सिँच्न पाइएको छ भन्नुहुँदै उहाँले लेसोथो भन्ने देशले दक्षिण अफ्रिकालाई पानी बेचेर देशको विकास गरेको उदाहरण दिनुभयो।

'डा. के.आई. सिंहले भारतलाई पानीको मूल्य लिएरमात्र भारतलाई दिने शर्त राखेको र त्यो शर्तअनुसार अहिले रकम हिसाब गर्ने हो भने वार्षिक ५७ लाख डलर देशले पानीबाटमात्र कमाइ हुन्थ्यो', उहाँले भन्नुभयो, 'अहिलेको गणतान्त्रिक सरकार त के.आई. सिंह जतिको पनि भएन, पानी सित्तैमा दिएर भारतलाई सस्तोमा बिजुली बेच्ने सरकारी नीति गलत छ।'

भक्तपुर क्यान्सर अस्पतालका वरिष्ठ चिकित्सक प्रा.डा. **ऋषिकेशनारायण श्रेष्ठ**ले भक्तपुर नगरपालिका क्षेत्रफलको दृष्टिले देशकै सानो पालिका भए पनि शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा अरूको लागि नमुनालायक भएको चर्चा गर्नुहुँदै कुनै पनि क्यान्सर उपचारको लागि अब विदेशिनुनपर्ने बताउनुभयो।

सीमा अध्येता **रतन भण्डारी**ले नेपाललाई धोका दिएर भारतमा सम्पत्ति जोड्ने 'गजराज' प्रवृत्ति बढिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै गणतन्त्रपछिका शासकहरूमा पनि भारतभक्ति रहेकोमा आक्रोश व्यक्त गर्नुभयो ।

'जनमत' साहित्यिक पत्रिकाका सम्पादक **मोहन दुवाल**ले साहित्यिक पत्रकारिताको इतिहास सुनाउनुहुँदै साहित्यिक पत्रकारिताको १२५ वर्षमा पनि स्थिति अझै दयनीय रहेको बताउनुभयो ।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) बाट त:मुंज्याको दबुमा 'देशघाती एमसिसी सम्झौताविरुद्ध सङ्घर्षमा नेमकिपा' पुस्तक सार्वजनिकीकरण गर्नुहुँदै ।

बाग्लुङका नेवारहरूले नेवार संस्कृति जोगाउँदै आएको चर्चा उक्त क्षेत्रका **रामविन्दु श्रेष्ठ**ले गर्नुभयो भने वन विज्ञान तथा वातावरण विज्ञानका अध्येता **रोशन शेरचन**ले भक्तपुरको सांस्कृतिक निधिको प्रशंसा गर्नुहुँदै देशलाई उपभोक्तावादबाट जोगाउन जनता चनाखो हुनुपर्नेमा जोड दिनुभयो ।

लेखक एवं भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**को सभापतित्वमा भएको उक्त कार्यक्रममा त:मुंज्या अध्यक्ष **आशकुमार चिकंबन्जार**, नेपालभाषा साहित्य त:मुंज्या काठमाडौँ महानगरकी **रत्ना डंगोल**, नेपालभाषा साहित्य त:मुंज्या ललितपुरका **महन्त महर्जन**ले पनि शुभकामना मन्तव्य दिनुभएको थियो भने सुरूमा आयोजक समितिका अध्यक्ष **बलराम सिबन्जार**ले स्वागत मन्तव्य दिनुभएको थियो ।

पहिलो चरणको साहित्यिक कार्यक्रममा नवोदित तथा स्थापित साहित्यकारहरूबाट कथा, कविता, निबन्ध र गीतहरू प्रस्तुत गरेका थिए । दोस्रो चरणमा एकाङ्की, नाटक, प्रहसन, नृत्यलगायत प्रतिस्पर्धात्मक सांस्कृतिक विधाहरू प्रस्तुत गरिएको थियो ।

**कौलाथ्व त्रयोदशी** (दोस्रो दिन)

# देशद्रोही शासकहरुविरुद्ध जाग्न जनता हरदम तयार रहनुपर्ने



त्रिचालीसौँ नेपालभाषा साहित्य त:मुंज्या कार्तिक १० गते सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रममा अग्रज किसान कार्यकर्ता आशकाजी माक, सांस्कृतिक गुरु चन्द्रबहादुर कपाली, अग्रज स्वास्थ्यकर्मी दिलबहादुर मातां र गीतकार नारायणकुमार आचार्यलाई प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नगद रु. १० हजारसहित दोसल्ला र सम्मानपत्रबाट सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छेँ**ले देशलाई घात हुने विषयमा हस्ताक्षर गर्ने शासकहरू देशद्रोही हुन् भन्नुहुँदै विद्यार्थीलाई गलत विषय पढाउने पाठ्यक्रम नै फेर्नुपर्ने हुँदा ख्वप विश्वविद्यालयको आवश्यकता भएको स्पष्ट पार्नुभयो ।

विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष साम्राज्यवादीहरूकै अङ्ग भएकोले हामी त्यसमा फस्न नहुनेतर्फ सचेत पार्नुहुँदै उहाँले भक्तपुरस्थित धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रलाई भक्तपुर अस्पतालभन्दा पश्चिमको जग्गा भारतकै डरले प्रदान नगरेको बताउनुभयो ।

प्रधानमन्त्रीलाई रकम नबुझाउने शिक्षामन्त्रीलाई राजीनामा गराएको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'शिक्षामन्त्रीले शिक्षकहरू जिल्लान्तर सरुवामा घुस लिँदा रहेछन्; त्यसैले यी शासकहरूविरुद्ध जनता जाग्न हरदम तयार भएर बस्नुपर्छ ।'

नेमकिपाका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले सिंहदरबारमा बसेर शासन गर्ने शासकहरूले भारतको विरूद्ध एक शब्द पनि बोल्न नसकेको उल्लेख गर्नुहुँदै भारतका पुँजीपति वर्गको सेवाको लागि नेपालमा बिजुली उत्पादन गर्ने काम देश हितविपरीत रहेको बताउनुभयो ।प्रधानमन्त्री 'प्रचण्ड'को भारत

भ्रमणको बारेमा भएको बैठकमा कालापानीबारे भारतसित कुरा गर्न सुझाव दिएको बताउनुहुँदै उहाँले कालापानीमा भारतीय प्रम मोदीले विनाअनुमति भ्रमण गरेको विरोधमा नेपाल सरकार नबोलेकोमा आक्रोश पोख्नुभयो ।

त्यस्तै नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशमा पाठ्यक्रम बनाउने नै विदेशी एजेन्ट भएको चर्चा गर्नुहुँदै ती विदेशी दलालहरू देशका लागि खतरा छन् भन्नुभयो ।

सरकारले संसद्मा प्रस्तुत गरेको विद्यालय शिक्षा विधेयक सङ्घीयताविरुद्ध रहेको उल्लेख गर्नुहुँदै उहाँले स्थानीय पालिकाको अधिकार कटौती नगर्न चेतावनी दिनुभयो ।

उहाँले नगरपालिकाको कर्मचारी नियुक्ति गर्न पाउने अधिकार खोसिएकोमा भर्त्सना गर्नुभयो ।

स्रष्टा समाज नेपालका अध्यक्ष **लक्ष्मणराज जोशी**ले संरा अमेरिकाले जहाँ जहाँ हात हाल्छ त्यहाँ त्यहाँ विध्वंशबाहेक केही नभएको उदाहरण दिनुहुँदै भन्नुभयो, 'संरा अमेरिकाले आफ्नो स्वार्थविपरीत चल्ने जसलाई पनि आतङ्ककारी घोषणा गर्दै हत्या गर्छ; तर मारिएकालाई त्यस देशले शहीद घोषणा गर्छ !'

'ओसामा बिन लाडेन संरा अमेरिकाले नै तयार गरेका व्यक्ति हुन्; जब लाडेन अमेरिकाको स्वार्थविपरीत गए उसलाई आतङ्ककारी भनी अमेरिकाले हत्या गऱ्यो, यस्ता उदाहरणहरू



धेरै छन्', उहाँले थप्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले हाम्रो कला, संस्कृति, सम्पदा नै हाम्रा चिनारी भएको चर्चा गर्नुहुँदै त्यसको संरक्षण, सम्वर्द्धन गरी भक्तपुर नगरपालिकाले आम्दानीको स्रोत बनाइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नगरपालिकाले बर्सेनि यहाँका सांस्कृतिक धरोहरका रूपमा रहनुभएका सांस्कृतिक गुरुहरूको सम्मान गर्दै नयाँ पुस्तालाई पनि आफ्नो संस्कृतिप्रति जागरुक गर्ने प्रयास गरिरहेको छ ।'

पनौतीका कवि **सूर्यप्रसाद लाकोजु**ले पनौतीको भक्तपुरसित गहिरो सम्बन्ध रहेको तथ्य पनौतीको ब्रह्मायणीको मूर्तिमा राजा भूपतीन्द्र मल्लको शालिक भएबाट पुष्टि हुन्छ भन्नुहुँदै नेवा सांस्कृतिक सत्ता राजनीतिभन्दा व्यापक र लामो समयसम्म टिकिरहेको बताउनुभयो ।









तःमुंज्याको प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बाट तःमुंज्याको सम्मान ग्रहण गर्नुहुँदै क्रमशः अग्रज किसान कार्यकर्ता आशकाजी माक, सांस्कृतिक गुरु चन्द्रबहादुर कपाली, अग्रज स्वास्थ्यकर्मी दिलबहादुर मातां र गीतकार नारायणकुमार आचार्य ।

भक्तपुर अहिले राजनीतिक दृष्टिले मात्र नभई शैक्षिक, सांस्कृतिक र सम्पदा संरक्षणका दृष्टिले पनि आकर्षणको केन्द्र बन्दै आएको चर्चा गर्नुहुँदै उहाँले 'रेमिट्यान्स' शीर्षकको कविता सुनाउनुभयो ।

वनस्पतिविद् प्रा.डा. **धर्मराज डंगोल**ले नेपालभाषामा वातावरणबारे साहित्यको अभाव भइरहेको अवस्थामा यस्ता सम्मेलनले त्यो अभाव पूर्ति गर्ने विश्वास व्यक्त गर्नुहुँदै भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा नेपालभाषालाई पनि स्थान दिएर नयाँ पुस्तालाई उत्साहित गरेकोमा प्रशंसा गर्नुभयो ।

वास्तुकलाविद् प्रा.डा. **सुदर्शनराज तिवारी**ले विगतमा आफूले भक्तपुरमा १५ वर्षसम्म सम्पदा संरक्षणमा काम गर्दाको अनुभव सुनाउनुहुँदै भक्तपुरले पुर्खाले सिर्जेको सम्पत्ति संरक्षण गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्ने जुन काम गर्दै आएको छ त्यो अरूको लागि अनुकरणीय छ भन्नुभयो ।

संस्कृतिविद् प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले यहाँका सर्वसाधारण व्यक्ति पनि आफ्ना लागि गुरुतुल्य रहेको चर्चा गर्नुहुँदै आफूलाई जिउँदो सरस्वती भनेकै जन्मदिने आमा भनेर यहाँका सर्वसाधारणले सिकाएको बताउनुभयो ।



उहाँले भारतको अस्तित्व हुनुभन्दा धेरै अगाडि लिच्छविकालीन टिस्टुङको एक शिलापत्रले बृहत्तर नेपालको जानकारी दिने उदाहरण दिनुभयो ।

नेमकिपाले जघन्य भ्रष्टाचारका अपराधीलाई मृत्युदण्डको व्यवस्था हुनुपर्ने माग सान्दर्भिक रहेको चर्चा गर्नुहुँदै उहाँले मध्यकालीन नेपालमा भ्रष्टाचारीलाई मृत्युदण्ड दिइन्थ्यो भन्नुभयो ।

उहाँले गणतान्त्रिक शासनमा अनेक काण्डैकाण्डले देश चुर्लुम्मै डुबेकोमा आक्रोश व्यक्त गर्नुभयो । उपत्यकाको 'पायो' जात्रा वास्तवमा सैनिक दिवस भएको उदाहरण दिनुहुँदै उहाँले यसलाई युद्ध विजय उत्सवको रूपमा मान्नुपर्ने धारणा राख्नुभयो ।

सैनिक बलको आधारमा नेपालको कालापानी क्षेत्र भारतले हडपिरहेकोमा आपत्ति जनाउनुहुँदै प्रा.डा. श्रेष्ठले भन्नुभयो, 'संसारको इतिहासमा सैन्यवादभन्दा सधैँ राष्ट्रवाद बलियो स्थापित भइआएको छ ।'

पुरातत्त्वविद् **अरुणा नकर्मी**ले पृथ्वीनारायण शाहले उपत्यका जितिसकेपछि रणजित मल्ल काशीवास जाँदा नागार्जुनमा बसेर रचेको रचना आज पनि हामी भजन गाइरहेका छौँ भन्नुहुँदै साहित्य इतिहास पनि भएको धारणा राख्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले आफू पनि दैलखको नेवार भएको जानकारी दिनुहुँदै जनतालाई बचाएर भाषा–संस्कृति जोगाउने त:मुंज्याको नारा सान्दर्भिक छ भन्नुभयो ।

देशको युवा जनशक्ति बिदेसिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले युद्धग्रस्त इजरायलमा भक्तपुरका २० जना युवा रहेको जानकारी दिनुभयो ।

डा. **सरोज धिताल**ले भक्तपुरले आफूहरूलाई दिएको माया, प्रेम, स्नेहबाट आफू भावुक भएको उल्लेख गर्नुहुँदै भक्तपुरमा विविधताको बीचमा समानताको खोजी हुन्छ; समानतामा प्रेम र मैत्री भेटिन्छ भन्नुभयो ।

भक्तपुर आफूलाई अन्धकारको बीचमा देखिने प्रकाशजस्तो लाग्छ भन्नुहुँदै उहाँले भक्तपुरबाटै मैले हरेक बिरामीलाई मानवीय र सामाजिक नाताले हेर्न सिकेको बताउनुभयो ।

कार्यक्रममा कवि **रामप्रसाद ज्ञवाली**ले सभ्य मान्छे बस्ने ठाउँ नै सभा हो भन्ने कुरा कार्यक्रममा यहाँ **घण्टौँ** बस्दा अनुभूति भएको उल्लेख गर्नुहुँदै पान्डोरा बाकसबाट विकृति विसङ्गति निस्केजस्तै अहिले देशमा विकृति व्याप्त भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

पान्डोराको बाकस बन्द गर्ने सानी बालिकाको नाम 'आशा' हो भन्नुहुँदै उहाँले वर्तमान नेपालको पान्डोराको बाकस बन्द गर्ने आशा भक्तपुर रहेको उल्लेख गर्नुभयो ।

लेखक **हरिहर तिमिल्सिना**ले भक्तपुर नगरपालिकाले १५ लाखमा डाक्टर पढाउने कुरालाई 'अन्नपूर्ण' दैनिकमा आफूले लेख लेख्दा असम्भव भनी प्रतिक्रिया आएको जानकारी दिनुहुँदै तिनीहरूलाई धनप्रेमीको लागि असम्भव भए पनि जनप्रेमीले त्यसलाई सम्भव पार्छन् भनी जवाफ दिएको बताउनुभयो । उहाँले 'शिक्षक र पैतालाको धुलो' शीर्षकको कविता सुनाउनुभएको थियो ।

कवि **अभय श्रेष्ठ**ले 'आमाको उत्तरदान' कविता सुनाउनुभयो भने दोलखाली भाषामा ई. **रामभक्त मास्के**ले पनि भाषा, संस्कृति संरक्षणबारे कविता वाचन गर्नुभएको थियो ।

जनकवि **चन्द्रबहादुर उलक**ले 'जिगु ख्वप दे' शीर्षकको कविता सुनाउनुभयो भने गायक **सत्यनारायण मानन्धर**ले कवि उलकको 'जी नेवा स्वनिगया थुवा' गीत सुनाउनुभएको थियो ।

लघु कथाकार **धनमान श्रेष्ठ**ले 'भिसा' नामको लघु कथा सुनाउनुभयो भने **पुण्यराम कवां, हरिसुन्दर पोतामाहाँ, श्रीकृष्ण महर्जन, टेकबहादुर राना, सत्यनारायण श्रेष्ठ** (बनेपा), **सुवर्ण महर्जन, न्हुछेरत्न बुढाचार्य**लगायतले कविता वाचन गर्नुभयो । त्यस्तै विभिन्न प्रतियोगी साहित्य सर्जकहरूले

कथा, कवितालगायत साहित्य वाचन गर्नुभयो।

दोस्रो दिनको कार्यक्रम लेखिका एवं ख्वप कलेजकी शिक्षिका **सुनिता गाईंसी**को सभापतित्वमा भएको थियो भने आयोजक समिति (ग्वसा खल:) का उपाध्यक्ष **राजेन्द्र चवाल**ले स्वागत गर्नुभएको थियो।

कार्यक्रममा वाचित साहित्यतर्फ कथा विधामा **एल. के. सुन्दर** पहिलो, **श्रीया पहिजु** दोस्रो र **रामेश्वरी कोजू** तेस्रो हुनुभयो भने कवितातर्फ **रत्नगोपाल सिंख्वाल** पहिलो, **हरिसुन्दर पोतामाहाँ** दोस्रो, **सुजी हेङ्गोजू** तेस्रो र **श्रीकृष्ण महर्जन** सात्वना हुन सफल हुनुभएको थियो। उहाँहरूलाई प्रमुख अतिथि बिजुक्छेँले पुरस्कृत गर्नुभएको थियो।

पहिलो चरणको साहित्यिक कार्यक्रमपछि प्रतिस्पर्धात्मक सांस्कृतिक कार्यक्रम भएको थियो।

दुईदिने त:मुंज्या र सांस्कृतिक प्रदर्शनी सम्पन्न गर्न ग्वसाखल: र यस अन्तर्गतका विभिन्न समिति–उपसमितिमा बसी ३६७ जनाभन्दा बढीले सहयोग गरेको बताइएको छ।

## त्रिचालिसौं नेपालभाषा साहित्य त:मुंज्या प्रचारार्थ साइकल ऱ्याली



भक्तपुरको ल्यसिंख्यमा कार्तिक ९ र १० गते हुने ४३ औं नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रमलाई सफल पार्ने हेतुले असोज २७ गते त:मुंज्या साइकल ऱ्याली भयो।

जनताको साहित्य र संस्कृति उत्थानको साझा प्रयासमा टेवा पुऱ्याउने उद्देश्यका साथ विगत ४३ वर्षदेखि नेपालभाषा साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रम र अन्य गतिविधि भक्तपुरका विभिन्न स्थानमा बर्सेनि हुँदै आएको हो। यस वर्ष ४३ औं नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम भक्तपुरको भनपा ५, ल्यसिंख्य टोलमा कार्तिक ९ र १० गते बिहान ११ बजेदेखि हुने भएको छ।

साइकल ऱ्याली बिहान ६ बजेबाट सुरु भएको हो। ऱ्याली हुनुअघि बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले त:मुंज्या कार्यक्रम हुने स्थल ल्यसिंख्यमा उद्घाटन गर्नुभएको थियो। उहाँले युवा पिँढीहरूले त:मुंज्याको मर्म र पहिचानलाई जीवन्तता दिँदै अगाडि बढ्नुपर्ने बताउनुभयो।

भक्तपुरको त:मुंज्या साइकल ऱ्याली ल्यसिंख्यबाट सुरू भई जगाती, च्याह्मासिंह, दत्तात्रय, गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, च्वङा गणेश, राधेराधे, शंखधर चोक, बालकुमारी, बहाखा बजार, सानोथिमि, पेप्सीकोला, जडीबुटी, कोटेश्वर, तीनकुने, बानेश्वर, माइतीघर, भद्रकाली, शहीदगेट, न्युरोड गेट, वसन्तपुर, मरू, जैसीदेवल, लगन, भोटेबहाल, टेकु, त्रिपुरेश्वर, थापाथली, कुपण्डोल हुँदै पाटन ढोका पुगेको थियो। त्यहाँबाट न्याखचुक पुगी नेवा: समयबजि कार्यक्रम भएको थियो। त्यसैगरी न्याखचुकबाट पाटन, बगलामुखी, स्वथा, मंगलबजार, सौगल, ग्वार्को, इमाडोल, सिद्धिपुर, लुभु, सिरूटार, चित्रपुर, गाम्चा, किवाचोक, पाण्डुबजार, सूर्यविनायक, राममन्दिर, ग:हिति हुँदै ल्यसिंख्य पुगी समापन भयो।

कार्यक्रममा विविध भाषा साहित्य सम्मेलनले मध्यपुर थिमिको नगदेशमा, नेपालभाषा साहित्य त:मुंज्या काठमाडौंले वसन्तपुरमा, नेपालभाषा साहित्य त:मुंज्या ललितपुरले पाटनमा ऱ्यालीमा सहभागीलाई स्वागत गरेका थिए।

## सुकुन्दा ऱ्याली

त्रिचालिसौं त:मुंज्याको निमन्त्रणार्थ कार्तिक ८ गते सुकुन्दा ऱ्याली गरी नगर परिक्रमा गरिएको थियो। बाजाखल:का बाजा ऱ्यालीमा विभिन्न बाजगाजा टोलीका साथै सुकुन्दासहित महिलाहरूको उल्लेख्य सहभागिता रहेको थियो।






मन्तव्य

# 'कुनै पनि प्रधानमन्त्रीबाट देश र जनताको हितमा काम भएको छैन'

– प्रेम सुवाल



**शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र**का प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले अस्पताल सञ्चालन गर्न ठाउँ नपुगेको बताउनुभयो। यो अस्पतालको पश्चिमतर्फ नेपाली सेनाले प्रयोग गरिरहेको खेलमैदानको थोरै जग्गा अस्पतालको लागि उपलब्ध गराउने सल्लाह भएको थियो। यसबारे अस्पतालको कार्यक्रममा आउनुभएका तत्कालीन प्रधानमन्त्री केपी ओलीको पनि ध्यानाकर्षण गराइएको थियो।

यो विषय उठेपछि नेपाली सेनाले अस्पतालसँगैको मैदानमा कच्ची भवन बनायो। अहिले पनि जनताको उपचार गर्न अस्पतालको लागि उक्त खेलमैदानको केही भाग दिनु उचित हुनेछ। यो विषय प्रधानमन्त्रीहरूलाई बेलाबेलामा भनिराखेका छौं तर, चासो दिइएको छैन। नेपाली सेना पनि जनताकै सेवाको लागि गठन गरिएको हो, अलिकति जग्गा दिनु राम्रो हुनेछ।

प्रम पुष्पकमल दाहालको भारत भ्रमणबारे सिंहदरबारमा बोलाइएको बैठकमा हामीले संसद्बाट पारित **लिम्पियाधुरासमेतको नेपालको नक्सा** पहिलेका प्रधानमन्त्रीहरूले नदिएको भए पनि संयुक्त राष्ट्रसङ्घ, सार्क र छिमेकी देशहरूलाई लिखित जानकारी गराउनुपर्ने सुझाव दियौँ।

प्रधानमन्त्री दाहाल भारत भ्रमण जानु २–३ दिन अगाडि भारतको संसद्मा नेपालको लुम्बिनी र कपिलवस्तु गाभिएको **'अखण्ड भारत' को नक्सा** लेखियो। यसको विरोध गर्नु जरुरी भएको विषय हामीले बैठकमा राख्यौँ। पूर्व टिस्टादेखि पश्चिम कांगडासम्म र दक्षिण गंगा नदीसम्म फैलिएको नेपालको भूमि फिर्ता लिनुपर्नेबारे जनताको आवाज उठिरहेको बेला नेपालकै जमिन गाभेर अखण्ड भारतको नक्सा लेखियो। उक्त नक्सा खारेज गराउन भारतीय प्रधानमन्त्रीसँग कुराकानी गर्नुपर्ने हाम्रो सुझाव थियो।

सन् १९५२ देखि नेपाली भूमि **कालापानीमा भारतीय सेना** बसेको ७० वर्ष भयो। गोर्खा भर्तीको नाममा भारतीय सेनामा भर्ना भएका नेपालीहरूलाई पनि कालापानीमा खटाइँदै छ। कालापानीबाट भारतीय सेना हटाएर नेपालको अतिक्रमित भूमि फिर्ता लिनुपर्ने विषय भारतीय प्रम मोदीसँग कुराकानी गर्न हामीले प्रम दाहाललाई सुझाव दियौँ। नेपालको तीनतिर ७१ स्थानमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि भारतले मिचेको छ। अतिक्रमित नेपाली भूमि फिर्ता लिनुपर्ने विषय पनि हामीले प्रधानमन्त्री दाहाललाई सुझायौँ।

कोरोनाको बेला भारतीय रक्षामन्त्री राजनाथ सिंहले अनलाइनमार्फत नेपाली भूमि **गुन्जी–लिपुभञ्ज्याङ्सम्मको सडक उद्घाटन** गरेको आपत्तिको विषय हो। भारतीय प्रम मोदीले नेपाली भूमिमा बनेको गुन्जी–लिपुभञ्ज्याङ् सडकलाई फराकिलो र पक्की बनाउने बताएको पनि अर्को आपत्तिको विषय हो। यी विषय भारतसँगको कुराकानीमा उठाउन प्रम दाहाललाई हामीले सुझाव दियौँ।

नेपालका नदीहरू कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, पश्चिम सेती, तिला १, तिला २, मुगु कर्णाली, तल्लो अरूण, अरुण चौथो भारतलाई दिइएको फिर्ता लिनुपर्ने, **नेपाल आफैले बिजुली उत्पादन** गरी ग्यास, पेट्रोल, डिजेल, खाद्यान्न निर्यातमा भइरहेको व्यापारघाटा न्यून गर्नुपर्ने, खुला सीमामा भइरहेको तस्करी, अपराधी एक अर्को देशमा लुक्ने, चेलीबेटी बेचबिखन, सीमा अतिक्रमण रोक्न र नागरिकता समस्यासमेत समाधान गर्न **खुला सीमा नियमन** र प्रवेशाज्ञाको व्यवस्था गर्नुपर्ने विषय भारतसँग छलफल गर्नुपर्ने हाम्रो अर्को सुझाव थियो।

प्रम दाहालले आफ्नो भारत भ्रमणमा देश र जनताको हितका हाम्रा सुझावहरू भारतीय प्रम मोदीसँग राख्ने आँट गरेनन्। उल्टो **फुकोट कर्णाली भारतलाई दिएर** देश र जनतालाई थप घात गरे।

परराष्ट्रमन्त्री एनपी साउदले भारतीय सञ्चारमाध्यमले सोधेको 'अखण्ड भारत' सम्बन्धी प्रश्नमा आफूलाई त्यसबारे थाहा नभएको भनी जवाफ दिनु भारतीय शासकवर्गसामु आत्मसमर्पण नै हो।

प्रम दाहालले आफ्नो पहिलो कार्यकालमा नेपाल र भारतबीच भएका **सुगौली सन्धिदेखि यताका सबै सम्झौताहरूप्रति सन्तोष** व्यक्त गरी भारतसँग संयुक्त वक्तव्यमा हस्ताक्षर गरे।

दोस्रो कार्यकालको भारत भ्रमणमा प्रम दाहालले **नेपालको अन्तर्राष्ट्रिय र सुरक्षा मामिला भारतीय शासक वर्गलाई दिने सम्झौता**मा हस्ताक्षर गरे। तीनपटक प्रम भएका माओवादीका अध्यक्ष दाहालले देश र जनताप्रति थप घात गरे र देशलाई भारतीय विस्तारवादको अर्धउपनिवेशजस्तै बनाए।

हाम्रो पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँज्यूले प्रमहरू गिरिजा, दाहाल, माधव, झलनाथ, बाबुराम, ओली सबैलाई **नेपालको नदीनाला भारतलाई दिन नहुने र नेपाल सरकारले नै जनताको सहयोग लिएर जलविद्युत् उत्पादन गर्नुपर्ने** सुझाव दिनुभएको थियो। तर, प्रमहरूले बिजुली उत्पादन गरेर कसले किन्छ भनी भएभरको नदीनाला भारतीय एकाधिकार पुँजीलाई नै दिइरहेका छन्। यसरी अहिलेसम्मका प्रधानमन्त्रीहरूबाट देशको हितमा काम नभएको स्पष्ट हुन्छ।

अहिले जलविद्युत्सम्बन्धी विधेयक संसद्मा पेश भएको छ। यो विधेयकमा जेम्स डब्लु वलफेन्सनलाई विश्व बैङ्कका अध्यक्ष वा सभापति भन्नुपर्नेमा अमेरिकन प्रेसिडेन्ट (अमेरिकी राष्ट्रपति) भनेर लेखियो। **हाम्रो देशको कानुनमा विदेशीको नाम लेख्नु आवश्यक छैन।** भरपर्दो र सुरक्षित विद्युत् आपूर्तिको लागि बृहत् विकासको अवधारणाको मोडेल तयार पारेका भनी उनको नाम हाम्रो विधेयकमा लेख्नु नेपाली मन्त्री र उच्च अधिकारीहरू विदेशी दलाल सावित हुनु हो।

मार्क्स र एँगेल्सहरूले अर्थ राजनीतिको बारेमा राम्रो व्याख्या गर्नुभएको छ। लेनिनले त क्रान्तिको अर्थ बिजुली भनेर उल्लेख गर्नुभएको छ। यहाँ सरकारहरूले यो विषयलाई उल्लेख गर्न चाहेनन्। विश्व बैङ्क, विश्व व्यापार सङ्गठन र अन्य गैरसरकारी संस्थाहरूले प्रधानमन्त्री, मन्त्री र उच्च अधिकारीहरूलाई प्रभावमा पारेर **विधेयक तयार हुने गरेको थप पुष्टि** भयो।

भारतीय एकाधिकार पुँजी नेपालको सस्तो बिजुली प्रयोग गरी ठूलठूला उद्योग सञ्चालन गर्दैछ। नेपालका औद्योगिक क्षेत्रको अधिकांश भूभाग भारतीय एकाधिकार पुँजीको कब्जामा छ। लोडसेडिङको बेला खराब उद्योगीहरूले अलग बिजुली लाइन लगेका थिए भने त्यसको रु. २० अर्ब रुपैयाँभन्दा बढी महसुल प्राधिकरणलाई तिरेका छैनन्। विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र प्रम पुष्पकमल दाहालबीचको मिलिमतोमै खराब उद्योगीहरूसँगको **रु. २० अर्ब रुपैयाँ महसुल असुल नगरेको** सार्वजनिक भयो। सर्वसाधारण जनतासँग दुई महिनाको महसुल बाँकी भए लाइन काट्ने जनविरोधीहरू भारतीय एकाधिकार पुँजीसँग आत्मसमर्पण गर्दै छन्।

सरकारले **एनसेलसँगको ६२ अर्ब रुपैयाँ पुँजीगत लाभकर उठाएको छैन।** एनसेलले शासक पार्टीहरूलाई चुनावमा १०-१० अर्ब रकम सहयोग गरेको सञ्चारमाध्यममा आएको थियो। एक महालेखा परीक्षकले आफ्नो कार्यकालमा एनसेलसँगको रकम असुल गर्नुपर्छ भनेर प्रतिवेदन लेख्दा सरकारका मन्त्री र अधिकारीहरूले त्यसो नलेख्न दबाब दिएको सार्वजनिक गरेका छन्।

वर्षायामको नेपालको बिजुली भारतले किन्न नमानेको हुँदा खेर गइरहेको सरकारको दाबी छ। त्यो बिजुली नेपालीलाई खाना पकाउन र उद्योग चलाउन सस्तोमा दिन प्रम दाहाल पनि तयार भएनन्। **नेपालले भारतलाई सस्तोमा बिजुली बेच्ने र अर्कोतिर नेपालले भारतबाट महँगोमा बिजुली किनिरहेको छ।** भारतको इन्भर्टर र ब्याट्री बिकाउनको लागि नेपालमा अकस्मात बिजुली निभाउने भइरहेको छ। यो जनविरोधी काममा विद्युत् प्राधिकरणका मुख्य मुख्य कर्मचारीहरूको हात छ।

द्वन्द्वको बेला माओवादीले नेपालका नापी कर्मचारीहरूलाई भारतसँगको खुला सीमामा धर्से नक्सा बनाउन दिएन। **नापीका कर्मचारीहरू भारततर्फ गएर धर्से नक्सा बनाए। त्यो नक्सामा नेपालको हजारौँ बिघा भूमि भारततर्फ पारिएको छ।** यसकारण भारतसँग पूर्व, दक्षिण र पश्चिमतर्फ सीमा विवाद बढ्दो छ। त्यो नक्साको विरोध गरेका कञ्चनपुरका **गोविन्द गौतमको भारतीय एसएसबीले हत्या**समेत गरेका थिए। यसरी माओवादी भारतीय विस्तारवादको **'ट्रोजन हर्स'** भएको पुष्टि भयो।

पश्चिम नेपालको दोधारा-चाँदनीमा भारतीय एसएसबीले सीमा स्तम्भ फाल्न वरिपरि खनेको खाल्डो स्थानीय नेपालीले पुरेका थिए। यसले प्रमहरूको सरकार सिंहदरबारभित्र मात्र सीमित भएको पुष्टि भयो। एक सचिवले **सिंहदरबार भ्रष्टाचारको अखडा** भएको बताए। भारतले टनकपुर बाँध बनाएको भूमि नेपालसमेतको पर्छ। अहिले टनकपुर बाँधवारिको नेपाली भूमि भारतले कब्जा गरी एसएसबी राखेको छ। यसबारे पनि सिंहदरबारमा बसेका प्रमहरू बोल्न सकेनन्।

शासक दलका प्रम र मन्त्रीहरूले **अमेरिकी सरकारका मन्त्रीहरूको फोन धम्कीमा अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने**, नेपालको बिजुली भारत हुँदै सिंगापुरसम्म लैजाने एमसीसी सम्झौता पारित गरे। 'बरु म सभामुखको

पद छोड्छु तर एमसीसी कुनै पनि हालतमा पास गराउन दिन्नँ' भन्नेहरू पनि अमेरिकी दबाब सामु आत्मसमर्पण गरे।

**नेमकिपाले एमसीसीविरुद्ध ४० ओटा जिल्लामा १२० भन्दा बढी जुलुस प्रदर्शन गऱ्यो**। तर, देउवा सरकारले संसद्बाट जबरजस्ती पारित गरायो। प्रधानमन्त्री दाहालले एमसीसी कार्यान्वयन गर्दै देशको आर्थिक विकास र नेपाली सुखी हुने झूटा तर्क गरे। एमसीसीको वर्षको १० अर्ब सहयोगले देशको विकास हुने छैन। नेपालको सार्वजनिक ऋण २२ खर्ब पुग्यो तर एउटा सियो बनाउन सकिएन। अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारीको पनि हामीले विरोध गर्दै छौँ।

काठमाडौँ ठमेलको **थँवहीको सार्वजनिक कमलपोखरी र बगैँचा व्यक्तिको नाममा दर्ता** गराई १५ तलाको छाया कम्प्लेक्स बनाइएको छ। **ललिता निवासको १४३ रोपनी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता** गराइँदा कर्मचारीहरूलाई २२ रोपनी घुस खुवाएको सार्वजनिक भयो। ती जग्गा खानेहरूलाई धरौटीमा छाडियो। यसमा ०४६ सालपछि प्रम भएका कृष्णप्रसाद भट्टराई, माधव नेपाल, बाबुराम भट्टराईलगायत अन्य मन्त्री र उच्च अधिकारीहरूको संलग्नता थियो। उनीहरूमाथि कारवाही भएन।

काठमाडौँ नक्सालको **बालमन्दिरको जग्गामा पनि व्यक्तिको ठूल्ठूला भवन** बनाइयो। बालमन्दिरको जग्गाभित्र लिच्छविकालीन मानगृह र कैलाशकुट भवन थिए। हाँडीगाउँको क्याम्पेन कलेज भएको जग्गामा लिच्छविकालीन भवन थियो। त्यो जग्गा पनि व्यक्तिले कब्जा गऱ्यो।

**गिरीबन्धु टि स्टेटको ५०० विघा जग्गा कब्जा गर्न** भूमिसम्बन्धी ऐन २०७६ सालमा ओली सरकारले २०२१ नै संशोधन गरायो। यसको १९ विघा जमिन २०५३ सालमै व्यक्तिको नाममा गरिएको थियो। भक्तपुरको **दुवाकोटमा पनि १६-१७ रोपनी सार्वजनिक पर्ती जग्गा व्यक्तिको नाममा** दर्ता गराइएको छ। **झौखेलको कमलपोखरीको जग्गा पनि व्यक्तिको नाममा** दर्ता गराइयो।

मालपोत ऐनमा 'सार्वजनिक सम्पत्ति व्यक्तिको नाममा दर्ता गरिएको भए खारेज हुने' बन्दोबस्त छ। तर, मालपोत कार्यालयका अधिकारीहरू सार्वजनिक जग्गा र पोखरी व्यक्तिको नाममा दर्ता गराउनेलाई कानुनअनुसार पुनः सार्वजनिक नगर्ने अपराध गर्दै छन्। सुन तस्कर, नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने, वाइडबडी जहाज खरिदमा भ्रष्टाचार गर्नेहरूलाई कारबाही भएको छैन।

भारतका **प्रम मोदी नेपाली भूमि गुन्जी र लिपुलेकमा भारतीय सुरक्षाकर्मीसहित प्रवेश** गर्दासमेत प्रधानमन्त्री दाहालले विरोध गरेनन्। यसको अर्थ त्यो भूमिमा प्रम दाहालले दाबी छोडेजस्तै हो। तर, नेपाली जनताले यसलाई स्वीकार गर्ने छैनन्। नेपालका परराष्ट्र मन्त्री साउदलाई एक पत्रकारले मोदीको गुन्जीमा हस्तक्षेपबारे सोध्दा माइक पन्छाएर उम्किनु पनि मन्त्रीको आत्मसमर्पण हो।

शिक्षा विधेयकमा राष्ट्रिय स्तरको एसईई परीक्षा खारेज गर्ने उल्लेख छ। **गुणस्तर कायम गर्नको लागि राष्ट्रिय स्तरको एसईई परीक्षा जरुरी छ।** यो विधेयकमा शिक्षकहरू राजनीतिमा संलग्न हुन नहुने उल्लेख छ। देशमा भ्रष्टाचार भएको र खुला सीमा मिच्चिएको विषयमा समेत राजनीतिको नाममा शिक्षकले बोल्न नपाउने व्यवस्था राखिएको गलत हो। हामीले देश र जनताको हितमा शिक्षकले राजनीति गर्न पाउनुपर्ने संशोधन राखेका छौँ। त्यस्तै १२ कक्षासम्मको विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क हुनुपर्ने विषय उठाएका छौँ। खवप विश्वविद्यालय विधेयक छिटो पारित गराउन पनि हामीले आवाज राख्दै छौँ।

हाम्रो देशको खाद्यान्न विदेश पैठारी गर्नको निम्ति नेपालमा धान-चामल निर्यात कम्पनी थियो। अहिले युवाहरू सबै विदेश पठाइएकोले हाम्रो जग्गा जमिन बाँझो छ। **रेमिट्यान्सको लागि नेपाली युवाहरू विदेश पठाइएको हुँदा दाल, चामल, तरकारी भारतबाट किनेर खानुपर्ने अवस्था भयो।** युवालाई स्वदेशमै रोजगारीको बन्दोवस्त गर्नुपर्दछ। तर, सिंहदरबारमा बस्ने शासकहरूको बुद्धि नसुध्रिएको हुँदा नेपालीहरूले दुःख पाइरहेका छन्।

नेपालीको सम्पत्तिको सीमा निर्धारण गर्ने, विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी बन्दोबस्त जरुरी छ। हाम्रो देशमा विदेशीहरूले बैङ्क खोलेका छन्। **कतिपय बैङ्क सञ्चालकसँग नेपाल र विदेशी दुईओटा नागरिकता छन्।** विदेशीले खोलेको बैङ्कमा हाम्रो पैसा राखिए डुब्ने खतरा छ। एनआरएनहरूलाई आर्थिक, सांस्कृतिक, सामाजिक अधिकारसहितको नागरिकता दिनु पनि देशको हितमा हुने छैन।

प्राध्यापक सुदर्शनराज तिवारीले लेख्नुभएको किताब- Essay on Culture and History of Bhaktapur the Capital of the Nepal Malla Mandala मा भक्तपुरमा उर्वर भूमि धेरै भएको उल्लेख छ। **भक्तपुरको यो उर्वर भूमिमा अहिले बसाइँसराइ धेरै भएकाले घरहरू धेरै बने।** देशभरि नै बसाइँसराइ बढ्दो छ। देशको सन्तुलित विकासको लागि प्रम, मन्त्री, सांसद र उच्च अधिकारीहरू आ-आफ्नो जिल्लामा बस्नु जरुरी छ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले नेपाल भाषा साहित्य तःमुंज्याको दोस्रो दिन २०८० कार्तिक १० गते ल्यसिंख्यमा राख्नुभएको मन्तव्यको सार)*

# ‘जनमतलाई नगरको विकास र समृद्धिमा रूपान्तरण गर्न प्रयासरत छौँ’

– सुनिल प्रजापति



नेपाल भाषा तःमुंज्याले ४३ वर्षदेखि साहित्य र संस्कृतिको माध्यमबाट देश र जनताको सेवा गर्दै आएको छ। यस सम्मेलनले आगामी दिनमा थप प्रभावकारी ढङ्गले काम गर्न उर्जा मिलोस् भनी नेपालभाषा साहित्य तःमुज्या परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाल मजदुर किसान पार्टीले स्थापनाकालदेखि देश र जनताको सेवा गर्दै आएको छ। भक्तपुर आजको अवस्थासम्म पुग्न धेरैले प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्नु भएको छ। हामी निर्वाचित जन प्रतिनिधिहरूले निर्वाचन घोषणापत्रअनुसार काम गर्दैछौँ। २०७९ वैशाख ३० गतेसम्पन्न स्थानीय तहको निर्वाचनमा हामी दोश्रो कार्यकालका निम्ति पुनःनिर्वाचित भयौँ। अहिले १ वर्ष ४ महिना बितिसकेको छ। यस अवधिमा पहिलो कार्यकालमा शुरु गरेका कैयौँ योजनाहरूलाई निरन्तरता दिँदै घोषणापत्रमार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्दैछौँ।

ख्वप विश्वविद्यालय स्थापनाको लागि जोड दिने, नयाँ कलेजहरूको स्थापना गर्ने, पहिलेदेखि सञ्चालित कलेजहरूमा नयाँ नयाँ कार्यक्रमहरू सञ्चालन गर्नेलगायत शिक्षा सम्बन्धी निर्वाचन घोषणापत्रमा उल्लेखित हाम्रा प्रतिबद्धताहरू हुन्।

## शैक्षिक सुधारमा जोड दिँदै

ख्वप विश्वविद्यालय सञ्चालनको लागि निरन्तर जोड दिइरहेका छौँ भने ख्वप कलेज अफ ल नयाँ कलेज स्थापना गरी कानूनमा स्नातक तह (बिएएलएलबी)को कक्षा सञ्चालन गर्दैछौँ। अन्य निजी कलेजहरूमा ११/१२ लाख लिने ५ वर्षे पढाइको हामीले ४ लाख ७० हजारमा पढाइ रहेका छौँ। इतिहास, भूगोल, राजनितीशास्त्र, नेपाल भाषा, अर्थशास्त्र जस्ता विषयहरूमा स्नातकदेखि स्नातकोत्तर तहसम्म सम्पूर्ण नगरवासी विद्यार्थीहरूलाई छात्रवृत्तिमा पढाइ रहेका छौँ। कुनै पनि नगरवासी विद्यार्थी गरिबीको कारण उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भनी शैक्षिक ऋणको व्यवस्था गर्दै आएकोमा हाल ४५० जनाभन्दा बढी विद्यार्थीहरू रु. ५ लाखसम्मको शैक्षिक ऋणमा उच्च शिक्षा हासिल गरिरहेका छन्। प्रत्येक परिवार शिक्षित, सभ्य र सुसंस्कृत बनाउने र समाजलाई रूपान्तरण गर्ने सोचले कार्य गरिरहेका छौँ।

पहिलेदखि सञ्चालनमा रहेका कलेजहरूमा नयाँ नयाँ विषयहरू स्वीकृति पाउन निरन्तर प्रयास गर्दैछौँ। तर त्रि.वि. हाम्रा कलेजहरूमा नयाँ कार्यक्रम सञ्चालनको लागि स्वीकृति दिन तयार छैन। हाम्रा कलेजहरूमा सबै पूर्वाधारहरू छन्, सक्षम जनशक्ति छ, तापनि विभिन्न बहानाबाजी गर्दै स्वीकृति दिइरहेको छैन। यस्ता अनेकौँ कारणहरूले गर्दा वर्षको १ लाख १० हजार विद्यार्थी विदेशमा उच्च शिक्षा पढ्न गएका छन्। त्यसबाट झन्डै १ खर्ब रकम बाहिरिएको छ। भारतमा भर्ना खुल्ने अवधिभर नेपालका विश्व विद्यालयहरूमा तालाबन्दी, हड्ताल, बन्द, तोडफोड हुन्छन्। बाहिर जाने क्षमता भएका सबै विद्यार्थीहरू जब विदेश गइसक्छन् तब आन्दोलनकारीहरूले सम्झौता गर्छन् र कलेज खोल्छन्। यहाँका प्राध्यापक, बुद्धिजीवीहरू र शासक दलका विद्यार्थी सङ्गठनहरू विद्यार्थी विदेश पठाउनमा जिम्मेवार छन्।

विदेशी सल्लाहकारको आधारमा पाठ्यक्रम बनाउने, पाठ्यपुस्तक लेख्ने, विदेशी विश्वविद्यालयबाट सम्बन्धनमा कलेजहरू सञ्चालन गर्न दिने व्यवस्थाले आज नेपाली विद्यार्थीहरू नेपालमै पढ्न चाहन्दैनन्। नेपालको शिक्षा क्षेत्र ध्वस्त पार्नुमा साम्राज्यवादी शक्ति र त्यसको इसारामा चल्ने कथित बुद्धिजीवीहरू जिम्मेवार छन्। उनीहरूले आफ्नो बुद्धि र विवेक देश निर्माणमा लगाउनुभन्दा साम्राज्यवादीहरूमा बन्धक राखिसकेका छन्।

सरकारले नयाँ कानून बनाएर शिक्षा सम्बन्धी नगरपालिकाको अधिकार खोस्न खोज्दैछ। नेपालको संविधानअनुसार १२ कक्षासम्मको सम्पूर्ण अधिकार स्थानीय तहको हो। हाल प्रस्तावित शिक्षा विधेयकले जि.शि.का. पुनः स्थापना गरेर पञ्चायत कालीन शिक्षा नीति लागू गर्न खोज्दैछ। शिक्षा विधेयक नेपालको संविधान र सङ्घीयताको भावना विपरीत छ। यो कुनै पनि अर्थमा स्थानीय तहहरूका लागि स्वीकार्य हुन सक्दैन।

## स्वास्थ्यबारे प्रतिवद्धता पूरा गर्दै

घरदैलो नर्सिङ, वडा वडामा क्रमशः स्वास्थ्य केन्द्र स्थापना गर्दैछौँ र १०० बेडको ख्वप अस्पताल सञ्चालनमा ल्याएका छौँ। ख्वप अस्पताललाई जनताको आफ्नै अस्पतालको रूपमा विकास गर्दैछौँ। उक्त अस्पतालले दैनिक ८/९ सय बिरामीलाई सेवा प्रदान गर्दै आएको छ। गत आ.व. २०७९/८०मा ख्वप अस्पतालले देशका ७० जिल्लाका २ लाख २० हजार ४ सयभन्दा बढी नागरिकहरूलाई सेवा प्रदान गऱ्यो। सारा नगरवासीलाई निःशुल्क अक्सिजन र निःशुल्क रगतको व्यवस्था गर्दै छिटोछरितो गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कोसिस गर्दैछौँ। सिटी स्क्यान, एमआरआइ जस्ता उच्च स्तरको स्वास्थ्य उपकरण जडानका लागि हामी प्रयत्नरत छौँ। भक्तपुर अस्पताल, क्यान्सर अस्पताल र मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरमै भएकोले हरेक किसिमको उपचार भक्तपुरमै सम्भव बनाउने हाम्रो तयारी हो। लामो समयसम्म रिफर सेन्टर भनी बदनाम भक्तपुर अस्पताल गत आ.व. मा उत्कृष्ट सेवा गरेर नेपाल प्रथम भयो भने ३ वर्ष अघि बागमती प्रदेशको उत्कृष्ट घोषणा भएको थियो।

आ. व. २०७९/८०को अभिलेखअनुसार घरदैलो नर्सिङका नर्स बहिनीहरूले १३,३७० घर पुगेर ६२,१९० नागरिकसँग भेटघाट गरी स्वास्थ्य सम्बन्धी सामान्य जानकारी लिए भने ६,३५२ जनालाई विशेष उपचार प्रदान गरे। त्यस्तै ख्वप तिलगंगा अस्पतालले १ वर्षमा २८,०३८ जनालाई आँखाको साधारण उपचार प्रदान गर्नुका साथै ७१० जनाको मोतिविन्दुको शल्यकृया गर्‍या भने नगर आरोग्य केन्द्रले २८३० जनाको उपचार गरेको देखिन्छ।

जनतालाई स्वस्थ राख्न नगरका ठाउँ ठाउँमा व्यायामशालाको व्यवस्था गर्दै आएकोमा हाम्रै प्रशिक्षकहरूबाट छिकोङ व्यायाम वडा वडामा सञ्चालन गर्दैछौँ। शरीरलाई स्वस्थ राख्न आफ्नो अनुकूल समयमा व्यायाम गर्न हामी सम्पूर्ण नगरवासीहरूमा आग्रह गर्दछौँ।

## भक्तपुरप्रति पक्षपातपूर्ण व्यवहार

संविधानमा वित्त आयोगको व्यवस्था छ। त्यसको सिफारिसमा सबै स्थानीय तहलाई सङ्घ र प्रदेशले विभिन्न शीर्षकमा अनुदानको व्यवस्था गरिएको छ। विशेष, समपुरक र सशर्त अनुदानको व्यवस्था भएकोमा चालू आ.व. २०८०/८१ को लागि बागमती प्रदेशबाट दिइने विशेष र समपुरक अनुदान भक्तपुर नपालाई शून्य बनाइयो। यो संविधान र कानुन विपरीत पूर्वाग्रही र पक्षपातको नमुना हो। यसबारे हामीले वित्त आयोगको बैठकमा कुरा उठायौँ। त्यहाँबाट कमजोरी भएको स्वीकार गऱ्यो। यसरी भक्तपुरको विकासलाई पछि धकेल्न शासक दलहरूले विभिन्न पक्षपात र पूर्वाग्रही व्यवहार गर्दै छन्।

## हाम्रा चुनौतिहरू

– नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कर्मचारी राख्ने अधिकार स्थानीय तहलाई दिएको छैन। प्रदेश लोकसेवाबाट आएका कर्मचारीहरूको भरमा स्थानीय तह सञ्चालन गर्नुपर्ने अवस्था छ। यो स्थानीय स्वायत्त शासन ऐन २०५५ भन्दा प्रतिगामी छ। स्थानीय तहको अधिकार खोसेर प्रजातन्त्र बलियो हुन सक्दैन र स्थानीय तहमा सङ्घ वा प्रदेशले कर्मचारीको व्यवस्था गर्ने प्रणाली सङ्घीय भावना विपरीत पनि छ।

– चुनावी घोषणापत्रअनुसार हनुमन्ते खोला सुधारको क्रम जारी छ। भक्तपुर नपावडा नं. २ सल्लाघारी र वडा नं. ७ हनुमानघाटमा गरी २ ओटा उपचार पोखरी निर्माणाधिन अवस्थामा छन्। खोला सुधार हाम्रो अर्को चुनौति हो।

– देकोमिवा आवास योजनाको जग्गा फिर्ता गर्ने क्रम जारी छ। त्यहाँ केही समस्याहरू देखिएकोमा सरोकारवालाहरूसँग छलफल गरी टुङ्ग्याउने प्रयास गर्दैछौँ। त्यसलाई यथाशिघ्र टुङ्ग्याउने प्रयास भइरहेको छ।

– सङ्घ र प्रदेश सरकारहरूले संविधान बमोजिम बनाउनुपर्ने साझा अधिकार सूचीमा उल्लेखित कानूनहरू निर्माण नगर्नु अर्को समस्या हो। स्थानीय तहहरूले कानूनको अभावमा कतिपय कार्यहरू गर्न बाधा भोगिरहेका छन्।

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जिल्ला स्तरीय संरचनाहरू पालिका अन्तर्गत आउनु पर्नेमा सङ्घ र प्रदेश सरकारले समय समयमा कानून संशोधन गर्दै यथावत राख्ने प्रयास गरे। कृषि, मालपोत, नगर विकास, सिँचाइ, शिक्षा आदि संरचनाहरू यथावत राख्दा राज्यको खर्च निक्कै बढ्न गएको छ।

## सीपमूलक तालिमहरू

प्रत्येक युवालाई सीप दिने उद्देश्यले भक्तपुर नपाले चिनियाँ भाषा, जापानी भाषा, कुक तालिम र सिलाइ बुनाइ तथा हेयर कटिङ जस्ता थुप्रै विषयहरूको तालिम दिहरहेको छ। हरेक युवा सक्षम नागरिक बनेर देश र जनताको सेवामा समर्पित बनाउने हाम्रो उद्देश्य हो।

सीमित बजेट बीच भक्तपुर नपाले संविधान र कानूनको परिधिभित्र रहेर जनताको साथ र सहयोगमा विकास निर्माण र सेवा क्षेत्रमा कार्य गरिआएको हुँदा आज देशका विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू भक्तपुर नपाको कार्य हेर्न आइरहनु भएको छ। यो ख्वप मोडेलको रूपमा अहिले परिचित हुँदैछ। नेमकिपा र यसका कार्यकर्ताहरू तथा यहाँका जनताले दशकौँदेखि मिहिनेत, परिश्रम गर्दै भक्तपुरलाई अगाडि बढाउन जुन अठोट गर्नु भयो त्यसको मूल्याङ्कन बिस्तारै हुँदै छ।

भक्तपुरलाई थप उचाइमा पुऱ्याउन निरन्तर हातेमालो गर्दै अगाडि बढ्न आग्रह गर्छु। निर्वाचनमा जनताले दिएको मतलाई शक्तिमा बदलेर भक्तपुर नगरको विकास र सम्वृद्धीमा रूपान्तरण गर्ने हाम्रो प्रशास जारी रहने छ।

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले २०८० कार्तिक ९ र १० गते सम्पन्न ४३औँ नेपाल भाषा साहित्य तःमुज्यामा दिनु भएको मन्तव्यको सार सङ्क्षेप)*

# प्यालेस्टाइनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध विरोध प्रदर्शन तथा सभा

## प्यालेस्टाइन स्वतन्त्र नभएसम्म इजरायली फासीवादविरुद्ध आवाज उठिरहने छ !

प्यालेस्टाइनमा अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादको बर्बर नरसंहारको निन्दा गर्न र प्यालेस्टाइनी जनताको आफ्नो भूमि फिर्ता लिने सङ्घर्षलाई समर्थन गर्न नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले कार्तिक १७ गते काठमाडौँमा प्रदर्शन तथा सभा आयोजना गरे ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम सांसद **प्रेम सुवाल**ले भन्नुभयो, 'सरकारले इजरायल रोजगारीमा पठाएका नेपाली विद्यार्थीहरूमध्ये त्यहाँको युद्धमा परेर १० जनाको मृत्यु भयो र विपिन जोशी एकजना प्यालेस्टाइनीहरूको राजनैतिक र सैनिक सङ्गठन हमासको बन्धकमा रहेको सार्वजनिक भयो । सयौँ वर्षदेखिको युद्धभूमि इजरायलमा 'सिक्ने र कमाउने' भनी नेपाली विद्यार्थीहरूलाई पठाउने सरकारका प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारीहरू र म्यानपावर कम्पनीका सञ्चालकहरू यो मृत्यु र बन्धकका दोषी हुन् । विपिन जोशीलाई सकुशल फिर्ता गर्न हामी हमासको ध्यानाकर्षण गराउन चाहन्छौँ ।'

प्यालेस्टाइनी जनताको समर्थन गर्दै इजरायल सरकारको विरोधमा संसारभरि 'बमबारी बढी भयो' भनी नारा लगाई जुलुस र सभा भइरहेको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'संरा अमेरिका, बेलायत, अस्ट्रेलिया, जर्मनी, क्यानडालगायत ५०-६० देशमा युद्धको विरोधमा जनताको प्रदर्शन भइरहेको छ । युद्धको समर्थन गरेका संसारका शासकहरू एक्लिँदै छन् ।'

सांसद सुवालले भन्नुभयो, 'प्यालेस्टाइनमा युद्धविराम गरी मानवीय सहयोग पठाउने सम्बन्धी प्रस्तावलाई संयुक्त राष्ट्र सङ्घको १२० देशले समर्थन गरेर पारित गऱ्यो भने विपक्षमा संरा अमेरिका र इजरायललगायत १४ ओटा देशमात्र भयो ।'

सांसद सुवालले स्पष्टसँग राख्नुभयो, 'महासभामा अमेरिकी सरकारको हार भएपछि बाइडेनले सुरक्षा परिषद्मा विशेषाधिकार (भिटो) प्रयोग गरी उक्त प्रस्तावलाई विफल पारेर मानवताविरोधी अपराध गरे ।'

'मध्यपूर्व रणनीतिक महत्त्वको क्षेत्र भएको र त्यहाँ संसारको तीनचौथाइ तेलको भण्डारण (खानी) रहेको हुँदा अमेरिकाले इजरायललाई हतियार सहयोग गर्नुका साथै रैथाने प्यालेस्टाइनीहरूको आमसंहार गरी विस्थापन गरिरहेको हो,'



उहाँले भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'असोज ५ गते संयुक्त राष्ट्र सङ्घमा इजरायली प्रम न्यतन्याहुले प्यालेस्टाइनी भूमि मेटेर नक्सा देखाए । यसको विरोधमा असोज २० गते प्यालेस्टिनीहरूको सैनिक सङ्गठन हमासले प्रत्याक्रमण गरेको हो । कार्तिक १ गते इजरायल पुगेर अमेरिकी राष्ट्रपति बाइडेनले प्यालेस्टाइनी जनताविरूद्ध युद्ध गर्न आवश्यक हतियार सहयोग दिने बाचा गरे र १५ अर्ब डलरको हतियार इजरायललाई बिक्री गरे । बेलायती प्रम सुनकले पनि तेलअभिभ पुगेर प्यालेस्टाइनी जनताविरूद्ध इजरायलको युद्धलाई समर्थन गरे ।'

सांसद सुवालले अमेरिका र इजरायल सरकारको ध्यानाकर्षण गर्दै भन्नुभयो, 'अहिले २३ लाख प्यालेस्टाइनीहरूको बसोबास रहेको गाजामा इजरायली र अमेरिकीहरूको बमवर्षा भइरहेको छ । त्यहाँ खानेपानी, खानेकुरा, बिजुली, औषधिसमेतको आपूर्ति रोकिएको छ ।'

'बेलायतको संसद्मा एक सांसदले प्रम सुनकसँग सोधे– इजरायली फासीवादले कति प्यालेस्टाइनी जनताको हत्या गरेपछि इजरायली राजदूतलाई बेलायतबाट फिर्ता पठाउने, इजरायली प्रम न्यतन्याहुलाई युद्ध अपराधी घोषणा गर्ने र अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दर्ता गर्ने ?' सांसद सुवालले भन्नुभयो ।

इटालीको रोमस्थित संयुक्त राष्ट्र सङ्घको भवनमा राखिएको इजरायली झन्डालाई एक युवकले हटाएको घटना उल्लेख गर्नुहुँदै सांसद सुवालले अफ्रिकीहरूले इजरायली प्रम न्यतन्याहुलाई एक नम्बरको आतङ्कवादी घोषणा गरेको बताउनुभयो ।

'युद्ध अपराधमा संलग्न अमेरिकी राष्ट्रपति बाइडेन र न्यतन्याहुलाई सजाय हुनुपर्ने आवाज संसारभरि नै उठिरहेको छ । 'प्यालेस्टाइनी राज्य स्थापना गर' यो संसारभरिको आवाज हो । संसारका एकतिहाइ जनतालाई नाकाबन्दी गर्ने अमेरिकी साम्राज्यवादले संसारलाई 'निगरानी गर्ने' दाबी कसरी गर्न मिल्छ ?' सांसद सुवालले प्रश्न गर्नुभयो ।

'प्यालेस्टिनी जनताको समर्थनमा बोलिभियाले इजरायलसँग कूटनीतिक सम्बन्ध विच्छेद गर्‍यो भने चिली र कोलम्बियाले आफ्ना राजदूत फिर्ता बोलाए । नेपाल सरकारले पनि इजरायलका राजदूतलाई फिर्ता बोलाउने तयारी गर्नु जरूरी छ' उहाँले भन्नुभयो ।

'अमेरिकी सरकारको फोन धम्कीको अगाडि तर्सेर नेपालका शासक दलहरूले एमसीसी सम्झौता संसद्को बहुमतबाट पारित गरे । युक्रेनबारे संयुक्त राष्ट्र सङ्घमा रूसविरूद्ध मत दिए' सांसद सुवालले उल्लेख गर्नुभयो ।

कार्तिक १६ गते संयुक्त राष्ट्र सङ्घमा क्युवाविरूद्धको अमेरिकी नाकाबन्दी हटाउने प्रस्तावको पक्षमा १८७ मत पर्‍यो भने संरा अमेरिका र इजरायलले मात्र विपक्षमा मत दिए । संरा अमेरिकाले सन् १९६० देखि क्युवाविरूद्ध नाकाबन्दी लगाएको थियो । सो नाकाबन्दी हटाउने प्रस्ताव संयुक्त राष्ट्रसङ्घबाट ३१ औँ पटक पारित भएको हो । तर अमेरिकी सरकारले नाकाबन्दी हटाएको छैन । अमेरिकी नाकाबन्दीले यो एक वर्षमा क्युवालाई ४८६७ मिलियन डलर नोक्सान भयो भने कूल नोक्सानी अहिलेसम्म १,५९०८४.३ मिलियन डलर भयो ।

'आजको प्रदर्शनमा नेपालका युवा विद्यार्थीहरूले प्यालेस्टाइन स्वतन्त्र हो, इजरायल आतङ्कवादी राज्य हो । हे बाइडेन तिमी के भन्छौ ? तिमीले आज कति विद्यार्थी हत्या गर्‍यौ ? न्यतन्याहु तिमी भाग्न सक्दैनौ, हामी तिमीलाई आमसंहारको मुद्दा लगाउँछौँ ।' आदि नारा लगाएर संसारका जनतासँग स्वरमा स्वर मिलाएका छन् । संसारको यो आवाज प्यालेस्टाइनी जनताले आफ्नो भूमि फिर्ता नपाएसम्म र इजरायली फासीवादलाई सजाय नभएसम्म उठिरहने छ ।' सांसद सुवालले उल्लेख गर्नुभयो ।



नेमकिपा केन्द्रीय सदस्य एवम् बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले अमेरिकी साम्राज्यवादको बुई चढेर इजरायली फासीवादले प्यालेस्टाइनका निर्दोष जनतामाथि बमबारी गरिरहेकोमा खेद प्रकट गर्नुभयो । उहाँले आफ्नो सार्वभौमसत्ताको रक्षा गर्न अविराम सङ्घर्ष गरिरहेका वीर प्यालेस्टिनी जनताप्रति नेपालका साम्राज्यवादविरोधी जनताको तर्फबाट ऐक्यबद्धता प्रकट गर्नुभयो । उहाँले नेक्रायुसङ्घ तथा नेक्राविसङ्घको तर्फबाट संरा अमेरिकाका राष्ट्रपति जो बाइडेन र इजरायली प्रम बेन्जामिन न्यतन्याहुलाई (अङ्ग्रेजी भाषामा) लेखिएको ज्ञापनपत्र वाचन गर्नुभएको थियो ।

नेमकिपा केन्द्रीय सदस्य एवम् बागमती प्रदेशसभा सदस्य **सिर्जना सैँजु**ले इजरायलको बमबारीमा परेर प्यालेस्टाइनका अस्पताल र विद्यालयहरूमा प्यालेस्टिनी महिला तथा बालबालिकाले भोग्नुपरिरहेको बिचल्लीमाथि प्रकाश पार्नुभयो । उहाँले प्यालेस्टाइनमै संरा अमेरिकाको चिहान खनिने विचार

व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय उपाध्यक्ष **सुरेश परियार**ले इजरायलले प्यालेस्टाइनलाई कैदमा राखेर आत्मरक्षा गरीपाउँ भनी झुटो विलाप गरिरहेको बताउनुभयो । इजरायली फासीवादको अत्याचार अचाक्ली हुन पुगेकोले अक्टोबर ७ बाट प्यालेस्टाइनी देशभक्तहरूले प्रतिरोध युद्ध गरेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष **मिनबहादुर बाटा** र सहसचिव **रमेश डंगोल**ले पनि बोल्नुभएको थियो ।



काठमाडौँ रत्नपार्कबाट सुरू भएको विरोध जुलुस जमल, थँहिति, इन्द्रचोक, न्युरोड हुँदै रत्नपार्कमै पुगेर सभामा परिणत भएको थियो । जुलुसमा 'अमेरिकी साम्राज्यवाद – मुर्दावाद !', 'इजरायली सेनाको बर्बरता – बन्द गर !', इजरायली फासीवाद – मुर्दावाद !', 'प्यालेस्टाइनीहरूको आफ्नो देश – फिर्ता गर !', 'इजरायली राज्य आतङ्क – बन्द गर !', 'प्यालेस्टाइनी मुक्ति सङ्घर्ष – जिन्दावाद !', 'प्यालेस्टाइनमा नरसंहार – बन्द गर !', 'विश्वका न्यायप्रेमी जनता – एक होऔँ !', 'प्यालेस्टाइनी भूमि खोस्न – पाइँदैन !', 'युद्ध सरदार को हो ? अमेरिकी राष्ट्रपति हो', 'न्यतन्याहु को हो ? – अमेरिकी कठपुतली हो', 'नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिन्दावाद !', 'नेपाल क्रान्तिकारी युवा सङ्घ जिन्दावाद !', 'नेपाल मजदुर किसान पार्टी जिन्दावाद !' आदि नारा लगाइएको थियो ।

सोही दिन नेपाल क्रान्तिकारी युवा सङ्घ तथा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले युद्धको विरोधमा संरा अमेरिकी राजदूतावासमार्फत अमेरिकी राष्ट्रपति जो बाइडेनलाई ज्ञापनपत्र बुझाएका थिए भने काठमाडौँस्थित इजरायली राजदूतावासमार्फत प्रम बेन्जामिन न्यतन्याहुलाई पठाउने ज्ञापन पत्र इजरायली दूतावासले इमेल गर्नु भनेर बुझ्न अस्वीकार गरेको थियो ।

# अपिल


## प्यालेस्टाइनमा इजरायली फासीवादी बर्बरता अन्त्य गर !

## प्यालेस्टाइनी शरणार्थीहरूलाई आफ्नो पुर्ख्यौली भूमि प्यालेस्टाइनमा फर्किने र क्षतिपूर्ति पाउने अधिकार देऊ !

### प्यालेस्टाइनी भूमिमा यसरी युद्ध गराइयो

भूमध्यसागर र जोर्डन नदी बीचमा रहेको प्यालेस्टाइन भूमिमा ९० प्रतिशतभन्दा बढी इस्लाम (मुसलमान) को बसोबास थियो ।

पहिलो विश्व युद्ध (सन् १९१४–१९१८) को उत्तरार्द्धमा बेलायतले प्यालेस्टाइनी क्षेत्रमा युरोपका यहुदीहरूलाई बसोबास गरायो । बढ्दो यहुदी आप्रवासनको विरोधमा सन् १९३६ मा प्यालेस्टाइनी र अरबी जनताले आन्दोलन चलाए । बेलायतको समर्थनमा यहुदीवादीहरूले प्यालेस्टाइनी र अरबी जनतालाई दमन गरे । त्यसबेला दस प्रतिशत प्यालेस्टाइनी पुरुषहरूको हत्या गरिएको थियो ।




सन् १९४७ सम्म प्यालेस्टाइनको लगभग एकतिहाइ जनसङ्ख्या यहुदी थिए भने उनीहरूले ओगटेको भूमि ६ प्रतिशतमात्रै थियो । बेलायती उपनिवेशकालमा राष्ट्र सङ्घलाई अघि सारेर अमेरिका र बेलायतले २९ नोभेम्बर १९४७ मा प्यालेस्टाइनलाई यहुदी र अरब राष्ट्रमा विभाजन गराए । प्रस्तावअनुसार प्यालेस्टाइनको ५६.४७ प्रतिशत भूभागमा यहुदी राज्य इजरायल स्थापना गरियो भने ४४.५३ प्रतिशत भूभाग प्यालेस्टाइनलाई छुट्याइयो । प्यालेस्टिनीहरूले यो विभाजनलाई ठाडै अस्वीकार गरे । किनकि, ५६ प्रतिशत अरबहरू इजरायली

क्षेत्रमा बसोबास गर्थे ।

बेलायती साम्राज्यवादले सन् १९४८ जून १४ मा संयुक्त राष्ट्र सङ्घलाई दबाब दिएर यहुदीहरूको अलग इजरायल देशलाई मान्यता दिलायो । सम्पूर्ण अरब देशहरू प्यालेस्टाइनमा यहुदी राज्य स्थापना गर्ने बेलायतको योजनाको विपक्षमा थिए । अधिकांश अफ्रिकी एवम् एसियाली देशहरूले पनि यो विभाजनको विरोध गरे । अरब र यहुदीबीच द्वन्द्व सुरु भयो । इराक, सिरिया, लेबनान, जोर्डन र इजिप्टले इजरायलविरुद्ध युद्ध गरे । बेलायती र अमेरिकी साम्राज्यवादको सहयोग पाएको इजरायलले लाखौँ प्यालेस्टिनीहरूलाई विभिन्न देशमा शरणार्थी हुन बाध्य पाऱ्यो ।

मध्यपूर्व रणनीतिकरूपले महत्त्वपूर्ण छ । यहाँ विश्वको तीनचौथाइ तेल भण्डारण छ । प्यालेस्टाइनलाई टुक्रयाउने र इजरायल राज्य घोषणालगत्तै संरा अमेरिकाले मध्यपूर्वबाट बेलायती सेना फिर्ता गराउने गोटी चाल्यो । सन् १९६७ मा तेस्रो अरब-इजरायल युद्ध भयो । यो युद्धपछि थप लाखौँ प्यालेस्टिनीहरू देशविहीन भए । यहुदीवादी इजरायलको प्यालेस्टाइन र प्यालेस्टिनी जनतामाथि कब्जा, दुर्व्यवहार र बहिष्कार तीव्र भयो ।

मध्यपूर्व शान्तिको नाममा सन् १९७८ सेप्टेम्बर १७ मा इजरायल-इजिप्टबीच क्याम्प डेभिड सम्झौता गरियो तर प्यालेस्टाइन क्षेत्रमा इजरायली अतिक्रमण रोकिएन । प्यालेस्टाइन भूमिमा प्रवेश गर्न समेत इजरायली अनुमति अनिवार्य गराइयो । प्यालेस्टाइनलाई पश्चिम किनार र गाजापट्टीमा मात्र खुम्च्याइयो । प्यालेस्टाइनमा इजरायली निगरानी तथा नियन्त्रण सधैँ कायम गरियो ।

सन् १९९३ को ओस्लो सम्झौतापछि अमेरिकी साम्राज्यवादले यासेर अराफात नेतृत्वको प्यालेस्टाइन मुक्ति सङ्गठन (पीएलओ) लाई मान्यता दिएर प्यालेस्टाइनी राज्यको अस्तित्व स्वीकार गऱ्यो तर छुट्टै प्यालेस्टाइन राज्य बन्न दिएन । इजरायलले पश्चिम किनार क्षेत्र क्रमशः कब्जा गऱ्यो । प्यालेस्टाइन क्षेत्र अतिक्रमित हुँदै गयो । प्यालेस्टिनीहरूको भूभाग २२ प्रतिशतमात्र बाँकी भयो ।

## यसपटक यसरी युद्ध चर्कियो

इजरायलका प्रम न्यतन्याहुले संयुक्त राष्ट्र सङ्घको ७८ औँ महासभामा २०८० असोज ५ गते प्यालेस्टाइनी भूमि मेटेर इजरायलको नक्सा देखाएका थिए । यसको विरोधमा हमासले असोज २० गते इजरायलविरुद्ध प्रत्याक्रमण गरेको हो । इजरायलले पछिल्लो पटक सम्पूर्ण प्यालेस्टिनी भूमि कब्जा गर्ने उद्देश्य लिएर रातदिन बमबारी गर्दै नरसंहार गरिरहेको छ । हमासले गरेको प्रत्याक्रमणलाई निहुँ बनाएर इजरायलले २३ लाख प्यालेस्टाइनी जनताको बसोबास रहेको गाजापट्टीका आवास, अस्पताल र नागरिक/सार्वजनिक पूर्वाधारहरूको विनाशको शृङ्खला चलाइराखेको छ । बमबारीका कारण विगत तीन हप्तामा ३ हजार बालबालिका र २ हजार महिलासहित करिब ९ हजार प्यालेस्टिनी जनता मारिएका छन् । गाजापट्टीमा ५० प्रतिशतभन्दा बढी घरहरू ध्वस्त भएका छन्, अस्पतालहरू विशाल शवगृहमा परिणत भएका छन् । एम्बुलेन्स, स्वास्थ्यकर्मी, विद्यालय, क्लिनिक र अन्य संरचना पनि तारो बनाइएका छन् । खानेपानी, खानेकुरा, औषधि, बिजुली आपूर्ति बन्द छ ।

## संयुक्त राष्ट्रसङ्घमा युद्धविराम र शान्ति प्रस्ताव तुहाइयो

इजरायलद्वारा भइरहेको नरसंहार रोक्न संयुक्त राष्ट्रसङ्घीय महासभामा कार्तिक १२ गते १२० देशको समर्थनसहित गाजापट्टीमा मानवीय सहायता पुऱ्याउने र नागरिकहरूको सुरक्षाको सुनिश्चित गर्ने युद्धविराम प्रस्तावलाई पारित भएको थियो ।

यो प्रस्तावमा अल्बानिया, अस्ट्रेलिया, बल्गेरिया, क्यामरुन, क्याबोभर्ड, क्यानडा, साइप्रस, डेनमार्क, इथियोपिया, इस्टोनिया, फिनलैन्ड, जर्जिया, जर्मनी, ग्रीस, हाइटी, भारत, आइसलान्ड, इराक, इटाली, जापान, किरिबाटी, लाटभिया, लिथुआनिया, मोनाको, नेडरलैन्ड, नर्थ मेसोडेनिया, पालाउ, पानामा, फिलिपाइन्स, पोलैन्ड, दक्षिण कोरिया, मोल्दोभा, रोमानिया, सानमारिनो, सर्बिया, स्लोभाकिया, दक्षिण सुडान, स्वीडेन, ट्युनिसिया, तुवालु, युक्रेन, यूके (बेलायत), उरुग्वे, भानआटु, जाम्बियासहित ४५ देश तटस्थ बसेका थिए ।

विपक्षमा संरा अमेरिका, इजरायल, अस्ट्रिया, क्रोयशिया, चेचिया, फिजी, ग्वाटेमाला, हङ्गेरी, मार्शल आइसलैन्ड, माइक्रोनेशिया, नाउरु, पपुआन्युगिनी, पाराग्वे र टोंगोसहित १४ देशमात्र थिए । अमेरिकी साम्राज्यवादले सुरक्षा परिषद्मा विशेष अधिकार (भिटो) लगाएर उक्त प्रस्ताव असफल पाऱ्यो ।

## संसारका न्यायप्रेमी जनता प्यालेस्टाइनी जनताको समर्थनमा

संरा अमेरिका, बेलायत, अस्ट्रेलिया, जर्मनी, क्यानडा, इराक, इटाली, न्युजीलैन्ड, भारत, नर्वे, अल्जेरिया, इजिप्ट, स्वीडेन, टर्कीलगायत सबैजसो महादेशका दर्जनौँ देशका न्यायप्रेमी जनता प्यालेस्टिनीहरूको समर्थनमा युद्धविरामको लागि सडकमा प्रदर्शन गरिरहेका छन् । संयुक्त राष्ट्रसङ्घ, अरब लिगका

मुलुक र अन्य शान्तिप्रेमी देशहरूले समेत गरेको युद्धविरामको अनुरोधलाई अमेरिकी साम्राज्यवादको आडमा यहुदीवादी न्यतन्याहुको इजरायली सरकारले अटेर गर्दै आएको छ ।

### नेपाल सरकार अमेरिकी साम्राज्यवादको पिछलग्गू बन्नु हुँदैन

नेपाल सरकारका प्रम र मन्त्रीहरूले प्यालेस्टाइनीहरूको देशभक्तिपूर्ण आन्दोलनलाई समर्थन गर्नुपर्दछ । अमेरिकी साम्राज्यवादलाई समर्थन गर्नु हुँदैन । संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले नेपालको संसद्मा २०८० कातिक १४ गतेको सम्बोधनमा 'इजरायलमा हमासको क्रुर आक्रमण' भनी बाध्यताले भन्नुभएको हो । यहुदीवादीहरूद्वारा लुटिएको आफ्नो भूमि फिर्ता लिने प्यालेस्टिनी जनताको अधिकार हो ।

### अमेरिकी राष्ट्रपति युद्ध सरदार हुन्

– अमेरिकी राष्ट्रपति बाइडेन कार्तिक १ गते इजरायल पुगेर प्यालेस्टिनी जनताविरुद्ध लडाइँ चालू राख्न न्यतान्याहुलाई सहयोग गर्ने बताए, त्यसलगत्तै संरा अमेरिकाको १५ अर्ब डलरको हतियार सहयोग गऱ्यो । संरा अमेरिकाले विशेषाधिकार (भिटो) लगाई युद्धविराम प्रस्ताव बिफल पारेको हुँदा अमेरिकी राष्ट्रपति युद्ध सरदार हुन् ।

– प्यालेस्टाइनमा इजरायली फासीवादी बर्बरता अन्त्य गर ।

– इजरायली प्रम न्यतान्याहुको समर्थन गर्ने अमेरिकी राष्ट्रपति बाइडेनको निन्दा गरौँ ।

– युद्ध भूमि इजरायलमा नेपाली युवालाई रोजगारीमा पठाउने नेपाल सरकार र म्यानपावर कम्पनीहरूका सञ्चालक नै इजरायलमा नेपाली विद्यार्थीको मृत्युका दोषी हुन् ।

– इजरायलमा थुनिएका घाइते १० हजारभन्दा बढी प्यालेस्टाइनी युद्धबन्दीहरूलाई तत्काल रिहा गर ।

– आफ्नो भूमि कब्जामा परेका प्यालेस्टाइनी जनतासँगको एउटै विकल्प प्रतिरोध हो ।

– यहुदीवादको कब्जामा रहेको प्यालेस्टाइनी भूमि फिर्ता गरी प्रजातान्त्रिक प्यालेस्टाइन राज्य स्थापना गर ।

– प्यालेस्टाइनी शरणार्थीहरूलाई आफ्नो पुर्ख्यौली भूमि प्यालेस्टाइनमा फर्किने र क्षतिपूर्ति पाउने अधिकार देऊ ।

– गाजापट्टी, पश्चिम किनार र जेरुसेलमका प्यालेस्टाइनी जनताको जीवन सुनिश्चित गर ।


– नेपाल मजदुर किसान पार्टी प्यालेस्टाइनी जनतालाई संहार गर्ने अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादको घोर निन्दा एवम् भर्त्सना गर्दछ । नेमकिपा गाजापट्टी, पश्चिम किनार र जेरुसेलमका प्यालेस्टिनी जनताको जीवन सुनिश्चित गर्न जोड दिन्छ र यहुदीवादी इजरायली सेनाले त्यहाँ गरिरहेको बमबारी र नरसंहारको निन्दा, विरोध एवम् भर्त्सना गर्दछ । आफ्नो देशको स्वतन्त्रता तथा स्वाधीनताको निम्ति लडिरहेका प्यालेस्टिनी जनताप्रति हामी ऐक्यबद्धता प्रकट गर्दछौँ । सम्पूर्ण प्यालेस्टाइन क्षेत्रमा अविलम्ब युद्धविरामको लागि आह्वान गर्दछौँ ।

प्यालेस्टाइनमा अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादको विरोध गर्न यहुदी बर्बरतावादीहरूलाई प्यालेस्टाइनबाट फिर्ता पठाउन, प्यालेस्टाइनी भूमिमा भइरहेको नरसंहारको निन्दा गर्न र प्यालेस्टाइनी जनताको आफ्नो भूमि फिर्ता लिने सङ्घर्षलाई समर्थन गर्न नेपाल मजदुर किसान पार्टीले २०८० कार्तिक १७ गते शुक्रबार दिउँसो १ बजे काठमाडौँ रत्नपार्कबाट हुने प्रदर्शन र सभामा सहभागी हुन सम्पूर्ण न्यायप्रेमी जनतालाई आग्रह गर्दछौँ ।

**नेपाल क्रान्तिकारी युवा सङ्घ र**
**नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ**

२०८० कार्तिक १६

(प्यालेस्टाइनमा अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादको विरोध गर्न यहुदी बर्बरतावादीहरूलाई प्यालेस्टाइनबाट फिर्ता पठाउन, प्यालेस्टाइनी भूमिमा भइरहेको नरसंहारको निन्दा गर्न र प्यालेस्टाइनी जनताको आफ्नो भूमि फिर्ता लिने सङ्घर्षलाई समर्थन गर्न जुम्ला, दैलेख, कालिकोट, सुर्खेत, कैलाली आदि जिल्लामा पनि प्रदर्शन भएका छन् ।)



चित्र : ग्लोबल टाइम्स्

# गैरआवासीय नेपालीलाई नागरिकता र यसको सम्भावित परिणाम

**विवेक**

काठमाडौँमा गैरआवासीय नेपालीहरू (एनआरएन) को अधिवेशन चलिरहेकै बेला प्रधानमन्त्री 'प्रचण्ड'ले बालुवाटारमा बोलाएर दुई जनालाई गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरे । सो अवसरमा 'प्रचण्ड'ले गैरआवासीयहरूलाई नेपाली नागरिकताको व्यवस्था ठूलो उपलब्धि भएको र 'अब यसले लाखौँ गैरआवासीय नेपालीहरूले फाइदा पाउने' बताए । तर, गैरआवासीय नेपालीहरू आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा सीमित हुन चाहँदैनन् । उनीहरूले हाकाहाकी भने, '२० वर्षको हाम्रो सङ्घर्ष सफल भयो । अब वंशजको नागरिकताको लागि हाम्रो सङ्घर्ष जारी रहनेछ ।'

नेपाल सरकारले गैरआवासीय नेपालीहरूको सम्बन्धमा बनेको नियमावली स्वीकृत गरेसँगै अब पुस्तौँदेखि नेपाली नागरिकता त्यागेर विभिन्न देशका नागरिकता पाएकाहरूले गैरआवासीय नेपाली नागरिकता पाउने भएका छन् र नेपाली मूलका ती विदेशीका सन्तानहरूले समेत गैरआवासीय नेपाली नागरिकता पाउने र नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउनेछन् । संविधानअनुसार यो सार्क मुलुकको हकमा भने लागु हुनेछैन । रोजगारी, अध्ययन र व्यावसायिक प्रयोजनमा संसारका विभिन्न देशहरूमा गएर बसेका गैरआवासीय नेपाली नागरिकहरू कति छन् यकिन तथ्याङ्क छैन । कार्तिक २ गतेको गोरखापत्रका अनुसार विश्वका १९० ओटा देशमा ६० लाखभन्दा बढी गैरआवासीय नेपाली नागरिकहरू छन् ।

नेपालको संविधान २०७२ को धारा १४ मा गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने व्यवस्था छ । संविधानमा 'विदेशी देशको नागरिकता प्राप्त गरिसकेको सार्क देशबाहेकका देशमा बसोबास गरेको साविकमा वंशज वा जन्मको आधारमा निज वा निजका बुबा वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने छ' भन्ने उल्लेख छ ।

उपर्युक्त संवैधानिक व्यवस्थाले एक पटक नेपालको नागरिक भएको व्यक्ति कुनै पनि बेला विदेशमा गएर विदेशी नागरिकता पाएका रहेछन् भने उनी र उनका सन्तानहरूले गैरआवासीय नेपाली नागरिक भएर नेपालमा काम गर्न पाउने भएका छन् । ती विदेशी नागरिक भएर बसेकाहरू अबदेखि दोहोरो नागरिक बन्न सक्नेछन् ।

नेपाल सरकारले विदेशमा गएर आर्जन गरेको ज्ञान, सीप र सम्पत्तिबाट नेपालले फाइदा लिन सकोस् भन्ने उद्देश्यले संविधानमै गैरआवासीय नेपाली नागरिकताको व्यवस्था गरेको देखिन्छ । तर, गैरआवासीय नेपालीहरू भने वंशजकै नेपाली नागरिकता पाउनुपर्ने दाबी गरिरहेका छन् । उनीहरू उम्मेदवार हुने र मताधिकारसहितको राजनैतिक अधिकार पाउनुपर्ने माग गर्दै छन् । अधिवेशनमा नागरिकता ऐन र मताधिकारबारे पनि व्यापक छलफल भएको र राजनैतिक अधिकार लिएरै छाड्ने आवाज उठेको बताइन्छ । नेपालमा आफ्नो पसिना बगाएर देश बनाउनुभन्दा देश त्यागेर विदेशको सुख सुविधालाई महत्त्व दिएर विदेशी नागरिक बनेकाहरूप्रति हाम्रा शासक दलहरू उदार बनेका छन् । गैरआवासीय नेपालीहरूलाई दोहोरो नागरिकता दिँदा देशलाई के कस्तो दीर्घकालीन असर पर्छ ? त्यसबारे शासक दलहरूले सोचेको देखिँदैन ।

गैरआवासीय नागरिकहरूले अहिले देखाएको देशप्रेमलाई नक्कली किन नभन्ने ? उनीहरू साँच्चै नेपालप्रति माया गर्ने हुन् भने विदेशमा सिकेको ज्ञान र सीप नेपालको विकासको निम्ति प्रयोग गर्नुपर्थ्यो । उनीहरूले देशलाई भन्दा व्यक्तिगत सुखलाई महत्त्व दिएर नेपालको नागरिकता च्यातेर वा जलाएर विदेशीको नागरिकता लिने थिएनन् । विदेशमा गएर केही ज्ञान, सीप र सम्पत्ति आर्जन गरेपछि उनीहरू आफूलाई माथिल्लो दर्जाका नागरिक ठान्दा रहेछन् । उनीहरूले नेपाल सरकारले प्रदान गर्ने भनिएको गैरआवासीय नागरिकताको प्रमाणपत्रलाई कागजको खोस्टाको दर्जा दिएका छन् र आफ्नो अनुकूल नागरिकता ऐन संशोधन गर्न दबाब दिँदै छन् । नेपालको लागि कस्तो कानुन आवश्यक छ त्यो नेपालीहरूको अधिकारको कुरा हो । आवश्यकताअनुसार नेपालका जनप्रतिनिधिहरूले कानुन निर्माण गर्छन् । देश त्यागेकोमा उनीहरूमा हीनताबोध र पश्चाताप हुनुपर्ने हो तर त्यो केही भाव देखिँदैन । बरु, उनीहरू आफू विदेशी भएको बिर्सेर नेपालको सांसद, मन्त्रीहरूलाई राजनैतिक शास्त्र पढाउन र

उपदेश दिन पछि परेनन् । उनीहरू हाम्रा सांसदहरूसँग सोध्दै छन्, नागरिकले राजनैतिक अधिकार नपाउने भनी पढाउने कुन विश्वविद्यालय छ ?

उनीहरूमा आफू विकसित देशका नागरिक भएकोमा गर्वमात्र होइन नेपालीभन्दा माथि रहेको भन्ने घमण्डको भूत पनि चढेको देखिन्छ । नेपालका शासक दलहरूले संविधानमा गैरआवासीय नागरिकताको व्यवस्था गर्नु नै गलत थियो । अब ६० लाख गैरआवासीय नागरिकहरूले वंशजको नागरिकताको लागि आन्दोलन गरे भने हाम्रा शासक दलहरू झुक्नैपर्ने अवस्था आउनेछ र ढिलो या चाँडो राजनैतिक अधिकार पनि दिनुपर्नेछ । त्यतिबेला नेपालको हालत के होला ?

दोहोरो नागरिकताको सम्भावित परिणाम

– ३ करोड नेपालीहरूमा ६० लाख जनसङ्ख्या थपिने छ । उनीहरूले दशकौँसम्म विदेशी भूमिमा बसेर प्रशस्त सम्पत्ति पनि जोडेका हुनेछन् । मतदाता र उम्मेदवार बन्ने अधिकार पाएमा उनीहरूले पैसाको भरमा नेपालको संसद्, प्रदेश र स्थानीय तहमा निर्वाचित भएर नेपालीहरूमाथि शासन गर्नेछन् । नेपालीहरू उनीहरूलाई भोट हाल्नमा सीमित हुनेछन् । नेपालमै नेपालीहरूले शरणार्थीको जीवन बिताउन बाध्य हुनुपर्ने अवस्था आउनेछ ।

– दोहोरो नागरिकताको व्यवस्थाले अबका दिनहरूमा विभिन्न देशमा रोजगारी, अध्ययन र व्यवसाय गर्न जाने युवाहरूमा नेपाली नागरिकता त्यागेर विदेशी बन्न उत्साहित गर्नेछ । युवा र दक्ष जनशक्ति पलायन हुनका लागि यसले थप सहयोग पुऱ्याउनेछ ।

– मानिस स्वार्थी प्राणी भएकोले दोहोरो नागरिकता पाउनेबित्तिकै उसले जुन देशमा बस्दा फाइदा हुन्छ, त्यही देशमा गएर बस्नेछ । विकसित देशहरूमा बस्नेहरूले नेपालमा पनि सम्पत्ति आर्जन गर्ने र ती देशहरूमा सम्पत्ति थुपार्ने छन् । नेपालमा सङ्कटको स्थिति आएमा उनीहरू नेपाल छाडेर भाग्नेछन् ।

– अरू देशमा आर्जन गरेको सम्पत्ति नेपालमा लगानी गर्ने र नेपालमा नाफा कमाएर फेरि उतै लानेछन् । उनीहरूले नेपालको विकास र समृद्धिको लागि होइन कि व्यापार गर्न नेपाली भूमिलाई प्रयोग गर्ने सम्भावना रहनेछ ।

– पुस्तौँ विदेशमा बसेर त्यहाँको रहनसहनमा हुर्केकाहरूमा त्यहाँको राजनैतिक प्रभाव परेकै हुन्छ । उनीहरूले पुँजी लगानीमात्र गर्दैनन् बरु साम्राज्यवादी विचार पनि बोकेर आउनेछन् र नेपाल नेपाली नागरिकता प्राप्त नागरिकहरूबाटै उपनिवेश बन्ने खतरा बढ्नेछ ।

– नेपालमा राजनीति गर्न चाहन्छन् भने उनीहरूले विदेशको नागरिकता त्यागेर पुनः नेपाली नागरिक बन्न सक्ने कानुनी बन्दोबस्त छ । कानुनबमोजिम पुनः नेपाली नागरिकता पाएर नेपालमा राजनीति गर्न उनीहरूको अधिकार सुरक्षित नै छ ।


श्रीलङ्कामा दोहोरो नागरिकताको व्यवस्थाले पनि हालको आर्थिक सङ्कट निम्तिएको कतिपयको भनाइ छ । त्यहाँ शासन गर्ने राजपाक्ष परिवार दोहोरो नागरिक बनेको र देशको विकास र समृद्धिभन्दा पनि निजी सम्पत्ति आर्जन गर्नेतर्फ लागेको आरोप छ ।

नेपालमा अधिवेशन गरी आफूलाई सभ्य देखाउन खोज्ने गैरआवासीय नेपालीहरूको निर्वाचनपछि भएको भाँडभैलोले उनीहरूको असली रूप छताछुल्ल भएको छ । प्रजातान्त्रिक तरिकाबाट निर्वाचन सम्पन्न भएकोमा एउटा पक्ष जित घोषित भएपछि अर्को पक्षले त्यसलाई अस्वीकार गरेर समानान्तर समिति गठन गरेको समाचार आएको छ । गैरआवासीय नेपालीहरूले नेपालमा आएर आफ्नो विज्ञता, सभ्यताको धक्कु लगाउने होइन बरु आफ्नै देशमा गएर संस्कार सिक्नुपर्ने आवश्यकता छ ।

विभिन्न देशका नागरिकता पाएर केही जीवनस्तर सुधार भएकोले होला उनीहरू नेपाल र नेपालीहरूलाई होच्याउन पछि परेनन् । उनीहरूले के बुझ्नुपर्छ भने आकार, जनसङ्ख्या र विकास ठूलो–सानो र कम–बढी हुनसक्छ । तर, सबै देशको सार्वभौमिकता बराबर हुन्छ । नेपाल र नेपालीलाई त्यागेर विदेशी भूमि रोज्नेहरूलाई नेपालको राजनीति, पार्टीका नेताहरूप्रति औँला ठड्याउने अधिकार हुँदैन । उनीहरूले पुनःनेपाली नागरिकता प्राप्त नगरेसम्म विदेशी नै हुन् । नेपालले विदेशी नागरिककै व्यवहार गर्नुपर्छ । यो कसैले दान दिएको भरमा चलेको देश होइन । देशभक्त नेपाली जनताको रगत र पसिनाले सिँचेको देश हो ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# हत्याराका संरक्षक बनाइएका राष्ट्रपति रामचन्द्र पौडेल




केपी ओलीले पुष्पकमल दाहाललाई प्रधानमन्त्री नदिएपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी फुटेर धुजाधुजा भयो । आफूलाई प्रधानमन्त्री हुन नदिन राष्ट्रपति विद्या भण्डारीको पनि हात छ भन्ने पुष्पकमल दाहालको ठम्याइ थियो । प्रधानमन्त्री हुन नपाएपछि केपी ओलीविरुद्ध माधव नेपाल र पुष्पकमल दाहालले 'यदुवंशी युद्ध' सञ्चालन गरे । उक्त 'युद्ध'का कारण पार्टी मात्रै फुटेन, संसद् विघटन र पुनर्स्थापनाहुँदै सरकारको तालाचाबी काङ्ग्रेस सभापति शेरबहादुर देउवाको हातमा पुग्यो । त्यही जगमा खडा भएको गठबन्धनको बलमा नेपाली काङ्ग्रेसका नेता रामचन्द्र पौडेल २०७९ फागुनमा राष्ट्रपति बनेका छन् । 'यदुवंशी युद्ध'का कारण वामदेव गौतम र माधवकुमार नेपाल आफ्नो अस्तित्वरक्षाका लागि सङ्घर्षरत छन् अर्थात् पूरै तहसनहस हुन बाँकी नै छ ।

नेकपा फुटको दाउपेचको समयमा तत्कालीन राष्ट्रपति विद्या भण्डारीको हुर्मत लिनका लागि माओवादी अध्यक्ष पुष्पकमल दाहालले एउटा सार्वजनिक कार्यक्रममा भनेका थिए, 'राजाहरूको एउटा थियो नि शान, अहिले त शान पनि छैन, मान पनि छैन, इज्जत पनि छैन । कस्तो भयो संस्था ? राष्ट्रपति त संस्था हो नि ।' दाहालको भनाइको खण्डन गर्दै सत्य भन्नुपर्छ कि विद्या भण्डारी राष्ट्रपतिको रूपमा केही आलोचित थिइन्, तर रामचन्द्र पौडेलजस्तै जनताको नजरमा उठ्नै नसक्ने गरी बदनाम र नालायक भएकी थिइनन् ।

रामचन्द्र पौडेल निर्वाचित भएको ७ महिनामै जनताको नजरमा बदनाम र नालायक भएका छन् । त्यसको प्रमाण खोज्न कहीँ जानु पर्दैन, असोज ११ गतेको इन्द्रजात्रामा वसन्तपुरमा पौडेललाई आमजनताले कुनै वास्ता गरेनन् । उल्टै काठमाडौँका मेयर बालेन्द्र शाहप्रति युवाहरूको ठूलो उत्साह र उमङ्ग देखियो । पौडेललाई निर्वाचित गर्नका लागि न्वारनदेखि बल लगाएकाहरूले उनले गरेका अपराधहरूको ढाकछोप गरिरहेका छन् ।

## अनैतिक पदारोहण

रामचन्द्र पौडेलको राष्ट्रपति पदमा अनैतिक ढङ्गले पदारोहण भएको थियो । काङ्ग्रेसले २०७९ मंसिरमा भएको संसदीय चुनावपछि माओवादीलाई प्रधानमन्त्री नदिएपछि एमाले, माओवादी, स्वतन्त्र पार्टीसहितले पुष्पकमल दाहालको नेतृत्वमा सरकार निर्माण गरेका थिए । एमाले अध्यक्ष केपी ओली निवास बालकोटमा भएको सहमतिअनुसार सभामुख र राष्ट्रपति एमालेबाट हुने भनिएको थियो । सरकार गठन भएको महिना दिन नपुग्दै प्रधानमन्त्री दाहालले उक्त सहमति तोडेर काङ्ग्रेसलाई राष्ट्रपति बनाउनुपर्ने अडान अगाडि सारे । अहिले धेरैले भुले पनि त्यो विचित्र र घिनलाग्दो दृश्य थियो, जसलाई इतिहासले कैद गरेर राखेको छ ।

रामचन्द्र पौडेल काङ्ग्रेस, माओवादी, मधेशवादीलगायत दलका सांसदहरूले मत दिएर २०७९ फागुन २५ गते राष्ट्रपति चुनिएका थिए । पौडेलको अन्तिम घिड्किसो थियो– प्रधानमन्त्री वा राष्ट्रपति बन्ने । शेरबहादुर देउवा काङ्ग्रेस संसदीय दलका नेता चुनिएपछि रामचन्द्र पौडेल प्रधानमन्त्री बन्ने सम्भावना टरेको थियो । त्यसपछि माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग राष्ट्रपतिको याचना गर्न पुगेका थिए । दाहालले एमालेसँग भएको सहमति तोडेपछि रामचन्द्र पौडेललाई राष्ट्रपति बनाइएको थियो ।

> नेपालमा कानुनमन्त्री धनराज गुरुङ, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, प्रधानमन्त्री पुष्पकमल दाहाल र राष्ट्रपति रामचन्द्र पौडेलले कानुनका दर्शन, सिद्धान्त, विधि, प्रक्रिया र फैसलाहरूमाथि हस्तक्षेप गर्दै अदालतहरूलाई एक प्रकारले निस्तेज बनाएका छन् ।

एमालेको सहयोगमा आफू प्रधानमन्त्री बन्ने र काङ्ग्रेसलाई राष्ट्रपति बनाएर एमालेलाई सरकारबाट धकेल्ने कार्य पुष्पकमल दाहालको घोर अनैतिक मात्रै होइन, राजनीतिक बेइमानीको तुच्छताको प्रदर्शन थियो । सरकार गठन गर्नका लागि गरिएका वाचाहरू लत्याउँदै प्रमुख विपक्षी दलको रूपमा रहेको काङ्ग्रेसका नेतालाई राष्ट्रपति निर्वाचित गरिनु

अनैतिक र बेइमानीपूर्ण थियो । सत्ता र पदका लागि जस्तोसुकै हर्कत गर्ने तरिका नेपाली राजनीतिको खेती बनेको छ । अनैतिक र बेइमानी ढङ्गले पदमा पुगेको व्यक्तिले देश र जनताका भावनाहरूलाई सही तरिकाले सम्बोधन गर्न सक्छ भन्ने आशा राख्न सकिँदैनथ्यो ।

## हत्याराहरूलाई संरक्षणको शृङ्खला

समाज निरन्तर अराजक र आपराधिक बन्दै गएको छ । राजनीतिको आडमा अपराध गरे पनि कारबाही हुँदैन भन्ने मनोविज्ञान हावी भएको छ । २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा ८ जना प्रहरी र एक जना बालकको हत्या गरेको अभियोगमा रेशम चौधरीलाई जिल्ला अदालत कैलाली, उच्च अदालत डोटी र सर्वोच्च अदालतबाट जन्मकैदको फैसला भएको थियो ।

मिति २०७२ असार २८ गते नेपालगञ्जमा चेतन मानन्धरको हत्या गरेका योगराज ढकाललाई जिल्ला अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेको थियो । रेशम चौधरीलाई २०८० जेठ १५ गते गणतन्त्र दिवस र योगराज ढकाललाई असोज ३ गते संविधान दिवसको दिन राष्ट्रपति रामचन्द्र पौडेलले माफी गरिदिए । तिनीहरूलाई मात्रै होइन कि राजनीतिको आवरणमा अरू धेरै अपराधीहरूलाई पनि माफी दिइएको छ ।

गणतन्त्र र संविधान दिवस भनेको हत्याराहरूलाई माफी दिने दिवसको रूपमा रूपान्तरण भएको छ । जनताले लडेर ल्याएका दिवसहरूमा खुंखार अपराधीहरू पुरस्कृत भइरहेका छन् । यो गणतन्त्रको धज्जी उडाउँदै गरिएको संविधानमाथिको ठाडो उल्लङ्घन हो । राष्ट्रपति पौडेल र सरकारको रवैया हेर्दा आगामी दिनमा पनि अपराधीहरूको लिस्ट तयार भइरहेको छ भन्ने अनुमान गर्न सकिन्छ ।

तिनीहरू दुवै जना धुमधामका साथ रिहाइ भइसकेका छन् । चौधरी र ढकाल रिहाइ हुँदा सयौँ गाडी र मोटरसाइकलसहित ठूलाठूला र्‍यालीहरू भए । अदालतले सर्वस्वसहित जन्मकैद गरेका व्यक्तिहरूलाई राजनीतिको आडमा, संविधान र कानुनको दुरूपयोग गरेर माफी दिइएपछि ती राजनीतिक दलभित्र भएका अपराधीहरू खुसीले गदगद भएका छन् । ती घटनाहरूले गर्दा जस्तोसुकै अपराध गरे पनि उन्मुक्ति पाइन्छ भन्ने मनोविज्ञानको विकास भइसकेको छ ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेमबहादुर चलाउनेमाथि नेपाल विद्यार्थी सङ्घका गुण्डाहरूले साङ्घातिक आक्रमण गरी गम्भीर घाइते बनाए । तिनीहरूमाथि लगाइएको मुद्दा कानुनमन्त्री धनराज गुरुङको प्रस्तावमा फिर्ता गरियो । यद्यपि सर्वोच्च अदालतले उक्त निर्णय बदर गरेको छ । कानुन मन्त्रालयले ज्यान मारेका, अपहरण गरेका, जबर्जस्ती असुली गरेका व्यक्तिहरूलाई राजनीतिको आवरणमा माफी दिनका लागि कानुनसमेत संशोधन गर्न प्रस्ताव गरिएको छ । कानुन संशोधनको अगुवाइ कानुनमन्त्री धनराज गुरुङले गरिरहेका छन् । कानुनमन्त्री गुरुङ अपराधीहरूका सच्चा सेवक भएर निस्किएका छन् ।

क्रान्तिकारी भाषण गर्ने, नैतिकताको कुरा पनि गर्ने, तर अपराधीका मुद्दा फिर्ता लिने र भविष्यमा अपराधीका मुद्दा फिर्ता लिन सजिलो होस् भनेर कानुन संशोधन गर्ने तरिका उनले अपनाएका छन् । सत्ताको राजनीति अपराधीहरूको संरक्षण गर्ने थलोको रूपमा विकास भएको छ ।

अपराधीहरूका मुद्दा फिर्ता लिने, अदालतले जेल पठाएका अपराधीहरूलाई माफी दिने र अपराधमा संलग्न व्यक्तिहरूलाई न्यायिक परीक्षण पनि हुन नदिनका लागि कानुन संशोधन गर्ने कार्यले हत्यारा र अपराधीहरूलाई प्रोत्साहन गरिरहेको छ । राजनीतिक दलको आड लिएपछि जस्तोसुकै अपराध गरे पनि कारबाही हुँदैन भन्ने सन्देश प्रवाह गरिएको छ । कानुन नै संशोधन गर्न लागिएपछि आपराधिक गिरोहहरू खुसी भइरहेका छन् ।

> नागरिकता विधेयकका सन्दर्भमा पौडेलले आफ्नो निर्लज्जता प्रदर्शन गरेका थिए । उनले अघिल्लो संसद्ले पारित गरेको र विधेयकमा विद्या भण्डारीको नामभन्दा तल आफ्नो नाम लेखेर प्रमाणीकरण गरेका थिए । उनका छाडापन छताछुल्ल भइरहेका छन् ।

जतिसुकै ठूलो अपराध गरे पनि राजनीतिको आडमा छुट्न पाइने भएपछि देश हत्या, आतङ्क, अराजकतातिर गइरहेको छ । राजनीतिका नाममा आपराधिक घटनाहरू भइरहेका छन् । प्रहरी, प्रशासन र अदालतलाई निकम्मा बनाउने प्रयत्न भइरहेको छ । आज जनताले पूरै असुरक्षित महसुस गरिरहेका छन् ।

रामचन्द्र पौडेल निर्वाचित भएको केही समयमै आफ्नै अनुहारमा एसिड खन्याएर कुरूप देखिएका छन् । पौडेल कसैले कालो पोतिदिएर कुरूप देखिएका होइनन् । पोतिएको कालो पखाल्न पनि सकिन्छ । तर, एसिड खन्याएको अनुहार सग्लो बनाउन सकिँदैन । राष्ट्रपति पौडेलले इतिहासका कुनै पनि कालखण्डमा अनुहार सग्लो बनाउन सक्ने छैनन् । पौडेल खुनी हत्याराहरूका सेवक र संरक्षक बनेका छन् ।

## पीडितमाथि हमला

आफ्नो परिवारको कुनै सदस्य मारिएपछि मृतकहरू कहिल्यै पनि फर्किएर आउँदैनन्। एउटा परिवारका लागि त्यो सबैभन्दा ठूलो पीडाको विषय हो। पीडित परिवारको आशा भनेको अपराधीहरूलाई हदैसम्मको सजाय हुनुपर्छ भन्ने हो। राज्यले पीडितको पक्ष लिएर अपराधीहरूलाई कारबाही गर्नुपर्छ। त्यसकै लागि प्रहरी, प्रशासन, अदालत र जेलहरूको निर्माण गरिएको हो।

नेपालमा राजनीतिको आडमा ठीक उल्टो हुने गरेको छ। कैयौँ घटनाहरूमा, जहाँ सत्ताधारी पार्टीका नेता जोडिएका हुन्छन्, त्यो अवस्थामा राज्य पीडितका विरुद्धमा र पीडकका पक्षमा उभिएको देखिएको छ। राष्ट्रपति पौडेलले पीडितहरूमाथि आपराधिक हमला गरेका छन् र झन् पीडा थोपरिदिएका छन्।

कुनै पनि अपराधमा जेल सजाय भोगिरहेको व्यक्तिले सजायमा छुट पाउनका लागि निश्चित कानुनी मापदण्डहरू रहेका छन्। संविधानको धारा २७६ मा राष्ट्रपतिले 'कुनै अदालत, न्यायिक निकाय वा प्रशासनिक पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्ने' व्यवस्था गरिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिताको १५९ (१) मा सजाय पाएको व्यक्तिले राष्ट्रपतिसमक्ष निवेदन दिन सक्ने व्यवस्था छ। त्यसरी निवेदन दिँदा अदालतको फैसलाको प्रतिलिपि पेस गर्नुपर्ने हुन्छ। रेशम चौधरीको हकमा सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठ नआईकन एकाएक माफी दिइएको थियो।

फौजदारी कार्यविधि संहिताको दफा १५९ (४) मा भ्रष्टाचार, यातना, जबर्जस्ती करणी, क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जातिहत्या, विस्फोटक पदार्थ, अपहरण, शरीर बन्धक, व्यक्ति बेपत्ता, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण र तीन वर्षभन्दा बढी सजाय हुने लागुऔषधको ओसारपसारमा कसुरदारलाई भएको सजाय माफी गर्ने, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्न सकिने छैन भन्ने व्यवस्था छ। राष्ट्रपतिले कानुनमा भएको यो व्यवस्थालाई लत्याउँदै हत्याराहरूलाई माफी दिएका छन्।

## निस्तेज बनाइएको अदालत

अदालतहरूमा निश्चित कानुनी दर्शन, सिद्धान्त, प्रावधान र प्रक्रियामार्फत तथ्यहरूको विश्लेषण गरी सत्य पत्ता लगाउन र निर्णय गर्न विवेकसम्मत तरिका अपनाइने गरिन्छ। राज्यको काम भनेको पीडित पक्षलाई सुरक्षा र न्याय दिनु हो। दुनियाँभरमै अदालतले जनताको अधिकारको सुरक्षा गर्ने र पीडित पक्षलाई न्याय प्रदान गर्ने गर्छन्। अदालतको एउटा विशिष्ट स्थान हुन्छ। अदालतले गर्ने निर्णयहरू तथ्य, प्रमाण, तर्क र विवेकसम्मत हुने भएकाले अन्तिम हुने गर्छन्।

नेपालमा कानुनमन्त्री धनराज गुरुङ, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, प्रधानमन्त्री पुष्पकमल दाहाल र राष्ट्रपति रामचन्द्र पौडेलले कानुनका दर्शन, सिद्धान्त, विधि, प्रक्रिया र फैसलाहरूमाथि हस्तक्षेप गर्दै अदालतहरूलाई एक प्रकारले निस्तेज बनाएका छन्। अपराध प्रमाणित भएर जेलमा बस्नुपर्ने अपराधीहरू माफीमार्फत धुमधामसँग रिहा भएर खुला आकाशमा आतङ्क मच्चाइरहेका छन् भने पीडितहरूले आफ्नो जीवनलाई आतङ्क र त्रासमा बिताइरहेका छन्।

रेशम चौधरीलाई माफी दिइएपछि परेको मुद्दामा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ। त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेमबहादुर चलाउनेमाथि आक्रमण गर्ने आक्रमणकारीको मुद्दा फिर्ता लिने निर्णयलाई सर्वोच्चले खारेज गरिदिएको थियो। सरकारले अदालतले गरेका फैसला कार्यान्वयन गर्ने होइन कि ठीक विपरीत लगातार पौँठेजोरी खेलिरहेको छ।

सरकारले अदालतलाई पनि हैरानी दिएको छ र राष्ट्रपति पौडेल सरकारका मतियार बनेका छन्। सरकार सञ्चालन गरेका मन्त्री, प्रधानमन्त्रीहरूका कतिपय व्यक्तिगत, दलगत स्वार्थहरू हुन सक्छन्। तर, राष्ट्रपति ती स्वार्थहरूबाट माथि उठेको व्यक्ति हुनुपर्छ।

> **कानुनमन्त्री धनराज गुरुङले अपराधमा संलग्न व्यक्तिहरूको मुद्दा फिर्ता लिने र राष्ट्रपति रामचन्द्र पौडेलले अदालतले अपराध प्रमाणित गरेर जेल पठाएका अपराधीहरूलाई माफी दिने गरी संयुक्त फासीवादी शासन चलाइरहेका छन्।**

रामचन्द्र पौडेल व्यक्तिगत, समूहगत स्वार्थबाट माथि उठ्न नसक्ने मात्रै होइन, संविधान र कानुनको दुरूपयोग गर्दै अपराधीहरूको संरक्षकको रूपमा आफूलाई उभ्याएका छन्। सरकार र राष्ट्रपति मिलेर अदालतले गरेका फैसलाहरूलाई जसरी निस्प्रभावी बनाएका छन्, यो स्वतन्त्र न्यायपालिकामाथिको नाङ्गो हस्तक्षेप हो।

## छाडा शासकमाथि लगाम लगाऔँ

नेपालको राष्ट्रपति पद आफैमा कार्यकारी अधिकारसहितको शक्तिशाली शासक होइन। सरकारको

सल्लाहमा चल्नुपर्ने सर्वोच्च संवैधानिक पद हो । देशको सर्वोच्च पद भएको हुनाले राष्ट्रपतिसँग कुनै शक्ति छैन भन्ने भाष्य पनि गलत हो । विद्या भण्डारीका आलोचकहरूले राष्ट्रपतिको हात बाँधेर राखिदिनुपर्छ भन्नेजस्ता तर्कहरू अगाडि सार्ने गरेका थिए ।

नागरिकता विधेयकका सन्दर्भमा पौडेलले आफ्नो निर्लज्जता प्रदर्शन गरेका थिए । उनले अघिल्लो संसद्ले पारित गरेको र विधेयकमा विद्या भण्डारीको नामभन्दा तल आफ्नो नाम लेखेर प्रमाणीकरण गरेका थिए । उनका छाडापन छताछुल्ल भइरहेका छन् । इतिहासदेखि नै चट्टानी अडान लिँदै आएको सर्वोच्च अदालतलाई राष्ट्रपति रामचन्द्र पौडेलको किर्ते हस्ताक्षर सदर गर्नुपर्ने बाध्यता किन पर्‍यो ? त्यो इतिहासको कुनै दिनमा खुल्नेछ ।

रामचन्द्र पौडेल गठबन्धनको आडमा जसरी छाडा हुँदै गएका छन्, त्यसले देशलाई असुरक्षित बनाइरहेको छ । पौडेललाई यही ढङ्गले छाडा छोडिदिने हो भने तिनले देशलाई अपराधीहरूको अखडा बनाउनेछन् । कानुनमन्त्री धनराज गुरुङले अपराधमा संलग्न व्यक्तिहरूको मुद्दा फिर्ता लिने र राष्ट्रपति रामचन्द्र पौडेलले अदालतले अपराध प्रमाणित गरेर जेल पठाएका अपराधीहरूलाई माफी दिने गरी संयुक्त फासीवादी शासन चलाइरहेका छन् ।

राष्ट्रपति संस्था बदनाम हुँदै गएपछि देशमा गणतन्त्रका विरुद्धमा जनमत बढिरहेको छ । देशमा राजतन्त्रको पुनर्स्थापनाका लागि आवाज उठ्ने गरेको छ । दक्षिणपन्थी शक्तिहरूले राजतन्त्रको पुनर्स्थापनालाई जोड दिएका छन् । सरकार र राष्ट्रपति मिलेर जनताका विरुद्धमा गतिविधि गरेका कारण देशबाट समाप्त भइसकेको राजतन्त्र पुनर्स्थापनाको माग उठ्ने गरेको हो । गणतन्त्रलाई संस्थागत बनाउनका लागि सरकार र राष्ट्रपतिले गरिरहेका मनोमानीमाथि लगाम लगाउनुपर्छ ।

सत्ताधारी राजनीतिक दल र सरकारले आफ्नो निहित स्वार्थ पूरा गर्नका लागि राष्ट्रपतिको दुरूपयोग गर्ने गरेका छन् । जनताका भावना र प्रजातन्त्रको मर्मविपरीत आपराधिक र स्वार्थ समूहको उद्देश्य पूरा गरेका रामचन्द्र पौडेलले राष्ट्रपति संस्थाको गरिमा, इज्जत, प्रतिष्ठा पूरै गुमाएका छन् । यो सत्ता र शक्तिको मात्रै नभएर गणतन्त्रको पनि दुरूपयोग हो ।

आपराधिक गिरोहको स्वार्थ पूरा गर्नका लागि देशको सर्वोच्च संस्थाको दुरूपयोग रोक्नका लागि ठूलो सङ्घर्षको आवश्यकता भएको छ । पीडित परिवार, नागरिक समाज, पत्रकार र न्यायप्रेमी जनताले न्यायको आवाज बुलन्द गर्नुपर्छ । राष्ट्रपति पौडेलको छाडा शासनमाथि पूरै लगाम लगाएर गणतन्त्र, न्याय र कानुनी शासनको रक्षा गर्नुपर्छ ।

शिलापत्र, असोज १५, २०८०

## नारमल्ला फल्चाको पुन:निर्माण सार्वजनिक परीक्षण कार्यक्रम




भक्तपुर नपा वडा नं. २ इताछेँस्थित नारमल्ला पाटी (फल्चा) कोपुन:निर्माण सम्पन्न गरी आर्थिक विवरण सार्वजनिक परीक्षण कार्यक्रम कार्तिक १८ गते सम्पन्न भयो ।

कार्यक्रमका अतिथि **रविन्द्र खर्बुजा**ले भक्तपुर नपाले स्थानीय जनतालाई अधिक सेवा सुविधा दिन शिक्षा, स्वास्थ्यलगायत कला संस्कृति र सम्पदा संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको चर्चा गर्नुहुँदै छोटो समयमा पाटी पुन:निर्माण कार्यसम्पन्न हुनुमा उपभोक्ता समितिको सक्रियतामा सफल भएको चर्चा गर्नुभयो ।

भक्तपुर नपा सम्पदा शाखा प्रमुख **रामगोविन्द श्रेष्ठ**ले कला संस्कृति र सम्पदा पुन:निर्माण कार्यलाई जोड दिनुका साथै संरक्षण र हेरचाह गर्ने दायित्व एवम् जिम्मेवारी स्थानीय जनताको रहेको बताउनुभयो ।

उपभोक्ता समितिका अध्यक्ष **गणेशभक्त खबर्जु**जाले २०८० जेठ २५ गते शिलान्यास भएको नारमल्ला फल्चा पुन:निर्माणमा कुल रु. १४ लाख ५२ हजार २८१ रुपैयाँ खर्च भएको विवरण पेश गरेको उक्त कायक्रममा **राजन जति**, वडा सदस्यहरु **श्यामसुन्दर मातां** र **मन्जु लाखाजु**ले पनि बोल्नुभएको थियो ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-२१)


– प्रो. माणिकलाल श्रेष्ठ



## नां कायेबहपिं समालोचकपिं (१) न्हूगु युग ह:गु छुं मत

प्राचीन कालया **एरिस्टोटल** Aristotle (384-322 BC) व मेपिं ग्रीक समालोचकपिं व अले लाटिन समालोचकपिं धुंका दोछिदँ तक हे नां काये बहपिं सुं समालोचक पिहाँ मवो। संस्कृत पाखे छम्ह निम्ह पिहाँ वोपिं नं पुलांपिं समालोचकपिनि व्याख्या याइपिं जक, हाकनं संस्कृत समालोचकपिनि प्रभाव भारतया उत्तरी इलाकाय् जक, विश्व साहित्ये छुं प्रभाव मला। थुकथं स्वंगूगु निसें झिस्वंगूगु शताब्दी तकया दोछिदँयात समालोचना साहित्ये अनिकाल धासां जिउ। थुगु युगे छुं न्हूगु साहित्य सिद्धान्त पिहाँ मवो। अनं लिपा झिंस्वंगूगु शताब्दीइ युरोपे हाकनं छको समालोचना साहित्ये जागरण वल। थुगु हे इले अंग्रेजी साहित्ये नं दकले न्हापायागु समालोचनात्मक रचना **'भुलूखा व बुलबुल'** धयागु कविता पिहाँ वल। इटालिं ला **दांते** (Dante Alighieri (1265-1321) थेंजोम्ह महान् कवियात जन्म बिल। विश्व प्रसिद्ध महाकाव्य **'डिवाइन कमेडी'** यात लाटिन भाषां मच्वसे जनतां ल्हाइगु इटालियन भाषां च्वया, सामान्य खँल्दा–बल्हाया भाषायात काव्यया माध्यम याये जिउ धका क्यना बिल। दांतेया विचारकथं काव्ययात विषय नं उच्च मा, अले उकियात लोगु नं भाषा। त:धंगु विषय देश, द्यो व मिसायात भक्ति प्रेम यायेगु ख: धका दांतेया विचार, थ्वजोगुयात लोगु माध्यमया निम्तिं भाषा, अफ्न शब्द तक नं स्वया माला छ्यलेमा धयागु दांतेया विचार।

थुगु हे युगे **बोक्कासियो** Giovanni Boccaccio (1313-1375) व **सेन्ट् अगस्टिन्** Augustine (354-430) also known as Saint Augustine) पिनि समालोचनात्मक लेख पिहाँ वल। तर थ्व मध्य युग समालोचनाया युग हे मखु, साहित्ये सिर्जनाया युग। धाथें हे समालोचनाया न्हूगु युग ला झिंखुगूगु शताब्दी सिधइथे च्वंका तिनि वल। झिंखुगूगु शताब्दीइ थाय् थासे फाटफुट छगू निगू समालोचनाया कृति पिहाँ वो। थम्हं च्वयागु त्रासदिया समर्थने च्वया त:गु **जिराल्ड सिन्थियो** Giovanni Battista Giraldi-nickname Cinthio (1504-1573) या लेख (१५४१) मेम्ह लेखकया महाकाव्य समर्थने सिन्थियोया हे लेख (१५४९), **मज्जोनि** (Jacopo Mazzoni (1548–1598) या निगू लेख (१५७२ व १५८७), **सर जोन ह्यारिङ्गटन** (Sir John Harington (1560-1612) नं चोगु भूमिका (१५९१), **तास्सो** (Torquato Tasso (1544-1595) या **'डिस्कोर्सि'** (११९४) पिहाँ वोगु ख:। अथेसां सन् १५९५ स *(थ्व सफू प्रकाशित जूगु सन् १५९५ ख:, तर उबेले थुकिया लेखक सिड्नी सीधुंकूगु ख: । सिड्नीया थ्व सफू झिंखुगूगु शताब्दीया दकले*









कथहं : एरिस्टोटल, दांते, बोक्कासियो, अगस्टिन्










कथहं : जिराल्ड सिन्थियो, मज्जोनि, जोन ह्यारिङ्गटन, तास्सो

*त:धंगु समालोचना कृति खः, थनंनिसें समालोचनाय् मदिक्क प्रवाह न्ह्यात । थुकथं समालोचनाय् न्हूगु युगया शुरु सिड्नीं यात धाये फु ।)* **सर फिलिप सिड्नी** (Sir Philip Sidney (1554-1586) या **'कविताया पक्ष कया'** (डिफेन्स् अफ पोएजी) धयागु लेख पिहाँ वसांनिसें मदिक्क थौतकं समालोचनाया प्रवाह न्ह्याना च्वंगु हे दु । प्यूरिटन धर्मया प्रभावं याना कविबताया समाजे इज्जत मदया च्वंगु इले सिडनीं कविताया पक्षे छगू क्वातुगु वकालत याना च्वया त:गु लेख थ्व खः । काव्यया विश्लेषण व विवेचना थुकी मदु, तर कविताया समर्थने तस्सकं क्वातुगु तर्क व जोश व उत्साहं जागु बहस थुकी दु । व्यावहारिक उदाहरण कया सिड्नीं थ्व क्यना त:गु दु कि विज्ञान, इतिहास व नीतिसिकं नं बांलागु कविता खः, कवितां न्ह्याइपुक सत्ययात क्यना बिइ फु । सिड्नीया विचारे कवितां शिक्षा व आनन्द नितां बिइ । *'कविता अनुकरणया कला खः, एरिस्टोटलं मिमेसिस धागु, थ्व कारणं, थुकिया मतलब प्रनितिधित्व यायेगु, नक्कल यायेगु, न्हूगु दयेका क्यनेगु, धाथें ला नुवा-किपा दयेकेगु अले थुकिया उद्देश्य स्यनेगु व आनन्द बिइगु ।'* अले हानं सिड्नीं थथे नं धया थकूगु दु – *'कविं दयेकीगु कल्पनाया संसार धाथेंया संसारसिकं भिं ।'* थुकिया कारण अनुकरण जूगुलिं जक मखु, बरु *'धाथेंया जीवन क्वहयंगु जुया च्वनी, तर काव्यं दयेकूगु संसार थ्वसिकं भिं'* *(सिड्नी– **डिफेन्स् अफ पोएजी'**)* । थुकथं सिड्नीं 'अनुकरण (मिमेसिस)' शब्द न्ह्यथना त:सां लेख ब्वना स्वयेबेले वया विचारकथं काव्यं दयेकीगु संसार धाथेंयागु संसारया अनुकरण मखु, थ्व ला धाथेंया संसारसिकं पागु आदर्श जगत खः । सिड्नीं क्यनेत संगु थथे – कविता आदर्श व विचार तत्व रूपे पिदनीगु, कवितां सत्यया अनुकरण याइ, **प्लेटों** धयात:थें **'प्रकृतिया अनुकरण'** याइगु मखु । कविता सिड्नीया विचारकथं नैतिकता प्रचार याइगुलिं जक हे महत्वपूर्ण ।

सिड्नी धुंका मेम्ह नां कायेबम्ह समालोचक भिंच्यागुगु शताब्दीया **जोन ड्राइडन** (John Dryden (1631-1700) खः । अंग्रेजी कवि व समालोचक ड्राइडनं विभिन्न लेखकपिनि कृतिया नं आलोचनायात, उकी कविता छु, उकिया महत्व छु धयागु मौलिक खँय् थ:गु विचार बिउगु दु । ड्राइडनं नं काव्ययात मिमेसिस धा, तर वया विचार प्लेटो, एरिस्टोटल व ड्राइडननाप पा । ड्राइडनया विचारकथं कविं जीवन गथे खन अथे हे क्यने मा । थुकथं विश्व समालोचनाया इतिहासे दकले न्हापां ड्राइडनं हे थथे धाये फत कि **कविं थ:गु राष्ट्र व युगया आकांक्षाया**









कथहं : सर फिलिप सिड्नी, जोन ड्राइडन, डाक्टर जोन्सन, एडिसन

**अभिव्यक्ति याइ**। अले हानं काव्यया उद्देश्य बारे ड्राइडनं थथे धाल *‘आनन्द हे छगू जक उद्देश्य मखुसां काव्यया दकले मुख्य साध्य थ्व खः। शिक्षा बिइगु नं उद्देश्य थुकी दु, तर गौण रूपे जक।’* हानं आनन्दया नामं न्ह्योनेलागु बांमलागु आनन्द मखु, मनोरंजन जक नं मखु, आत्मायात हे थीगु, भावयात थनीगु जुइमा धयागु ड्राइडनया विचार।

थथे छम्ह ‘क्लासिकल *(अंग्रेजी साहित्ये व समालोचनाय् क्लासिकल युगया नी स्वंम्ह ड्राइडन खः, फिंच्यागूगु शताब्दीया पोप व जोन्सनपिनि समालोचना सिद्धान्तया आपालं आधार ड्राइडनयागु हे।)* समालोचक जूसां ड्राइडनं खालि परम्परा लिउ लिउ जक मवं, परम्पराया महत्व माने याना नं हाकनं न्हू न्हूगु खँ लुइकेगु नं सो। कल्पनाया महत्व ड्राइडनं बांलाक चा। कल्पना धयागु कविं किपा दयेकीगु शक्ति खः, कविं छु पिनेया नियमं थःत चिका सृष्टि याइगु मखु, दुनेया शक्तिं याइगु खः धयागु ड्राइडनया विचार दु। परम्पराया सिखलं चिका च्वनेगुया विरोधे रोमान्टिक समालोचकपिसं विद्रोह याये धुंका वोगु कल्पनावादी सिद्धान्तया छुं रूप ड्राइडनयाके हे खने दु।

ड्राइडन धुंका नं विश्वया समालोचना साहित्यया नेतृत्व फिंच्यागूगु शताब्दीया न्हापांया बासःदँ तक बिलायतया ल्हाती लाना च्वन। अंग्रेजी साहित्ये आपालं समालोचकपिं पिहाँ वल– **पोप, डाक्टर जोन्सन** (Samuel Johnson-Dr Johnson (1709-1784), **एडिसन** (Joseph Addison (1672-1719), **बर्क** (Edmund Burke (1729-1797) आदि। अलिग्जाण्डर पोपया **‘समालोचना सम्बन्धी निबन्ध’** नांया पद्ये चिना तःगु निबन्ध व **सामुएल जोन्सन**या आपालं समालोचनासम्बन्धी कृतिं समालोचना–साहित्ये हे हाकनं छक्को क्लासिकल युग हया बिल। पोपया ‘समालोचना–सम्बन्धी निबन्ध’ **होरेस्**या **‘आर्स् प्वेटिका’** थें याना च्वया तःगु। न्हापा न्ह्याम्हसिनं नं **‘काव्यसम्बन्धी निबन्ध’** धका धाइगुली पोपं **‘समालोचना–सम्बन्धी निबन्ध’** धका नां छुना परम्परा ला तोतल। काव्यया रूप, मूल्य आदि, साहित्य छु व छाय् धयागु खँ थुकी च्वया तःगु मदु, पोपं ला थुकी न्हापां समालोचना छु ? समालोचकया ज्या छु ? प्राचीन समालोचकपिनि उदाहरण आदि खँ विवेचना याना, अनंलि समालोचना निष्पक्ष जुइ थाकुइगु कारण– घमण्ड, गुटबन्दी, ढोङ्ग, फेशन, काव्यया सार मस्वसे पिनें पिनें स्वयेगु बानी आदिया विवेचना, अले दकले लिपा विश्वया तत धंपिं समालोचकपिनि मत छु धका कना तल।

पोपया विचारकथं प्रकृति प्लेटों धागु थें जोगु विश्वव्यापी व्यवस्था खः। पोपं धागु दु *‘न्हापा प्रकृति बांलाक स्व, अले उकिया कसीं थः निस्कर्ष पिका। प्रकृति मद्वंकीम्ह, दैवी ज्योति दुम्ह, स्थिर सर्वव्यापी जः ख।’* हानं मनूया सभ्य जुइगु कुतले प्रकृतिं बः बिउ धयागु पोपया विचार। मेगु खँ पुलां पुलांपिं ततःधंपिं लेखकपिसं तया थकूगु नमुना प्रकृतीनाप हे छपा धयागु वया विचार दु, *‘पुलां पुलांगु नियम दयेका तःगु मखु, लुइका तःगु, उकियात हे प्रकृति धाये लो।’* काव्यया भाषा पोपया विचारकथं, झीगु ईया सजीव भाषा जुइमा, अले छम्ह कवि बा कलाकारं अध्ययन याये मागु विषय मनू खः।

एरिस्टोटलं कवितां **‘सामान्य सत्य’** यात क्यनेगु सनी धका धयातःगु व अले ड्राइडनं कवितां मनूया स्वभाव बा प्रकृतियात रूप बिया क्यनी धका धागुयात पोप व जोन्सनं अर्थ छ्याना धया बिल– *कवितां मनूया सामान्य स्वभावया अनुकरण याइ।* थुकथं पोप व जोन्सनं धाकथं अनुकरण धयागु हे सामान्य प्रकृति क्यनेत सनेगु, विशिष्ट प्रकृति मखु। थथे धायेबेले मनूया स्वभाव हिली मखु, मनूया स्वभावया धाथेंया रूप शाश्वत जुइ, देश, ई व समाज पाना वनीबेले मनूया स्वभाव भति भति हिलावंसां आधार हिली मखु धायेगु जुल। अथे मखुसा समाज हिल धायेव साहित्यया मूल्य हिलीगु जुल, अले छगू युगया साहित्य मेगु युगयात छुं मू दइ मखुत। पोपं छु भति लँ लाना बिउगु व जोन्सनं बांलाक विकसित यागु






कथहं : बर्क, लेस्सिङ्ग, गेटे, स्किल्लर

क्लासिकल सिद्धान्तकथं कविता व कलां उजोगु मानव-स्वभाव जक क्यने माल गुगु फुक्क समाज व युगया नं मंका खः। थुकिं कविताया छगू अङ्ग जक ज्वना बिल, अथेसां डा. जोन्सनं **शेक्सपियर**या कृति व मेमेगु कृतिया गुगु समालोचना यात व तस्सकं सफल जूगु खः। समालोचना यायेगु ज्याय् व्यक्तिगत **'यो मयो'** यात आधार मयासें प्रकृतिया नियम अर्थात विवेकयात कसी यायेमा धका डा. जोन्सनं छगू नियम स्वना थकल। साहित्यिक मूल्यांकन यायेबेले कृतिया शाश्वत (अर्थात न्ह्यावलें न्ह्याथासं लागू जुइगु) महत्वयात मतिइ तयेमा, कृति फुक्क पूवंक स्वया निर्णय बिइमा, इतिहास व समय नं मतिइ तया जक निर्णय बिइमा धयागु समालोचनाया नियम बिया जोन्सनं समालोचनाय् जुइगु पक्षपातया विरोध यात। थःगु हे युगयापिं व थःगु सिद्धान्त कया च्वंपिं लेखकपिनि कृतिया समालोचना याइबेले जोन्सन गाक्कं निष्पक्ष जू।

बरु डा. जोन्सन थम्हं दयेकागु नियमे गुलि कट्टर जुल, उकिं याना एकदम हे मखुगु गलत धारणाय् नं ला वंगु दु। बाखं-साहित्य विषय जोन्सनं धया तल- बाखं गुलि जीवन थें हे जुल, उलि बांलाइ। *'न्ह्यागु बाखंया महत्व नं सत्य जुइगुली खः। बाखं छम्ह व्यक्तिया बा सामान्य मानव प्रकृतिया तसबीर खः, बाखं भ्रूठा जूसा छुकिया नं तसबीर मखु।'* जोन्सनं कवितायात खालि सत्य जू ला कि मजू धका व गुलि तक शिक्षा बिइ फु ला कि मफु धयागु मिखां जक स्वत। कविताया कल्पना आदि काव्यात्मक पक्षयात जोन्सनं वास्ता मतःगु थें खने दु। जोन्सनं साहित्यया महत्वया छगु पक्षे जक ध्यान बिल। डा. जोन्सनया मतकथं कवितां मानव-स्वभावया अनुकरणया नापनापं शिक्षा नं बिइ, नैतिक शिक्षा।

झिंच्यागुगु शताब्दीया न्हापांया बासःदँ वने धुनेव विश्वया समालोचना साहित्यया नेतृत्व बिलायतं जर्मनीइ न्ह्यात। थ्व शताब्दीया लिपाया बासः दँय् जर्मनीइ **लेस्सिङ्ग** (Gotthold Ephraim Lessing (1729-1781), **गेटे** (Johann Wolfgang von Goethe (1749-1832), **स्किल्लर** (Johann Christoph Friedrich von Schiller (1759- 1805), **हर्दर** (Johann Gottfried von Herder (1744-1803), **स्क्लेगेल** (Karl Wilhelm Friedrich Schlegel (1772-1829) व **हेगेल** (Georg Wilhelm Friedrich Hegel (1770-1831) थेंजोपिं ततःधंपिं समालोचक-दार्शनिकत पिहाँ वल।

लेस्सिङ्गया **'लाओकून'** धयागु सफुली मुख्य निता न्ह्यथने बहगु खँ दु, छता विभिन्न कलाया जोलागु व रूप, मेगु शब्द-चित्रण अर्थात वर्णन व कविताया भेद। एरिस्टोटलं कवितानिसें कया फुक्क साहित्ययात कलाया अङ्ग धका कया तःगु खः, लिपा नं कलाया विभिन्न रूप गुलि पा धका स्पष्ट व्याख्या मजूनिगुली लेस्सिङ्गं कविता व मेगु कलाया भेद बांलाक व्याख्या याना कना बिल। कविता चिनेगु, किपा च्वयेगु व किपा किइगु कला पा, फुक्कसिनं धाथेंया बस्तुया चित्रण याइगु जूसां याइगु लँ पा। कविताया माध्यम शब्द खः, मेगु कलाया मेगु हे। थ्व फुक्क कलां थःथः ढङ्ग छ्यला स्वइपिं न्यनीपिंत गुकथं अपो प्रभाव लाइ धका कुतः याइ। लेस्सिङ्गया थ्व धापुलिं बांलाक हे सिइ दु न्ह्यागु कलायानं जनताय् प्रभाव लाकेगु खँ तस्सकं महत्वपूर्ण। मेगु खँ लेस्सिङ्गया विचारकथं शब्दं वर्णन याना किपा ब्वयेगु हे कविता मखु। थुकथं कविता (साहित्य) व शब्द-चित्रण (वर्णन) यक्को पा धका क्यना कविता व चित्रकला छगू हे भापा शब्दं वर्णन जक याइगु प्रवृत्तिया विरोध लेस्सिङ्गं यात।

प्रसिद्ध जर्मन कवि **गेटे** कविया रूपे ला विश्व प्रसिद्ध। गेटे छम्ह समालोचक नं खः। समालोचनाया छगू छुं सफू हे ला गेटें च्वया तःगु मदु, अथेसां निबन्ध, खँल्हाबल्हा व भाषण आदिइ समालोचना सम्बन्धी खँ गेटें धयातःगु तस्सकं महत्वपूर्ण। क्लासिकल व रोमान्टिक काव्यया फरक कना गेटें धयातःगु दु- ***'जिं ला क्लासिकयात स्वस्थ (म्हं फुगु) व रोमान्टिकयात ल्वय् धाये।*** *थौंकन्हेया आपा रचना रोमान्टिक जूगु न्हूगु जुया जक मखु, म्हंमफुगु व ल्वचं कःगु कृतित जुया खः। प्राचीन कृति क्लासिक जुया वंगु नं पुलांगु जुया मखु ज्यान दुगु, आनन्द बिइ फुगु व स्वस्थ जूगुलिं खः।'* गेटें रोमान्टिक प्रवाहयात जक विरोध यागु खः, न्हूगुया विरोध याइम्ह परम्परावादी व मखु।



कथहं : हर्दर, स्क्लेगेल, हेगेल

न्हूगु थौंकन्हेया रचना नं भिंभिंगु गुण दःसा उकियात क्लासिक धायेमा धयागु विचार गेटेया। झीगु शरीरया छुं अङ्ग ज्या मयात धासा जक ल्वय् जुइगु मखु, छगू अङ्गं नियन्त्रण मदयेक, नियमं पाक्क लालाथे ज्या यासा नं शरीरे ल्वय् जुइ, अथे हे रोमान्टिक धयागु हे नियन्त्रणं पिहाँ वंक कल्पनां ज्या याइगु जूगुलिं **'रोमान्टिक'** धयागु छगू दृष्टिं ला ल्वय् हे खः। व्यक्तित्व हे कविता व कलाया सर्वस्व खः धयागु विचार गेटेया। गेटेया कथं तस्सकं बुद्धि च्वन्ह्यापिं, भावना नं च्वथ्यंपिसं हे तःधंगु कलाकृति व काव्यकृति पिकाये फइ, अले उजोगु कृति थुइकेत समालोचकया नं बुद्धि व भावना च्वन्ह्यायेमा। कविताया विषय छु जुइफु धयागु खँय् गेटेया विचारकथं थपाय्धंगु संसार व थुलि तःता प्रकार दुगु जीवन जूगुलिं *'कवितायात अवसर मदइगु खँ हे मदु। अथेसां कविता चिनेत प्रेरणा व सामग्री नितां यथार्थ हे ल्यया कायेमा।'* थुकथं रोमान्टिक लेखकपिंत **'वास्तविकता तोते मते'** धयागु व क्लासिकल विचारयापिंत **'न्हूगुयात नं हेपे याये मते'** धक्का निखलः सितं सल्लाह गेटें बिउगु खने दु। काव्यया उद्देश्य शिक्षा बिइगु जुइमा, तर तप्यंक प्रचार मखु कि ब्वनीपिंसं थ म्हं माला लुइके माकथंया जुइमा धयागु विचार गेटेया। धाथेंयाम्ह कवियाके जीवने सहानुभूति व विश्वास तयेगु भावना मदयेक मगा धयागु विचार नं गेटेया दु।

गेटे धुंका भिंगुंगु शताब्दी वल, थ्व युग ला विश्वया साहित्यया (पश्चिमी साहित्यया निं) इतिहासे दकले उन्नतिया युग। साहित्य व कलाया सिर्जना व समालोचनाया विकास निताय् नं थ्व युग तस्सकं च्वन्ह्यात। भिंगुंगु शताब्दी पिकापिं नां काये बहपिं समालोचकपिनि विचार मेगु अध्याये छुं भति परिचय बिइत स्वये। **(कथहं)**

लघुकथा

# सम्पदा

– आर.दिस्ती

कुनै शहरको एउटा ऐतिहासिक सार्वजनिक पोखरी कुनै समयको कालखण्डमा पुरिएर पूरै मैदान जस्तै भइसकेको थियो। त्यतिबेला सम्पदाको महत्त्व नबुझेर त्यस पोखरीलाई उत्खनन गरी संरक्षण गर्ने कसैको चासो रहेन। लामो समयपछि शहरको विकास सँगै त्यस मैदान रूपी पोखरीको आसपासको जग्गा जमिन एकदमै आकाश छुने गरी महँगो भएकोले त्यस मैदान रूपी पोखरी एउटा व्यापारीको आँखामा पऱ्यो। त्यस व्यापारीले ठूला नेताहरू र कर्मचारीहरूको मिलेमतोमा उक्त मैदान रूपी साढे छबिस रोपनी भएको पोखरी जग्गामा परिणत गरेर आफ्नो नाममा पास गरी जग्गा धनी प्रमाण पुर्जा बनाई त्यस स्थानमा व्यापारिक भवन (कम्प्लेक्स) बनाउने उदेश्यले स्थानीय निकायमा नक्सा पास गरी भवन निर्माण गर्ने कार्य शुरु गर्न थाले।

भवन निर्माण गर्न थालेपछि स्थानीय  अगुवा तथा गन्यमान्य व्यक्तित्वहरूको ध्यान आकर्षित भई उक्त मैदान कुनै जग्गा नभई ऐतिहासिक सार्वजनिक पोखरी भएकोले भवन निर्माण गर्न दिनु हुन्न र सार्वजनिक पोखरीकै रूपमा कायम गर्नु पर्छ भनेर विरोध गर्न थाले। स्थानीयहरूको ठूलो विरोध भएता पनि त्यस व्यापारीले त्यहाँ भवन बनाउने काम रोकेन र जबरजस्ती भवन निर्माण गर्दै गयो। त्यसपछि सो विषयमा अदालतमा मुद्दा चल्यो।

अदालतबाट लामो समयसम्म पेसी तारिख / पेसी तारिख मात्र दिंदै गर्दा वर्षौं बित्यो। त्यतिबेलासम्म व्यापारीले १५ तलासम्मको भवन निर्माण गरिसकेको थियो। साथै त्यस अवधिमा विरोधका स्वरहरू पनि पातलिंदै गयो। यता व्यापारीले अग्रपङ्क्तिमा विरोध गर्नेहरूलाई उनीहरूको विरोधको आवाजको वजन मापन गर्दै आवश्यकता अनुसार पैसाको बित्ताले मुखमा बुजो हालिसकेको थियो।

ऐतिहासिक सार्वजनिक पोखरी ब्यक्तिको नाममा पास गरी उक्त स्थानमा व्यापारिक भवन बनाएको विरोधमा मुद्दा भयो। अदालतबाट पेसी तारिख/पेसी तारिख दिएको लामो समयपछि मुद्दाको छिनुफानु गर्न फैसला गर्ने दिन तोकियो। व्यापारीले आवश्यकता अनुसार सम्बधित विभिन्न व्यक्तिहरूलाई आवश्यक चाँजोपाँजो मिलाइसकेको हुँदा व्यापारीलाई अदालतबाट गरिने फैसला आफ्नो पक्षमा हुनेमा ढुक्क थियो।

अदालतमा बहस चल्यो। दुवै पक्षको बहस पैरवी सुनेपछि न्यायधीसले फैसला गर्न मात्र के लागेको थियो, सम्पदाप्रेमीहरूको खबरदारी आवाज उठ्यो।

'ऐतिहासिक सार्वजनिक पोखरी व्यक्तिको नाममा दर्ता गर्ने कर्मचारीहरूलाई– कारबाही गर, कारबाही गर।'

'ऐतिहासिक सार्वजनिक पोखरी आफ्नो नाममा गर्ने व्यक्तिलाई–जेल पठाऊ, जेल पठाऊ।'

'ऐतिहासिक सार्वजनिक पोखरीमा व्यापारिक भवन बनाउन दिनु विकास होइन– संस्कृतिको विनास हो, अपराध हो।'


'ऐतिहासिक सार्वजनिक पोखरीमा बनाएको व्यापारिक भवन–भत्काउनै पर्छ, भत्काउनै पर्छ।'

'हाम्रो कला संस्कृति र सम्पदा जोगाउन सम्पूर्ण सम्पदा प्रेमी जनता – एक होऔँ, एक होऔँ।' भन्ने जस्ता नारासहितको आवाज सुइरो बनी न्यायाधीसको कान हुँदै दिमागसम्म घुस्यो। न्यायाधीस केही छिन वाल्ल पऱ्यो र न्यायाधीस इजलास केही दिनको लागि स्थगित गर्दै अदालतबाट बाहिरियो।

सम्पदा जोगाउन र संरक्षण गर्न जनताबाट निस्वार्थ रूपमा सङ्घर्ष गरिरहँदा पनि कलियुगको भगवान, सम्पदाको रक्षक भनाउँदा त्यस स्थानका अधिकार सम्पन्न स्वायत्त स्थानीय सरकारका प्रमुख पदाधिकारी कुनै कदम नचाली रमिते भई तमासा हेरिरह्यो।

सम्पदाप्रेमी समाज नेपालको अपिल

# थँबही (ठमेल) को सार्वजनिक कमलपोखरी मासेर बनाइएको पन्ध्र तलाको छायादेवी कम्प्लेक्स तत्काल भत्काऊ !



पृथ्वी नारायण शाहले जितेको थँ बहिलका भूभागहरू श्री सिंहसार्थ बाहु गरुड भगवान गुठीलाई फिर्ता गरेको विसं १८३९ मा रणबहादुर शाहले सदर गरेको लालमोहर




- काठमाडौँ महानगरपालिका वडा नं २६ ठमेलस्थित श्री सिंह सार्थवाह गरुड भगवान गुठीसँग सम्बन्धित लिच्छविकालीन विक्रमशील महाविहार (थँ बही) हो। यो विहारको पूर्वतिर कमलको फूल फुल्ने सार्वजनिक पोखरी थियो। कमलको फूल थँ बहीको भगवानलाई चढाई नित्य परम्परा चलाइन्थ्यो। कमलपोखरी र डिलमा रहेको फलफूलको बगैँचासमेत रु. १२५।- मा ठेक्का लाग्थ्यो। विसं १९६५ सालको रसिदअनुसार पोखरी र डिलको क्षेत्रफल २६.५ रोपनीमा फैलिएको थियो।
- विसं १९७७ सालमा राणा प्रधानमन्त्री चन्द्रशमशेरका छोरा केशरशमशेरले थँ बहीको कमलपोखरी आफ्नो दरबार केशरमहलको कम्पाउन्डभित्र पारे र पोखरीको डिलको सट्टाभर्ना जग्गासमेत दिने भनी कब्जा गरे। केशरशमशेरले पोखरी प्रयोग बापत रु. १२५।- बहाल पनि बुझाए तर सट्टाभर्ना जग्गा दिएनन्। विसं १९७८ सालमा केशरशमशेर आफैले थँ बहीको गुठीलाई लेखेको पत्रमा सार्वजनिक कमल पोखरी गुठीको भएको स्वीकार गरेका थिए।
- २०२१ सालको भूमिसम्बन्धी ऐन लागु भएपछि छुट गुठीमा दर्ता भएका सबै राजगुठीमा परिणत भयो र सिंह सार्थवाह गरुड भगवान गुठीका गुठीयारहरूको हक अधिकार गुठी संस्थानमा सऱ्यो। २०२५ सालमा केशरशमशेरले सार्वजनिक कमलपोखरीको केही भागमा पानी सुकाउँदा थँ बहीका गुठीयारहरूले विरोध गरेका थिए। केशरशमशेरका छोरा केयुरशमशेरले पोखरीको केही भागमा धानसमेत रोप्न लगाएका थिए।
- २०२७ सालमा केयुरशमशेरविरुद्ध काठमाडौँ जिल्ला अदालतमा धर्मलोप मुद्दा दर्ता भएको थियो। २०३३ साल पुस ३ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाशबहादुर केसी र विश्वनाथ उपाध्यायको संयुक्त इजलासले श्री सिंह सार्थवाह गरुड भगवान गुठीको मातहत रहेको पुरातात्त्विक महत्त्वको कमलपोखरी र त्यसको डिल सार्वजनिक नै कायम हुनुपर्ने ठहर गरेको थियो। २०३३ सालको सहरी क्षेत्रको नापीमा सार्वजनिक कमलपोखरी जग्गा आफ्नो जग्गामा घुसाई कि.नं. १६७ को क्षेत्रफल १२-१३-२-२ मात्र पोखरीमा सीमित गरियो र बाँकी जग्गा केयुरशमशेरले कब्जा गरे।



कमल पोखरीको बाँकी क्षेत्र

- २०३९ सालमा केयुरशमशेरले गुठी ऐनविपरीत गरुड भगवान गुठीको सार्वजनिक कमल पोखरीमा दर्तावाला मोहीमा आफ्नो नाम लेखाए। कि.नं. १६७ को कमलपोखरीलाई कित्ताकाट गराई कि.नं. १६१६ को क्षेत्रफल ६ आना चन्द्रशमशेरका कारिन्दाकी नातिनी सुधा पौडेललाई र कि.नं. १६१७ को क्षेत्रफल २-१०-०-० अर्को कारिन्दाकी नातिनी बिना पौड्याललाई बिक्री गरेको कागज बनाउन लगाएर कि.नं. १६१८ आफ्नो नाममा राख्न लगाए। २०४१ सालमा केयुरशमशेरको मृत्यु भयो। उक्त पोखरीको २०४२/४३ सालको बुझाउनुपर्ने ठेकलाई सिम किसिमको जग्गा लेखाई अम्बिका राणाले दर्तावाला मोही आफूलाई जनाई विक्रमशील महाविहारमा कुत बुझाउने र बुझिलिने काम गराइन्। त्यतिबेला सार्वजनिक कमलपोखरीलाई सिम किसिमको जग्गा बनाउन सहमति दिने केही गुठीयार र गुठी संस्थानका केही कर्मचारीहरूलाई गुठी संस्थानले कारबाही गरेको थियो। तर, २०४४ सालमा थँबहीको सार्वजनिक कमलपोखरीसमेत ५८ रोपनी सार्वजनिक जग्गा तत्कालीन सरकारले आफ्नो नाममा दर्ता गरेको थियो। २०४४ सालमा सार्वजनिक कमलपोखरीको मोहियानी हक पनि अम्बिका राणाको नाममा तथा सुधा एवम् बिनाको नामको सहोदर दाजु शङ्करप्रसाद शाहको नाममा नामसारी गराइयो। २०४७ सालमा अम्बिका र शङ्करप्रसादले उक्त सार्वजनिक पोखरीको कि.नं. १६१६, १६१७ र १६१८ रैतानीमा परिणत गराए।
- २०४७ सालमा गुठी संस्थानले सार्वजनिक कमलपोखरीलाई रैतानी गरिएको बदर गऱ्यो। २०५३ सालमा पुनरावेदन अदालतले रैतानीलाई सदर गऱ्यो। स्थानीय जनताले क्लबको नाममा सार्वजनिक कमलपोखरी संरक्षण गर्न लागेपछि तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष सरकारले क्लब भवन जबरजस्ती भत्कायो।
- २०५५ मङ्सिर १५ गते सार्वजनिक कमलपोखरी कायम गराउन थँबहीका गुठीयारहरूले गुठी संस्थान, अम्बिका राणा र शङ्करप्रसाद शाहविरुद्ध जिल्ला अदालत काठमाडौँमा अर्को मुद्दा दर्ता गरेका थिए। २०६२ असार १८ गते केही गुठीयार र अम्बिका राणा तथा शङ्करप्रसाद शाहबीच १ करोड ५० लाख नगद र ४ आना जग्गा लेनदेन गरी पोखरीको बाँकी जग्गा राणालाई छाड्ने गरी जिल्ला अदालतमा मिलापत्र गरियो।
- थँबहीको गुठी राजगुठी भएको हुँदा यसको चल अचल सम्पत्ति लेनदेन गर्ने अधिकार गुठीयारहरूसँग हुँदैन। गुठी संस्थानको तत्कालीन अधिकारीहरूले सार्वजनिक कमलपोखरी संरक्षण नगरी अम्बिका राणालगायतलाई अनधिकृत मोही दर्ता गराउन मिलेमतो गरेका थिए। २०६३ सालमा अम्बिका राणाले सो पोखरीको कि.नं. १६१८ को ९-१३-२-२ जग्गा आफ्नै सुरेशाय हाउजिङ कम्पनीलाई हस्तान्तरण गरे।
- २०६४ सालमा अम्बिका राणाले आफ्नो हाउजिङ कम्पनीको नाममा रहेको सो सार्वजनिक कमलपोखरी आफ्नै नातेदार हिमालयशमशेर राणाकी छोरी तथा पृथ्वीबहादुर पाँडेकी श्रीमती प्रतिमा राणा पाँडेलाई हक हस्तान्तरण गरे।



सार्वजनिक पोखरी हड्पेर बनाइएको छाया देवी कम्प्लेक्स

- २०६५ सालमा प्रतिमा राणा पाँडेले आफ्नो पति पृथ्वीबहादुर पाँडे अध्यक्ष रहेको छायादेवी कम्प्लेक्स प्रालिको नाममा सो सार्वजनिक कमलपोखरी नामसारी गराइन् र पाँडेले आफ्नो आमाको नाम जोडेर व्यापारिक भवन छाया कम्प्लेक्स बनाउन थाले। पाँडेकी आमा छायादेवी हुन्।
- २०६९ सालमा काठमाडौँ महानगरपालिकाले अदालतमा मुद्दा विचाराधीन रहेकै बेला सार्वजनिक कमलपोखरीमा भवन बनाउन छायादेवी कम्प्लेक्सलाई अनुमति दियो।

- २०७० सालमा गुठीयारमध्येकै ६ जना भागवतनरसिंह प्रधान, संजीवमान प्रधान, अर्जुनलाल प्रधान, अंजिरमान प्रधान, राजेशमान प्रधान र रंजयमान प्रधानले गुठी रैतानी निर्णय बदरसमेतको मुद्दा जिल्ला अदालतमा दर्ता गराए। जिल्ला र पुनरावेदन अदालतले सो मुद्दाको विपक्षमा फैसला गऱ्यो।
- २०७० सालमा दीपकबिक्रम मिश्र र २०७१ सालमा लाहुर्निप भन्ने संस्थाले थँ बहीको सार्वजनिक कमलपोखरी कायम गर्न सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए।
- २०७१ साउन २८ गते पुरातत्त्व विभागका तत्कालीन महानिर्देशक भेषनारायण दाहालले सार्वजनिक कमलपोखरी भनी आफ्नै विभागमा भएको अभिलेखलाई लुकाएर सर्वोच्च अदालतलाई 'उक्त जग्गा सार्वजनिक पोखरी हो भनी औंल्याउन सकिने अवस्था नभएको अवगत गराउन चाहन्छु' भनी झूटा पत्र पठाए। २०७५ जेठ ३ गते मालपोत कार्यालय काठमाडौँले सो सार्वजनिक कमलपोखरीबारे अदालतलाई जग्गाधनी स्रेस्ताको सक्कल कागज फेला नपरेको झूटा जवाफ पठायो। सार्वजनिक कमलपोखरीको सक्कल जग्गाधनी स्रेस्ता कसरी हुन्छ ?
- २०७३ सालमा भागवतनरसिंह प्रधानले सार्वजनिक कमलपोखरी र डिलसमेतको गुठी रैतानी बदरसमेतको लागि सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याउन माग गरे। २०७३ साल चैतमा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याउनुपर्ने निस्सा दियो।



विक्रमशील महाविहार परिसरका लिच्छविकालीन चैत्य

- २०७३ साल चैत ६ गते सर्वोच्च अदालतका तत्कालीन न्यायाधीशहरू जगदीश शर्मा पौडेल र केदारप्रसाद चालिसेको संयुक्त इजलासले २०३३ सालको नापीमा श्री सिंह सार्थवाह गरूड भगवान गुठीको कि.नं. १६७ को पोखरी, कि.नं. १०४० चोक जनिएको पोखरी र जग्गाबारे मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गऱ्यो।
- सो आदेशमा भनिएको छ– 'सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएमा जहिले पनि बदर हुन सक्ने अवस्था मालपोत ऐन, २०३४ को दफा २४ मा उल्लेख भएको हुँदा पुनरावेदन अदालत पाटनबाट २०७२ फागुनमा सार्वजनिक कमलपोखरी व्यक्तिको नाममा सदर गरेको फैसला त्रुटीपूर्ण भएकोले मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ।' सो आदेशमा पुनरावेदन अदालत पाटनले गुठी संस्थान ऐन २०३३ को दफा २५ (४) मा धार्मिक, सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिएको बदर हुने, दफा २७ (ख) मा साविकदेखि खेती गरी नआएको बागबगैंचा भएको वा तोकिएको सहर बजारको पर्ती गुठी जग्गामा मोहियानी हक नपाउने तर थँ बहीको सार्वजनिक कमलपोखरीमा मोहियानी हक दिइएको त्रुटीपूर्ण भएको र तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश अनुपराज शर्माको इजलाशले २०६५ मङ्सिर २३ गते काठमाडौँ जितपुर फेदीका सूर्यप्रसाद धितालविरुद्धको मुद्दामा दर्ता कायम नै नरहेको जग्गा अनधिकृत रूपमा मिलापत्रमा उल्लेख गर्दैमा हक नहुने नजिरसमेत स्थापित भएको उल्लेख गरी दोहोऱ्याई मुद्दा हेर्ने निस्सा प्रदान गरेको थियो।
- नेकपा एमालेका सांसद र तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईले आफू मन्त्री हुनुअघि सांसदको हैसियतमा २०७५ पुस १ गते सो




'काठमाडौंको ठमेलस्थित सार्वजनिक कमल पोखरीमा निर्माण गरिएको व्यापारिक भवन छाया कम्प्लेक्स पनि भत्काउनु जरूरी छ', नेमकिपाका सांसद प्रेम सुवाल, प्रतिनिधिसभाको बैठकमा (२०७९ भदौ १३)

भवनमा पछाडिको ढोकाबाट प्रवेश गरी उद्घाटन र सार्वजनिक कमल पोखरी र जग्गा व्यक्तिलाई कब्जा गराउन समर्थन गरेका थिए। यसबारे सांसद भट्टराईले हालसम्म प्रायश्चित गरेका छैनन्।

- पाँडेले सार्वजनिक कमल पोखरी चन्द्रशमशेरले नौका विहार गर्न बनाएको जस्ता झूटा तर्क गरी २०७५ फागुन ७ गते पत्रकार सम्मेलन गरेको हुँदा थँ बहीको सार्वजनिक कमलपोखरी नै कायम गराउन आवश्यक सहयोगको लागि सम्पूर्ण पत्रकार मित्रहरूसँग हामी हार्दिक आग्रह गर्दछौँ।
- हामीलाई पूर्ण विश्वास छ – सम्मानित सर्वोच्च अदालतबाट थँ बहीको कमल पोखरीसहित २६.५ रोपनी सार्वजनिक जग्गा आफ्नो नाममा गराउने र पन्ध्र तलाको छाया कम्प्लेक्स व्यापारिक भवन निर्माण गर्ने राणा र पाँडेहरूको कर्तुतलाई गैरकानुनी ठहर गरिनेछ।
- छाया कम्प्लेक्स व्यापारिक भवनमा सेवा सञ्चालन भइरहेको VFS Global लगायतअन्य पसल सञ्चालन गर्नेहरूले आ–आफ्नो सेवा सो भवनबाट अन्यत्र सारेर जनताको सङ्घर्षमा साथ दिनुहुने अपेक्षा गरेका छौँ। छाया कम्प्लेक्समा सञ्चालित ALOFT Hotel का सञ्चालकलाई पनि कम्प्लेक्सबाट होटेल सारी ऐतिहासिक कमल पोखरी संरक्षण गर्ने काममा सहयोग गर्न हार्दिक अनुरोध गर्दछौँ।
- पृथ्वीबहादुर पाँडेसमेतको लगानी भएको छाया कम्प्लेक्स भवनमा पाँडेले आफ्ना परिवारजन, नातेदारलगायत तत्कालीन राजाका आसेपासेहरूलाई करोडौँ करोड रुपैयाँको





शेयर राख्न लगाएर फसाएका छन्। पाँडेले आफै अध्यक्ष भएको नेपाल इन्भेस्टमेन्ट बैङ्कलगायत धेरै वाणिज्य बैङ्कको अर्बौं रुपैयाँ लगानी गराई सर्वसाधारण जनताको बचतसमेत डुबाउने आर्थिक अपराध गर्दै छन्।


- छाया कम्प्लेक्स व्यापारिक भवन निर्माण भएको सार्वजनिक कमलपोखरी र जग्गासमेत २६.५ रोपनी सार्वजनिक र सरकारी नै कायम गर्न गराउन आवश्यक सहयोगको लागि नेपाल बार एसोसियसनलगायत सम्पूर्ण कानुन व्यवसायी अधिवक्ता र वरिष्ठ अधिवक्ताहरूसँग हामी हार्दिक अनुरोध गर्दछौँ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको तीसौँ पटक पेशी भए पनि फैसला नभएको र २०८० असोज ७ गते एकतीसौँ पटक पेशी तोकिएको हुँदा अदालतबाट सम्पदा विनास नहुने गरी न्याय दिने आशा गरेका छौँ। सम्पूर्ण सम्पदाप्रेमी जनतालाई हाम्रो यो सङ्घर्षमा साथ र सहभागिता जनाइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

## बासिबियाँलो



बायाँ चित्रमा १० ओटा र दायाँ चित्रमा ५ ओटा फरक पत्ता लगाई रङ्गाउनुहोस्।



# नेपाल संवत् र अन्य संवत्‌हरू

दिव्यराज

विश्वमा सयौँ संवत्‌हरू छन् । तर, सबै प्रचलनमा छैनन् । विभिन्न देशका आ–आफ्नै राष्ट्रिय संवत्‌हरू प्रचलनमा छन् ।

संवत् वस्तुतः काल अर्थात् समय गणनालाई व्यक्त गर्ने एक माध्यम हो । कालगणनालाई कल्प, मन्वन्तर, युग आदिमा व्यक्त गर्ने क्रममै संवत् शब्द आएको हो । संवत् शब्द संस्कृतको संवत्सर शब्दबाट आएको हो । संवत्सर अर्थात् संवत्‌को अर्थ वर्ष हो । वर्षलाई साल पनि लेखिन्छ ।

संवत्‌को आधार सूर्य र चन्द्रमाको गति हो । सूर्यको गतिको आधारमा गरिने कालगणनाको सौर संवत् ३६५ दिनको हुन्छ भने चन्द्रमाको गतिको आधारमा कालगणनाको चन्द्र संवत् ३५४ दिनको हुन्छ । सौर संवत् मेष सङ्क्रान्तिबाट सुरु हुन्छ भने चन्द्र संवत् कउलाथ्व (कार्तिक) शुक्लपक्षको प्रतिपदाबाट सुरु हुन्छ । चन्द्रमानक पात्रोमा आधारित नेपाल संवत् विश्वको एकमात्र संवत् बताइएको छ ।

इस्वी र विक्रम संवत्‌झैं नेपाल संवत्‌मा पनि वर्षलाई १२ महिनामा विभाजित गरिएको छ–

| | | | |
|---|---|---|---|
| १. कछला | २. थिंला | ३. पोहेंला | ४. सिल्ला |
| ५. चिल्ला | ६. चउला | ७. वछला | ८. तछला |
| ९. दिल्ला | १०. गुँला | ११. येंला | १२. कउला । |

हरेक महिनाका दुई पक्ष हुन्छ– शुक्ल पक्ष र कृष्ण पक्ष । शुक्ल पक्षलाई 'थ्व' र कृष्ण पक्षलाई 'गा' बाट व्यक्त गरिन्छ । जस्तै शुक्ल पक्षको महिना कछलाथ्व र कृष्ण पक्षको महिना कछलागा ।

नेपाल संवत्‌का दिनहरू तिथिमा गणना गरिन्छ । १४ तिथिहरूका नाम प्रतिपदा (परेवा), द्वितीया, तृतीया, चतुर्थी, पंचमी, षष्ठी, सप्तमी, अष्टमी, नवमी, दशमी, एकादशी, द्वादशी, त्रयोदशी र चतुर्दशी हुन् । १५ औँ दिनको तिथि शुक्ल पक्षमा पूर्णिमा र कृष्ण पक्षमा अमावस्या (औँसी) हुन्छ ।



नेपाल संवत्‌का प्रवर्तक शंखधर साख्वाको प्रतिमा

शक, सप्तर्षि , कलिगत, मञ्जुश्री, श्रीकृष्ण, बुद्ध, लक्ष्मण, महावीर निर्वाण, गुरु नानक, हिजरी, गुप्त, खाल्सा, हर्ष आदि नाम गरेका संवत्‌हरू सुन्न–पढ्न पाइएता पनि हाल नेपालमा प्रचलनमा आएका संवत्‌हरू भने विक्रम संवत्, ईस्वी संवत्, नेपाल संवत् र बुद्ध संवत् आदि हुन् । नेपालमा प्रचलित प्राचीन संवत्‌हरू मध्ये नेपाल संवत् पनि एक हो ।

हामी नेपाल संवत् ११४४ को पूर्व सन्ध्यामा छौँ अर्थात् नेपाल संवत् ११४३ को अन्तिम महिना कउलागामा छौँ । केही दिनपछि नयाँ संवत्‌मा प्रवेश गर्दैछौँ ।

नेपाल संवत् ईस्वी सन् ८७९ अक्टोबर २० देखि सुरु भएको तथ्य जानकारीमा छ । नेपाल संवत् ईस्वी सन्‌भन्दा ८७९ वर्ष १० महिना १५ दिनपछि र विक्रम संवत्‌भन्दा ९३६ वर्ष ७ महिनापछि सुरुवात भएको मानिन्छ ।

नेपाल संवत् र विक्रम संवत् ९३६ वर्ष ७ महिनाको फरक भएकोले नेपाल संवत्‌लाई विक्रम संवत्‌मा रूपान्तरण गर्नु पर्दा कार्तिकभन्दा पछाडि चैत्र मसान्तसम्म मिति भए ९३६ वर्ष र वैशाख १ देखि कार्तिक कृष्ण पक्षसम्म भए ९३७ वर्ष जोडर विक्रम संवत् बनाउने गरिन्छ ।

नेपाल संवत्‌को सुरुवातबारे राजभोगमाला वंशावली, केशर पुस्तकालय वंशावली आदिमा उल्लेख छ । त्यसमा बालुवा सुन भएको कथा पनि छ जसलाई पत्याउन कठिन छ । तर, लिच्छवि राजा राघवदेवको राज्यकालमा व्यापारी शंखधरले सबै जनताहरूको ऋण तिरिदिएको सम्झनामा

नेपाल संवत्को शुभारम्भ भएको हो भनी इतिहासकारहरूले उल्लेख गरेका छन् । यस तथ्यमा सबै मतैक्य छन् । अर्थात् नेपाल संवत्का प्रवर्तक शंखधर साख्वा भएकोमा कुनै विवाद देखिएको छैन ।

नेपाल संवत् राष्ट्रको नामबाट चलेको र नेपालकै भूमिमा उत्पति भएको मौलिक र गौरवशाली संवत् हो । यो संवत् कुनै शासकले शासन चलाउनका लागि प्रयोगमा ल्याएको पनि होइन । एक सर्वसाधारण नागरिकबाट स्थापना गरिएको हो । यो संवत् सुरु भएदेखि नेपालको इतिहासमा मध्यकालको प्रारम्भ भएको थियो । मध्यकालका अधिकांश अभिलेखहरूमा यही नेपाल संवत्को प्रयोग गरिएको पाइन्छ ।

भक्तपुरका राजा भुपतिन्द्र मल्लको समयमा लेखिएको एउटा अभिलेखमा 'शंखधर साख्वाल कृत नेपाल संवत्' भनेर नेपाल संवत्को सुरुवात शंखधर साख्वाःले गरेका हुन् भन्ने कुरा स्पष्टसँग उल्लेख गरिएको छ । त्यसपछि सबैजसो वंशावलीमा यो संवत् चलाउने व्यक्ति शंखधर नै हुन् भन्ने कुरा उल्लेख हुन थालेको पाइन्छ ।

नेपाल संवत् कार्तिक महिनाको शुक्ल प्रतिपदाको दिनदेखि सुरु हुन्छ । नेपालमा आठओटा संवत्का नयाँ वर्ष मनाइने जानकारीमा आएको छ । वर्तमान समयमा वि.सं. वैशाख सङ्क्रान्तिबाट सुरु हुन्छ । प्राचीन समयमा विक्रम संवत् पनि कार्तिक महिनाबाट नै सुरु भएको थियो र दक्षिण भारतमा अहिले पनि वि.सं. कार्तिक महिनाबाट नै सुरु गरिने प्रचलन छ ।

डा. गोविन्द टण्डनका अनुसार नेपालमा विक्रम संवत्को पहिलो उल्लेख ने.सं. ३३६ (वि.सं. १२७३) मा प्रथम मल्ल राजा अरिमल्लको पालामा भएको देखिन्छ ।

हिमाली क्षेत्रमा ल्होछार/लोसार मनाउँछन् जसलाई मन्जुश्री संवत् पनि भन्छन् । अजितमान तामाङका अनुसार यो चिनियाँहरूले मनाउने नयाँ वर्ष अर्थात् उत्सव हो ।

बुद्धको जन्मभूमि नेपालमा बुद्ध संवत् प्रचलित छ । भिक्षु कोण्डन्यका अनुसार ऐतिहासिक अभिलेखीय प्रमाण, वंशावली, धार्मिक परम्परा र इतिहास, जनजीवन, संस्कृति, भेषभूषा, रहनसहन आदिले पनि नेपालमा बुद्धधर्म र बुद्ध संवत् व्यवहारमा छ ।

नेपालमा मुस्लिम समुदायले मान्य संवत् हिजरी सवत् हो ।

अन्तर्राष्ट्रिय रूपमा सबैभन्दा बढी प्रयोग गरिने संवत् इस्वी संवत् हो ।

किरात जाति र समुदायमा प्रचलनमा आएको संवत् हो– किरात येले संवत् । इतिहासविद् प्रा. जगदीशचन्द्र रेग्मीका अनुसार ऐतिहासिक कालका शासक किरातका पहिला राजा यलमको नामसित सम्बन्ध गरेर एउटा संवत्को परिकल्पना गरेर चलेको संवत् हो । नेपालको इतिहासमा किरातकालमा आधुनिक सभ्यताको प्रारम्भ भएको उल्लेख छ ।

प्राध्यापक दिनेशराज पन्तका अनुसार लिच्छविकालमा विभिन्न संवत् चलेका थिए । नेपालमा प्रयोग भएको पहिलो संवत् शक संवत् मानिन्छ । यसलाई शालिवाहन संवत् पनि भनिन्थ्यो । लिच्छविसंवत्, भोटेसंवत्, यशोधर्मसंवत्, ठकुरीसंवत्, अंशुवर्मासंवत् समेत उल्लेख गरेका थिए ।

नेपालको इतिहास, अभिलेख, शिलालेख, दस्तावेज आदिका साथै परम्परा, संस्कृति र सम्पदाहरूका आधारभूत सामग्रीको रूपमा नेपाल संवत् विद्यमान छन् । ऐतिहासिक र सांस्कृतिक गौरवशाली महत्त्व बोकेको नेपाल संवत्लाई सरकारले राष्ट्रिय संवत्कै रूपमा मान्यता दिइसकेको अवस्थामा औपचारिक रूपमै चलन चल्तीमा ल्याइँदै, व्यावहारिक रूपमा कार्यान्वयन गर्नु गराउनु आवश्यक रहेको छ ।

नेपाल संवत् प्रारम्भिक काल वि.सं ९३६ देखि १८२५ सम्म सरकारी संवत्कै रूपमा प्रचलनमा थियो । नेपाल संवत् ८८८ मा गोरखाले काठमाडौँ उपत्यका विजय गरेपछि नेपाल संवत्को प्रयोग सरकारी कामकाजमा कम हुन लाग्यो । पछि तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमसेरले सन् १९०३ अप्रिल १३ तारीख तदनुसार १९६० वैशाख कृष्ण द्वितीया तिथि वैशाख १ गतेका दिन विक्रम संवत् प्रचलनमा ल्याए । स्मरण रहोस्, भारतमा स्थापना भएको यो विक्रम संवत्लाई भारतमा समेत अव्यावहारिक भन्ने गरिन्छ । संवत्को सन्दर्भमा पनि दरबारहरू पश्चिमी वास्तु शैलीमा बनाएजस्तै राणाहरूले नेपालको मौलिक संवत् छोडेर विदेशी संवत् प्रचलनमा ल्याएका थिए ।

नेपाल सरकारबाट वि.सं २०५६ साल मंसिर २ गते नेपाल संवत्का प्रर्वतक शंखधर साख्वालाई राज्यले राष्ट्रिय विभूति घोषणा गऱ्यो । वि.सं. २०६० कार्तिक ९ गतेका दिन शंखधर साख्वा अङ्कित हुलाक टिकट प्रकाशन गऱ्यो । वि.सं. २०६५ कार्तिक ७ गते नेपाल संवत्लाई राष्ट्रिय संवत्को रूपमा मान्यता दिइएको घोषणा भयो । तर, सरकारी कामकाजमा प्रयोगमा ल्याउन सकेको छैन या ल्याएको छैन । नेपालका सबैजसो चाडपर्व तिथिगणनाको आधारमा अर्थात् नेपाल संवत्को आधारमा मनाइन्छ । भक्तपुरको बिस्का जात्राभने गते अनुसार मनाउँदै आएको पाइन्छ । साल, महिना र गतेबाहेक बहुसङ्ख्यक जनताको धार्मिक, सांस्कृतिक,

सामाजिक तथा जन्मदेखि मृत्युपर्यन्त समेतको कार्यमा नेपाल संवत् अक्षुण्ण र अभिन्न अङ्गको रूपमा गाँसिएको छ । जन्म, घडी, पला, पहिलो कर्मकाण्डी उत्सव पास्नीको शुभसाइत जुराउनेदेखि जन्मोत्सव, विवाह, ब्रतवन्ध, मृत्युसंस्कार, श्राद्ध, तर्पण, पिण्डपानी अर्पण आदि सबै नेपाल संवत्को तिथि अनुसार गरिन्छन् । आजपनि विज्ञ सम्मिलित पञ्चाङ्ग निर्माण समितिले नेपाल संवत्कै आधारमा वर्षभरिको चाड, पर्व, संस्कृति, साइत, उत्सव आदि निर्धारण गर्ने काम गर्छ । केवल महिना र गतेका लागि विक्रम संवत्को सहारा लिनेबाहेक नेपालका सम्पूर्ण चाडपर्व, उत्सव, संस्कृति, साइतका लागि नेपाल संवत्को प्रयोग विद्यमान छ । अतः हाम्रो धर्म, संस्कृति, परम्परा र रीतिरिवाज जीवित रहेसम्म नेपाल संवत्को अस्तित्व पनि स्वतः जीवित रहने छ ।

यद्यपि, केही सङ्कीर्ण र पूर्वाग्रहीहरू नेपाल संवत्लाई नेवारहरूको मात्र संवत् भन्ने गर्छन् । तर, नेपाल संवत्कै तिथिअनुसार विधि व्यवहार गर्दै आएका छन् ।

यसै सन्दर्भमा पञ्चाङ्गमा तिथिहरू बरोबर अन्योल हुने गरेको छ । कहिले नेपाल संवत्को नववर्ष प्रतिपदा नै हराउँछ । यस वर्षको गुन्हीपुन्ही भक्तपुरमा एक दिन अगाडि मनाइयो, काठमाडौँले भोलिपल्ट मनायो । नजिकिएको भाइटीका पनि भक्तपुर र अन्यत्र फरक दिन पर्ने देखिएको छ । दुवै ठाउँमा सरोकारवाला विज्ञहरूको तिथि गणनाको निर्क्यौलको आधारमा मनाइएको हो । सही कुन हो ? यस्तो अन्योल पार्ने, भ्रम फैलिने कार्य नभएको भए ती विज्ञहरू प्रतिको जनविश्वास कायम रहन्थ्यो । पटकपटक हुने यस्तो गोलमाल दोहोरिँदा चाडपर्वकै महत्त्वमा ह्रास आउँछ भने विज्ञहरूको योग्यता र विज्ञता माथि नै शङ्का उपशङ्का उठ्छ । यसबाट चाडपर्व तिथिअनुसार होइन आफ्नो अनुकूलतामा मनाउने चलन आउन सक्छ । अन्तत्वगत्वा यसले हिन्दू अर्थात् पूर्वी सभ्यता र संस्कृतिकै मानमर्दन हुनसक्छ । यसतर्फ सम्बन्धित विज्ञहरूले चिन्तन र समाधानका उपायतर्फ गम्भीर ध्यान दिनु आवश्यक छ ।

यद्यपि, राणाकालमा जब नेपाल संवत्लाई बन्देज गरियो, यही पञ्चाङ्ग निर्माण समितिले नै नेपाल संवत् लोप हुन नदिई प्राण थामेको हो । यसलाई लिखित रूपमा विकास र प्रयोग गरेको पनि त्यही समितिले नै हो ।

## केही अन्य संवत्हरू

विश्वमा प्रचलित र अप्रचलित थुप्रै संवत्हरू छन् । नेपाल संवत्, विक्रम संवत्, ईस्वी संवत्, बौद्ध संवत् आदि केही संवत्हरूबारे धेरैलाई जानकारी छ । यी बाहेक पौराणिक ग्रन्थहरूमा र ऐतिहासिक कालदेखिका प्रचलित र अप्रचलित थुप्रै संवत्हरूको उल्लेख विभिन्न ग्रन्थहरूमा पाइन्छ । सबै संवत्का आ–आफ्ना आधार र औचित्य छन् ।

तर, सूर्यको गति र चन्द्रमाको गतिमा आधारित भए पनि सुरुआत र प्रचलनका आधार फरक–फरक छन् । जस्तो, नेपाल संवत् शंखधर साख्वाले तत्कालीन जनतालाई ऋण मुक्त गरेको अवसरबाट सुरु भयो, बौद्ध संवत् गौतम बुद्धको समयदेखि सुरु भयो, विक्रम संवत् तत्कालीन भारतको एक राजा विक्रमादित्यले सुरु गराए, ईस्वी संवत् इसाइ धर्मका प्रवर्तक जिसस क्राइस्टको मृत्युपछि, हिजरी संवत् मुसलमान धर्मका प्रवर्तक मोहम्मददेखि सुरु भएको हो ।

त्यस्तै समयको सबैभन्दा ठूलो एकाई कल्प हो भन्ने हिन्दु मान्यता छ । यही कल्पको सुरुवात भएको सम्झनामा कल्प संवत् मान्ने गरिन्छ ।

हिन्दु मान्यताअनुसार ब्रह्माले संसारको सृष्टि गरेको समयको स्मरणमा सृष्टि संवत् मान्ने गरिएको बताइन्छ ।

यी संवत्मध्ये कतिपय तत्कालीन राजाहरूको नामबाट स्थापना भएको देखिन्छ जस्तै विक्रम, मलयकेतु, शालिवाहन आदि ।

त्यस्तै हिन्दू धर्मग्रन्थहरूमा विभिन्न देवताको अस्तित्वलाई स्वीकार गरी उनैको नामबाट संवत् बनाइदिएका छन् जस्तै ब्रम्हा, राम, कृष्ण आदि ।

कतिपय संवत् आफ्नै देश वा सभ्यताको नाममा प्रचलनमा ल्याइएका छन् जस्तै मिश्र संवत्, रोमन संवत् आदि ।

कतिपय धर्म गुरुहरूको नाममा उनका अनुयायीहरूले स्मृति र सम्मानमा संवत् चलाएकाछन् जस्तै शंकराचार्य, सप्तर्षि, इस्वी संवत् आदि ।

हाम्रो धर्मग्रन्थ र पौराणिक कथाहरूमा थुप्रै संवत्हरू उल्लेख छन् । त्यस्तै अन्य धर्मका पनि संवत्हरू छन् ।

इन्टरनेटका विभिन्न वेबसाइटबाट यहाँ केही संवत्हरूको नाम  दिइएको छ । यहाँ नेपाल संवत् ११४३ लाई आधार मानेर विभिन्न संवत्हरू दिने जमर्कोमा नववर्ष सुरु हुने दिन निश्चित नहुँदा एक वर्ष तलमाथि पर्न सक्छ । त्यस्तै विभिन्न वेवसाइटमा दिइएका वर्ष पनि फरक छन्, उदाहरणको लागि वासुदेव शास्त्रीले 'वैदिक कालगणना र नयाँ वर्ष' लेखमा सृष्टिसंवत् १,९५,५८,८५,१२१ वर्ष र चीनको कालगणना ९६००२२९४ (सन् २०२० मा) लेखिएको छ भने अनलाइनखबरमा 'सृष्टि संवत्देखि विक्रम

संवत्सम्म:किन र कहिले सुरु भयो समयको गणना ?' शीर्षकमा सृष्टिसंवत् १९,५५,८५,१२२ (हिन्दु कालगणना मानअनुसार) र चिनियाँ संवत् : ९८००२३१९ (विसं २०७८ मा) लेखिएको छ । यी दुईमा सृष्टिसंवत्मा १ अर्ब ७६ करोड वर्ष र चिनियाँ संवत्मा २० लाख वर्षको फरक देखिन्छ ।

| | |
|---|---|
| ब्रह्म-१५,५५,२१,९७,१९,६१,७१६ | कल्पाब्द-१,९७,२९,४९,१२४ |
| सृष्टि-१९,५५,८५,१२४ | चिनियाँ-९८००२३२१ |
| श्रीकृष्ण-५,२४९ | युधिष्ठिर-५,१२४ |
| कलियुग-५,१२४ | बुद्ध-२,५६७ |
| महावीर (जैन)-२,५५० | शंकराचार्य-२,३०३ |
| विक्रम-२,०८० | शालिवाहन (शक)-१,९४५ |
| कलचुरी-१,७७५ | मञ्जुश्री-२,८५९ |
| बलभी (वल्लभ)-१,७०३ | फसली-१,४३४ |
| बंगला-१,४३० | श्रीराम-१,२५,६९,१२४ |
| वामन-१,९६,०८,८९,१२४ | हर्षाब्द-१,४१६ |
| पारसी-१८९९९१ | मिश्री-२७६७७ |
| तुर्की-७६३० | ईरानी-६०२३ |
| आदम-७३७५ | यहूदी-५७८४ |
| इब्राहिम-४४६३ | मूसा-३७२७ |
| युनानी-३५९६ | रोमन-२७७४ |
| मलयकेतु-२३३५ | पार्थियन-२२७० |
| इस्वी-२०२३ | जावा-१९४९ |
| हिजरी-१४४४ | किराँत-५०८२ |
| नेपाल-११४३ | तमु-२६०७ |
| सोनाम-२८५७ | बर्मा-२५६४ |
| बलराम-५२५० | सप्तर्षि-५०९९ |

## सहस्राब्दी र शताब्दी

काल अर्थात् समय गणनामा सय वर्षको अवधिलाई शताब्दी र एक हजार वर्षको अवधिलाई सहस्राब्दी भनिन्छ ।

इतिहासमा विभिन्न घटनाको उल्लेख गर्दा यतियौँ शताब्दी लेखिन्छ । त्यस्तै पृथ्वीको निर्माणको कुरा गर्दा पाँचौँ सहस्राब्दी, सातौँ सहस्राब्दीका शब्दहरू उल्लेख गरिन्छ ।

यसरी शताब्दी, सहस्राब्दीको कुरा पढ्दा कहिलेकाहीँ अलमलमा परिन्छ । उदाहरणको लागि अहिले हामी तेस्रो सहस्राब्दी को २१ औँ शताब्दीमा छौँ । यो भनेको कहिलेदेखि कहिलेसम्मको अवधि हो ? यसबारे जानारी यहाँ दिइएको छ-

## ईशापुर्व पहिलो सहस्राब्दी

इपू सातौँ शताब्दी – ७०० वर्षदेखि ६०१ वर्षको अवधि
इपू छैटौँ शताब्दी – ६०० वर्षदेखि ५०१ वर्षको अवधि
इपू पाँचौँ शताब्दी – ५०० वर्षदेखि ४०१ वर्षको अवधि
इपू चौथो शताब्दी – ४०० वर्षदेखि ३०१ वर्षको अवधि
इपू तेस्रो शताब्दी – ३०० वर्षदेखि २०१ वर्षको अवधि
इपू दोस्रो शताब्दी – २०० वर्षदेखि १०० वर्षको अवधि
इपू पहिलो शताब्दी – १०० वर्षदेखि १ वर्षको अवधि

## पहिलो सहस्राब्दीको

पहिलो शताब्दी –सन् १ देखि १०० सम्मको अवधि
दोस्रो शताब्दी – सन् १०१ देखि २०० सम्मको अवधि
तेस्रो शताब्दी – सन् २०१ देखि ३०० सम्मको अवधि
चौथो शताब्दी – सन् ३०१ देखि ४०० सम्मको अवधि
पाँचौँ शताब्दी – सन् ४०१ देखि ५०० सम्मको अवधि
छैटौँ शताब्दी – सन् ५०१ देखि ६०० सम्मको अवधि
सातौँ शताब्दी – सन् ६०१ देखि ७०० सम्मको अवधि
आठौँ शताब्दी – सन् ७०१ देखि ८०० सम्मको अवधि
नवौँ शताब्दी – सन् ८०१ देखि ९०० सम्मको अवधि
दशौँ शताब्दी – सन् ९०१ देखि १००० सम्मको अवधि

## दोस्रो सहस्राब्दीको

एघारौँ शताब्दी –सन् १००१ देखि ११०० सम्मको अवधि
बाह्रौँ शताब्दी – सन् ११०१ देखि १२०० सम्मको अवधि
तेह्रौँ शताब्दी – सन् १२०१ देखि १३०० सम्मको अवधि
चौधौँ शताब्दी – सन् १३०१ देखि १४०० सम्मको अवधि
पन्ध्रौँ शताब्दी – सन् १४०१ देखि १५०० सम्मको अवधि
सोह्रौँ शताब्दी – सन् १५०१ देखि १६०० सम्मको अवधि
सत्रौँ शताब्दी – सन् १६०१ देखि १७०० सम्मको अवधि
अठारौँ शताब्दी –सन् १७०१ देखि १८०० सम्मको अवधि
उनाइसौँ शताब्दी –सन् १८०१ देखि १९०० सम्मको अवधि
बीसौँ शताब्दी – सन् १९०१ देखि २००० सम्मको अवधि

## तेस्रो सहस्राब्दीको

एकाइसौँ शताब्दी –सन् २००१ देखि २१०० सम्मको अवधि

यस विवरणअनुसार जतियौँ शताब्दी भनियो त्योभन्दा अगाडिको काल वा समय भन्ने बुझिन्छ । उदाहरणको लागि देशकै सबभन्दा अग्लो भक्तपुरको ङातापोल्हँ मन्दिर अठारौँ शताब्दीमा बनेको भन्नुको अर्थ सन् १७०१ देखि १८०० को बीचमा निर्माण भएको हो । त्यसतै राहुल सांकृत्यायनको 'बाइसवीं सदी' अर्थात् बाइसौँ शताब्दीको अर्थ सन् २१०० देखि सन् २२०० अवधिभित्रको परिकल्पना भन्ने बुझिन्छ ।

# पर्यटन उद्योग र यसको संवेदनशीलता

समिर

हरेक वर्ष झैँ यस वर्ष पनि २७ सेप्टेम्बरका दिन संसारका विभिन्न देशहरूका साथै नेपालमा पनि पर्यटकीय क्षेत्रहरूमा विभिन्न कार्यक्रमहरू गरी विश्व पर्यटन दिवस मनाइयो। पर्यटकीय क्षेत्रहरूमा उक्त दिन शुरुमा आएका पर्यटकहरूलाई विभिन्न सांस्कृतिक बाजा गाजा सहित स्वागत, उपहार सामग्री वितरण, पथ प्रदर्शन सुविधा, खानपिन र बसाईमा सहुलियत दर र छुटको व्यवस्थालगायतका सुविधा प्रदान गर्दै पर्यटकहरूलाई स्वागत र सत्कार गरी उक्त दिवस मनाइयो।

भक्तपुर नगरपालिकाले पनि विश्व पर्यटन दिवस विभिन्न कार्यक्रमहरू गरी मनायो। उक्त दिन पहिलो समूहमा भक्तपुर अवलोकनका लागि आएका पर्यटकहरूलाई सांस्कृतिक नाच र बाजागाजाबाट स्वागत, मायाको चिनो प्रदान र चियानास्ता व्यवस्था गरी अतिथि सत्कारसहित बिहान पर्यटकहरूलाई स्वागत गर्दै पर्यटन दिवसको आरम्भ गरियो। त्यस्तै सोही दिन विश्व पर्यटन दिवसको अवसरमा गुन्हिपुन्ही सापारु २०८० मा प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको प्रतिस्पर्धामा उत्कृष्ट हुन सफल सांस्कृतिक समूहहरूलाई पुरस्कार वितरण, भक्तपुरको सांस्कृतिक उत्थानको लागि विशेष योगदान पुऱ्याएका सांस्कृतिक गुरुहरूलाई सम्मान र भक्तपुरको पर्यटन उद्योगको विकासको लागि योगदान पुऱ्याएका सङ्घसंस्था, व्यवसायी र सहयोगीहरूलाई कदर गरी उक्त दिवस भव्यताका साथ सांस्कृतिक कार्यक्रमसहित सम्पन्न गरियो।

विविधतायुक्त नेपाल पर्यटन उद्योगका लागि प्रचुर सम्भावना बोकेको मुलुकको रूपमा चिनिन्छ। भौगोलिक, जैविक, प्राकृतिक, वातावरणीय र सांस्कृतिक विविधता नेपालको पर्यटनको मुख्य आकर्षणको रूपमा लिइन्छ। आधुनिक सेवा सुविधा र विलाशी सुविधामा धनी र विकसित मुलुकसँग नेपालले प्रतिस्पर्धा गर्न नसकिएपनि नेपालको मौलिक, सांस्कृतिक र प्राकृतिक विविधता एउटा छुट्टै पर्यटनको आधार हो। पर्यटन उद्योगको लागि आवश्यक आधारभूत पूर्वाधारहरू मात्र निर्माण गर्न सकिएपनि देशको श्रोत र साधनले ठेग्न सक्ने जति पर्यटक भित्र्याउनु ठूलो चुनौति नहुन सक्छ। तर विगत ४ दशकसम्म राज्य र सरकार सञ्चालन गर्ने दल र शासकहरूले आफ्नो जिम्मेवारी र कर्तव्य पालन नगर्दा जनअपेक्षा अनुरूप नेपालमा पर्यटन उद्योगको विकास नभएको यथार्थ हो। पर्याप्त हवाइ मैदानको अभाव, पर्यटक होटल र गेष्ट हाउसहरूको अभाव, पैदल मार्गहरूमा आवश्यक आधारभूत सेवा सुविधाको अभाव, दक्ष जनशक्तिको अभाव, पुँजीको अभावलगायत विविध कारणले नेपालमा अपेक्षा अनुरूपको पर्यटन उद्योगको विकास हुन नसकिएकै हो। यसका साथै मनोरञ्जन, सिकाइ र मानवीय आवश्यकतासँग जोडिएको पर्यटन उद्योग स–साना कुराले पनि छिट्टै प्रभाव पार्ने अत्यन्त सम्वेदनशील उद्योग पनि हो। जसबारे सम्बन्धित र सरोकारवाला पक्षहरूको अपेक्षित ध्यान नपुग्दा पर्यटन उद्योगले समय समयमा यसको नकरात्मक प्रभाव खेप्दै अगाडि बढिरहेको पनि सम्बन्धित सम्पूर्ण सम्बद्ध पक्षले अनुभव गरेकै हो।

नेपालको पर्यटन उद्योग मुख्यतया साहसिक पर्यटन र सांस्कृतिक पर्यटनसँग सम्बन्धित छ। यसबाहेक स्वास्थ्य पर्यटन, शिक्षा पर्यटनलगायत विविध पर्यटन उद्योग पनि विस्तारै फस्टाउँदै छ। साहसिक पर्यटन अन्तर्गत हिमाल आरोहण, पदयात्रा, राफ्टिङ्ग, जंगल सफारी, बन्जी जम्पिङ्ग, पाराग्लाइडिङ्गलगायत विविध गतिविधिहरू पर्दछन्। त्यस्तै सांस्कृतिक पर्यटन अन्तर्गत मूर्त अमूर्त सम्पदाहरूको प्रत्यक्ष अवलोकन, होमस्टे र फेमेली स्टेलगायतका विभिन्न गतिविधिहरूलाई लिइन्छ। यसका साथै पर्यटनका पूर्वाधारका रूपमा हवाइ यातायात, स्थल यातायात, होटल व्यवसाय, रेष्टुरेन्ट, गाईडिङ्गलगायत विभिन्न सेवा सुविधाहरूलाई लिइन्छ। सामान्यतया पर्यटकहरू मनोरन्जन, फुर्सदको समय सदुपयोग र विदालाई सिर्जनशील कार्यमा सदुपयोग गर्ने उद्देश्यले घुमघाम गर्ने गरिन्छ। यसर्थ, पर्यटकहरूको घुम्ने समय र ऋतु विभिन्न स्थान विशेष अनुसार फरक हुने गर्दछन्। युरोप अमेरिकाका विदेशीहरूको विदाको समय र चिनियाँ, जापानी र भारतीयहरूको विदा र फुर्सदको समय भिन्न भिन्न हुने गर्दछ। यसका साथै घुमघाम गर्ने ठाउँको मौसम र वातावरणले पनि पर्यटक आगमनको सङ्ख्या निर्धारण हुने गर्दछ। नेपालको सन्दर्भमा मुख्यतया September देखि December सम्म पर्यटनको मुख्य सिजनको रूपमा रहेको पाइन्छ। यसका साथै अन्य महिनाहरूमा पनि विभिन्न देशका पर्यटकहरू भ्रमणको लागि आउने गरेको पाइन्छ।

फुर्सद र विदाको समय सदुपयोग गर्ने पर्यटकहरूको कुनैपनि स्थानमा घुम्न जानुभन्दा पहिला शान्ति सुरक्षा पहिलो शर्तको रूपमा रहेको हुन्छ। तसर्थ, राष्ट्रिय र अन्तर्राष्ट्रिय

परिस्थित अनुकूल नभएसम्म पर्यटन उद्योग फस्टाउन सम्भव हुँदैन। उदाहरणको लागि रुस युक्रेन युद्धको समय, कोभिड १९ महामारीको समय, दश वर्षे माओवादी सशस्त्र सङ्घर्षको समय, २०७२ महाभूकम्प र त्यसपछिको नाकाबन्दीको समयमा चाहेर पनि पर्यटन उद्योग विकास हुन सकिएन। राष्ट्रिय र अन्तर्राष्ट्रिय, राजनैतिक र सामाजिक अवस्था अनुकूल नभएसम्म कुनैपनि स्थान पर्यटकीय गन्तव्यको रूपमा विकास हुन सकिँदैन। यसर्थ, पर्यटन उद्योग आर्थिक गतिविधिको एउटा महत्त्वपूर्ण अङ्ग भएपनि यो अन्य आर्थिक गतिविधि जस्तै स्वतन्त्रतापूर्वक सञ्चालन सम्भव छैन। प्राकृतिक प्रकोप र विपत्तिको बेला मानिसहरू आफ्नो जीउधनको सुरक्षाकै लागि क्रियाशील हुनुपर्ने अवस्था सिर्जना हुने भएकोले अतिथि सत्कारको वातावरण रहँदैन भने जोखिमपूर्ण स्थानमा कमै मात्र पर्यटकहरूले भ्रमण गर्ने गरिन्छ। त्यस्तै, कुनै देश प्राकृतिक र सांस्कृतिक सम्पदाले जतिसुकै सम्पन्न भएतापनि देशको आन्तरिक शान्ति सुरक्षा र वातावरण पर्यटन अनुकूल भएनभने पर्यटन उद्योगको विकास असम्भव प्रायः हुन्छ। यसर्थ कुनैपनि स्थान वा मुलुकले पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ भने देशको राजनैतिक र सामाजिक परिस्थिति शान्तिपूर्ण बनाई पर्यटकीय वातावरण सृजना गरी पर्यटनका पूर्वाधारहरू निर्माण गर्नु अनिवार्य हुन्छ। यसर्थ, हामीले हाम्रो देश वा हाम्रो नगरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्ने र निश्चित पर्यटक सङ्ख्या पुऱ्याउने लक्ष्य लिइएको छ भने सोही अनुसारको वातावरण र पूर्वाधार निर्माण गर्नुपर्ने हुन्छ। यसका साथै आवश्यक जनशक्ति र भौतिक सुविधा अर्को शर्तको रूपमा रहन्छ।

पर्यटन उद्योगको विकाससँगै पर्यटकहरूसँगसँगै आउने यसका विभिन्न नकारात्मक प्रभावहरूबाट देश र समाजलाई बचाउने पनि चुनौती थपिएको हुन्छ। सांस्कृतिक अतिक्रमण विकृति र विसङ्गति, लागुपदार्थ दुर्व्यसनी, देहव्यापार र यौन विकृतिलगायतका विभिन्न सांस्कृतिक समस्याहरूका साथै आर्थिक असन्तुलन सिर्जना भई स्थानीय नागरिकहरूले मूल्य वृद्धिको मार समेत सहनुपर्ने हुनसक्छ। नेपालको पर्यटनको इतिहास केलाउने हो भने पनि गाँजा र चरेस स्वतन्त्र रूपमा उपभोग गर्ने वातावरण हिपिहरूको आगमनसँगै शुरु भएको देखिन्छ। जस्को आधारमा तात्कालीन समयमा हिन्दी सिनेमासमेत बनेको थियो। त्यस्तै एसियाका विभिन्न मुलुकहरू पश्चिमा मुलुकका यौन पर्यटकीय गन्तव्य बनेको हामी सबैमा विदितै छ। यसले कुनैपनि देशको सांस्कृतिक मूल्य मान्यतामात्र भत्काउने होइन कालान्तरमा मुलुक र स्थानलाई समेत सांस्कृतिक रूपमा तहसनहस पार्ने आधार तयार हुन्छ। त्यस्तै पर्यटकहरूको आगमन सँगै सांस्कृतिक पर्यटक केन्द्रका विभिन्न सांस्कृतिक सम्पदाहरू चोरी निकासी हुने क्रमपनि बढेको देखिन्छ। नेपालमा ८० र ९० को दशकमा काठमाडौँ उपत्यकाका धेरै ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरू चोरी निकासी भई युरोप, अमेरिकालगायत विभिन्न देशका सरकारी र व्यक्तिगत सङ्ग्रहालयमा पुगेका थिए। जसमध्ये केही सम्पदाहरू सरकारी पहलबाट नेपालमै फर्काइ यथास्थानमा पुनर्स्थापित गरिएका छन्। केही सम्पदाहरू अझै नेपाल फर्काउन सकिएको छैन। जसको दृष्टान्त लैनसिंह वाङ्देलद्वारा लिखित "The Stolen Images of Nepal" पुस्तकमा पाउन सक्छौँ।

भाषिक र सांस्कृतिक अतिक्रमण पर्यटन उद्योगको अर्को नकरात्मक प्रभाव हो। हुनत भाषा आफ्नो भावना र विचार प्रस्तुतिको माध्यम हो जसले संवाद सृजना गर्छ। तर आजभोलि भाषा अवसरको माध्यम पनि हो, जसले आर्थिक, सामाजिक र रोजगारीको अवसर समेत प्रदान गर्दछ। यसर्थ, आर्थिक रूपमा सम्पन्न समुदायको भाषा साम्राज्य जस्तै संसारमा फैलिरहेको छ भने विपन्न समुदायका भाषा र संस्कृति संरक्षणको अभावमा लापोन्मुख अवस्थामा पुगेको छ। भाषा र संस्कृति मानव समुदायको पहिचान र गहना हो। तर, आजभोलि यसलाई आर्थिक र राजनैतिक प्रभाव फैलाउने औजारको रूपमा प्रयोग भइरहेको छ। पर्यटन उद्योगको



विकास सँगै स्थानीय भाषाको तुलनामा आर्थिक अवसर र रोजगारीको अवसर प्राप्त गर्न स्थानीय जनसमुदाय विदेशी भाषाप्रति बढी आकर्षित हुने जोखिम बढ्छ। जुन अवस्था बेलायतले उपनिवेश चलाएका मुलुकहरू र नेपाल जस्ता तेश्रो मुलुकहरूमा प्रत्यक्ष अनुभव गर्न सकिन्छ। त्यस्तै, सांस्कृतिक अतिक्रमण र प्रभावले स्थानीय समुदायको मौलिक पहिचान लोप गर्न मद्दत पुऱ्याउँदछ। तर, अत्याधिक विदेशीसँगको सहकार्य र सहवासले तिनीहरूको संस्कृति र संस्कार नजानिँदो ढङ्गले अनुसरण र अभ्यास गर्न थालिन्छ। जुन नेपाली समुदायमा आजभोलि बोलिचाली, पहिरन, संस्कार र सांस्कृतिक व्यवहारमा समेत देखिन थालिएका छन्।

पर्यटन उद्योगको विकाससँगै देखिने अर्को प्रभाव स्थानीय मानिसहरूको जीवनशैली परिवर्तन पनि हो। कुनै पनि स्थानको आफ्नै मूल्य मान्यता, जीवनशैली र मौलिकता रहेको हुन्छ। जुन उक्त ठाउँको पहिचान र विशेषता हो। यसको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन त्यहीँकै समुदायका मानिसहरूको जिम्मेवारी हो। साथै यो पर्यटनको आधार पनि हो। तर पर्यटन उद्योगको विकासले स्थानीय मौलिकता नास गर्न भूमिका पनि खेलिरहेको हुन्छ। स्थानीय जनसमुदाय पर्यटकहरूसँगको सहकार्यबाट तिनीहरूको जीवनशैली, मूल्य मान्यता र संस्कारप्रति आकर्षित हुन थाल्छन् र दैनिक जीवनमा अभ्यास गर्न शुरु गर्छ। यसले कालान्तरमा स्थानीय मौलिक जीवनशैली लोप हुने खतरा बढ्छ। यस विषयमा ध्यान पुऱ्याउन सकिएन भने स्थानीय पहिचानमात्र गुम्ने होइन पर्यटन उद्योगसमेत दिगो रहँदैन। त्यस्तै, प्राकृतिक सम्पदासँग जोडिएको विभिन्न साहसिक पर्यटन उद्योगसँग सम्बन्धित क्षेत्रहरूमा प्राकृतिक श्रोत र साधनको अत्यधिक वहन र व्यवस्थापनमा कमी कमजोरीले प्रकृतिको विनाश सँगसँगै पर्यटकीय वातावरण समेत प्रदूषित हुन जान्छ। पदयात्रामा पर्यटकहरूले गर्ने प्राकृतिक विनाश फोहोरमैला प्रदूषण आदिले साहसिक पदयात्रालाई प्रत्यक्ष हानि पुऱ्याउँदछ। त्यस्तै हिमाल आरोहीहरूले आरोहणको क्रममा गरेका फोहोर प्रदूषणले हिमाली क्षेत्र अत्यन्त दुषित र अव्यवस्थित भएको हामीले समय समयमा पढेकै हौँ। यसका साथै कुनैपनि भौगोलिक क्षेत्रको भारवहन क्षमता सीमित हुन्छ। सीमाभन्दा अधिक भार वहन भयो भने असन्तुलन सिर्जना हुन्छ। भौगोलिक क्षेत्रले ठेग्न सक्ने भन्दा बढी पर्यटकहरू कुनै स्थानमा ओइरियो भने त्यस स्थानको प्राकृतिक र खाद्य उत्पादनको अत्यधिक दोहन हुन्छ। जसले उत्पादनको तुलनामा माग वृद्धि हुन्छ। आर्थिक नियम अनुसार पूर्तिको तुलनामा माग बढेपछि स्वभाविक रूपमा मूल्य बढ्छ। यसरी मूल्य बृद्धि हुँदा पर्यटन उद्योगबाट प्रत्यक्ष लाभ लिइराखेका पर्यटन व्यवसायीहरूले त यसको उपभोग सहजै गर्न सकिन्छ। तर, अन्य सर्वसाधारण भने मूल्य वृद्धिको मारमा परी क्रय शक्ति ह्रास हुन्छ। जसले समाजमा आर्थिक र सामाजिक समस्या सिर्जना हुने भय हुन्छ। यसको समाधानको लागि पर्यटनको प्रतिफललाई स्थानीय समुदायका सम्पूर्ण मानिसहरूमा पुग्ने नीतिगत व्यवस्थाको आवश्यकता हुन्छ। त्यस्तै पर्यापर्यटन, हरितपर्यटन र दिगोपर्यटनको अवधारणालाई व्यवहारमा लागु गरेर प्राकृतिक सम्पदासँग जोडिएका विभिन्न पर्यटन उद्योगलाई दिगो विकास गर्न सम्भव हुन्छ। यसका साथै सांस्कृतिक पर्यटकीय क्षेत्रको दिगो विकासको लागि मूर्त र अमूर्त सम्पदा संरक्षण र यसको जीवन्ततालाई दैनिक र नियमित योगदान पुऱ्याउने सम्पूर्ण पक्षलाई पर्यटनको लाभ न्यायोचित रूपले वितरण हुने नीतिगत व्यवस्था गर्न सकियो भने उक्त क्षेत्रको पर्यटन क्षेत्र दिगो हुने विश्वास लिन सकिन्छ।

प्राकृतिक, जैविक र सांस्कृतिक विविधितायुक्त नेपाल पर्यटनको प्रचुर सम्भावना बोकेको मुलुकहरूमध्ये एक हो। उचित प्रचार प्रसार, आवश्यक पूर्वाधार, अतिथि सत्कार सम्बन्धी पर्याप्त व्यवसायिक कारोबार, पर्याप्त दक्ष जनशक्ति, पर्याप्त पुँजी परिचालन गर्न सकिए पर्यटन उद्योगबाटै नेपालको आर्थिक विकास गर्न सकिनेमा दुईमत नहोला। यसका साथै हिमालदेखि तराईसम्म, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पर्यटन उद्योगलाई विकेन्द्रित रूपमा विकास गर्न सकिए देशको सन्तुलित विकास गर्न समेत मद्दत पुग्नेछ।

आर्थिक विकासको आधारको रूपमा रहेको पर्यटन उद्योग नकारात्मक प्रभावबाट भने मुक्त छैन। आर्थिक असन्तुलन, अत्यधिक प्राकृतिक दोहन, सामाजिक विकृति र विसङ्गति, सांस्कृतिक प्रदूषण, वातावरणीय प्रदूषणलगायतका विभिन्न नकारात्मक पक्षहरूबाट समाजलाई जोगाउँदै दिगो र पर्यापर्यटन अवधारणा अनुसार पर्यटन उद्योगको विकास गरी देशको आर्थिक विकास गर्न सकिए श्रोत साधन परिचालन भई देशमै रोजागरीका अवसरहरू सिर्जना भई देशका विभिन्न सामाजिक समस्याहरू समेत समाधान गर्न टेवा पुग्ने विश्वास गर्न सकिन्छ। यसर्थ, सम्बन्धित तीनै तहका पर्यटन सम्बद्ध सरकारी निकाय, पर्यटन व्यवसायी, स्थानीय सांस्कृतिक अभियन्ता र संस्कृतिकर्मीहरूलगायत सम्पूर्ण जनसमुदायले पर्यटन उद्योगको विकासको लागि सकारात्मक भूमिका खेल्न सकिए देशको सम्भावना यथार्थमा परिणत भई पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै सन्तुलित विकास हुने आशा गर्न सकिन्छ।

# बक्सिङ्ग खेलाडी राजु दुवाल

**राजकुमार लघु**

अनुभवी बक्सिङ्ग खेलाडी राजु दुवालको जन्म २०३० साल श्रावण २९ गते भक्तपुर नगरपालिका वडानं ६ चोछेँमा भएको हो। उनका माताको नाम कृष्णलक्ष्मी दुवाल र पिता शंखबहादुर दुवाल हुनुहुन्छ। उनले कक्षा ८ सम्म बासु मावि ब्यासीमा अध्ययन गरेका थिए। उनले २०५० सालमा प्रभात मावि महाकालीस्थानबाट एसएलसी परीक्षा उत्तीर्ण गरेका थिए। उनले प्रमाण-पत्र तह नेपाल कमर्श क्याम्पस काठमाडौँबाट उत्तीर्ण गरेका थिए। बक्सिङ्ग खेलाडी राजु दुवालका एक छोरा राकेश दुवाल एके छोरीअध्ययनरत छन्। राजु दुवाल भन्छन्, उनको श्रीमती राज्यलक्ष्मी दुवालको सानो कार्पेट पसल छ। तर आर्थिक मन्दीको कारण ब्यवसाय त्यति चलेको छैन।



बक्सिङ्ग खेलाडी राजु दुवालले २०४९ सालदेखि भक्तपुर तंचास्थित तारा माध्यमिक विद्यालयमा बक्सिङ्ग गुरु गौतम सुजखुको सामीप्यमा रही बक्सिङ्ग खेलको प्रशिक्षण लिन शुरु गरेका थिए। तारा माविको खेल मैदानमा उनले १ महिना खेले। त्यसपछि उनले गोल्मढी स्थित भक्तपुर युवा टीममा बक्सिङ्ग प्रशिक्षक कृष्णसुन्दर प्रजापतिसँग ६ महिना बक्सिङ्गको प्रशिक्षण लिए। त्यसपछि उनी च्याम्हासिंहमा भक्तपुर नपाबाट २०५२ सालमा सञ्चालित बक्सिङ्ग प्रशिक्षण केन्द्रमा आवद्ध भए। राजु दुवालले बक्सिङ्ग खेलाडीहरू रामकृष्ण प्रजापति , केदार तुईतुईसँगै च्याम्हासिंहमा २ वर्ष प्रशिक्षण लिए। अन्तत उनको अन्तिम प्रशिक्षणस्थल भक्तपुर नगरपालिकाबाट सञ्चालित कमलविनायक बक्सिङ्गस्थल भयो। उनले त्यहाँ ६/७ महिना प्रशिक्षण लिएर खेललाई तिखार्दै लगे। राजु दुवालको उद्देश्य स्वास्थ्यको लागि निरन्तर खेलमा सहभागी रहने हो। उनको रुचि खेल खेलेर मित्रता अभिवृद्धि गर्ने हो।

राजु दुवाल भक्तपुर जिल्ला बक्सिङ्ग सङ्घमा आवद्ध छन्। उनले २०७८ साल र २०८० साल गरी दुई कार्यकाल जिल्ला बक्सिङ्ग सङ्घको कार्य समिति सदस्य रहेर बक्सिङ्ग सङ्घको विकासमा इँटा थपेका छन्। उनले २०५३ सालमा इलाममा सम्पन क्षेत्रीय बक्सिङ्ग प्रतियोगितामा सहभागी भई तेश्रोस्थान प्राप्त गरेका थिए। उनले २०५२ सालमा काठमाडौँको नक्सालमा आयोजित वीरेन्द्र कप बक्सिङ्ग प्रतियोगितामा सहभागिता जनाए। काठमाडौँको मरु गणेशमा आयोजित राष्ट्रब्यापी बक्सिङ्ग प्रतियोगितामा पनि सहभागी भएका थिए। तर बक्सिङ्ग खेलाडी राजुको घरायसी र आर्थिक अवस्थाको कारण उनले खेलमा निरन्तरता दिन सकेका छैनन्। उनले भक्तपुरमा २०६४ सालमा आयोजित राष्ट्रिय युथ बक्सिङ्ग प्रतियोगिता सफल पार्न पनि महत्त्वपूर्ण भूमिका खेलेका थिए।

बक्सिङ्ग खेल किन खेल्ने भन्ने जिज्ञासामा खेलाडी राजु दुवाल भन्छन्, यो खेल स्वस्थता र तन्दुरुस्तीको लागि खेल्नु पर्छ। बक्सिङ्ग बौद्धिकरूपमा खेल्नुपर्ने खेल हो। Quick decision दिन नसके उल्टो मार खानुपर्छ। यो खेल focus गरी खेल्नुपर्छ।

अविस्मरणीय क्षणबारे प्रश्न गर्दा बक्सिङ्ग खेलाडी राजु भन्छन्, उनले इलाममा २०५३ सालमा सम्पन्न क्षेत्रीय प्रतियोगिताको लागि प्रत्येक दिन लगातार विहान र बेलुका गरी २/३ घण्टा १ महिनासम्म चोङ्गा गणेश मन्दिर प्राङ्गणमा heavy प्रशिक्षण लिए। प्रशिक्षण गर्नुभन्दा पहिले दौडेर जिउ तताउने र तन्काउने हुन्छ। त्यस प्रतियोगिताको लागि भक्तपुरदेखि कोटेश्वर तीनकुनेसम्म दौडेर अभ्यास गरेको समय खेल जीवनको अविस्मरणीय क्षण हो भन्छन्।

नयाँ पुस्ताका खेलाडी तथा युवाहरूलाई के कस्ता सल्लाह सुझाव छ भन्ने प्रश्नमा उनी भन्छन्, यो खेल्नु खेल्नुपर्छ। बक्सिङ्ग खेले स्वस्थ हुन्छ। दिमाग QUICK MOVE हुन्छ। बक्सिङ्गमा परिश्रम र कडा अभ्यास चाहिन्छ। यस खेलमा सबभन्दा बढी स्टायमिना आवश्यक छ। तीन चार घण्टा अभ्यास गरी २/३ मिनेटको प्रतिस्पर्धाका लागि स्टायमिना बनाउनु पर्छ। उनी सम्झन्छन्, २०५४ सालमा स्वर्ण पदकको लागि खेलेँ। तर बक्सिङ्ग खेलका अन्तराष्ट्रिय खेलाडी किरण थापामगरसँग उनी पराजित भए। खेलमा हार जितलाई स्वाभाविक रूपमा लिएँ। तर, हारेका खेलाडी थप उर्जावान भई प्रतिस्पर्धा गरे सफलता हात लाग्छ।

छुटेको कुरा केही छ कि भन्ने आग्रहमा खेलाडी राजु भन्छन्, नयाँ खेलाडीलाई राम्रो प्रशिक्षण दिने वातावरण तयार गर्नुपर्छ। अहिले भक्तपुरमा बक्सिङ्ग प्रशिक्षण राम्रो छ। यो भन्दा राम्रो गर्न बढी Equipment तयार गर्न सके अझ राम्रो हुन्छ। अहिले बक्सिङ्ग प्रतियोगिताको निम्ति प्रशिक्षणमा आउन गुरुहरूले अनुरोध गर्दा घुँडा दुखेको कारण खेलबाट टाढा छु।

*(राजु दुवालसँगको भेटवार्तामा आधारित)*

# सरकारी कर्मचारी र निर्वाचित प्रतिनिधि दुवै इमानदार हुनु आवश्यक

प्रजातन्त्रलाई जीवन पद्धतिको रूपमा विकास गर्न स्थानीय तह स्वायत्तता र विकेन्द्रीकरण हुनु आवश्यक छ। स्थानीय तहमा स्थानीय गाउँपालिका र नगरपालिकामा आउने प्रमुख प्रशासकीय अधिकृत स्थानीय जनताको कला, संस्कृति र भावना बुझ्ने मानिस उपयुक्त हुन्छ। तर, गाउँपालिका र नगरपालिकामा पठाइने अधिकृतहरू न स्थानीय समस्या बुझ्छन् न त जनताको समस्या बुझेर काम गर्छन्। सरकारले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरू शासकको रूपमा पठाउनु खोटपूर्ण हुन्छ। उनीहरू जनताको समस्या सहज ढङ्गले समाधान गर्नुभन्दा विकास र जनजीवनको समस्यामा बाधा हाल्ने र सामन्ती ठूला-ठालुका रूपमा व्यवहार गर्छन्। कुनै कुनै अधिकृतहरू पदको दुरुपयोग गरी पैसा कमाउने उपाय खोज्छन्, पैसा नपाइने भएपछि अनेक निहुँ खोजेर दुःख दिन्छन्।

भक्तपुर नगरपालिकामा पनि धेरै प्रमुख प्रशासकीय अधिकृतहरू आए। कसैले नगरपालिकाको काममा बाधा हाल्ने प्रयास गरे त कसैले कलेज सञ्चालनमा अवरोध पुऱ्याउने प्रयास गरे। यस्ता घटनाहरू भक्तपुर नगरपालिकामा पनि बेलाबखत घटे। विगतमा भक्तपुर नगरपालिकामा घटेका घटनाका केही प्रसङ्गहरू यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ।

२०६६ साल चैत महिनाको दोस्रो साता स्थानीय विकास मन्त्रालयले देवीमाया घिमिरेलाई भक्तपुर नगरपालिकाको कार्यकारी अधिकृत पदमा सरुवा गरी पठायो। हाजिर भएको केही समय नगरपालिका र नगरवासीहरूको सेवाको लागि नगरपालिकाका कर्मचारीहरूको सहयोग र जनप्रतिनिधिहरूसँग समन्वय गरी कार्य गर्ने भनी उनले विभिन्न बैठकमा बोलिन्। तर, व्यवहारमा ठीक उल्टो काम भयो। उनले नगरवासीहरूको महिला भेलामा नेपाली भाषा राम्रो बोल्न नजान्ने भनी हेला गरिन् या अपमानजनक व्यवहार गरिन्।

सुख्खा तलबले काम गर्न गाहो हुन्छ, नगरपालिकाबाट के के बन्दोबस्त हुन्छ भनी उनले लेखा, जिन्सी र योजनाका कर्मचारीहरूसँग झर्कँदै व्यवहार गर्न थालिन्। यहाँ पैसा नचाहिने मान्छे को हुन्छ, सबैले कमाउनुपर्छ, मैले पनि कमाउन जागिर खाएको हुँ, यहाँ कमाउन नसके विदेश गएर भए पनि कमाउँछु भनी उनले कर्मचारीलाई तर्साई रवाफ देखाउन थालिन्। मलाई काम गर्न नयाँ ल्यापटप र नयाँ मोबाइल चाहिन्छ भनी खरिद गर्न लगाइन्।

जगेडा कोषबाट भक्तपुर नगरपालिकाको लागि डोजर र कम्पायक्टर गार्भेज (फोहोर बोक्ने आधुनिक गाडी) खरिद गर्न रु. १ करोड ५० लाख रुपैयाँ प्राप्त हुने भएकोले टेन्डर गरियो। कम्पायक्टर गार्भेज गाडी रु. ६८ लाखमा टेन्डर राखेको तर त्यसको मोल रु. ४८ लाख मात्र कम्पनी मूल्य थियो। तर, उनले रु. ४८ लाखमा गाडी किन्न नमानी ६८ लाख नै तिरेर किन्न खोजेकी थिइन्।

रु. ४८ लाख पर्ने गाडी ६८ लाख तिरेर खरिद नगरी ४८ लाखमा नै कम्पनीसँग खरिद गर्नुपर्छ भन्दा यो नगरपालिकाको पैसा होइन तपाईँहरूलाई केको टाउको दुखाइ भनी उनले आर्थिक प्रशासन शाखाका कर्मचारीहरूलाई दबाब दिइन्। सही गर्ने म, जोखिम बहन गर्ने पनि म अनि ६८ लाखमा खरिद नगरे मैले के पाउने भनी रु. ४८ लाखमा भए खरिद प्रक्रिया रद्द गर्छु भनी उनी हिँडेकी थिइन्। स्थानीय विकास मन्त्रालयले ४८ लाखमा खरिद गर्ने निर्णय गरेर पठाउनुभन्दा पनि नमानी आर्थिक अधिकारसहित निमित्त कार्यकारी अधिकृतको जिम्मेवारी दिई ७ दिन बिदा बसिन्।

निमित्त कार्यकारी अधिकृतको अध्यक्षतामा बोर्ड बैठक बसी ४८ लाखमा खरिद गर्ने निर्णयसहित मन्त्रालयमा कर्मचारीहरू पुगेपछि देवीमाया घिमिरेले फाइल अगाडि नबढाउनु भनी मन्त्रालयका कर्मचारीहरूलाई पनि दबाब दिन उनी पछि परिनन्। मन्त्रालयको आर्थिक प्रशासन शाखामा कर्मचारीहरूले ढिलाइ गरी उक्त योजना विफल बनाएका थिए। मन्त्रालयको कर्मचारी र देवीमाया घिमिरेविरुद्ध मन्त्रालयमा भक्तपुर नपाका कर्मचारीहरूले धर्ना दिएपछि अर्को योजनाको लागि बजेट व्यवस्थापन भयो।

त्यसपछि देवीमाया घिमिरे रामेछाप जिविसमा सरुवा भइन्। तर, केही समयमा नै त्यहाँ उनीमाथि भ्रष्टाचारको आरोप लाग्यो र रातारात भागेको समाचार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भयो। पछि क्यानाडा पुगी पीआर लिई उतै बसेको खबर आयो।

२०५९ सालको असार मसान्तपछि जनप्रतिनिधिहरू नभएको बेला नपाका कर्मचारी अधिकृत विष्णुराज लामिछानेले पास गर्न नमिल्ने नक्सा पास गरे। नपामा २० वर्षभन्दा बढी सेवा गरिसकेका कर्मचारीहरूलाई राजीनामा गराउन ➲

# अमेरिकी प्रहरी र न्यायपालिकामा ‘प्रणालीगत नस्लवाद’ व्याप्त : संयुक्त राष्ट्र सङ्घ




कानून प्रवर्तनको सन्दर्भमा जातीय न्याय र समानतालाई अगाडि बढाउन संयुक्त राष्ट्र अन्तर्राष्ट्रिय स्वतन्त्र विशेषज्ञ संयन्त्रद्वारा जारी गरिएको ताजा प्रतिवेदनमा अफ्रिकी मूलका व्यक्तिहरूविरुद्ध ‘प्रणालीगत नस्लवाद’ ले सँरा अमेरिकी पुलिस बल र आपराधिक न्याय प्रणालीलाई विनाश गरिरहेको खुलासा गरेको छ। सुधारका लागि पहल गर्न अधिकारीहरूलाई आह्वान गरिरहेको छ।

यो प्रतिवेदन यस वर्षको सुरुमा संयन्त्रको संयुक्त राज्य अमेरिकाको आधिकारिक भ्रमणको नतिजा हो, जसमा यसले प्रभावित १३३ व्यक्तिहरूबाट बयान सुनेको थियो, पाँचओटा हिरासत केन्द्रहरूको भ्रमण गरेको थियो र डिस्ट्रिक्ट अफ कोलम्बिया, एटलान्टा, लस एन्जलस, शिकागो, मिनियापोलिस र न्यूयोर्कका राज्यहरू नागरिक समाजका समूहहरू र सरकारी र प्रहरी अधिकारीहरूको क्षेत्रबाट बोलाइएको थियो।

संयन्त्रका विज्ञ सदस्य **ट्रेसी केसी**ले भनिन्, ‘जति सहरमा हामी गएका छौँ, पीडितहरूबाट न्याय वा समाधान नपाउने दर्जनौँ हृदयविदारक बयान सुनेका छौँ। यो नयाँ होइन र यो अस्वीकार्य छ।’

यो एक प्रणालीगत समस्या हो जसले प्रणालीगत प्रतिक्रियाको लागि आह्वान गर्दछ। प्रचलित दण्डहीनताविरुद्ध लड्नका लागि प्रहरी विभाग र प्रहरी युनियनहरूलगायत सबै संलग्न व्यक्तिहरू यस लडाइँमा सामेल हुनैपर्छ।

प्रतिवेदनका अनुसार, दासत्व र दास व्यापारको विरासतको रूपमा जातिवाद रहेको छ र १०० वर्षको वैधानिक रङ्गभेद – आज जातीय प्रोफाइलिङ, पुलिस हत्या, र अन्य मानव अधिकार उल्लङ्घनहरूमार्फत फैलिएको छ।

प्रतिवेदनले उल्लेख गरेको छ कि अफ्रिकी अमेरिकीहरू गोराहरूको तुलनामा पुलिसद्वारा मारिने सम्भावना तीन गुणा

---

➲ दबाब दिइयो। त्यसपछि खटिएका नपा अधिकृत बद्रीनाथ घिमिरेले नपाको बजेटको ध्यान नै नदिई स्वायत्तताविपरीत अनियन्त्रितरूपमा सङ्घ-संस्थाहरूलाई आर्थिक सहयोग गरे। नपाको गाडी मर्मत गरेको ठाउँमा कमिसन पाउने विषयमा विवाद उत्कर्षमा पुगेर झगडा नै भयो। बस पार्क निर्माणको टेन्डरमा गुन्डाहरूले टेन्डरदाताहरूलाई नियन्त्रणमा लिने, पुराना र नयाँ कर्मचारीहरूबीच विभेद ल्याउने, कर्मचारीहरूको वृत्ति विकास र बढुवामा असर पर्ने गरी स्थानीय स्वायत्तताको मर्मविपरीत कर्मचारी नियुक्त गर्ने काम गरे। अर्का अधिकृत इन्द्रप्रसाद कार्कीले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजमा पैसा पठाउने काममा बाधा पुऱ्याए। कहिलेकाहीँ लामो समयसम्म नपामा अधिकृतविहीन हुन्थ्यो। यसले जनताको दैनिकी काममा बाधा हुन्थ्यो। नपामा काम गर्ने अधिकृतहरूको कार्यशैली र गतिविधिले सरकारबाट नपामा खटाइने अधिकृतहरू इमानदार तथा कर्तव्यनिष्ठ नभएको घटनाहरूले व्यवस्थाप्रति नै जनतामा अविश्वास हुने अवस्था छ।

यसले के थाहा हुन्छ भने जनतालाई सेवा सुविधा दिने नपा अधिकृतहरूको मनसाय होइन कमिसन खाने रहेछ। जसरी भए पनि पदको दुरुपयोग गरी अस्वाभाविक सम्पत्ति कमाउनु नै उनीहरूको लक्ष्य हुने रहेछ। सत्तासीन दलका नेता, मन्त्री र सांसदहरू नै पद र पैसाको निम्ति राजनीतिमा लागेको हुँदा उच्चपदस्थ तथा अन्य कर्मचारीहरू पनि भ्रष्टाचार र कमिसनमा फसे। पद र पैसाको निम्ति राजनीति गर्ने नेता, मन्त्री, सांसद र नपा अधिकृतहरू रहेसम्म केन्द्रीय सरकारमात्र होइन, गाउँपालिका र नगरपालिकाहरूमा पनि सुशासनको अनुभूति हुँदैन, जनतालाई राहत पुऱ्याउन सकिँदैन। अतः इमानदार, असल र जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी र जनताले निःस्वार्थरूपले काम गरेर देखाउनु आवश्यक छ।

– एक शुभचिन्तक, मजदुर दैनिक, असोज २७

बढी छ, र ४.५ गुणा बढी कैद हुने सम्भावना छ, प्रत्येक वर्ष पुलिसद्वारा हत्याका १,००० भन्दा बढी घटनाहरूमध्ये १० मात्रै अधिकारीहरूमाथि अभियोग लगाइएको छ ।

कारागारमा बालबालिका, सुत्केरी महिलाहरू साङ्लोमा बाँधिएका छन् ।




संयन्त्रका एक विशेषज्ञ सदस्य **जुआन मेन्डेज**ले 'खराब स्याउ' सिद्धान्तप्रति अस्वीकार व्यक्त गरे । 'त्यहाँ बलियो प्रमाणहरू छन् कि केही व्यक्तिगत पुलिस अफिसरहरूको दुर्व्यवहार एक व्यापक र खतरनाक संरचनाको भाग हो भनेर सुझाव दिन्छ,' मेन्डेजले भन्नुभएको छ ।

संरा अमेरिकामा कानुन प्रवर्तन र आपराधिक न्याय संस्थाहरूले अमेरिकी समाज र संस्थाहरूको मूल्यमान्यता, मनोवृत्ति र स्टिरियोटाइपहरू प्रचारप्रसार र पुनः उत्पादन गर्छन् । प्रतिवेदनले प्रस्ताव गरेको छ कि सशस्त्र प्रहरी अधिकारीहरूलाई अमेरिकामा मानसिक स्वास्थ्य सङ्कट, घरबारविहीनता र ट्राफिक नियन्त्रण वा विद्यालय अनुशासनजस्ता हरेक सामाजिक मुद्दाहरूमा पहिलो प्रतिक्रियाकर्ताको रूपमा पठाइनु हुँदैन, जसलाई प्रहरी प्रतिवेदनले वैकल्पिक प्रतिक्रियाहरू सेट गरेर परिवर्तन गर्न सक्छन् ।

'प्रहरी अधिकारीहरूसँगको हाम्रो बैठकमा हामीले अधिकारीहरूको मानसिक स्वास्थ्य कामको ओभरलोडले मात्र नभई प्रहरी विभागहरूभित्र रङ्ग भेद र जातीय विभेदले पनि प्रभावित भएको चिन्ताहरू बारम्बार सुन्यौँ,' केसीले स्पष्ट पारिन् ।

कानुन प्रवर्तन अधिकारीहरूले मानवअधिकारको सम्मान र संरक्षण गर्ने अपेक्षा गर्नु पनि पद भित्र सम्मान र भलाइको संस्कृतिको अनुमान गर्दछ । पुलिस एजेन्सीहरूलाई रिपोर्टका लेखकहरूले कालो कानून प्रवर्तन अधिकारीहरूविरुद्ध पनि प्रणालीगत नस्लवादको मुद्दाहरू सम्बोधन गर्न र आफ्नो क्षेत्रभित्र गोरा सर्वोच्चताको विचारधारालाई सम्बोधन गर्न आह्वान गरेका छन् ।

प्रतिवेदनमा अफ्रिकी मूलका बालबालिकालाई आजीवन कारावासको सजाय, जेलमा गर्भवती महिलालाई बच्चा जन्माउँदा साङ्लोले बाँधिएको र १० वर्षसम्म एकान्त कारावासमा राखिएको उदाहरणहरू उल्लेख गरिएको छ ।

## नराम्रो पुलिस, राम्रो अभ्यास ?

प्रतिवेदनले यो पनि उल्लेख गरेको छ कि अफ्रिकी मूलका केही मानिसहरूलाई उनीहरूको सजाय पूरा गरेको वर्षौंपछि पनि मतदान गर्न निषेध गरिएको छ र केहीलाई जेलहरूमा दासत्वको समकालीन स्वरूपमा जबरजस्ती श्रम गराइएको थियो ।

'हामीले प्राप्त गरेको गवाही र तथ्याङ्कहरूले जातिवादी आपराधिक न्याय प्रणालीको सबैभन्दा खराब भागलाई प्रतिनिधित्व गर्दछ जसले प्रणालीगत नस्लवादलाई सम्बोधन गर्ने सबै प्रयासहरूलाई कमजोर बनाउँछ,' मेन्डेजले भन्नुभयो ।

हाम्रो खोजहरूले व्यापक सुधारको लागि महत्त्वपूर्ण आवश्यकतालाई औँल्याउँछ ।

संरा अमेरिका र यसका सबै क्षेत्राधिकारहरूलाई ३० सिफारिसहरू, देशका १८ हजारभन्दा बढी पुलिस एजेन्सीहरूसहित प्रतिवेदनमा हस्तान्तरण गरिएको थियो । यसले स्थानीय र सङ्घीय असल अभ्यासहरू आवश्यक परेको थियो र वर्तमान प्रशासन र केही स्थानीय सरकारहरूको प्रयासलाई मान्यता दियो ।

'हामी राम्रो अभ्यासहरूलाई देशका अन्य भागहरूमा पुनः उत्पादन गर्न प्रोत्साहन गर्छौं । हामी यी सिफारिसहरू कार्यान्वयन गर्न संरा अमेरिकासँग सहकार्य गर्न जारी राख्न तत्पर छौँ,' मेन्डेजले निष्कर्ष निकाल्नुभयो ।

स्रोत : टेलिसुर/मजदुर

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ग्वान्टानामोमा बन्दीहरूमाथि सीआईएद्वारा शारीरिक र मानसिक यातना चालु

– सैयद जफर मेहदी, प्रेस टीभी




वासिङ्टन, १० अक्टोबर। 'ग्वान्टानामो खाडीस्थित बन्दीगृहमा यातनाका विभिन्न रूपहरू चालु छ। त्यहाँका कैदीहरूलाई शारीरिक र मनोवैज्ञानिकरूपमा यातना दिइन्छ।' अमेरिकास्थित मानव अधिकारवादी अधिवक्ताले भनेकी छिन्।



प्रेस टिभी वेबसाइटसँगको अन्तर्वार्तामा ग्वान्टानामो खाडीका बन्दीहरूका साथै अमेरिकी ड्रोन हमलाका पीडितहरूको प्रतिनिधित्व गरिरहेकी अधिवक्ता अल्का प्रधानले दक्षिणपूर्वी क्युबामा रहेको कुख्यात अमेरिकी बन्दीगृहमा प्रचलित विभिन्न प्रकारका यातनाहरूका बारेमा वर्णन गरिन्।

'सुरुका दिनमा, यसले कुटपिट र जबरजस्ती नग्नता, भोक र जबरजस्ती खुवाउने र अन्य डरलाग्दो प्रविधिहरूको प्रयोग गर्ने गरेको छ,' अधिवक्ता प्रधानले ग्वान्टानामोमा यातना संस्थागत भएको प्रसङ्गमा भनिन्।

'अहिले पनि दशकौँको स्वेच्छाचारी नजरबन्द र पारिवारिक मिलन र चिकित्सा हेरचाहको अभाव, कमजोर वा कमजोर योग्य कर्मचारीहरूद्वारा गरिएको खराब वा गुणस्तरहीन



व्यवहारसहित यी बन्दी पुरुषहरूलाई मनोवैज्ञानिक र शारीरिकरूपमा यातना दिइन्छ।' प्रधानले भनिन्।

प्रधान संयुक्त राज्य अमेरिकाका प्रमुख मानव अधिकार अधिवक्ताहरूमध्ये एक हुन्। उनी हाल ग्वान्टानामो खाडी मिलिटरी कमिसनमा मानव अधिकार सल्लाहकार रहेकी छिन्। उनी पहिले रिप्रिभ यूएसमा काउन्टर–टेररिज्म काउन्सिल रहेकी छिन्, जुन पदमा रहेर उनले धेरै ग्वान्टानामो बन्दीगृहका बन्दीहरूको प्रतिनिधित्व गरिरहेकी छिन्।

उनले यमन र पाकिस्तानमा अमेरिकी ड्रोन हमलाबाट पीडित नागरिकहरूको तर्फबाट वकालत र कानुनी लडाइँ पनि गरिरहेकी छिन् र अमेरिकी सरकारलाई अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको पालना गर्न सल्लाह दिइरहेकी छिन्।

गत हप्ता प्रधानलाई युरोपेली संसद्मा ग्वान्टानामो मानव अधिकार हननमा बोल्न आमन्त्रित गरिएको थियो। कुख्यात अमेरिकी बन्दीगृह बन्द गर्न विश्वभरका मानव अधिकारवादीहरूले आह्वान गरिरहेका छन्।

अधिवक्ता इरानी नागरिक अम्मार अल–बलुचीको प्रतिनिधित्व गर्ने एक वकिल हुन्। अमारले सीआईएको हातबाट उच्च स्तरको यातना भोगेका छन् र ह्वाइट हाउसले उनलाई चिकित्सा सेवा दिन पनि अस्वीकार गरेको छ।

'एक इरानी नागरिक अम्मारलाई सेप्टेम्बर २००६ मा ग्वान्टानामो बन्दीगृहमा सुम्पनुअघि 'ब्ल्याक साइटहरू' नामका विश्वभरि संरा अमेरिकाका गोप्य कारागारहरूमा ३.५ वर्षसम्म क्रूर यातनासहित थुनिएको थियो,' प्रधानले प्रेस टीभी वेबसाइटलाई भनिन्।

"सीआईएका रेकर्डअनुसार, सीआईएका कर्मचारीहरूले अम्मारलाई मानव प्रयोगशालाको रूपमा प्रयोग गरे। सीआइएका सोधपुछकर्ताहरूले प्रमाणपत्रहरू प्राप्त गर्न घण्टौँसम्म पर्खालमा टाउको ठोक्काए। उनीहरूले उनलाई पानीको फोहरा प्रयोग गरेर, टाउकोमा नाडी बाँधेर, कुटपिट, जबरजस्ती नग्नता र जबरजस्ती मुखमा खाना हालेर यातना दिए। ब्ल्याक साइटहरूमा धेरैजसो समय अन्धकारमा थुनेर राख्दा उनी निद्राबाट वञ्चित रहेका थिए, पहिले कान चिर्ने ध्वनिको साथ र त्यसपछि २४/७



फ्लोरोसेन्ट बत्तीहरू प्रयोग गरी यातना दिएको थियो," अधिवक्ता प्रधानले स्पष्ट जानकारी दिइन् ।

अमेरिकी मानव अधिकार अधिवक्ताका अनुसार अम्मार अहिले ४६ वर्षको भएको तथा अमेरिकी सरकार र सीआईएको यातनाका कारण गम्भीर पोस्ट–ट्रमाटिक स्ट्रेस डिसअर्डर (PTSD), भएको सामान्यरूपमा सुत्न नसक्ने र स्मरण शक्तिको कमी, उचित चिकित्सा हेरचाहसमेत नपाएकोले मस्तिष्कमा धेरै चोटपटक लागेको हो ।

'उनीहरूले चिकित्सा इतिहास लिने अनुमति दिंदैनन् जुन उसको रोग (यातना) का कारणहरू छलफल गर्दछ, अमेरिकी रक्षा विभागले स्वतन्त्र डाक्टरहरूलाई उनको उपचार गर्न अनुमति दिएको छैन र प्रमुख चिकित्सा अधिकारीका अनुसार तिनीहरूसँग आवश्यक सबै उपचार छैन । यहाँ जटिल चिकित्सा हेरचाह प्रदान गर्ने वा उचित शल्यक्रिया गर्ने क्षमता छैन,' अधिवक्ता प्रधानले भनिन् ।

'पटक पटकको अनुरोध भए पनि ह्वाइट हाउस र अमेरिकी रक्षा विभागले यहाँ उचित चिकित्सा र यातना पुनःस्थापना कार्यक्रम लागू गर्न वा बाँकी बन्दीहरूलाई उनीहरूलाई आवश्यक स्वास्थ्य उपचार प्राप्त गर्नसक्ने ठाउँहरूमा मानवीय आधारमा स्थानान्तरण गर्न पूर्णरूपमा अस्वीकार गरिरहेका छन् ।'

अधिवक्ता प्रधानले अमेरिकी सरकारले गठित ग्वान्टानामो सैन्य आयोगहरूको बारेमा पनि कुरा गरे जसले ग्वान्टानामो बन्दीहरूको दयनीय अवस्थालाई छर्लङ्ग पारेको छ । उनले प्रेस टिभी वेबसाइटसँगको कुराकानीमा भनिन्, 'यी सैन्य गुप्त स्थानहरू सम्भव भएसम्म यातना कार्यक्रमको धेरै विवरण लुकाएर सीआईएले यातनाबाट फाइदा लिनको लागि निर्माण गरिएका थिए ।'

'अमेरिकी सरकारले ९/११ को घटनापछि विदेशमा रहेका बन्दीहरूलाई मुद्दा चलाउन अदालतमा ल्याउनुको सट्टा यातना दिने निर्णय गऱ्यो । एकपटक उनीहरूलाई गोप्य जेलमा लुकाउन नसकेपछि त्यो यातनाका कारण उनीहरूलाई वास्तविक अमेरिकी अदालतमा मुद्दा चलाउन ढिलो भयो,' प्रधानले भनिन् ।

'सैन्य आयोग ऐन सरकारलाई प्राप्त प्रमाणहरू प्रयोग गर्न अनुमति दिनको लागि बनाइएको थियो तर उनीहरूलाई प्रतिरक्षालाई हामीले बहिष्कार गर्ने वा कम गर्ने कारकहरू – जस्तै बन्दीहरूको बारेमा आवश्यक जानकारी दिनबाट रोक्नको लागि प्रयोग गरिएको थियो ।' उनले थपिन् ।

अमेरिकामा रहेकी अधिवक्ता प्रधानले भनिन्, 'अमेरिकी सरकारले हाम्रो बैठक कोठामा सुन्ने यन्त्रहरू र एफबीआईले एक प्रतिरक्षा टोलीमा एक सूचनादाता राख्ने प्रयास गरेको छ ।' अमेरिकी सरकारले लगातार वकिल–ग्राहकको विशेषाधिकारमाथि आक्रमण गरेको छ । सैन्य आयोगहरूमा भ्रष्टाचारले कुनै पनि न्याय र न्यायिक प्रक्रियालाई रोक्छ ।'

अमेरिकी सरकारले ९/११ आक्रमणपछि मानिसहरूलाई हिरासतमा राख्न मुख्य भूमिबाट टाढा क्युवामा हिरासतमा राख्ने सुविधा किन रोजेको ? भन्ने प्रश्नमा प्रधानले अमेरिकाले 'पूर्ण नियन्त्रणको अभ्यास' र अन्तर्राष्ट्रिय र घरेलु कानुन लागू नहुने गरी यो निर्णय लिइएको बताइन् ।

'आजसम्म, संरा अमेरिकाले सैन्य आयोगहरूमा संविधान लागू गर्न अस्वीकार गरेको छ वा जेनेभा महासन्धिको साझा धारा – ३ को पूर्ण प्रावधानहरू बाँकी बन्दीहरूका निम्ति लागु गर्न चाहेको छैन । ग्वान्टानामोका बन्दीहरूका लागि कुनै वास्तविक कानुनी उपचार छैन, उनीहरूलाई संरा अमेरिकामा मुद्दा दायर गर्न अनुमति छैन र कुनै पनि देशले यी मानिसहरूलाई अवैध व्यवहारको लागि अमेरिकालाई अनुमोदन वा समर्थन पनि गर्दैन', उनले भनिन् ।

कुख्यात बन्दीगृह बन्द गर्न अन्तर्राष्ट्रिय आह्वानहरू चर्को रूपमा बढेको छ, तर जो बाइडेन प्रशासनले अघिल्लो प्रशासनले जस्तै नसुन्नेझैं गर्ने नीति अपनाएको छ । अधिवक्ता प्रधानले सुरुमा ग्वान्टानामो बन्दीगृहबारे अमेरिकी प्रचार अभियानको शक्ति आवश्यक रहेको बताइन् ।

'यहाँका सबै पुरुषहरूलाई 'सबैभन्दा खराब' भनेर बिल्ला लगाउँदै र उनीहरू सबैमाथि संरा अमेरिकाको विरूद्ध कुनै न कुनै प्रकारको लडाकुको रूपमा वर्गीकरण गर्दा आरोप उल्टाउन असम्भव साबित भएको छ ।' अधिवक्ता प्रधानले खुलस्त भनिन् ।

'ग्वान्टानामोमा कसैलाई पनि राख्नु हुँदैन भन्ने धारणा भए पनि धेरैजसो अमेरिकाको इनाम पचाउनका लागि उनीहरूले आफ्नो विवेक बेचिरहेका छन् । ती बन्दीमध्ये मुठ्ठीभरमाथि मात्रै अभियोग लगाइएको छ, धेरै अमेरिकीहरू अझै ग्वान्टानामोका बन्दीहरू सबै आतङ्कवादी हुन् भन्ने विश्वास गर्छन्," उनले भनिन् ।

# संरा अमेरिकाको युद्ध अपराध

इराकसँग आमविनाशकारी हतियार भएको सर्वथा कपोलकल्पित मिथ्या आरोपमा 'मानव अधिकार' र 'प्रजातन्त्र' को दुहाइ दिने संरा अमेरिकाले इराकमा हमला (सन् २००३ देखि २०११) गरेपछि इराकको अबु घ्रेब (Abu Ghraib) जेलमा अमेरिकी सेनाले हजारौँहजार इराकी महिला तथा युवालगायतका बन्दीहरूलाई नाजीले जस्तै मानव अधिकार विरुद्ध युद्ध अपराध गरी यातना र हत्या गरेका थिए। इन्टरनेटबाट लिइएका केही चित्र














## तस्बिरमा केही गतिविधि



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँगको साक्षात्कार कार्यक्रममा ख्वप अस्पतालले अहिले अँध्यारो रातमा चम्किलो बत्तीको रूपमा काम गरिरहेको बताउनुभयो । असोज २६ गते



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज र ख्वप कलेज अफ लको आयोजनामा शुभकामना आदानप्रदान तथा खेलकुद प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण । कार्तिक ३ गते




भक्तपुर नपाको आयोजनामा भक्तपुर नगरभित्रका सामुदायिक, संस्थागत र गुठीमा सञ्चालित विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला । असोज २२ गते



भक्तपुर नपाद्वारा आयोजित चित्रकला, वक्तृत्वकला र निबन्ध प्रतियोगितामा पुरस्कृत हुने १७ जना विद्यार्थीहरूलाई प्रमाणपत्र र नगद पुरस्कार वितरण । कार्तिक ४ गते

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुन:निर्माण विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समापन कार्यक्रम । कार्तिक १ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्य बीमा बोर्ड टेकुका कार्यकारी निर्देशक दामोदर बसौलासँग ख्वप अस्पताल र स्वास्थ्य बीमा बोर्डबीच भएको सम्झौताअनुसार बीमामा आबद्ध सेवाग्राहीहरूको सेवाबापतको सोधभर्ना रकम निकासाबारेमा छलफल । असोज २३ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट वडा नं. ३ स्थित जागृति माવि र श्री पद्म माविको स्थलगत निरीक्षण । कार्तिक १३ गते



भक्तपुर नपाको आयोजनामा भएको पाक शिक्षा तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई उप प्रमुख रजनी जोशीबाट पाठ्यक्रम तथा एप्रोन वितरण कार्यक्रम । असोज २६ गते

## तस्बिरमा केही गतिविधि



राष्ट्रिय सभाका उपाध्यक्ष उर्मिला अर्यालबाट भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग भेट । कार्तिक १३ गते



बेलायत, फिलिपिन्स, कम्बोडिया, थाइल्याण्ड, लावस, भारतलगायत विभिन्न देशका प्रतिनिधिहरूको टोली भक्तपुर नपामा । असोज २६ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग घाना, तान्जानिया र अर्जेन्टिनाका प्रतिनिधि टोलीको भेट । कार्तिक १४ गते



भक्तपुर नपाको आयोजनामा संस्थागत एवम् सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूलाई खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सुरु । कार्तिक १७ गते

## तस्विरमा केही गतिविधि



भक्तपुर नपा वडा नं. ७ को आयोजनामा नगरस्तरीय र वडास्तरीय योजनाहरुमा उपभोक्ता समिति र अनुगमन समितिमा बसी योगदान पुऱ्याउने पदाधिकारीहरुलाई कदरपत्र वितरण । कार्तिक २ गते



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको ब्लक बीको बन्दै गरेको नयाँ भवन ।








स्पिन इभेन्ट प्रालिद्वारा आयोजित तेस्रो अल नेपाल अन्तर वडा टेबलटेनिस प्रतियोगितामा भक्तपुरका राजीव चिकंबन्जार र ओखलढुंगाकी सुस्मिता खड्का च्याम्पियन (माथि) तथा भक्तपुर नपा वडा नं. २ महिला टीम इभेन्टमा स्वर्ण जित्न सफल । कार्तिक १-४ गते

# नवयुवकसँग अपिल



## 'प्रिन्स' क्रोपाट्किन

## नयाँ बाटो

तब के गर्ने त ? सुन।

यदि तिमी विज्ञानमा रुचि राख्छौ, वर्गविहीन समाजका सिद्धान्तलाई आत्मसात गरिसकेका छौ, हाम्रो ढोका ढक्ढक्याइरहेको परिवर्तनको साँचो अर्थ बुझिसकेका छौ भने विज्ञानलाई नयाँ सिद्धान्त अनुकूल बनाउन त्यसका हरेक शाखालाई पुनः सुधार गरिनु आवश्यक छ भन्ने कुरा तिमी बुझ्दैनौ र ? तिमी यस क्षेत्रमा यति ठूलो क्रान्ति उत्पन्न गरी देऊ जति सय वर्षको सम्पूर्ण वैज्ञानिक उन्नतिद्वारा पनि हुन सकेको छैन। यो तिम्रो कर्तव्य हो। हिजो आजका ऐतिहासिक ग्रन्थ बुढी बज्येको कथा झैं छ। त्यसमा ठूल्ठूला बादशाहहरू, ठूल्ठूला राजनीतिज्ञहरू र ठूल्ठूला राजसभा या संसद्‌हरूको किस्साबाहेक केही नभएको कुरा तिमीलाई थाहा छैन र ? अब इतिहास पनि नयाँ ढङ्गले लेखिनु पर्छ। त्यसमा मानवजातिको विकास क्रममा साधारण जनताको के स्थिति रह्यो सो लेखिनु पर्छ। त्यस्तै, पूँजीपति वर्गले लुटेका धनलाई पवित्र सिद्ध गर्ने साधन बनेको अर्थशास्त्र पनि पुनः लेखिनु पर्छ। अर्थशास्त्रको मूल सिद्धान्त र असङ्ख्य प्रयोगबारे आधुनिक ढङ्गले निर्णय हुनुपर्छ। यसरी नै मानवशास्त्र, समाजशास्त्र, नीतिशास्त्रमा पूरै परिवर्तन हुनुपर्छ र प्राकृतिक विज्ञानको विभिन्न शाखाहरूमा पनि आधुनिक विचारअनुसार पूर्ण रूपमा सुधार गरिनु आवश्यक छ।

अब तिमी कार्य आरम्भ गर। आफ्नो योग्यता लाई महान् उद्देश्य पूरा गर्नमा लगाऊ। विशेष गरेर आफ्नो प्रखर तर्क शक्तिबाट हाम्रो अन्धविश्वासहरू हटाउन र आफ्नो संयोगात्मक योग्यताद्वारा हाम्रो उत्कृष्ट सङ्गठनको जग बलियो बनाउन हामीलाई मद्दत गर। यति मात्र होइन, हामीलाई दैनिक विवादमा वैज्ञानिक अनुसन्धानको मुख्य लक्षणको रूपमा रहेको निडरताको भावनाबाट काम लिन सिकाऊ। जसरी प्राचीनकालका वैज्ञानिकहरू आफ्नो जीवनको उदाहरणद्वारा देखाउँथे त्यस्तै सत्यको रक्षाको निम्ति मानवले आफ्नो प्राणसम्म दिनसक्छ भन्ने कुरा तिमी पनि देखाऊ।

यदि तिमी डाक्टर हौ र कटु अनुभवबाट वर्गविहीन समाजको सत्यता थाहा पाइसकेका छौ भने मानिसहरूको रहन-सहन, मजदुरीको वर्तमान अवस्था यथावत रह्यो भने मानव समाज द्रुतगतिले पतनतिर अग्रसर हुने कुरा हामीलाई बारम्बार भनिरहनु तिम्रो कर्तव्य हो। तिमीले जनतालाई सम्झाउनु कि मानिसहरूको जन्म र वृद्धि स्वास्थ्य रक्षाका वैज्ञानिक नियमका प्रतिकूल परिस्थितिमा भइरहेसम्म डाक्टरहरूको औषधीले रोगहरू उन्मूलन गर्न सक्ने छैन। मानिसहरूलाई विश्वास दिलाऊ कि रोगहरूको खास कारण यही हो। त्यसैले यसको जरा नै उखेलेर फ्याँकी देऊ। मानिसहरूलाई यो कारण कसरी हटाउन सकिन्छ त्यो पनि बताऊ।

आफ्नो छुरा लिएर गल्दै सड्दै गइरहेको यो समाजलाई चिरिदेऊ। मानिसहरूलाई बताउनु कि बुद्धिमानीपूर्वक जीवनयापन गर्ने मार्ग के हो र त्यो कसरी प्राप्त गर्न सकिन्छ ? एक इमानदार चिकित्सकले झैं यस कुरामा जोड देऊ कि निर्जीव अङ्गलाई काटेर फाल्नु पर्छ हैन भने सम्पूर्ण शरीरमा त्यसले विष फैलाउँछ।

यदि तिमीले यन्त्र-विद्या र आधुनिक शिल्पकलाको अभ्यास गरेका छौ भने तिम्रो आविष्कारको के नतीजा निस्क्यो हामीलाई पनि बताउनु। अहिलेसम्म जो भावि कार्यक्रममा हिंड्न साहस गर्दैनन् तिनीहरूलाई आजसम्म मानवजातिले जति ज्ञान प्राप्त गरे त्यसबाट ठूल्ठूला आविष्कारहरू गर्न सकिने कुराको विश्वास दिलाऊ। तिनीहरूलाई सम्झाऊ कि यदि कल-कारखानाहरूको सङ्गठनमा सुधार ल्याइयो भने आश्चर्यजनक फल प्राप्त हुनसक्छ। यदि सबैले सधैं मानवजातिको हितलाई ध्यानमा राखेर वस्तु बनाउन थाल्यो भने उत्पादन धेरै गुना बढ्न सक्छ।

यति तिमी कवि, चित्रकार, मूर्तिकार या सङ्गीतज्ञ हौ र तिमीलाई आफ्नो साँचो कर्तव्यको ज्ञान छ, आफ्नो कलाको वास्तविक हित बुझ्छौ भने हामीसँग आऊ। आफ्नो कलम, पेन्सिल, छिनु र विचारलाई क्रान्तिको सेवामा लगाऊ। आफ्नो उत्साहजनक रचना या आफ्नो भावपूर्ण चित्रहरूबाट त्यस वीरतापूर्ण सङ्घर्षको स्मरण गराऊ जसमा अत्याचारीहरू विरुद्ध जनसमूह लडिरहेका छन्। युवाहरूको हृदयमा त्यस श्रेष्ठ क्रान्तिकारी उत्साहको आगो भरीदेउ जसले हाम्रा पूर्वजहरूको आत्मा उत्तेजित हुने गर्थ्यो। महिलाहरूलाई सम्झाऊ कि जो पति आफ्नो जीवन मानवजातिको उद्धारको महान् कार्यमा उत्सर्ग गर्छ त्यसको जीवन धन्य हो। मानिसहरूलाई तिनीहरूको वर्तमान जीवन कस्तो वीभत्स बनेको छ त्यसबारे ध्यान दिलाऊ र त्यस खराबीको कारण पनि बताऊ। जनतालाई सम्झाऊ यदि वर्तमान सामाजिक

सङ्गठनको मूर्खतापूर्ण र लज्जाजनक प्रथाहरूको कारण पैदा भएका बाधाहरूलाई हटाउन सकियो भने हाम्रो जीवन कस्तो उत्तम बन्न सक्छ ।

अन्तमा, तिमीहरूसँग भएका ज्ञान, वक्तृत्वशक्ति, योग्यता तथा परिश्रमका गुण, यदि तिमीमा सहानुभूति छ भने स्वयं र आफ्ना मित्रहरूलाई पनि ल्याऊ र आफ्नो सेवा ती मानिसलाई अर्पण गर जसलाई त्यसको सबभन्दा बढी आवश्यक छ । तर, यति अवश्य ध्यान राख कि तिमी मालिक बनेर होइन एक साथी, एक सङ्गी, एक बन्धुको रूपमा आउने छौ । तिमी आदेश दिन आउने छैनौ, नयाँ जीवनमा प्रवेश गरी स्वयं शक्ति प्राप्त गर्नको निम्ति आउनेछौ जसबाट भविष्यमा तिमीले उन्नति गर्न सक्नेछौ र विजय प्राप्त गर्नेछौ । तिम्रो काम मानिसहरूलाई उपदेश दिने होइन बरु तिम्रो मुख्य कर्तव्य तिनीहरूको आकाङ्क्षाहरू ग्रहण गर्ने, त्यसलाई उचित रूप दिने र कार्यरूपमा परिणत गर्ने हो । यो कार्य तिमीले बिनाआराम या नहडबडाई आफ्नो युवावस्थाको सम्पूर्ण उत्साह र जीवनभरको अनुभव लगाएर पूरा गर्नुपर्छ । यसो गरेर मात्रै तिमीले सर्वश्रेष्ठ र विवेक अनुकूल जीवन व्यतित गर्न सक्नेछौ । तब यस मार्गमा गरिएका तिम्रा सबै प्रयत्न पूर्णरूपले फलीभूत भइरहेको तिमी देख्नेछौ । र जब एक पटक तिम्रो कार्य र विवेक माझ उच्च कोटीको एकता उत्पन्न हुन्छ तब तिमीलाई तिमी भित्र सुषुप्त अवस्थामा रहेको तर कहिल्यै कल्पनासम्म पनि नगरेको शक्ति प्राप्त हुनेछ ।

यसरी तिमी जनसमूहको माझ रहेर सत्य, न्याय, र समानताकोलागि कहिल्यै नथामिने सङ्घर्ष गर्न सक्नेछौ । त्यसबाट सर्वसाधारणलाई आफ्नो गुण लगाउन सक्नेछौ । कुनैपनि जातिका युवाले यसभन्दा बढी कुन श्रेष्ठ जीवनको आकाङ्क्षा गर्न सक्छ !

अब म धनी उच्च वर्गकाहरूलाई सम्झाउन सक्छु कि तिम्रो जीवनमा उत्पन्न हुने द्विविधाबाट मुक्त हुनकोलागि तिमी लाचार भएर-यदि तिमी साहसी र सत्य प्रेमी छौ भने वर्गविहीन समाजका पक्षधरहरूतिर आउनुपर्छ, तिनीहरूसँग रहेर काम गर्नुपर्छ र दलभोगी भएर सामाजिक क्रान्तिको सफलताको निम्ति प्रयास गर्नुपर्छ । अनि थाहा पाउने छौ कि यो सिद्धान्त कति स्वाभाविक र सजिलैसँग बुझ्न लायक छ, तर सम्पन्न वर्गको पूरा प्रभाव परिसकेको मानिसलाई सम्झाउन झूटा तर्कहरूको खण्डन गरिनु, पक्षपातयुक्त भावनाहरू मेटाउनु र स्वार्थयुक्त भावनाहरू हटाउनु आवश्यक छ ।

*(नवयुवकहरूसँग दुई कुराबाट) अनु. : श्रेष्ठ)*

# प्रेरणीय

## गृहस्थ बन्ने कि साधु ?


शिक्षा समाप्तिपश्चात् एक व्यक्ति सन्त कबिरलाई भेट्न उनको आश्रममा पुगे । सन्तसितको भेटघाटपछि उनले प्रश्न गरे- मेरो मनमा दुईओटा प्रश्न आइरहेको छन्- शिक्षा समाप्त भयो, अब बिहे गरुँ कि सन्न्यास धारण गरुँ ? कृपया मलाई सही मार्ग देखाउनुहोस् ।

सन्त कबिरले भने- दुवै काम ठीक छन् । जे गर्ने हो, त्यो उच्चकोटिको होस् । आगन्तुकले प्रश्न गरे- कसरी हुन सक्छ त त्यस्तो उच्चकोटिको ? कबिरले भने- केही दिनमा सोचेर जवाफ दिनेछु । ती व्यक्ति हरेक दिन कबिर आश्रम धाउन थाले । एकदिन दिउँसोको १२ बजेतिर कबिर खुला र उज्यालो स्थानमा बसेर चर्खामा धागो कातिरहेका थिए । उनले पत्नीलाई टुकी बालेर ल्याउन आदेश दिए । पत्नीले कुनै प्रश्न नगरी तत्कालै बल्दो टुकी उनको नजिकै राखेर गइन् । टुकी बलिरह्यो, कबिर धागो कातिरहे ।

साँझतिर कबिरले ती व्यक्तिलाई एउटा पहाडमा लिएर गए । पहाडको निकै उचाइको कुटीमा एक वृद्ध साधु बस्थे । कबिरले तलैबाट ठूलो स्वरमा ती साधुलाई बोलाए । वृद्ध र बिरामी साधु मुस्किलले तल झरे । कबिरले प्रश्न गरे- साधु महाराज, तपाईंको आयु कति भयो ? साधुले जवाफ दिए- ८० वर्ष । यति जवाफ दिएर साधु मुस्किलले उकालो चढे र कुटीमा पुगे । कबिरले फेरि उनलाई तल बोलाए । साधु फेरि तल आए । कबिरले प्रश्न गरे- तपाईं कहिलेदेखि यहाँ बस्दै हुनुहुन्छ ? साधुले जवाफ दिए- ४० वर्षदेखि । फेरि ती साधु मुस्किलले माथि चढे र कुटीमा पुगे ।

कबिरले फेरि उनलाई तल बोलाए । साधु फेरि तल झरे । कबिरले प्रश्न गरे- महाराज, तपाईंका दाँत झरिसके कि बाँकी नै छन् ? साधुले जवाफ दिए- आधा झरिसके । साधु फेरि उस्तै शान्त भावमा उकालो चढे र कुटीमा पुगे । उनमा कुनै तनाव या आक्रोश थिएन ।

फर्किने समयमा कबिरले ती व्यक्तिसित भने- तिमी गृहस्थ बन्न चाहन्छौ भने त्यस्तो जीवनसाथी चयन गर, जसले बिनाप्रश्न तिमीमाथि भरोसा गरोस्, कुनै तर्क या वितर्क नगरोस् । अनि, साधु बन्न चाहन्छौ भने यस्तै साधु बन, जसले कुनै क्रोध, शोक या अप्ठ्यारोमा पनि सहज जीवन बाँच्न सकोस् ।




# नेपाल सरकारको वैधानिक कानून (७)

## भाग ५

### न्यायप्रबन्ध

**४८.** इन्साफ शीघ्र र सुलभ हिसावसँग दिइने प्रबन्ध हुनेछ। शुरुका देवानी र फौजदारी मुद्दाहरू ऐन र नियमले तोकिने बन्देज र देखरेखमा रही, ग्राम पंचायतहरूले हेर्नेछन्।

**४९.** इन्साफको निमित्त खडा भएका आम अड्डा अदालतहरूमा न्यायाधीशहरूबाट इन्साफ गरिनेछ। शुरूको र अपील सुन्ने अड्डाहरू अदालत गनिनेछन्।

**५०.** यस ऐनमा लेखिएबमोजिम अड्डा अदालतको नियम र बन्दोबस्त अदालत र न्यायाधीशहरूमा काम र हदको बाँडफाँड, भर्नाको नियम, नोकरीको हद, नोकरीलाई चाहिने ल्याकत र योग्यता र अरू सबै न्यायप्रबन्धसबन्धी विषयहरू ऐनमुताबिक हुनेछन्।

**५१.** कुनै अपर्झट परिस्थिति पर्न आएमा स्थापित भैरहेका साधारण अदालतहरूका कार्यक्रमद्वारा मुलुकको जनतामा शान्ति कायम राख्ने कारवाई हुन नसकेको देखियो भने श्री ३ महाराजबाट विशेष अदालतहरू खडा गरिबक्सनेछ।

**५२.** **(क)** श्री ३ महाराजका व्यवस्थापक सभाका सदस्यहरूमध्येबाट एक न्यायाधिकारी समिति खडा गरिबक्सनेछ। यसमा १२ जनाभन्दा नबढाई सदस्य रहनेछन्। यीमध्ये दुइ जनासम्म विशेष योग्यता भएका व्यवस्थापक सभाबाहिरका मानिसलाई पनि श्री ३ महाराजबाट नियुक्त गरिबक्सिनेछ।

**(ख)** यो समितिले तपसील बमोजिमको अख्त्यारी पाउनेछ।

(१) तोकिएका विशेष मुद्दाहरू हेर्ने सर्वोच अपील अड्डाको काम यस ऐनबमोजिम बनेको सवालसनद भित्र रही गर्ने।

(२) अदालतहरूले कुन कुन मुद्दामा कति कति न्यायाधीश बसी कुन किसिमबाट मुद्दा हेरी कारवाई चलाए सबैमा न्याय पर्न जान्छ भन्ने विचार गरी नियम र सवालहरू बनाउने।

(३) यो ऐनको ६ र ७ दफाबमोजिम कारवाई गर्ने।

**(ग)** यो ऐनको हदभित्र रही यो समितिको रचना र कार्यक्रमविषय नियमहरू समय २ मा सरकारबाट बन्नेछन्।

**५३.** **(क)** नेपालमा एक प्रधानन्यायालय रहनेछ।

**(ख)** प्रधान न्यायालयमा एक प्रधान न्यायाधीश र अरू १२ न्यायाधीशमा नबढाई श्री ३ महाराजबाट आवश्यकअनुसार समय २ मा भर्ना गरिने छ।

तर, प्रधान न्यायाधीश शिफारिस गरेमा दुइ वा निमित्त श्री ३ महाराजबाट थप न्यायाधीशहरू भर्ना गरिनेछ। यस तरीकाले भर्ना भएका न्यायाधीशहरूको बहाली रहेसम्म अरू प्रधानन्यायालयका न्यायाधीशहरूसरह नै अख्त्यार हुनेछ।

**५४.** प्रधान न्यायालयको हरएक स्थायी न्यायाधीशको उमेर पैंसठ्ठिवर्ष ननाघेसम्म बहाली कायम रहनेछ।

**तर-**

**(क)** न्यायाधीशले आफैले श्री ३ महाराजमा राजीनामा चढाई पद त्यागगर्न पाउनेछ।

**(ख)** व्यवस्थापिका सभाका दुवै सम्मेलनको सम्मिलित बैठकबाट कुनै न्याया धीश प्रमाणित बदचलन भएको वा काम चलाउन अयोग्य नठहरिएसम्म श्री ३ महाराजबाट वर्खास्त हुने छैनन्।

**(ग)** न्यायाधीशले ठूलो कसूर गरेमा वा मानसिक व शारीरिक अयोग्यता कारणबाट श्री ३ महाराजबाट सोधनी हुँदा न्यायाधिकारी समितिले कसूर वा अयोग्यताको समर्थन गरेमा नालायक वा कार्य गर्न नसक्ने ठहरिएको न्यायाधीशलाई श्री ३ महाराजबाट खारीज गरिबक्सनेछ।

**(घ)** प्रधान न्यायालयका न्यायाधीशहरूले श्री ३ महाराजबाट तोकिबक्से मुताविक तलब पाउनेछन्। तर बहाली रहेसम्म यिनीहरूको तलव घटबढ हुनेछैन।

**५५.** मुद्दाहरूको फाँट र लगत राख्ने काम प्रधान न्यायालयको हुनेछ र मातहतका अदालतहरूमाथि र इन्साफसंबन्धी विषयमा ऐनकानूनले तोकिएको अखत्यारी प्रधान न्यायालयले पाउनेछ।

**५६.** आफ्नो अखत्यारभित्रका सब अदालतहरूमाथि प्रधान न्यायालयको तालु क रहनेछ र तपसिलमा लेखिएको काम प्रधान न्यायालयले गर्नेछ :-

**(क)** कुनै मुद्दा झिकाई हेर्ने वा हेर्न लाउने,

**(ख)** कुनै मुद्दा वा अपील परेका मुद्दा एउटा अदालतबाट सम अखत्यारवाला अर्को अदालत वा त्यसभन्दा बढी अखत्यार भएको अदालतमा सार्ने,

**(ग)** आफ्ना मातहतका अदालतहरूको नियम र सिलसिला बसाइ सो जारी गर्ने,

**(घ)** अदालतहरूले स्याही स्रेस्ता राख्ने र मुद्दा मिसिलहरूको लगतकिताब खडा गर्ने तरीका तोक्ने,

तर चालु रहेका ऐनमा बाधा नखाने गरी नियमहरू र फार्महरूमा खडा हुनुपर्छ।

**५७.** यस ऐनमुताबिक हुनुपर्ने कुनै न्यायसम्बन्धी काम नचलेसम्म भइरहेका ऐन नियमहरू कायम रहनेछन्।

**५८.** ऐन र आफ्नो अखत्यारभित्र धर्म संभ्री कर्तव्यपालननिमित्त न्यायसंबन्धी काम गर्दा गराउँदा न्यायाधीश र अदालतका कर्मचारीहरूलाई बात नलागोस भन्नानिमित्त बचाउकोलागि चाहिंदो ऐन बन्नेछ।

**५९.** यो ऐनभित्र परको कुनै कुराले श्री ३ महाराजबाट अपराधीहरूलाई माफी, मिनाहा, ..... र सजाय घटाईबक्सने अधिकारमा असर पर्ने छैन। **(क्रमशः)**

## भक्तपुर नगरपालिका गतिविधि

### वडा नं. ३ मा शुभकामना आदानप्रदान




भक्तपुर नपा वडा नं. ३ को आयोजनामा विजया दशमी, नेपाल संवत् ११४४ को अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा असोज २ गते भयो।

कार्यक्रममा उपप्रमुख **जोशी**ले विदेशी कला संस्कृतिको हस्तक्षेपसँगै राजनैतिक हस्तक्षेप पनि आउने भएको हुनाले विदेशी संस्कृतिलाई भन्दा आफ्नै संस्कृतिलाई माया गरी चाडबाड मनाउनुपर्ने धारणा राख्नुभयो।

उहाँलेभन्नुभयो, हाम्रो कला संस्कृति आफ्नो मौलिक भएको र सभ्यतासँग जोडिएकोहुनाले भक्तपुर नपाले सदैव नेपालीहरूको सभ्यता, अस्तित्व र पहिचान जोगाउन लागिपरेको प्रष्ट पार्नुहुँदै नेमकिपाको मार्गनिर्देशन नै हाम्रो जनताको सेवा भएको धारणा राख्नुभयो।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**को अध्यक्षतामा भएको उक्त कार्यक्रममा नेमकिपा ३ का अध्यक्ष **रामसुन्दर खाताखो**, कार्यपालिका सदस्य **सुनिता अवाल** र वडा सदस्य **कृष्णगोपाल चौगुठी, राजकुमार शिल्पकार**ले पनि बोल्नुभएको थियो।

### बीमा रकम सोधभर्ना गर्न बीमा बोर्डका निर्देशक बसौलाको ध्यानाकर्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्य बीमा बोर्ड टेकुका कार्यकारी निर्देशक दामोदर बसौलासँग असोज २३ गते भेट गर्नुभयो। भेटमा उहाँहरूबीच



ख्वप अस्पताल र स्वास्थ्य बीमा बोर्डबीच भएको सम्झौताअनुसार ख्वप अस्पतालबाट बीमामा आबद्ध सेवाग्राहीहरूलाई प्रदान गर्दै आएको सेवाबापतको सोधभर्ना रकम प्राप्त हुन बाँकी रकम निकासाबारेमा छलफल भयो।

प्रमुख **सुनिल प्रजापति**ले स्वास्थ्य बीमा बोर्डबाट समयमै बीमा रकम सोधभर्ना नहुँदा स्वास्थ्य सेवा प्रवाहमा असहज परिस्थिति निम्तिएको बताउनुहुँदै बीमाबापतको रकम यथाशक्य छिटो निकासाको लागि आग्रह गर्नुभयो।

कार्यकारी निर्देशक **दामोदर बसौला**ले स्वास्थ्य बीमा कार्यक्रमबाट जनताहरू लाभान्वित भइरहेकोमा बोर्डले समयमै बीमा रकम सोधभर्ना गर्न क्रियाशील रहेको बताउनुभयो। उहाँले भुक्तानीको प्रक्रिया अगाडि बढिरहेको र दशैं अगाडि नै जेठ महिनासम्मको भुक्तानी गरिसक्ने प्रतिबद्धता जनाउनुभयो।

### काउली, बन्दा, फूलकोबी बालीमा लाग्ने गाँठे रोगसम्बन्धी अभिमुखीकरण




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नयाँ पुस्तालाई इमानदारीपूर्वक जनताको सेवा गर्न उत्साहित गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ६ द्वारा असोज २३ गते आयोजित बाली रोगसम्बन्धी प्रशिक्षण कार्यक्रममा प्रमुख प्रजापतिले किसानहरूले जग्गा बिक्री गर्ने क्रमलाई समयमै रोक्न सकेनन् भने भावि सन्तती विस्थापित हुनुपर्ने अवस्था आउनेछ भन्नुभयो ।

उहाँले आधुनिक प्रविधि र अर्ग्यानिक खेतीको मिश्रित तरिका अवलम्बन गर्न सके कृषि उत्पादन वृद्धि गर्न सक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कृषि प्रधान देशमा रसायनिक मल कारखाना नहुनु, धान र चामलजस्ता खाद्यान्न र तरकारी वर्षको खरबौँ रूपैयाँको आयात गर्नुपर्ने अवस्था आउनु विडम्वनापूर्ण छ ।'

भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने र सांस्कृतिक नगरको रूपमा जीवन्त राख्न भक्तपुर नगरपालिका क्रियाशील छ – उहाँले भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**को सभापतित्वमा भएको उक्त कार्यक्रममा भक्तपुर नपा ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले कृषिमा नयाँ प्रस्तावबारे जानकारी दिने उद्देश्यले प्रशिक्षणहरू सञ्चालन गरेको बताउनुभयो । त्यस्तै कार्यपालिका सदस्य रोशनमैंया सुवालले सरकारले किसानको हितमा कुनै काम नगरेको बताउनुभयो ।

कृषि प्राविधिक **रवि ख्याजु**ले काउलीमा लाग्ने गाँठे रोगसम्बन्धी प्रस्तुती दिनुभएको उक्त कार्यक्रममा स्थानीय गोपीकृष्ण चाँगुभारीले पनि बोल्नुभएको थियो ।

## २ वडामा कृषक भेला



भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा काउली, बन्दा तथा फुलकोबी बालीमा लाग्ने गाँठे रोग र माटो जाँचसम्बन्धी अभिमुखीकरण कार्यक्रम असोज २६ गते भयो ।

कार्यक्रममा २ नं. वडाका वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपपुर नपाले शिक्षा, स्वास्थ्य सँगसँगै कृषिलाई पनि प्राथमिकतामा राख्दै आएको र कृषकहरूको लागि तरकारी बजार, चिस्यान केन्द्रको निर्माण भइरहेको बताउनुभयो । कृषकहरूको उत्पादन वृद्धि गर्न विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनालाई समयमै सम्पन्न गर्न सबै जग्गाधनी मिलेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडा सदस्य **श्यामसुन्दर मातां**ले कृषिलाई प्रविधिसँग जोड्नुपर्ने बताउनुहुँदै हामी सबै मिलेर भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउनुपर्ने बताउनुभयो । २ नं. वडा कृषक समूहका संयोजक **रत्नकाजी नायभारी**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कृषि प्राविधिक **रवि ख्याजु** र कृषक **राजाराम बासुकला**ले पनि बोल्नुभएको थियो ।

## पाक शिक्षा तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई पाठ्यक्रम तथा एप्रोन वितरण



भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भइरहेको पाक शिक्षा तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई असोज २६ गते एक कार्यक्रमविच पाठ्यक्रम तथा एप्रोन वितरण कार्यक्रम भयो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नपाका उप प्रमुख **रजनी जोशी**ले तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्नुपर्ने कुरामा विशेष जोड दिनुभयो । पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति भन्ने नारालाई आत्मसात गरेर भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा प्राथमिकतामा राखी जनभावना अनुसार काम

गरिरहेको चर्चा गर्नुभयो। साथै उहाँले मौलिक खानाका परिकारलाई पनि प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं ७ का वडा अध्यक्ष **उकेश कवां**ले पाक शिक्षा तालिम व्यवसाय र संस्कृतिसँग पनि जोडिएकोले परम्परागत खानेकुराका परिकारमा पनि ध्यान दिनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं ३ का वडा अध्यक्ष **राजकृष्ण गोरा**ले नगरपालिकाले युवा लक्षित तालिम अन्तर्गत विभिन्न तालिमहरू दिँदै आएको प्रसङ्ग जोडनुहुँदै तालिममा हासिल गरेको ज्ञान, सीप तथा क्षमता उपयोग गरी पेशा अङ्गाल्नुपर्ने बताउनुभयो।

पाक शिक्षा तालिमका प्रशिक्षक **सुनिल दुवाल**ले तालिममा सैद्धान्तिकभन्दा पनि प्रयोगात्मकमा जोड दिँदै आएको बताउनुभयो।



महिला बालबालिका तथा समान कल्याण समितिका संयोजक **रोशनमैया सुवाल**को सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा समितिका सदस्य **हेरा ख्याजु** र **छोरीमैया सुजखु प्रजापति**ले पनि बोल्नुभएको थियो।

पाक शिक्षा तालिममा ६६ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ।

## नगरवासीहरूमा भएको ज्ञान, सीप र क्षमता नगर विकासमा प्रयोग गर्न आग्रह




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरवासीहरूमा भएको ज्ञान, सीप र क्षमता नगरको विकास र प्रगतिको लागि प्रयोग गर्न आग्रह गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा कार्तिक १ गते भएको शुभकामना आदानप्रदान कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले भक्तपुरमा अहिले धेरै विषयका बुद्धिजीवीहरू भएको उल्लेख गर्नुहुँदै सबैले आआफ्नो ज्ञान र क्षमता भक्तपुर विकासमा लगाउन सके देश विकासकै लागि महत्त्वपूर्ण योगदान हुने बताउनुभयो।

भक्तपुरबारे विभिन्न क्षेत्रमा भइरहेको टीकाटिप्पणी र चर्चाबारे उहाँले भन्नुभयो, हामी पार्टीका कार्यकर्ता हौं। पार्टीको नीति र निर्देशनमा चल्छौं। हामी प्रशंसा होइन रचनात्मक आलोचना चाहन्छौं। जनताको हितमा कसैले सल्लाह, सुझाव र आलोचना गरे पनि त्यसलाई सम्बोधन गर्ने कोसिस गर्छौं।

उहाँले सरकारमा पुगेका शासक दलहरूले देश र जनताको हितमा नसोचेर आफ्नो व्यक्तिगत र दलगत स्वार्थलाई मात्र ध्यान दिएको कारण राजनीतिप्रति नै जनतामा वितृष्णा आएको भन्नुहुँदै राजनीति जनताको सेवा हो, जनताको सेवा कसरी नराम्रो हुनसक्छ ? भन्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाबाट भएका विकास निर्माणको काममा वडावासीहरूबाट पाएको साथ र सहयोगको लागि धन्यवाद दिनुहुँदै वडाको विकासका लागि निरन्तर सहयोगको अपेक्षा गर्नुभयो।

नगरवासीहरूको सहयोगले नै शिक्षा, स्वास्थ्य र सरसफाइ क्षेत्रमा आजको परिवर्तन आएको हो – उहाँले भन्नुभयो।

भक्तपुर नपा वडा नं. १ नपली सिर्जना नगरका **राममणि पोखरेल**ले स्वास्थ्य, शिक्षा क्षेत्रमा देशकै उदाहरणीय नगरको रूपमा विकास भइरहेको भक्तपुरले कृषि विषयमा पनि समय समयमा किसानहरूलाई तालिम दिएर दक्ष बनाउनु अत्यन्त सराहनीय कार्य हो भन्नुभयो।

सांस्कृतिक गुरु एवम् कलाकार **देवचन्द्र बज्राचार्य**ले नगर क्षेत्रमा बिजुली बत्तीबारे केही समस्या भएको उल्लेख गर्नुहुँदै भक्तपुर नपालाई थप उचाइमा पुऱ्याउन नगरवासीहरूले पनि आ-आफ्नो क्षेत्रबाट रचनात्मक सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

पूर्व वडाध्यक्ष **लक्ष्मीनारायण खत्री**ले बजारमा गाडा र साइकलले सामान बेच्नेहरूलाई नियन्त्रण गर्न सके भक्तपुर थप सफा र सुन्दर हुने बताउनुभयो।

वडाध्यक्ष खत्रीको सभापतित्वमा भएको उक्त कार्यक्रममा नगरसभासद्हरू **गंगा बमनु, कल्पना शिल्पकार र सूर्यप्रसाद श्रेष्ठ**लगायतले दशैंको शुभकामना दिनुभएको थियो ।

## प्रवासी नेपालीलाई मताधिकारले देशलाई गम्भीर र दीर्घकालीन असर पर्ने




भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा नगरस्तरीय र वडास्तरीय योजनाहरू निर्माणमा उपभोक्ता समिति र अनुगमन समितिमा बसी योगदान पुऱ्याउने पदाधिकारीहरूलाई कदरपत्र वितरण तथा दशैंको शुभकामना आदानप्रदान कार्यक्रम कार्तिक २ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले नेपाली नागरिकलाई नागरिकता दिनुमा कुनै समस्या नभएको तर प्रवासी नेपालीहरूलाई मताधिकार दिने विषयले देशलाई गम्भीर र दीर्घकालीन असर पर्ने बताउनुभयो ।

विदेशमा बस्ने लाखौँ सङ्ख्याका नागरिकहरूले मतदान गर्दा विदेशीको स्वार्थ पूरा हुनेतर्फ केन्द्रित हुने बताउनुहुँदै लेण्डुपले सिक्किम भारतमा विलय गरेझैँ नेपाललाई पनि भारतको अङ्ग बनाउन भारतका शासक वर्गको स्वार्थ पूरा गर्न विदेशमा बसेकाहरूलाई मताधिकार एक राम्रो हतियार बन्ने खतरा अहिले नेपाललाई भएको बताउनुभयो ।

एमसीसी र एसपीपी नेपालको हित विपरीत भएको बताउनुहुँदै उहाँले विदेशीलाई राजनीतिक अधिकार दिनु भनेको नेपालको संसदमा विदेशीहरूको हालीमुहाली चल्नु हो र संसद् विदेशीले कब्जा गर्ने स्थिति आउन सक्नेतर्फ इंगित गर्नुभयो ।

शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणलगायतमा पछाडि परेको भक्तपुर आज सबैको लागि एक आकर्षक गन्तव्यस्थल बनिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले नगरको सन्तुलित विकासमा विशेष जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले वडाका विकास निर्माणका गतिविधि विस्तृतमा अवगत गराउनुहुँदै हनुमानघाटको पानी सफा गर्नु चुनौतीपूर्ण बनिरहेको र हाल उक्त क्षेत्रमा उपचार पोखरी निर्माणको क्रममा रहेको बताउनुभयो ।

वडाले भ्क्षौरबहीभित्र सङ्ग्रहालय निर्माण गर्ने योजना बनाइरहेको बताउनुहुँदै उहाँले वडाका हरेक गतिविधिमा सक्रियतापूर्वक सहभागी सम्पूर्ण वडावासीहरूमा धन्यवादज्ञापनका साथै दशैंको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा ७ वडाका इन्चार्ज **कृष्णगोविन्द खाइजु**, वडा सदस्य **हेरा ख्याजु**, वडा सचिव **विजय लोहला**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख प्रजापतिले उपभोक्ता समिति र अनुगमन समितिका पदाधिकारीहरूलाई कदर पत्र प्रदान गर्नुभयो ।

## देशका प्रमहरू पुँजीपतिहरूको घेरामा

भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजनामा विजया दशमी, दिपावली, नेपाल संवत् ११४४ र छठ पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम नेपाल मजदुर किसान पार्टीको केन्द्रीय सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा कार्तिक ३ गते भयो ।



कार्यक्रममा प्रमुख अतिथि **प्रेम सुवाल**ले वर्षमा प्रतिपरिवारले सत्तरी किलोग्राम खाना खेर फाल्ने गरेको बताउनुहुँदै भारतले चामल नपाठाउने धम्किसँगै हामीले दशैंमा खाना खेर नफाल्न र समुचित ढङ्गले र मितव्ययी तरिकाले दशैं मनाउनु पर्ने बताउनुभयो ।

उहाँले दक्षिण एसियामा नै गरिब देश हुनुमा शासक दलहरू दोषी रहेको बताउनुहुँदै अहिले सरकारमा रहेका प्रधानमन्त्री 'प्रचण्ड' १० वर्षे कथित जनयुद्धबाट तीन पटक प्रधानमन्त्री भएर पनि त्यतिवेला गरेको वाचाहरू, नेपालका कृषिका विद्यार्थीहरूलाई इजरायल पठाएर मृत्यु वरण गर्नु पर्ने अवस्था, नेपालको भूमि कालापानीको टिङ्करमा भारतका प्र.म. मोदी नेपाल आएर खुल्ला हाँक दिनु, एमसिसि कार्यान्वयन, फुकोट कर्णाली भारतलाई दिनु, ललिता निवास काण्ड, ठमेलको थहितिको छायाँ कम्प्लेक्स भवन, दिनबन्धु स्टेट, भुटानी शरणार्थी काण्ड र सुन काण्डका कारण तनावमा रहेको बताउनुभयो ।

उहाँले प्यालाष्टाइनको जेरुसेलममा यहुदी बस्ती बसाएसँगै प्यालेष्टीनीहरू स्वाधिनता र देशभक्तिपूर्ण सङ्घर्ष गरिरहेको

स्थानमा नेपालीहरू पठाएर सरकारले नेपाली युवाहरूको हत्या गरेको बताउनुभयो ।

उहाँले देशका प्रमहरू पुँजीपतिहरूको घेरामा रहेको बताउनुहुँदै बजेट बनाउँदा व्यापारी उद्योगी विनोद चौधरीको विना रोकतोक ओहोरदोहोरले प्रमाणित भएको बताउनुभयो ।

वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले सभापतित्वको आशनबाट देश र समाज राम्रो बनाउन नेमकिपाले काम गरिरहेको बताउनुहुँदै नेमकिपा प्रकाशस्तम्भको रूपमा रहेको बताउनुभयो ।

उहाँले सरकारले भक्तपुर नपालाई पाउनुपर्ने बजेट नपठाई, स्वास्थ्य बीमाको रकम समेत नपठाई विभेद गरेको छ भन्नुभयो ।

कार्यक्रममा वडासदस्य **तारादेवी शाक्य**, **कृष्णनारायण दुमरु**, छिकोङ्ग प्रशिक्षक **मुना बासुकला** र समाजसेवी **लक्ष्मीप्रसाद चवाल**ले पनि बोल्नुभएको थियो ।

## प्रतियोगिताको पुरस्कार वितरण

### 'शासक दलका नेताहरू विदेशबाट निर्देशित र आत्मसमर्पणवादी हुन्'




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले शासक दलका नेताहरू विदेशबाट निर्देशित र आत्मसमर्पणवादी भएको आरोप लगाउनुभयो ।

विजया दशमीको अवसरमा भक्तपुर नगरपालिकाद्वारा कार्तिक ४ गते आयोजित शुभकामना तथा पुरस्कार वितरण कार्यक्रममा सांसद सुवालले उक्त कुरा बताउनु भएको हो ।

उहाँले सिद्धान्तहीन सरकारले जनताको लागि सेवा गर्न नसक्ने बताउनुहुँदै देश र जनताको लागि सेवा गर्ने व्यक्ति समाजका हिरो हुने भन्नुभयो । उहाँले नेपाल कृषिप्रधान देश भएर पनि खाद्यसामग्रीहरूमा परनिर्भर हुनु विडम्बना भएको बताउनुहुँदै सबै स्थानीय तहहरूमा कृषि विज्ञको व्यवस्था हुनुपर्ने बताउनुभयो ।

उहाँले जनप्रतिनिधिले निर्वाचन घोषणापत्रलाई आधार बनाई काम गर्नुपर्ने र कर्मचारीहरूले जनप्रतिनिधिहरूको नीति कार्यान्वयन गर्न प्रतिबद्ध भई कार्यक्षेत्रमा खटिन निर्देशन दिनुहुँदै नयाँ पुस्तालाई साहित्य सिर्जनामा उत्साहित गर्न विद्यालयहरूमा राम्रा राम्रा साहित्यकारहरूबाट साहित्य लेखनसम्बन्धी प्रशिक्षण दिनुपर्ने बताउनुभयो ।

प्रमुख अतिथि सुवालले देशको लागि योग्य नागरिक तयार गर्न नगरपालिका उदाहरणीय हुनुपर्ने सुझाव दिनुहुँदै चाडपर्वहरूमा खानपानमा विशेष ध्यान दिई कर्मचारीहरूले लामो विदामा आफ्नो व्यक्तित्व विकासको लागि नयाँ पुस्तक अध्ययन गर्नुपर्ने र नयाँ भौगोलिक क्षेत्रको अध्ययन अवलोकन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले जनप्रतिनिधिहरूको दीर्घकालीन सोच र लक्ष्य पूर्तिको लागि नीति कार्यान्वयन गर्ने कर्मचारीहरू भएको हुँदा कर्मचारीहरूले अनुशासित र इमानदारीपूर्वक सेवा गरेमात्र जनताले सुखको अनुभूति गर्न पाउँछन् भन्नुहुँदै देशको सुरक्षाको निम्ति कर्मचारी र विद्यार्थीहरू राजनीतिक रूपमा सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई सकृय बनाउन समय समयमा विद्यार्थीहरूको लागि खेलकुद प्रतियोगिता, टोल-टोलमा ब्यायामशाला र शारीरिक व्यायामको प्रशिक्षण दिँदै आएको बताउनुहुँदै अन्य नगरपालिकाका प्रतिनिधिहरूले भक्तपुर नगरपालिकाले गर्दै आएको समाजवाद उन्मुख कार्यहरूको अध्ययन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले कर्मचारीहरूले विदाको समयमा स्वास्थ्यबारे सचेतना जारी राखी समुदायमा भिजेर काम गर्न प्रेरित गर्नुभयो ।



भनपा-७ का वडाध्यक्ष **उकेश कवां**ले अहिलेको प्रतिस्पर्धी समाजमा विद्यार्थीहरूले अझ बढी मिहिनेत गर्नुपर्ने तथा भक्तपुर पर्यटकीय गन्तव्यस्थल भएकोले कर्मचारीहरूले

चाडपर्वको समयमा सरसफाइलाई विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।



कार्यक्रममा भनपा-९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**, भनपा-५ का वडाध्यक्ष **योगेन्द्रमान विजुक्छें** र शिक्षा शाखाका **साधुराम फुयाँल**ले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि सुवालले चित्रकला, वक्तृत्वकला र निवन्ध प्रतियोगितामा पुरस्कृत हुने विभिन्न विद्यालयका १७ जना विद्यार्थीहरूलाई प्रमाणपत्र र नगद पुरस्कार वितरण गर्नुभयो ।

## नगर प्रमुख सुनिल प्रजापति विद्यालय निरीक्षणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ३ स्थित जागृति माध्यामिक विद्यालय र श्री पद्म माविमा कार्तिक १३ गते स्थलगत निरीक्षण गर्नुभयो ।

प्रमुख प्रजापतिले विद्यालयमा विद्यार्थीहरूको उपस्थिति र शिक्षण क्रियाकलापको अवस्थाबारे बुझ्न विद्यालयहरूको निरीक्षण गर्नुभएको थियो ।

दशैं बिदा सकिएलगत्तै कार्तिक १२ गतेबाट भक्तपुरका विद्यालयहरू सञ्चालनमा आएका छन् ।

विद्यालयहरूमा काठमाडौं उपत्यका बाहिरका विद्यार्थीहरू दशैं मनाउन घर गएका नफर्केका कारण उपस्थित विद्यार्थीहरूको सङ्ख्या न्यून भएको जागृति माविका प्रअ प्रकाशमान बज्राचार्यले बताउनुभयो ।

त्यस्तै पद्म माविका प्रअ राम हाडाले भने दशैंलगत्तै विद्यालय नियमित सञ्चालन गर्दा पहिलो दिन भने विद्यार्थीको सङ्ख्या थोरै भएको र दोस्रो दिन उत्साहजनक उपस्थिति रहेको जानकारी दिनुभयो ।

निरीक्षणमा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, नगर शिक्षा अधिकृत साधुराम फुँयाल, नगर शिक्षा शाखाका अधिकृत कृष्णप्रसाद कर्माचार्यको पनि सहभागिता रहेको थियो ।

## सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूको खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सुरु




भक्तपुर नगरपालिकाको आयोजनामा संस्थागत एवम् सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूको खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम कार्तिक १७ बाट सुरु भएको छ ।

तालिमको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको सर्वाङ्गीण विकास गर्ने सोचले नगरपालिका अगाडि बढिरहेको बताउनुहुँदै विद्यार्थी केन्द्रित खेलकुद गतिविधि सञ्चालनले देशको लागि आवश्यक उत्कृष्ट खेलाडीहरू उत्पादन गर्न मद्दत पुग्ने बताउनुभयो ।

इजरायली आक्रमणको विरोधमा प्यालेस्टाइनको पक्षमा

विश्वका धेरै देशले आवाज उठाइरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले नेपाली जनताले पनि इजरायलबाट भइरहेको नरसंहारको विरोध र निन्दा गर्नु आवश्यक भएको बताउनुभयो।

उहाँले एकजना शिक्षकले धेरै विद्यार्थीहरूलाई प्रशिक्षित गर्ने हुँदा भक्तपुर नपाले विद्यालयका शिक्षकहरूलाई लक्षित गरी यो तालिम सञ्चालन गरेको बताउनुभयो। उहाँले खेलकुदको माध्यमबाट युवा विद्यार्थीहरूलाई सक्रिय तुल्याउन खेलकुदलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै नयाँ खेलाडीहरूलाई उत्साहित गर्न पनि टेवा पुऱ्याएको बताउनुभयो।

भक्तपुर नपाले खेलकुद गतिविधि सञ्चालनसँगसँगै खेलकुद पूर्वाधार निर्माणको सिलसिलाअन्तर्गत वडा नं. ८ लिबालीमा कभर्ड हल सञ्चालनमा ल्याइसकेको र ब्याडमिन्टन कभर्ड हल निर्माणको अन्तिम चरणमा पुगेको सोही अवसरमा उहाँले बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले प्रत्येक वर्ष खेलकुद गतिविधिलाई महोत्सवको रूपमा सञ्चालन गरी विद्यार्थीहरूलाई उत्साहजनक सहभागिता गराउँदै आएको बताउनुभयो। उहाँले भक्तपुर नपाले अरनिको सभाभवन निर्माण, खेलमैदानहरू निर्माणलाई प्राथमिकतामा राख्दै काम गर्दै आएको बताउनुहुँदै खेलाडीहरू देशभक्त हुनुपर्नेमा जोड दिनुभयो।



त्यस्तै भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**, राष्ट्रिय भलिबल रेफ्रि **विनोदचरण राय**ले पनि बोल्नुभएको थियो भने भनपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले धन्यवादज्ञापन गर्नुभएको थियो।

भक्तपुर नपाको आयोजनामा हुने ८ दिने खेलकुद प्रशिक्षक तालिममा सुरक्षा तथा प्राथमिक उपचार, फुटबल, पाठयोजना, भलिबल, खोखो, एथ्लेटिक्स, छिकोङ खेलको प्रशिक्षण हुने जानकारी वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले दिनुभयो।

# eQmk'/ gkfsf]cgudg

## सहकारी अनुगमन

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिको अगुवाईमा भक्तपुर नगरपालिका वडा नं. १० स्थित बहुउद्देश्यीय सहकारी संस्था र बचत तथा ऋण सहकारी संस्थाको असोज २२ गते अनुगमन गरियो।

अनुगमनमा सञ्चालक समितिको बैठक नियमित नबसेको, सञ्चालकका अध्यक्षले जथाभावी ऋण लगानी गरी आफूले राजीनामा दिएर नयाँ व्यक्तिलाई अध्यक्ष बनाएको, विनाधितो ऋण प्रदान गरेको, समयमा साधारणसभा नगरेको, सहकारीले समुदायको हितको निम्ति कुनै गतिविधि नगरेको पाइएको छ। साथै संस्थाले सहकारीका सदस्यहरूको लागि तालिम सञ्चालन नगरेको, सदस्यहरूको बचत फिर्ता गर्न नसकेको, कार्यक्षेत्रभन्दा बाहिरका सदस्य भएको, विनासदस्य भई अधिक कारोबार गरेको देखिएको सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाले बताउनुभयो।

उक्त अनुगमन टोलीमा श्यामसुन्दर मातां, हरिरत्न गोर्खाली, कृष्णगोपाल चौगुठी, तारा शाक्यलगायतको सहभागी थियो।

## मिनिमार्ट र मासु पसल अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकमा रहेको मिनिमार्ट र मासु पसलको असोज २४ गते अनुगमन गरियो।

दशैंलाई दृष्टिगत गरी अनुगमन गरेकोमा म्याद नाघेको र लेबल नभएको सामानहरू धेरै भेटाएको संयोजक गोराले बताउनुभयो ।

नवदुर्गा मल्टि स्टोरलाई प्याकेजिङ्ग सामानहरू खाद्य अनुज्ञा पत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न, साईन बोर्ड राख्न निर्देशन दिई म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गर्नुका साथै तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

च्याम्हासिह कोल्ड स्टोरमा छिमेकी र स्थानीयको गुनासो आएकोले पसलमा पशुपन्छि वध नगर्न निर्देशन दिई मूल्य सूची व्यवस्थित गर्न, एप्रोन सेतो प्रयोग गर्न र बिग्रेको खसीको मासु साढे एक केजी जफत गरी नष्ट गरियो ।



विग मार्टमा पसल नवीकरण गर्न, पिकनिक दालमोठ लेबल प्रष्ट नभएकोले जफत गरी नष्ट गरियो भने तरकारीको मूल्य बाहिर भन्दा महँगो भएकोले खरिद बिलसहित नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

## कमलविनायकमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा च्याम्हासिंह, सूर्यमढी, इनाचो र सुकुलढोकामा रहेको मिनिमार्ट र खाद्य पसलको असोज २५ गते अनुगमन गरियो । अनुगमनमा म्याद नाघेको सामानहरू धेरै भेटाएकोले जफत गरी नष्ट गरेको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा नमस्ते किराना स्टोरमा पसल नवीकरण गर्न, प्याकेजिङ्ग सामानहरू खाद्य अनुज्ञा पत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न र म्याद नाघेको दर्जनौं थरिका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो भने तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।



सुनगाभा स्टोर नवीकरण गर्न र म्याद नाघेका थुप्रै थरिका विभिन्न सामानहरू जफत गरी नष्ट गर्नुका साथै तीन दिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

भिमसेन खाद्य स्टोरलाई नवीकरण गर्न, साइनबोर्ड राख्न, मूल्य सूची व्यवस्थित गर्न, सरसफाइमा ध्यान दिन निर्देशन दियो । शाख मार्ट प्रा.लि. नवीकरण गर्न र पसल राम्रो र व्यवस्थित सञ्चालन भएकोलाई निरन्तरता दिन निर्देशन दियो ।

अनुगमन टोलीमा समितिका सदस्यहरू वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैया सुवाल र रिता फसिकवा, ज्ञान बहादुर मानन्धर, न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी व्याञ्जू, जिल्ला प्रशासन कार्यालयका यादवप्रसाद मिश्र, महानगरीय प्रहरी परिसरका प्रहरी भगउरप्रसाद हरिजन र विनोद धिताल, उद्योग बाणिज्य सङ्घका राजेश त्वानाबासु र विश्वराम दुवाल, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका मिना भट्टराई, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी लगायतका प्रतिनिधिहरू सहभागी रहेको थियो ।

भक्तपुर
BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# शैक्षिक गतिविधि

## सामुदायिक, संस्थागत र गुठीमा सञ्चालित विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरभित्रका सामुदायिक, संस्थागत र गुठीमा सञ्चालित विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला असोज २२ गते भयो ।

भेलामा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षक आन्दोलन र त्यसको औचित्यमाथि प्रष्ट पार्नुहुँदै शिक्षा विधेयकमार्फत जिल्ला शिक्षा कार्यालयको पुन:स्थापना गर्न खोज्नु संविधान र सङ्घीयताविरोधी प्रतिगामी कदम भएको बताउनुभयो ।

शिक्षा विधेयकमा स्थानीय तहको अधिकार कटौती गरी सङ्घमा पुऱ्याउने प्रतिगामी प्रावधानहरू रहेको उल्लेख गर्नुहुँदै उहाँले नेपालको संविधान २०७२ ले मावि तहसम्मको शिक्षाको एकल अधिकार स्थानीय तहलाई दिएको बताउनुहुँदै संविधानले प्रदान गरेको त्यो अधिकार कुनै पनि बहानामा कसैलाई खोस्न दिन नहुने बताउनुभयो ।

संविधानले निर्दिष्ट गरेका अधिकार समेत कार्यान्वयनमा ल्याउन नचाहने सरकार सङ्घीयताको पक्षधर हुन नसक्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले सङ्घीयताको राम्रो अभ्यास गरिरहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाले सामुदायिक र संस्थागत विद्यालयमा अध्ययरत विद्यार्थीहरूलाई समान शिक्षा दिने विषयमा जोड दिँदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापनाको उद्देश्यअनुसार आवश्यक पूर्वाधार निर्माण गर्दै आएको तर सरकारको सङ्कुचित सोच र पक्षपातपूर्ण व्यवहारले गर्दा ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिमा ढिलाइ भइरहेको बताउनुभयो ।

भक्तपुर नपाले आफ्नै स्रोत र साधनको अधिकत्तम प्रयोग गरी भक्तपुरलाई शिक्षा, स्वास्थ्य र पर्यटनको एक आकर्षक गन्तव्यको रूपमा विकास गरिरहेको बताउनुहुँदै आर्थिक रूपमा स्वतन्त्र नभएको देश राजनैतिक रूपमा पनि कहिल्यै स्वतन्त्र हुन नसक्ने उहाँले बताउनुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले समाज विकासको महत्त्वपूर्ण जग शिक्षा क्षेत्र भएको बताउनुहुँदै भक्तपुरको शिक्षा विकासमा भक्तपुर नपाले विशेष प्राथमिकता दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले शिक्षा क्षेत्रबाहेक पनि ख्वपको पहिचान बोकेको यहाँको कला संस्कृति, सम्पदा संरक्षणमा पनि जोड दिँदै आएको बताउनुहुँदै उपप्रमुख जोशीले ख्वप पहिचान सन्दर्भ सामग्रीको माध्यमबाट सामाजिक गतिविधिमा यहाँका विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहँदै आएको सकारात्मक छ भन्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले अन्य नपाभन्दा फरक विशेषतायुक्त भक्तपुर नगरपालिकाबाट सिक्न देशका विभिन्न स्थानीय तहहरू, सङ्घ संस्थाहरू भक्तपुरको अध्ययन भ्रमणमा आउने सिलसिला चालु रहेको बताउनुहुँदै भक्तपुरको शैक्षिक प्रगतिमा यहाँका विद्यालयहरूले आगामी दिनहरूमा पनि महत्त्वपूर्ण सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

नवनियुक्त नगर शिक्षा अधिकृत **साधुराम फुयाल**ले भक्तपुरको शिक्षा विकासको लागि सबैको प्रयास अपरिहार्य भएको बताउनुहुँदै शिक्षाको प्रगति र उन्नतिको लागि



आफ्नोतर्फबाट सधैँ सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा संयुक्त परीक्षा समितिका **रोशनराज तुईतुई**ले भक्तपुर नपाले भक्तपुरको शैक्षिक स्तर उकास्ने हेतुले विद्यालय अनुगमन निरीक्षण तथा प्राविधिक समिति गठन गरी विविध कार्यहरू गर्दै आएको बताउनुहुँदै स्थानीय पाठ्यक्रमको परिमार्जन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सार्वजनिक परीक्षा समितिका **राम हाडा**ले विद्यार्थी सङ्ख्याको अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गर्नु आवश्यक रहेको बताउनुहुँदै शिक्षकहरूको योग्यताअनुसार शिक्षकहरूको तहवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

आधारभूत विद्यालय तथा परीक्षा समितिका **सूर्यबहादुर पन्च**ले आधारभूत तहलाई व्यवस्थित र स्तरीय बनाउन सके उच्च शिक्षा स्वतः राम्रो हुँदै जाने बताउनुहुँदै भक्तपुरको शैक्षिक क्षेत्रमा उपलब्धीमूलक शिक्षा प्रदान गर्न सबैको संयुक्त प्रयास जरुरी रहेको बताउनुभयो ।

प्याब्सन नगर समितिका अध्यक्ष **रमेशचन्द्र श्रेष्ठ**ले भक्तपुर नपाले भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयसँग हरेक विषयमा सहजीकरण गरिरहेको बताउनुहुँदै शिक्षा क्षेत्रमार्फत भइरहेको गतिविधिले समाजमा समेत राम्रो प्रभाव परेको बताउनुभयो ।

एन प्याब्सनका तर्फबाट **शिवकृष्ण कवां**ले विद्यालयका शिक्षकहरूबीच शिक्षा विधेयकबारे व्यापक छलफल आवश्यक रहेको बताउनुहुँदै एसईई परीक्षा हटाउँदा शिक्षाको गुणस्तरमा पर्ने असरबारे पनि स्पष्ट हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा शिक्षा शाखाका **कृष्णप्रसाद कर्माचार्य**ले पनि कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

## हार्दिक समवेदना



**स्व. पूर्णनारायण ज्याख्व**

**जन्म : २०१२ कार्तिक १८ | निधन : २०८० कार्तिक १२**

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वका पुजनीय पिता **पूर्णनारायण ज्याख्व**को असामयिक दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका परिवार**

# वडाध्यक्ष ज्याख्वका पिताको निधन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वका पिता पूर्णनारायण ज्याख्वको कार्तिक १२ गते बिहान निधन भयो । खाना नलीमा क्यान्सरबाट पीडित उहाँको बिहान ७:४४ बजे भक्तपुरस्थित क्यान्सर अस्पतालमा निधन भएको हो । उहाँ ३ वर्षदेखि क्यान्सरबाट पीडित हुनुहुन्थ्यो ।



मृतक ज्याख्वको शवमा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवाल र नेपाल मजदुर किसान पार्टी नगर समिति भक्तपुरका अध्यक्ष नारायणबहादुर दुवालले किसान सङ्घको झन्डा ओढाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । मृतक ज्याख्वको सोही दिन दाहसंस्कार गरियो ।

पिता पूर्णबहादुर ज्याख्व र माता जगतमाया ज्याख्वका छोरा पूर्णनारायण ज्याख्वको जन्म २०१२ कार्तिक १८ गते भएको थियो । उहाँका दुई छोरा र दुई छोरी हुनुहुन्छ । मृतक ज्याख्व किसान सङ्घमा आबद्ध हुनुहुन्थ्यो । नेमकिपा र नेपाल क्रान्तिकारी किसान सङ्घको हरेक आन्दोलनमा सक्रिय सहभागिता जनाउने उहाँ निडर, निर्भिक असल किसान कार्यकर्ता हुनुहुन्थ्यो । पार्टी र अन्य जनवर्गीय सङ्गठनको आयोजनामा हुने सभा, भेलामा उहाँ सहभागी हुनुहुन्थ्यो । बाली बाट्ने आन्दोलनदेखि अन्य विभिन्न आन्दोलनमा सरिक उहाँ साथीभाइसँग हेलमेल गर्नुहुन्थ्यो । हँसी ठट्टा गर्न रुचाउने उहाँ कहिल्यै घमण्ड गर्नुहुँदैनथ्यो । शत्रुसामु कहिले नझुक्ने स्वभावका उहाँ क्यान्सरबाट पीडित भए पनि सभा समारोहमा सरिक भइरहनुहुन्थ्यो ।

तीन दिने 'कम्प्यूटर, विद्युत, सञ्चार प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन २०२३'

# सूचना तथा प्रविधिका आविष्कारहरू विस्मयकारी र मानव जातिको बौद्धिक शक्तिको उदाहरण




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको तीन दिने **'कम्प्यूटर, विद्युत, सञ्चार प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन २०२३'** को असोज २५ गते एक भव्य समारोहबीच उद्घाटन गर्नुभयो ।

उद्घाटन समारोहमा अध्यक्ष **बिजुक्छेँ**ले सूचना तथा प्रविधिका नयाँ नयाँ आविष्कारहरू विस्मयकारी र मानव जातिको बौद्धिक शक्तिको उदाहरण भए पनि सबै आविष्कारहरू मानव जगतको हितको निम्ति मात्र नभई संहारकका रूपमा पनि उपयोग हुँदै गएको बताउनुभयो ।

कृत्रिम बौद्धिकताको बढ्दै गरेको चमत्कारिक सम्भावित सफलताको नकारात्मक परिणामहरूबारे सधैँ चिन्तनमनन जरुरी रहेको बताउनुहुँदै उहाँले आधुनिक अविष्कार, कम्प्युटर, विद्युतीय स्वचालित सामान र सूचना प्रविधिको निम्ति गरिने छलफल कृत्रिम बौद्धिकताबाट हुने सकारात्मक र नकारात्मक परिणामतर्फ पनि केन्द्रित हुनु आवश्यक भएको बताउनुभयो ।

उहाँले कृत्रिम बौद्धिकताबाट निम्तिने नकारात्मक परिणामलाई नियन्त्रण वा निस्तेज पार्ने विषयहरूमा समेत सम्मेलनमा सहभागीहरूको चासो र चिन्तन हुनु समयको निम्ति समीचीन हुने आशा व्यक्त गर्नुभयो ।

इन्टरनेट, कम्प्युटर, विद्युतीय सामग्रीहरू एवं नवसञ्चार व्यवस्थाको कारण संसारले व्यवहार र विचारमा एक गाउँ र परिवारको रूप लिँदै गइरहेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले कम्प्युटर, मोबाइल तथा इन्टरनेटको उपलब्धताले हरेक क्षणका घटनाका समाचारहरू र जानकारीहरू तत्कालै पाउने सुविधा प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'सञ्चार र प्रविधिको कारण कोरोनाकालको हाहाकारको समयमा अभौतिक रूपमा भएका अन्तर्राष्ट्रिय सेमिनार, सम्मेलन र जानकारीहरूको आदान प्रदान एवं छलफलहरूबाट विज्ञान र प्रविधिको नयाँ युगको प्रत्यक्ष अनुभव गर्न पायौँ ।'

कार्यक्रमका सभापति कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले

विज्ञान र प्रविधिको विकासमा अगाडि बढेको देश आर्थिक र सांस्कृतिक रूपमा पनि अगाडि बढ्ने बताउनुहुँदै उहाँले प्रजग कोरिया, क्यूबालगायत समाजवादी देशहरूले नयाँ नयाँ प्रविधि व्यापक जनताको हित र देशको सम्वृद्धीको लागि प्रयोग गर्दै अगाडि बढिरहेको उदाहरणहरू प्रस्तुत गर्नुभयो ।




सं.रा. अमेरिकाले कमजोर र अल्पविकसित देशहरूलाई नयाँ नयाँ प्रविधिको प्रयोग गरेर आफ्नो नियन्त्रणमा राख्ने अपराध गर्दै आइरहेको बताउनुहुँदै उहाँले व्यक्ति, राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा पनि प्रविधिको विकासले ठूलो प्रभाव पारिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले हरेक वर्ष सयौँको सङ्ख्यामा प्राविधिक जनशक्ति उत्पादन गरिरहेको बताउनुहुँदै यी कलेजहरूबाट उत्पादित दक्ष जनशक्तिहरूकै सहयोगले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सयौँ सम्पदाहरू मौलिक शैलीमा पुनःनिर्माण र जीर्णोद्धार कार्य सम्पन्न भएको अवगत गराउनुभयो ।

विश्वविद्यालयहरू नयाँ नयाँ विषयको खोज अनुसन्धानको केन्द्र हुनुपर्छ भन्नेमा हाम्रो जोड रहँदै आएको छ, उहाँले भन्नुभयो, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययन तथा अनुसन्धानको लागि बजेटको निश्चित अङ्क विनियोजन गर्दै आएका छौँ । विद्यार्थीहरूको सीप विकासको लागि विद्यार्थी उद्यमशीलता विकास कोष खडा गरी अध्ययनरत विद्यार्थीहरूलाई दक्ष बनाउन सहयोग गर्दै आएका छौँ ।

बागमती प्रदेशसभा सदस्य मा. **सुरेन्द्रराज गोसाईले** अन्तर्राष्ट्रिय सम्मेलनले कलेजको अन्वेषण र नवीनताको यात्रालाई कोशेढुङ्गा सावित गर्नेमा विश्वस्त रहेको बताउनुहुँदै सम्मेलन अवधिभर नेपाली विद्यार्थीहरू प्राध्यापक र विदेशी पाहुनाबीच हुने अन्तरक्रिया र अनुभव आदानप्रदान फलदायी र ज्ञानबर्द्धन हुने बताउनुभयो ।

उहाँले विज्ञान र प्रविधिमा भइरहेको दूत प्रगतिले थुप्रै सम्भावना र अवसरको लागि ठाउँ प्रष्ट गरेको बताउनुहुँदै कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र सञ्चार प्रविधिको विकासले व्यक्तिगत जीवनशैली र सिङ्गो मानव समाजलाई नै उच्च तहमा पुऱ्याएको बताउनुभयो ।

कलेज सञ्चालक समितिका उपाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले समाजलाई बुद्धिजीवीकरण गर्ने लक्ष्यका साथ भक्तपुर नपाले शिक्षालाई निरन्तर प्राथमिकतामा राख्दै आइरहेको बताउनुहुँदै अनुसन्धानमा आधारित शिक्षण प्रविधिले सभ्य र सुसंस्कृत समाज निर्माणमा विशेष टेवा पुऱ्याउने बताउनुभयो ।

आईसीटीबारे अन्तर्राष्ट्रिय सम्मेलन आयोजनाले समाज



परिवर्तनको लागि रचनात्मक निष्कर्ष प्राप्त हुने विश्वास व्यक्त गर्नुहुँदै यस किसिमको सम्मेलनहरूलाई आगामी दिनहरूमा पनि निरन्तरता दिँदै लानुपर्ने बताउनुभयो ।

नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष प्रा.डा. **पद्मबहादुर शाही**ले सम्मेलन पूर्ण सफलताको कामना गर्नुहुँदै विश्वविद्यालय सञ्चालनको लागि यस किसिमको अन्तर्राष्ट्रिय सम्मेलन उपयुक्त प्लेटफर्म भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले शिक्षण र सिकाइको लागि उपयुक्त मञ्चको रूपमा यो सम्मेलनलाई ग्रहण गर्नुपर्ने बताउनुहुँदै समाजको दिगो विकासमा पनि यसले टेवा पुऱ्याउने बताउनुभयो ।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने शिक्षकद्वय **रीना मानन्धर** र **नवराज बुढाथोकी**ले पनि बोल्नुभएको थियो ।

२०२३ अक्टोबर ११ देखि १३ सम्म चल्ने अन्तर्राष्ट्रिय सम्मेलनका मुख्य वक्ताको रूपमा बेलायतका डा. डिजामिला एमिमर, दक्षिण कोरियाका प्रो.डा. किम हियोन ताई, नर्वेका प्रो.डा. एफ. गोन्जालेज, लंगेट, भारतका डा. आसिस खन्ना र भारतका किशोर तनिकेल्ला रहेका छन् । ३६ ओटा कार्यपत्र प्रस्तुत गरिने सम्मेलनमा बंगलादेश, भारत, जापान, पाकिस्तान, दक्षिण कोरिया, चीन, बेलायत, नर्वे र नेपाल गरी ९ ओटा देशका सहभागी र प्रस्तुतकर्ताहरू रहेका छन् ।

## सममेलनमा व्यक्त केही मन्तव्य

# आविष्कारहरू मानव जगतको हितको निम्ति मात्र नभई संहारकका रूपमा पनि उपयोग हुँदैछ

– **नारायणमान बिजुक्छेँ (रोहित)**
अध्यक्ष नेमकिपा



कम्प्युटर, विद्युत्, विद्युतीय वस्तुहरू र वर्तमान सूचना प्रविधिहरूको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजनाको निम्ति ख्वप इन्जिनियरिङ कलेज र कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा हुँदै गरेको भेलाको निम्ति आफू पनि सहभागी हुने अवसरको निम्ति दुवै कलेजका आयोजक साथीहरूलाई धन्यवाद दिन चाहन्छु।

सहभागी सबै देश र विदेशका कलेज–विश्वविद्यालयहरू तथा सङ्घ–संस्थाहरूसँग सम्बन्धित सहभागी मित्रहरूलाई भक्तपुर, नेपालको एक जिम्मेवार नागरिकहरूको तर्फबाट स्वागत गर्दै प्रस्तुति र छलफलबाट एक महत्त्वपूर्ण प्राविधिक निष्कर्षहरूमा पुग्नेबारे शुभकामना दिन चाहन्छु।

इन्टरनेट, कम्प्युटर, विद्युतीय सामग्रीहरू एवं नव सञ्चार व्यवस्थाको कारण संसारले व्यवहार र विचारमा एक गाउँ र परिवारको रूप लिँदैछ।

केही वर्ष पहिलेसम्म टाढाका महादेशहरूका समाचारहरू त्यसै रात टिभी र रेडियोबाट थाहापाउँथ्यौं, तर आज कम्प्युटर र मोबाइल इन्टरनेटको उपलब्धताले हरेक क्षणका घटनाको समाचारहरू र जानकारीहरू तत्काल पाउने गर्छौं।

सञ्चार र प्रविधिको कारण गत कोरोनाकालको हाहाकारको समयमै अभौतिक रूपमा भएका अन्तर्राष्ट्रिय सेमिनार, सम्मेलन र जानकारीहरूको आदान प्रदान एवं छलफलहरूबाट विज्ञान र प्रविधिको नयाँ युगको प्रत्यक्ष अनुभव हामीले गर्‍यौं।

तर व्यापार र व्यवसायसँग नजिकको मोबाइल तथा कम्प्युटरलगायत सूचना प्रविधिको जुन तेज गतिले संसारमा प्रचार र उपयोग शुरु भयो आज 'अटोमेशन' अर्थात् स्वयंचालित उपभोग्य वस्तु र उपकरणहरू मात्रै होइन कृत्रिम बौद्धिता अर्थात् ब्क्ष बारे पनि ठूलो छलफल व्यापक रूपमा चल्दैछ।

आविष्कारहरू निश्चय पनि विस्मयकारी छन् र मानव जातिको बौद्धिक शक्तिको उदाहरण पनि हो। तर, सबै आविष्कारहरू मानव जगतको हितको निम्ति मात्र नभई मानव जगतको संहारकका रूपमा पनि उपयोग हुँदैछ। एक महाशक्तिले प्रयोग गर्ने जैविक, आणविक र रासायनिक हतियारको प्रयोगले वर्तमान मानव समाजको मात्र होइन निर्दोष भविष्यका मानव जाति पनि त्यसको नकारात्मक र विकराल परिणाम भोग्न बाध्य हुन्छ। यसकारण, अनेक विनाशक हातहतियारको उत्पादन र प्रयोगमा समेत सीमाबद्धताको आशा संसारले गर्दैछ।

तर, जो सबभन्दा बढी जिम्मेवार हुनुपर्ने शक्तिशाली पक्ष छ, उसैको निरङ्कुश चरित्रको कारण जसरी अविष्कारको नकारात्मक पक्षबाट मानव जाति आक्रान्त छ त्यस्तै कृत्रिम बौद्धिकताको बढ्दै गरेको चमत्कारिक सम्भावित सफलताको नकारात्मक परिणामहरूबारे सधैँ चिन्तित हुनु विवेक र भविष्यप्रतिको जिम्मेवारीबोध मान्नु उचित हुन्छ।

इतिहासका घटनाहरूले मानिसलाई सधैँ झस्काई रहन्छन्। हिरोसिमा र नागासाकीमा साँच्चै अकल्पनीय कदम चाल्नु विवेकपूर्ण थियो त ? यस्तै १९५० देखि ५३ को कोरिया युद्धमा जीवाणुको प्रयोग र भियतनाम युद्धमा रसायनिक हतियारको प्रयोग के मानवीय थियो त ?

निश्चय पनि शक्ति एकै ठाउँमा केन्द्रित भएर टिग्रीस् र युफ्रेटस् नदीले सिञ्चित मेसोपोटामियाली वा इराकी सभ्यता म्हासिने सम्भावनाले के संसारको मन र मस्तिष्कलाई



# कला र संस्कृतिलाई नयाँ प्रविधिसँग जोड्ने आजको हाम्रो चुनौती

**– सुनिल प्रजापति**
*प्रमुख, भक्तपुर नगरपालिका*



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको तर्फबाट यसरी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्न पाउँदा हामी अत्यन्त खुशी छौँ।

संसार आज डिजिटल युगमा प्रवेश गरिसकेको छ। सूचना प्रविधिको विकासले संसारको कुनै पनि ठाउँ अब टाढा रहेन। टाइप राइटर र लिथो प्रविधिबाट शुरु भएका प्रकाशनहरू आज भू उपग्रहको माध्यमबाट रेडियो, टेलिभिजन, अनलाइन मिडिया जस्ता ठूल्ठूला सञ्चार गृहहरूको रूपमा विकास भएका छन्। प्रविधिको विकासले मानिसले छिटो छरितो सेवा सुविधाहरू प्राप्त गर्न सकेका छन्।

विज्ञान र प्रविधिको विकासमा अगाडि बढेको देश आर्थिक र सांस्कृतिक रूपमा पनि अगाडि बढेको पाउँछौँ। सन् १९४९ मा चीनमा समाजवादी क्रान्ति हुँदा एक अमेरिकी विदेशमन्त्रीले ५० करोड जनता भोकमरीमा रहेको बताएका थिए। आज १ अर्ब ४० करोड भन्दा बढी जनसङ्ख्या भएको त्यही चीनले विश्वको दोश्रो अर्थतन्त्र भएको देशको रूपमा

हल्लाएन ?

त्यस्तै उत्पादनका साधन, खनिज तेल खानीलाई निजीकरण नगरेर तथा अनेक लोक-कल्याणकारी शिक्षा, स्वास्थ्य र सामाजिक बन्दोबस्ततिर उन्मुख लिबियामाथि भएको शक्तिको दुष्प्रयोगले सबैलाई शक्ति एकै ठाउँमा केन्द्रित संसार त्रासदीपूर्ण हुन्छ भन्नेमा सचेत पार्दै छ।

यसकारण संसारमा तापमानको वृद्धिबाट भइरहेको युद्धपरिणाम र संयुक्त राष्ट्रसङ्घले हत्या, हिंसा, युद्ध, वनमा लाग्दै गरेको डढेलो, आँधी-बेहरी आदि प्रकोपलाई समयमै रोक्न नसकिरहेको तथा एकै अतिशक्ति राष्ट्रको अनियन्त्रित थिचोमिचो र निरङ्कुश निर्णयहरूमा प्रभाव पार्न नसक्दा विश्व सन्तापबाट प्रताडित छ।

हाम्रा यस्ता आधुनिक अविष्कार, कम्प्युटर, विद्युतीय स्वचालित सामान र सूचना प्रविधिको निम्ति गरिने छलफल निश्चय पनि कृत्रिम बौद्धिकताबाट हुने सकारात्मक र नकारात्मक परिणाम तथा नकारात्मक परिणामलाई नियन्त्रण वा निस्तेज पार्ने विषयहरूमा समेत सहभागीहरूको चासो र चिन्तन हुनु समयको निम्ति समीचीन हुने आशा गर्दछु।

अन्तमा, कार्यक्रमको पूर्ण सफलताको पुनःकामनागर्दछु, धन्यवाद !

■ पखाला लागेकालाई नुन चिनी पानीले संजीवनीको काम गर्छ ।
■ झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
■ सरसफाइमा जति ध्यान दिइन्छ स्वास्थ्य त्यतिकै राम्रो हुन्छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन् ।

**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

विकास गऱ्यो र कृषिमा आधुनिक प्रविधि तथा सूचना प्रविधिको विकास गरी ग्रामिण अर्थतन्त्र उकासेर छोटो समयावधिमै ७७ करोड जनतालाई गरिबी मुक्त गर्न चीन सफल भयो। संयुक्त राष्ट्र सङ्घको सहस्राब्दी लक्ष्यअनुसार सन् २०३० सम्ममा विश्वलाई गरिबीबाट मुक्त गर्ने भन्ने रहेकोमा चीनले १० वर्ष अघि नै त्यो लक्ष्य पूरा गऱ्यो। आधुनिक विज्ञान र प्रविधिको विकासले नै त्यो सम्भव भएको हो ।

प्रजग कोरिया, क्यूबालगायत समाजवादी देशहरूले नयाँ नयाँ प्रविधि व्यापक जनताको हित र देशको सम्वृद्धीको लागि प्रयोग गर्दै छन् भने बेलायत, फ्रान्स, जापान र सं.रा. अमेरिकाजस्ता पूँजीवादी र साम्राज्यवादी देशहरूले आफ्नो स्वार्थ पूरा गर्न र नाफा कमाउन तथा विश्वमा आफ्नो प्रभूत्व जमाइ राख्न प्रयोग गर्दै छन्। सं.रा. अमेरिकाले कमजोर र अल्पविकसित देशहरूलाई नयाँ नयाँ प्रविधिको प्रयोग गरेर आफ्नो नियन्त्रणमा राख्ने अपराध गरे र गर्दै छन्। अफगानिस्तान, इराक, लिवियालगायतका देशहरूमा गरेको आक्रमण र विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसबारे अमेरिका नियन्त्रित सञ्चार गृहहरूले चीनबारे विश्वव्यापी रूपमा फैलाएको भ्रम त्यसका उदाहरणहरू हुन्। चोरी, हत्या, अपहरण, डकैती जस्ता अपराधिक घटनाहरूमा पनि नयाँ नयाँ प्रविधिको प्रयोग भइरहेको पाउँछौँ। यसरी व्यक्ति, राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा पनि प्रविधिको विकासले प्रभाव पारिरहेको देखिन्छ।

भक्तपुर देशकै साना नगरमध्ये एक हो। कला संस्कृतिको दृष्टिले अत्यन्त सम्पन्न यस नगरलाई हाम्रा अग्रजहरूले ज्ञानविज्ञानको केन्द्र बनाउने घोषणा गर्नुभयो। हामी त्यही उद्देश्य पूरा गर्न प्रयत्नशील छौँ। शिशुस्याहार केन्द्रदेखि कलेजहरूसम्म सञ्चालन गर्ने नेपालको एक मात्र भक्तपुर नगरपालिका हो। दुईओटा इन्जिनियरिङ कलेजसहित आधा दर्जनभन्दा बढी शैक्षिक संस्थाहरू सञ्चालन गरी विभिन्न विषयमा देश भरका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै छौँ। हरेक वर्ष सयौँको सङ्ख्यामा प्राविधिक जनशक्ति उत्पादन गरिरहेका छौँ। हाम्रा कलेजहरूबाट उत्पादित दक्ष जनशक्तिहरूकै सहयोगले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सयौँ सम्पदाहरू मौलिक शैलीमा पुन:निर्माण र जीर्णोद्धार कार्य सम्पन्न गऱ्यौँ र गर्दै छौँ।

विश्वविद्यालयहरू नयाँ नयाँ विषयको खोज अनुसन्धानको केन्द्र हुनुपर्छ भन्नेमा हाम्रो जोड रहँदै आएको छ। हाम्रा कलेजहरूमा अनुसन्धानको लागि बजेटको निश्चित अङ्क विनियोजन गर्दै आएका छौँ। साथै विद्यार्थीहरूको सीप विकासको लागि विद्यार्थी उद्यमशीलता विकास कोष खडा गरी अध्ययनरत विद्यार्थीहरूलाई दक्ष बनाउन सहयोग गर्दै आएका छौँ।

भक्तपुरका कुनै पनि विद्यार्थी आर्थिक कारणले उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भनी शैक्षिक ऋण र छात्रवृत्तिको व्यवस्था गर्दै आएका छौँ। नगरवासी सम्पूर्ण विद्यार्थीलाई इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति, नेपालभाषा, अर्थशास्त्र, दर्शनशास्त्रलगायत धेरै विषयहरूमा स्नातकदेखि विद्यावारिधिसम्म छात्रवृत्ति प्रदान गर्दै आएका छौँ।

कला र संस्कृति हाम्रो पहिचान भएकोले स्थानीय जनतासँग मिलेर त्यसको संरक्षण र सम्वर्द्धन गर्दै आएका छौँ। ती कला र संस्कृतिलाई नयाँ प्रविधिसँग जोड्ने आजको हाम्रो चुनौती हो। हाम्रा नयाँ पुस्ताले विस्तारै प्रविधिमैत्री बनेर हाम्रा कला-संस्कृतिको महत्त्वबारे विश्वभर प्रचार प्रसार गर्ने आशा गर्छौं।



भक्तपुरलाई संसारकै एक आकर्षक नगरको रूपमा विकास गर्ने का. रोहितले 'सय वर्ष पछिको भक्तपुर' मा देख्नु भएको सपना साकार पार्न हामी निरन्तर लागिरहेका छौँ। आज भक्तपुर त्यही मार्गमा हिँडिरहेको छ। परिवर्तित समय र प्रविधिको विकासले तोकिएको समय अघि नै १०० वर्षपछिको भक्तपुरको सपना पूरा हुने सम्भावना बढ्दै छ। हामी नगरपालिकाका जनप्रतिनिधिहरू त्यसका विभिन्न आधारहरू निर्माण गर्दैछौँ। शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खेलकुद, सरसफाइ र विकास निर्माणका कामहरू गर्दै जनताको सेवा गरिरहेका छौँ।

विश्वमा विकसित नयाँ नयाँ प्रविधिबाट हाम्रा विद्यार्थीहरूलाई दक्ष बनाउन विभिन्न देशका विश्वविद्यालयसँग हामीले सम्पर्क बढाउँदै छौँ। यस अन्तराष्ट्रिय सम्मेलनले सहकार्य गर्न थप मद्दत मिल्ने विश्वास गर्छौं।

# Conference: Pivotal milestone in exploration and innovation

**- Surendera Raj Gosai**
Member of Parliament, Bagmati province



Namaste! Greetings and a warm welcome to each one of you! I am truly delighted to be here with you today in this esteemed gathering. First and foremost, I'd like to express my heartfelt gratitude to Khwopa Engineering College and Khwopa College of Engineering for granting me this opportunity to address a distinguished audience composed of experts from various countries.

I extend my heartfelt congratulations and best wishes to the entire college team for orchestrating this highly significant event. My sincere hope is that the International Conference on Computer, Electrical, Electronics, and Communication Technologies will be an overwhelming success, paving the way for groundbreaking ideas and remarkable discoveries.

Undoubtedly, this conference represents a pivotal milestone in our ongoing journey of exploration and innovation.

This moment also offers an opportunity to emphasize my strong belief that our esteemed friends from diverse fields will carry back beautiful memories from their time in Nepal.

The intensive interaction between Nepalese students, professors, and our esteemed foreign guests throughout the conference promises to be both productive and enlightening.

We find ourselves standing on hallowed ground, a land steeped in ancient art, architecture, and heritage. Bhaktapur, our gracious host, exudes an aura of ancient technology, skill, and beauty.

Before us, the Nyatapola Temple, a five-storey temple that has proudly endured for over three centuries despite the challenges of numerous earthquakes, stands as a testament to the extraordinary knowledge, skill, and technology of 17th-18th century Nepal. This temple, constructed within a mere seven months, epitomizes the remarkable capabilities of our ancestors, who laid the strong foundation for science and technology in Nepalese society.

The imposing bronze bell in Layaku, as well as the countless smaller bells scattered throughout the valley, serve as powerful reminders of the advanced communication technology of ancient times. Drums, too, played a vital role in communication. Today, we find ourselves in an era of unprecedented interconnectivity, where communication has reached new heights.

We can proudly assert that we had a solid foundation in science, skill, and technology. The Kathmandu Valley, during its golden era, supported other states by

dispatching architects and scientists to assist in building monuments.

Araniko, a name we hold in great esteem, was not just an artist but also a scientist, engineer, and architect. In the 12th century, he journeyed to China, where he contributed to the construction of the White Pagoda and other remarkable structures in Beijing. Regrettably, this momentum did not persist with the changing times, and we fell behind in modern science and technology. However, the current generation shows promise as it learns from past mistakes and societal slowdowns.

Let us not forget the innovative creation of JuJu Dhau, or king curd, which marks another notable scientific achievement in human history.

Today, the world is in the midst of an unparalleled technological revolution. The rapid advancement of science and technology has opened up numerous avenues of possibilities and opportunities.

In the history of humanity, science and technology have never reached the heights they have today. Advanced technology is driving progress across almost every aspect of our lives and society. A better life, improved lifestyle, and a more advanced society have become attainable; all thanks to the miraculous strides in computer, electrical, electronics, and communications technologies.

We must recognize that modern science and technology have not only brought changes and developments but also challenges and setbacks. We hold the hope that the shadows will eventually dissipate, leaving behind a world filled with peace, progress, and prosperity, with technology as its strong backbone. The world people are waiting for new tech-revolutions, not tech-wars!

In conclusion, I offer my heartfelt best wishes for the resounding success of this conference and its continued legacy in the future. Thank you!

## International Conference: for the society and Nation

- **Rajani Joshi**
Deputy Mayor, Bhaktapur Municipality



Today I am delighted to welcome you all in the Cultural city of Bhaktapur on this First International Conference on **"Technologies for Computer, Electrical, Electronics and Communication (ICT- CEEL) 2023".** I am honored to be part of this invaluable conference as we the organizing team perceived this type of conference, in such valuable issues &topic and will be the only key to lead the society of 21st century and bring positive changes in the society through ICT!

As we all are aware that the historic and cultural city Bhaktapur, was founded in 8th century and used to be an independent state till 18th century. Tradition of the city lasted since hundreds of years that sustained as a system and still being followed, mostly in Bhaktapur. These traditions have been taught and practiced through culture and rituals and festivals by the ancestors and handed over to further generations whereas guided by the natural phenomena. Regardless to this, today the modern societies tend to forget this tradition bringing in different types of natural and manmade disasters as well as social imbalances. Therefore, Bhaktapur Municipality with a realization of the demand to revive and remake the tradition according to present day need.

Bhaktapur Municipality has been moving forward continuously since more than two decades with the vision of **"Intellectualize our society"** to make our society be the **exemplary** in every action that the society needs and make Bhaktapur **"a city of art/ architecture and culture"** along with **"an arena of science and technology"**, the only municipality in the country have established eight institutions with the belief of "What we do **Today** can improve all our **Tomorrows**". With the aim of having one graduates from each household. To fulfill this, Bhaktapur municipality followed the manifesto provided by Nepal Workers' and Peasant Party as well as a book with the vision named: **" Bhaktapur after 100 years"** written by the leader of Nepal Workers' and Peasant Party and a literature and the chief guest of today honorable Mr. Narayan Man Bijukchen. As the first and foremost motto of Bhaktapur Municipality is to intellectualize its citizens consistently with the research-based learning and teaching methodology. So, this conference we believe will be one of the best platform to move ahead smoothly to make the universe a better place to live through ICT still keeping the human and universal values intact.

Dear all, as a deputy mayor of Bhaktapur Municipality I would like to request valued participants experts for the exploration through ICT to protect outstanding universal values as well as to keep intact and save indigenous technology, culture and rituals and transform to the upcoming generation to link ICT and enhance with local Heritage and culture to save heritages and serve local citizen and keep ones' identity alive apart from all modern amenities for the 21st century and further.

Last but the not least, my humble request to all the researchers, **faculties and administrative staffs** to **contribute remarkably** in your field to change the lives of all individual students and citizens through education & researches in the respected fields and succeed to serve the community and the nation we are in with new dimension and broad horizon. Therefore we believe that this conference will come up with constructive conclusion for the best and beneficial result for the society and I on behalf of Bhaktapur Municipality would like to wish you all for very best and fruitful conference and valuable findings for the world and Bhaktapur Municipality with assurance that all the research papers presented will be archived as our assets. Thank you all.

# ‘भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुन:निर्माण’ विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन




## युद्धभूमि इजरायलमा नेपाली विद्यार्थीहरूलाई रोजगारीमा पठाउनु नै सरकारको गलत नीति

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा ‘भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुन:निर्माण’ विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रम असोज ३० गते भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले उक्त अन्तर्राष्ट्रिय सम्मेलनको पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुहुँदै विदेशी मित्रहरूको महत्त्वपूर्ण प्रस्तुति र सुझावबाट मानव जातिको साझा भविष्य निर्माणमा उपयुक्त हुने निष्कर्षसहित सम्मेलन सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले संविधान निर्माणको समयमा संविधानमा मावि शिक्षा नि:शुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा नि:शुल्क, स्वदेशमा रोजगारी, स्वास्थ्य उपचार नि:शुल्क, नेपालीको सम्पत्तिको सीमाङ्कन गर्ने र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्न संशोधनको माग राखेको बताउनुभयो ।

वैदेशिक रोजगारीका कारण नेपाल र नेपाली जनताले दु:ख पाइरहेको बताउनुहुँदै उहाँले युवालाई वैदेशिक रोजगारीमा पठाएर नेपालको विकास सम्भव नभएको बताउनुभयो ।

ख्वप माविको जगमा २० वर्षअगाडि भक्तपुर नपाले ख्वप इन्जिनीयरिङ कलेज सञ्चालन गरेको बताउनुहुँदै उहाँले कलेज सञ्चालनबाट देशभरिकै जनताका छोराछोरीहरूले सस्तोमा गुणस्तरीय उच्च शिक्षाको अवसर पाएको बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, ‘हामी ख्वप विश्वविद्यालय स्थापनाको तयारीमा छौँ । ख्वप विश्वविद्यालयको विधेयक संसद्मा पेश भएको ७ वर्ष भयो । सर्वसाधारण जनताका छोराछोरीहरूलाई उच्च शिक्षा प्रदान गर्न भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापना गर्ने तयारी सरकारमा गएका दलहरूलाई चित्त बुझेन र संसद्बाट पारित भएको छैन । सरकारमा गएका दलहरूले आफ्ना शिक्षा विरोधी नीति त्यागी छिट्टै ख्वप विश्वविद्यालयको विधेयक पारित हुनेछ ।’

नेपाली विद्यार्थीहरू कक्षा १२ उत्तीर्ण भएलगत्तै अभिभावकलाई घर खेत बेच्न लगाएर विदेशमा अध्ययनको लागि बाहिरिने क्रम क्रमश: बढिरहेको बताउनुहुँदै सांसद सुवालले विद्यार्थी अभावमा नेपालका ५०० ओटा कलेजहरू बन्द हुने स्थितिमा रहेको बताउनुभयो ।

सरकारले सिक्ने र कमाउने भनी इजरायलमा पठाएका कृषिमा स्नातक पढेका विद्यार्थीहरूमध्ये १० जनाको मृत्यु र केही हराइरहेको घटनाप्रति दुःख व्यक्त गर्नुहुँदै सांसद सुवालले नेपालका सरकारहरूले युद्धभूमि इजरायलमा नेपाली विद्यार्थीहरूलाई रोजगारीमा पठाउनु नै सरकारको गलत नीति भएको धारणा राख्नुभयो।

एमसीसी सम्झौतामा नेपालको बुटवलदेखि भारतको गोरखपुरसम्म विद्युत् प्रसारण लाईन निर्माण गर्ने प्रावधान राखिएको पुष्टि भएको बताउनुहुँदै उहाँले नेमकिपाले एमसीसी सम्झौता खारेज गर्नुपर्ने आवाज निरन्तर उठाउँदै आइरहेको बताउनुभयो।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले यहाँका सम्पदाहरू पुनःनिर्माणमा कहिल्यै विदेशीको मुख नताकेको बताउनुहुँदै स्थानीय जनताको साथ र सहयोगमा पहिलो कार्यकालमा १२४ ओटा र हालसम्ममा १३५ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको बताउनुभयो।

उहाँले स्थानीय जनशक्ति, मौलिक प्रविधि, स्रोत र साधनको प्रयोग गरी प्राचीन शैलीमै निजी घर र सम्पदाहरू पुनःनिर्माण गर्न पाउँदा निकै गौरवान्वित महसुस भएको बताउनुभयो।



सम्पदा पुनःनिर्माण सरकारको प्राथमिकतामा नपर्नु, सरकारले सहज काठ उपलब्ध नगराउनु र सम्पदा पुनःनिर्माण ठेक्कामा गराउनुपर्ने व्यवस्था भक्तपुरका केही महत्त्वपूर्ण सम्पदाहरू पुनःनिर्माणका लागि बाधक बनिरहेको स्पष्ट पार्नुहुँदै भक्तपुर नपाको निरन्तरको प्रयासबीच पनि कानुनी, प्राविधिक र आर्थिक कारण भक्तपुर दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको न्ह्येकं झ्यो दरबार पुनःनिर्माण हुन नसकिरहेको स्पष्ट गर्नुभयो।

चीनको सिचुवान प्रान्तको पुनःनिर्माण कार्यबाट नेपालले पनि सिक्न जरुरी रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भूकम्पले भन्दा पनि मानव निर्मित संरचनाहरूको कारण धनजनको क्षति हुने हुँदा कुनै पनि भौतिक संरचनाहरू निर्माण गर्दा सचेत र संवेदनशील हुनु आवश्यक रहेको बताउनुभयो।

बागमती प्रदेशका सांसद **सृजना सैंजु**ले नेपाल संसारकै भूकम्पीय जोखिमयुक्त क्षेत्रमा पर्ने देश भएको बताउनुहुँदै नेपालको लागि भूकम्पीय इन्जिनियरिङ र भूकम्पपछिको प्रभावकारी पुनःनिर्माण विधि अति आवश्यक विषय भएको बताउनुभयो।

भूकम्प इन्जिनियरिङ विषयलाई राष्ट्रिय आवश्यकताको पहिलो प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुहुँदै उहाँले भूकम्पसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले बौद्धिक छलफलको लागि उपयुक्त मञ्च तयार गर्नेमा विश्वस्त रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले ख्वप इन्जिनियरिङ कलेजले विभिन्न समयमा यस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा सम्मेलनहरू आयोजना गर्दै आइरहेको बताउनुहुँदै समाजलाई बुद्धिजीवीकरण गर्ने नपाको उद्देश्य पूरा गर्न यसले मद्दत पुऱ्याउने बताउनुभयो।

भूकम्पले क्षतिसँगसँगै सम्पदा पुनःनिर्माणको अवसर पनि प्राप्त भएको बताउनुहुँदै यसबाट पाठ सिक्दै अझ बलियो र भूकम्पप्रतिरोधी संरचना निर्माणमा सबैलाई सचेत र अभिप्रेरित गराएको उहाँले सोही अवसरमा बताउनुभयो।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ संकायका डीन **देवीप्रसाद भट्टराई**ले सम्मेलन पूर्ण सफलताको कामना गर्नुहुँदै भूकम्प इन्जिनियरिङसम्बन्धी तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनले भूकम्पबाट हुने क्षति न्युनीकरणमा नयाँ शिक्षा र ज्ञान प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। भूकम्प इन्जिनियरिङ अध्ययनमा विद्यार्थीहरूको आकर्षण बढ्दै गइरहेको बताउनुहुँदै उहाँले यस सँगसँगै यो विषयले महत्त्व पनि पाउँदै गएको बताउनुभयो।

उद्घाटन कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने शिक्षकहरू **नवराज बुढाथोकी** र **मन्दिरा भण्डारी**ले पनि बोल्नुभएको थियो।

भूकम्प इन्जिनियरिङसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका मुख्य वक्ताको रूपमा नेपालका प्रो.डा. सुदर्शनराज तिवारी, भारतका प्रो.डा. टी.के. दत्त, प्रो.डा. ए.के. जैन, प्रो.डा. के.एन. झा, प्रो.डा. एस.डी. भारती, नेपालका प्रो.डा. राजेश ढकाल, जापानका प्रो.डा. सुसुमो कोनो, बेलायतका प्रो.डा. हर्म्बटो बरुण र इटालीका प्रो जोर्जिया ग्यार्डिना रहेका छन्।

सम्मेलनमा चीन, जापान, बेलायत, इटाली, भारत र नेपाललगायतका देशका सहभागी र प्रस्तुतकर्ताहरू रहेका छन्।

तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा व्यक्त केही मन्तव्य

# अन्तर्राष्ट्रिय सम्मेलनले भूकम्पीय जोखिम न्यून हुने संरचना निर्माण गर्न मद्दत पुऱ्याउने

– प्रेम सुवाल
प्रतिनिधिसभा सदस्य



भूकम्पको बेला मानिसले बनाएको कमजोर संरचनाको कारण बढी क्षति हुन्छ । Earthquake Engineering र यसपछिको पुन:निर्माण योजनासम्बन्धी यो तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनले आगामी दिनमा हाम्रा संरचनाहरू भूकम्पीय जोखिम कम हुने गरी निर्माण गर्न मद्दत पुऱ्याउने आशा गर्न सकिन्छ ।

बहुदल र गणतन्त्रयताको ३४ वर्षको अनुभवले नेपालमा राष्ट्रियस्तरको निर्माण सरकारकै अमानतमा सेना र प्रहरीसमेतको संलग्न गराई सम्पन्न गर्नुपर्ने र स्थानीयस्तरको निर्माण स्थानीय तहको नेतृत्वमा जनताको उपभोक्ता समितिमार्फत सम्पन्न गर्नुपर्ने बताउँछ । त्यस्तो व्यवस्था गर्न हामीले सडक र संसद्मा आवाज उठाउँदै छौँ ।

नेपालका कतिपय पुलहरू कमजोर निर्माणको कारण अहिले चालू छैन । कालोपत्र गरिएका सडकहरू पनि हप्ता र महिना दिनमै बिग्रिन्छ । नेपालमा सरकारी र सार्वजनिक भवन र सम्पत्ति पनि संरक्षण भइरहेको छैन । काठमाडौँस्थित बाल मन्दिरको जग्गा, नेपाल स्काउटका भवनहरू व्यक्तिले कब्जा गरेको छ । काठमाडौँ ठमेलस्थित थँबहीको साढे २६ रोपनी सार्वजनिक कमल पोखरी र बगैँचा, बालुवाटारस्थित ललिता निवासको १४३ रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा दर्ता गरिएको छ । भूमाफियाहरूको मिलेमतोमा झापास्थित हदबन्दी लागेको गिरीबन्धु टी स्टेटको ५ सय बिघामा फैलिएको जग्गा पनि मास्ने तयारी भइरहेको छ । हामी सडक र संसद्मा सार्वजनिक जग्गा र पोखरी व्यक्तिको नाममा दर्ताको विरोध गर्दै छौँ । यो सम्मेलनमा सहभागी नयाँ पुस्ता यस्ता संवेदनशील विषयमा सचेत हुनु जरुरी छ ।

भक्तपुरका हामी जनता सहरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर, शिक्षाको केन्द्र र पर्यटकीय गन्तव्यस्थल बनाउन लागिपरेका छौँ । २४ वर्षअगाडिको स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले आमाहरूको श्रम शक्ति वृद्धिको लागि टोलटोलमा शिशु स्याहार केन्द्रहरू सञ्चालन गर्ने र कामदार वर्ग एवम् आर्थिकरूपले कमजोर जनताका छोराछोरीहरूलाई उच्च शिक्षा प्रदान गर्न विद्यालय र विश्वविद्यालय पनि सञ्चालन गर्ने घोषणा गरेको थियो । सो घोषणाअनुसार २२ वर्षअगाडि शिशु स्याहार केन्द्रहरू र ख्वप उच्च मावि हालको ख्वप मावि पनि सुरु भयो । २० वर्षअगाडि ख्वप माविकै जगमा ख्वप इन्जिनियरिङ कलेज सुरु भयो । अहिले देशभरिकै जनताका छोराछोरीहरू हाम्रा कलेजहरूबाट उच्च शिक्षा प्राप्त गर्दै छन् ।

हामी ख्वप विश्वविद्यालय स्थापनाको तयारीमा छौँ । ख्वप विश्वविद्यालयको विधेयक संसद्मा पेस भएको पनि ७ वर्ष भयो । सर्वसाधारण जनताका छोराछोरीहरूलाई उच्च शिक्षा प्रदान गर्न भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापना गर्ने तयारीप्रति सरकारमा गएका दलहरू सहमत भएनन् र सो विधेयक संसद्बाट पारित भएको छैन । आशा छ, सरकारमा गएका दलहरूले आफ्ना शिक्षाविरोधी नीति त्याग्नेछन् र छिट्टै ख्वप विश्वविद्यालयको विधेयक पारित हुनेछ । मित्र देश प्रजग कोरियाले नि:शुल्क शिक्षा व्यवस्था गरी सम्पूर्ण समाजलाई बुद्धिजीवीकरण गरिरहेबाट हामी उत्साहित छौँ ।

कक्षा १२ उत्तीर्ण भएलगत्तै नेपाली विद्यार्थीहरू आफ्ना अभिभावकलाई घर खेत बेच्न लगाई विदेशमा अध्ययन गर्न पठाईदै छन् । विदेश पढ्न गएका अधिकांश विद्यार्थीहरू उतै रोजगारी र बसोबास गर्दै छन् । विद्यार्थी अभावमा नेपालका ५ सय ओटा कलेजहरू बन्द हुँदै छन् । नेपालका गाउँगाउँमा जनताको बसोबास घट्दो छ भने त्यहाँ बनेका विकासका

सीमित पूर्वाधारहरू पनि खेर गइरहेको छ। कृषिप्रधान देश नेपाल अहिले दाल, चामल, तरकारीसमेत भारतबाट किनेर खानुपर्ने अवस्थामा छ।

सरकारले 'सिक्न र कमाउन' भनी इजरायल पठाएका कृषिमा स्नातक गरेका विद्यार्थीहरूमध्ये १० जनाको मृत्यु भयो भने केही हराइरहेका छन्। यो दुःखद घटना हो। ८० वर्षअगाडि प्यालेस्टिनीहरूको भूमिमा यहुदीहरूलाई बसोबास गराई इजरायल देश घोषणा गरिएको थियो। त्यसबेलादेखि प्यालेस्टाइन र इजरायलबीच लडाइँ भइरहेको छ। युद्धभूमि इजरायलमा नेपालका सरकारहरूले जानाजान नेपाली विद्यार्थीहरूलाई रोजगारीमा पठाउने काम गलत हो। आफ्नो भूमि रक्षाको लागि लडिरहेका प्यालेस्टिनीहरूको राजनैतिक र सैनिक सङ्गठन हमासलाई नेपाल सरकारका मन्त्रीहरूले आतङ्कवादी भनी आरोप लगाउनु नेपालका प्रम र मन्त्रीहरू साम्राज्यवादको पिछलग्गू हुनु हो।




नेपाल मजदुर किसान पार्टीको टोलीमा संलग्न भई भर्खरै हामी कर्णाली प्रदेशका केही जिल्लामा पुगेर फिर्ता भयौँ। सरकारहरूले अगाडि नै त्यहाँको जलसम्पदा माथिल्लो कर्णाली, मुगु कर्णाली, तिला १, तिला २ भारतीय एकाधिकार पुँजीको कब्जामा दिएका थिए। गत जेठको तेस्रो हप्तातिर भारत गएका प्रम पुष्पकमल दाहालले फुकोट कर्णाली पनि भारतीय एकाधिकार पुँजीलाई नै दिए। एमसीसी सम्झौतामा नेपालको बुटवलदेखि भारतको गोरखपुरसम्म विद्युत् प्रसारण लाइन निर्माण गर्न प्रावधान राखिएको हामीले विरोध गर्दै एमसीसी सम्झौता खारेज गराउन सडक र संसद्‌मा आवाज उठाउँदै छौँ।

आठ वर्षअगाडि संविधान निर्माण भइरहेको बेला नेपाल मजदुर किसान पार्टीले संविधानमा मावि शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, स्वदेशमा रोजगारी, स्वास्थ्य उपचार निःशुल्क, नेपालीको सम्पत्तिको सीमाङ्कन गर्ने र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्न संशोधन राखेको थियो। हाम्रो संशोधनलाई शासक दलहरूले एक स्वरमा अस्वीकार गरे। अहिले सरकारहरू ८० लाखभन्दा बढी नेपाली युवाहरूलाई १७१ देशमा रहेको बहुराष्ट्रिय कम्पनीहरूको सस्तो ज्यामी बन्न पठाउँदै छन्। वैदेशिक रोजगारीमा गएका नेपालीहरूको दैनिक ८–१० ओटा शव फिर्ता भइरहेको छ। युवालाई वैदेशिक रोजगारीमा पठाएर नेपालको विकास हुनेछैन। सरकारमा गएका प्रम, मन्त्री र उच्च प्रशासकहरूसँग हाम्रो मतभेद यही हो। नेपाल र नेपाली जनताले दुःख पाउनुमा एउटा कारण वैदेशिक रोजगारी पनि हो। कतिपय म्यानपावर कम्पनीहरूबाट खर्बौं खर्ब रुपैयाँ ठगी भइरहेको छ।

विदेशी मित्रहरूको महत्त्वपूर्ण प्रस्तुति र सुझावबाट यो अन्तर्राष्ट्रिय सम्मेलन मानव जातिको साझा भविष्य निर्माणको लागि उपयुक्त निष्कर्ष निकाल्न सफल हुने विश्वास गर्दछु।

# भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरू पर्यटकको मुख्य आकर्षण

**– सुनिल प्रजापति**
*प्रमुख, भक्तपुर नगरपालिका*



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको

पुनःनिर्माण विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन गर्न पाउँदा हामी अत्यन्त खुशी छौँ ।

विज्ञहरूको भनाइअनुसार नेपाल भूकम्पीय दृष्टिले अत्यन्त जोखिम मुलुक हो । भूकम्पलाई नियन्त्रण गर्ने आजसम्म प्रविधिको विकास नभए पनि भूकम्प आउनु अघि सूचना दिने प्रविधिको कारण धेरैले जीवन सुरक्षित भएको महसुस गरेका छन् । भूकम्पले भन्दा पनि मानव निर्मित संरचनाहरूको कारण धनजनको क्षति हुने कुरालाई ध्यानमा राखी कुनै पनि भौतिक संरचनाहरू निर्माण गर्दा हामी अत्यन्त सचेत हुनु आवश्यक छ । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङले भूकम्पसम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू नियमित रूपमा गर्दै आएका छन् ।

६ फेब्रुअरी सन् २०२३ मा टर्कीमा ठूलो भूकम्प गयो । त्यहाँ सडक, यातायात, सञ्चार सबै क्षतिविक्षत भए । सरकारी अधिकारीहरूले भूकम्पमा ढलेका ठूलो भवनहरूको डिजाइन गर्ने १०० भन्दा बढी कम्पनीहरूलाई वारेन्ट जारी गरे, दर्जनौँ निर्माण कम्पनीहरूलाई तत्काल गिरफ्तार गरे । ६.८ र ७.६ रेक्टर स्केलमा प्रभावित सबै भवनहरूको छानबिन गरे । सरकारले कैयौँ निर्माण कम्पनीलाई कारबाही गर्‍यो ।

त्यहाँ विज्ञहरूले नयाँ निर्माण गरेका भवनहरू भवन संहिताअनुसार नभएको भनी आलोचना गर्दै आएका थिए । भ्रष्टाचारको कारण ती कुरालाई त्यहाँका सरकारले बेवास्ता गर्‍यो । त्यसैको परिणाम धेरै धनजनको क्षति भएको अनुमान गरिएको छ ।

सन् २००८ मा चीनको सिचुवान प्रान्तमा गएको ८ रेक्टर स्केलको भूकम्पले ८० हजारभन्दा बढी मानिसको ज्यान लिनुका साथै लाखौँ घरहरू भत्के र करोडौँ मानिसहरू घरबार बिहीन भए । चिनियाँ सरकारले ३ वर्ष भित्र लाखौँ घरहरू, सयौँ विद्यालयहरू र आवश्यक अस्पतालहरूको पुनःनिर्माण सम्पन्न गरेर सबैलाई बसोबासको व्यवस्था मिलाई दियो । भूकम्प पछिको पुनःनिर्माण कसरी गर्नु पर्छ भन्ने उदाहरण चीनको सिचुवान प्रान्तको पुनःनिर्माण कार्यबाट हामीले सिक्नु पर्छ ।

नेपालमा हाम्रै पालामा पनि २०४५ भाद्र ५ गते र २०७२ साल वैशाख १२ गते  गरी दुइ ओटा ठूल्ठूला भूकम्पहरू गए । भूकम्प पछिको पीडा कस्तो हुन्छ ? हामी सबै जानकार छौँ । २०४५ सालको भन्दा २०७२ सालको भूकम्प तुलनात्मक रूपमा शक्तिशाली थियो । २०७२ सालको भूकम्पबाट देशभर लाखौँ घरहरू भत्के, हजारौँ मानिसहरूको ज्यान गयो र लाखौँ मानिसहरू घरबारबिहीन भएर सडकमा पुगे । त्यो पीडादायी क्षण हामीले कहिल्यै बिर्सने छैनौँ । त्यत्रो ठूलो क्षति हुँदा समेत न कुनै निर्माण कम्पनीमाथि छानबिन भयो न कुनै किसिमको कारबाही नै । सबै कुरा स्वभाविक जस्तै भयो । भवन निर्माण संहितालाई ध्यान नदिई जथाभावी कमजोर भवन निर्माण गर्ने भ्रष्ट निर्माण कम्पनीहरूमाथि के कारबाही हुनु पर्ने होइन र ? भूकम्प गएको ८ वर्ष बितिसक्दा पनि देशभर अझै लाखौँको सङ्ख्यामा घर र सयौँको सङ्ख्यामा सम्पदा पुनःनिर्माण गर्न बाँकी छन् ।

भक्तपुर नगरभित्र मात्रै करिब ८ हजार घर र १३० भन्दा बढी सम्पदामा क्षति पुगेको थियो । त्यतिबेला जन प्रतिनिधिविहीन थियो । पुनःनिर्माणको काम सहज थिएन । २०७४ सालमा भएको स्थानीय निर्वाचनबाट हामी निर्वाचित भएपछि भूकम्पबाट क्षतिग्रस्त घर र सम्पदाहरूको पुनःनिर्माणलाई हामीले पहिलो प्राथमिकतामा राखेर काम सुरु गर्‍यौँ । ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राविधिकहरूले त्यतिबेला निकै ठूलो सहयोग गर्नुभयो ।

हाम्रो सम्पदाहरू पुनःनिर्माणको लागि हामीले कहिल्यै विदेशीको मुख ताकेनौँ । स्थानीय जनताको साथ र सहयोगमा पहिलो कार्यकालमा १२४ ओटा र हालसम्ममा १३५ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्वार सम्पन्न गर्‍यौँ । अझै दर्जनौँ सम्पदाहरू निर्माणाधिन अवस्थामा छन् । स्थानीय जनशक्ति, मौलिक प्रविधि, स्रोत र साधनको प्रयोग गरी प्राचीन शैलीमै निजी घर र सम्पदाहरू पुनःनिर्माण गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।



सम्पदा पुनःनिर्माण सरकारको प्राथमिकतामा नपर्नु, सरकारले सहज काठ उपलब्ध नगराउनु र सम्पदा पुनःनिर्माण ठेक्कामा गराउनु पर्ने व्यवस्था भक्तपुरका केही महत्त्वपूर्ण सम्पदाहरू पुनःनिर्माणका लागि बाधक बनेका छन् । हाम्रो निरन्तरको प्रयासबीच पनि भक्तपुर दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको न्हयेकं झ्यो दरबार पुनःनिर्माण हुन सकेको छैन । कानुनी, प्राविधिक र आर्थिक कारण त्यो दरबारको पुनःनिर्माण हुन नसकेको हो । यही वर्षदेखि दरबार क्षेत्रमा

अवस्थित थन्थु दरबारको पुनःनिर्माण कार्य सुरु गरेका छौं। हामीले मौलिक शैलीलाई बचाइ राख्ने प्रयत्न गर्दैछौं। त्यसका लागि मौलिक शैलीमा घर बनाउने घर धनीहरूलाई घरको मोहडाको लागि हुने खर्चको ३५ प्रतिशत नगरपालिकाले अनुदानको नीति बनाएर लागू गर्दै आएका छौं।

हाम्रा मूर्त र अमूर्त सम्पदाहरू आज पर्यटकहरूका लागि आकर्षण बन्दैछन्। हामीले हाम्रो र भावी पुस्ताका लागि सम्पदाहरूको संरक्षण गऱ्यौं तर त्यो विदेशीहरूका लागि पनि भएको छ। भक्तपुर भ्रमणमा आउने विदेशीहरूसँग केही पर्यटन शुल्क उठाएर मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण, शिक्षा, स्वास्थ्य, सर सफाइ, विकास निर्माणलगायतका जनताको हितमा खर्च गर्दै आएका छौं।

भवन संहिताअनुसार निर्माण गरेका घरहरू र सम्पदाहरू तथा समय समयमा मर्मत गरिएका संरचनाहरूमा भूकम्पबाट कममात्र क्षति भएको नेपालीहरूको अनुभव छ।

यसर्थ प्राविधिक मित्रहरूले आगामी दिनमा भूकम्पबाट हुने क्षति न्युनीकरणका लागि भवन संहिताअनुसार मात्रै भवनहरू निर्माण गर्न र त्यसको लागि जनचेतना जगाउन आवश्यक कार्यक्रमहरू गर्नेतर्फ ध्यान दिने आशा गर्छौं।

स्वदेश र विदेशका विभिन्न विश्वविद्यालयहरूबाट पाल्नुभएका प्रतिनिधिहरूले यस सम्मेलनबाट नयाँ निष्कर्ष निकाल्न सफल हुने विश्वास गर्छौं। धन्यवाद !

## This conference is a testament to the reality we face and the responsibility our institutions have willingly embraced.

**- Srijana sainju**

Member of Parliament, Bagmati Province.



Greetings and warm wishes to all of you on this auspicious occasion. The approaching festival of Vijaya Dashami, a cherished celebration among the Nepalese people, is a time of great joy and family reunions. People from far and wide are returning home to partake in this grand festival, transcending its traditional and religious origins to become a celebration of unity and togetherness. On this special Dashain occasion, I extend my heartfelt greetings and best wishes to each one of you.

It is with immense pleasure that I express my gratitude to Khwopa Engineering College and Khwopa College of Engineering for orchestrating the Third International Conference on Earthquake Engineering and Post Disaster Reconstruction Planning.

In a world persistently afflicted by catastrophic earthquakes, the global significance of this event cannot be overstated. Recent earthquakes in countries like Morocco, Afghanistan, and Nepal serve as stark reminders of the urgency and importance of earthquake engineering and reconstruction.

The resounding success of the previous two conferences organized by our institutions has left an indelible mark, inspiring many individuals to engage earnestly in earthquake engineering and scientific post-disaster reconstruction.

It is my firm conviction that the third conference will serve as yet another milestone in this ongoing journey, fostering innovative ideas and generating new insights through spirited discussions.

I am also proud to recall the dedicated support provided by these two colleges, in collaboration with various social organizations, to those affected by the 2015 Nepal earthquake. The passionate efforts and ex-

pertise displayed by the faculty and students of these colleges, as they joined hands with other organizations to engage in post-disaster reconstruction, continue to be etched in the collective memory of the people of Bhaktapur.

Building on this invaluable experience and widely recognized contribution, our institutions have actively engaged in the exchange of knowledge and experiences with experts both within Nepal and abroad. Words alone cannot adequately express the depth of appreciation for their sincere efforts. I wholeheartedly wish for the resounding success of this journey, with the hope that it leaves an indelible mark on every individual who encounters it.

Nepal, as we all know, is situated in a seismic hotspot, making it vulnerable to earthquakes. The nation lies in one of the most seismically active regions globally, with significant earthquakes occurring every few decades.

The earthquakes of 1916, 1934, 1966, 1980, 1988, and 2015 have left a lasting impact, causing immense devastation and loss of life. It is no exaggeration to refer to earthquakes as a perennial source of sorrow for Nepal.

Therefore, the need for earthquake engineering and effective post-disaster reconstruction methods in Nepal surpasses that of almost any other nation. This is a national imperative, and it must remain at the forefront of our priorities.

Recognizing this fact, our colleges have embarked on a dedicated journey in collaboration with numerous researchers to address this critical need. This conference is a testament to the reality we face and the responsibility our institutions have willingly embraced.

As we stand before the majestic Nyatapola Temple, an architectural marvel



with its five-tiered structure, built over three centuries ago, we draw inspiration from its resilience. Situated in the heart of ancient Bhaktapur, this remarkable temple was erected in just seven months, using local resources and craftsmanship, and has withstood several massive earthquakes. Nyatapola embodies the three fundamental tenets of architecture: durability, utility, and beauty.

In light of this extraordinary achievement, many pertinent questions arise. If our ancestors could accomplish this feat centuries ago, why should we not be able to do the same in the 21st century, an era marked by advancements in science and technology? Can this temple not be considered a testament to our forebears' understanding of earthquake-resistant structures, an epitome of their architectural knowledge and technological prowess in earthquake engineering?

These questions compel us to reflect deeply, and I believe our researchers, both seasoned experts and emerging talents, will take up the mantle of responsibility.

I am confident that this conference will prove to be a groundbreaking event, charting a new course toward a safer and more resilient Nepal.

Thank you.

# International collaboration is vital in providing swift and effective relief and recovery.

**- Rajani Joshi**

Deputy Mayor, Bhaktapur Municipality



With immense pleasure I am here to welcome you all in the Cultural city Bhaktapur, in the premises of Khwopa Engineering and Khwopa College of engineering, both of these colleges undertaken by Bhaktapur Municipality, for 3rd International Conference on " Earthquake Engineering and Post Disaster Reconstruction Planning (ICEE-PDRP 2023)".

As we all are aware that the historic and cultural city Bhaktapur, was founded in 8th century and used to be an independent state till 18th century. Tradition in every aspect of the city lasted since hundreds of years that sustained as a system both tangibly and intangibly and still being followed, mostly in Bhaktapur. These traditions have been teaching and being practiced through culture and rituals and festivals by the ancestors and handed over to further generations whereas guided by the natural phenomena. Regardless to this, today the modern societies tend to forget this tradition bringing in different types of natural and manmade disasters as well as social imbalances. Therefore, Bhaktapur Municipality with a realization of the demand to revive and remake the tradition according to present day need.

Ladies and Gentlemen,

"Intellectualizing our society" is the first and foremost mission of Bhaktapur Municipality and has been moving forward continuously since more than two decades to make our society be the exemplary in every action that the society needs and make Bhaktapur "a city of art/ architecture and culture" along with "an arena of science and technology", to accomplish the mission, the municipality have established eight institutions in various streams with the belief of "What we do Today can improve all our Tomorrows". With the aim of having one graduates from each household and to overcome this, Bhaktapur municipality followed the manifesto provided by Nepal Workers' and Peasant Party as well as a book with the vision named : " Bhaktapur after 100 years" written by the leader of Nepal Workers' and Peasant Party and a literature and honorable Mr. Narayan Man Bijukchen. As the first and foremost motto of Bhaktapur Municipality is to intellectualize its citizens consistently with the research-based learning and teaching methodology. So, this conference we believe will be one of the best plat form to move ahead smoothly to make the universe a better place to live and keeping the human and universal values intact.

Ladies and gentlemen, esteemed colleagues, and all the participants,

Today I am truly honored to be a part of this ICEE-PDRP 2023, which has been best platform to bring experts, scholars, and professionals from the fields of architecture and civil engineering together. We are all here to address & share on the crucial topic that exceeds geographic borders and touches the very bases of earth, that is "reconstruction and restoration" in the context of Nepal and the rest of the world.

Nepal, with the glorious yet fragile mountain ranges has faced numerous seismic challenges throughout its history and still going through time and again. The devastating earthquakes of 1934 and 2015 serve as unconditioned reminders of the absolute power of nature which we are experiencing time and again smaller or bigger ones in Nepal or other countries recently and the ability to reshape the built environment. These events have made us aware to be equipped and efforts to understand the complexities of earthquake-resistant design and the importance of post-disaster reconstruction. Nepal's earthquake 2015 experiences hold lessons for the entire world, as we confront similar challenges and seek to build resilient communities and infrastructure.

As we all know that reconstruction and restoration are with varied processes that demand our collective wisdom, innovation, and commitment in the preservation of Cultural Heritage and Bhaktapur city has been significantly impacted by earthquakes we've all experienced. The restoration of historical monuments and ancient architecture is not just a technical challenge but a demonstration of our respect for our shared history as well as an official document to preserve the identity of the nation and the society. As we architects and civil engineers are at the forefront of designing structures that can withstand seismic forces and social balance. To overcome such post disasters, Khwopa Engineering College and Khwopa College of Engineering with collective effort shared knowledge help to develop innovative solutions that are transferable to other earthquake-prone regions worldwide through these kinds of conferences.



As Bhaktapur is the city one of the world heritage site among eighth sites in Nepal. The resilience of communities in the face of natural disasters is often the most critical factor. Empowering local communities through awareness/ education and sustainable building practices can be an effective tool for recovery and reconstruction. To pursue such deeds Bhaktapur Municipality believes in joining hands with its citizen and the society for the resilience of communities to face natural disasters which is often the most critical factor. Empowering local communities through education and sustainable building practices can be an important tool for recovery and reconstruction which we are heading forward and this practice now has become well known as the "Khwopa Model".

Dear all,

Bhaktapur Municipality believes that the lessons learned from Nepal's experiences and researches made in earlier conferences along with this one, should not stay within the borders of a single nation as said "Think globally, Act locally". Our global community must come together, sharing knowledge and resources, to support those affected by earthquakes worldwide. This is the main reason behind, to organize such conferences. We feel that international collaboration is vital in providing swift and effective relief and recovery. Similarly, as earthquake reconstruction offers an opportunity to promote sustainable practices and the use of environment friendly materials, energy-efficient designs, and green infrastructure can mitigate the long-term environmental impact of rebuilding efforts for the Sustainable Development keeping in mind, its geological basis as well, for instance: geological basis of Kathmandu valley and we should raise the question whether the Kathmandu valley the basis could withstand more structures/ more cities? And we are indeed aware that New York city is said to be sinking 1.6 mm in average every year.

Ladies and gentlemen

In the context of the broader global community, we recognize that Nepal's challenges are common, where earthquakes, both frequent and devastating, occur worldwide as mentioned earlier and as architects and civil engineers, we have a responsibility to bridge the gaps between respective nations and cultures, sharing our knowledge and expertise to strengthen our collective future. In conclusion, the work we do in the field of earthquake reconstruction and restoration extends far beyond the immediate recovery. It is about creating a world that is more resilient, sustainable, and compassionate. Our journey can serve as an inspiration and guide for the rest of the world as we collectively strive to make our planet safer and more secure.

As we embark on these critical discussions, it is crucial to remember that the decisions we make, the designs we conceive, and the actions we take have a profound and lasting impact on the lives of countless people. Let us work together with determination and solidarity to build a future where our cities and communities are better prepared to withstand the forces of nature and emerge stronger and more vibrant than ever before.

Therefore, we believe that this conference will come with constructive conclusion with profound way forward for the best and beneficial result for the society. I on behalf of Bhaktapur Municipality would like to wish for very best and fruitful outcome for humankind, moreover we assure you that all the valued papers will be archive safely for future. All the very best wishes to all the paper presenters.

Have a wonderful time in Bhaktapur!

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# 'युक्रेनको काँधमा बन्दुक राखेर संरा अमेरिकाले रुसमाथि आक्रमण गर्दैछ' : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज र ख्वप कलेज अफ लको आयोजनामा कार्तिक ३ गते शुभकामना आदानप्रदान तथा खेलकुद प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण कार्यक्रम भयो ।

उक्त कार्यक्रममा अध्यक्ष **बिजुक्छेँले** युक्रेन र रुसको लडाईँबारे प्रष्ट पार्नुहुँदै युक्रेनको काँधमा बन्दुक राखेर संरा अमेरिकाले रुसमाथि आक्रमण गरिरहेको बताउनुभयो ।




नेपालका युवाहरूलाई नियोजित रूपले रोजगारी र अध्ययनको लागि विदेश पठाएर नेपाललाई आर्थिक, राजनैतिक रुपमा कमजोर गर्न साम्राज्यवादीहरू क्रियाशील रहेको बताउनुहुँदै उहाँले नेपाललाई सबै क्षेत्रमा परनिर्भर बनाई नेपालको अर्थतन्त्र ध्वस्त पार्ने प्रपञ्चमा साम्राज्यवादीहरूले षड्यन्त्र रचिरहेको बताउनुभयो ।

मानव जीवनमा खेलकुद र शारीरिक व्यायामको निकै ठूलो भूमिका रहेको बताउनुहुँदै उहाँले खेलकुद देशको सार्वभौमिकतासँग पनि सम्बन्धित विषय भएको हुँदा विद्यालय तथा कलेजहरूले यस्ता गतिविधिलाई निरन्तरता दिँदै लानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संरा अमेरिका संसारमा बढी जालसाझी र षड्यन्त्र हुने देशको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै उहाँले राष्ट्रिय–अन्तर्राष्ट्रिय राजनीतिमा राम्रो भूमिका खेल्ने नयाँ पुस्ता तयार गर्न विश्वविद्यालयहरूले जोड दिनुपर्ने बताउनुभयो ।

नेपाल बौद्धिक र वैचारिक ढङ्गले अगाडि बढाउनेतर्फ बुद्धिजीवीहरू सक्रिय हुनुपर्ने बताउनुहुँदै उहाँले आदर्श र सुसंस्कृत समाज निर्माण आजको आवश्यकता हो भन्नुभयो ।

शासक दलहरूले इमानदारीपूर्वक राजनीति नगरेकै कारण छोटो समयमै सरकार परिवर्तन भइरहेको बताउनुहुँदै उहाँले योग्य र इमानदार व्यक्तिहरूलाई अवसरहरू प्रदान गरिनुपर्ने बताउनुभयो ।




नेपालमा बोलिने सबै भाषा स्वयम् राष्ट्रिय भाषा भएको बताउनुहुँदै उहाँले लिपी नभएका भाषाको लिपी बनाउनुपर्नेतर्फ सरकारले ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

विद्यार्थीहरूलाई बौद्धिक रूपले अगाडि बढ्न शिक्षकहरूले प्रेरित गरिरहनुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले 'सादा जीवन, उच्च विचार' अंगीकार गरी विद्यार्थीहरू अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

सोही अवसरमा अध्यक्ष बिजुक्छेँले ख्वप कलेजद्वारा प्रकाशित 'ख्वप जर्नल' नामक बुलेटिनको समेत बिमोचन गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गैरआवासीयहरूलाई नेपाली नागरिकता वितरणले नेपालमा विदेशीको प्रभाव बढ्ने र नेपालको राजनीतिमा दीर्घकालीन असर पर्नेबारे सचेत हुनुपर्ने बताउनुहुँदै नागरिकता विधेयकमा भएको अङ्गिकृत नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था नेपालको लागि सबभन्दा घातक पक्ष रहेको बताउनुभयो ।

कुनै व्यक्तिलाई नागरिकता दिनुको अर्थ त्यस देशको आर्थिक, राजनैतिक र सांस्कृतिक अधिकारको हकदार बनाउनु हो भन्नुहुँदै उहाँले राज्यले नागरिकताको विषयमा कडाइ गर्नुपर्ने र विदेशीलाई नागरिकता नदिने व्यवस्थाले मात्रै देशको सार्वभौमिकता रक्षा हुने प्रष्ट पार्नुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रघाती नागरिकता विधेयक प्रमाणित गर्नु संविधान विपरीत भएको बताउनुहुँदै उहाँले नेपालका शासकहरू भारतको इसारामा चल्दा र भारतीय शासक वर्गको चाकरी गर्ने प्रवृत्तिले गर्दा भारतले नेपाललाई आफ्नो प्रान्तको रूपमा व्यवहार गरिरहेको बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले दशैंको शुभकामना व्यक्त गर्नुहुँदै दशैंमा आफ्नो स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले स्वस्थ जीवनशैली र खानपानले मानिसलाई निरोगी बनाउने बताउनुभयो ।

भक्तपुरलाई सबै पक्षबाट बलियो र मजबुत बनाउने ढङ्गले काम गरिरहेको बताउनुहुँदै उपप्रमुख जोशीले भूकम्प, कोभिडजस्ता महामारीबीच पनि भक्तपुर नपाले संयमित र व्यवस्थित ढङ्गले काम गरेको बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले विद्यार्थीहरूलाई सादा जीवनयापन गरी मिहिनेती बन्न शिक्षकहरूले प्रेरित गर्नुपर्ने बताउनुहुँदै ख्वप कलेजले विद्यार्थीहरूको शारीरिक र मानसिक रूपमा विद्यार्थीहरूलाई सबल तुल्याउन प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**, ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी** र शिक्षक **कमिनिका न्याइँच्याइँ**ले पनि शुभकामना दिनुभएको थियो । साथै कलेजका शिक्षक **राजकुमार प्रधान**ले ख्वप जर्नल प्रकाशनको आफ्नो अनुभव सुनाउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले कलेजको आयोजनामा भएको खेलकुद प्रतियोगिताका विजेताहरूलाई मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुनःनिर्माण विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न



भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको भूकम्प इन्जिनियरिङ तथा विपद्पछिको पुनःनिर्माण विषयक तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समापन कार्यक्रम कार्तिक १ गते कलेजको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले असोज महिनामा मात्र दुईओटा अन्तर्राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिसकेको बताउनुहुँदै सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न सहयोगी सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

सम्मेलनले नयाँ नयाँ ज्ञान र अनुभव दिनुका साथै अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग सम्बन्ध विस्तार गर्न समेत टेवा पुऱ्याउने बताउनुहुँदै भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यका साथ सोको लागि आवश्यक पूर्वाधारहरू निर्माण गरिरहेको बताउनुभयो ।

नेपालका विद्यार्थीहरू अहिले १२ कक्षा उत्तीर्ण हुनासाथ विदेशिने क्रम तीव्र रूपमा बढिरहेको बताउनुहुँदै उहाँले सरकारको गलत शिक्षा नीतिका कारण नेपाली युवा विद्यार्थीहरू विदेशिन बाध्य भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले विश्वविद्यालयमा अध्यापन गराउने प्राध्यापक स्वयम् म्यानपावर कम्पनीसँग मिलेर, विद्यार्थीसँग कमिसन खाएर विद्यार्थीहरूलाई विदेश पठाउन क्रियाशील रहेको यथार्थ प्रस्तुत गर्नुहुँदै देश युवा विहीन हुने अवस्थामा गइरहेको बताउनुभयो ।

आर्थिक रूपमा स्वतन्त्र नभएको देश राजनैतिक रूपमा पनि स्वतन्त्र हुन नसक्ने बताउनुहुँदै उहाँले देशका बुद्धिजीवी, प्राध्यापकहरूले देश र समाजको लागि चिन्तन गरी समाजको

हितमा काम गर्न प्रेरित गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले भूकम्प इन्जिनियरिङसम्बन्धी ख्वपका विद्यार्थी र विदेशी विद्यार्थीहरूबीच अनुभव आदानप्रदान र नयाँ ज्ञान हासिल गर्न अन्तर्राष्ट्रिय सम्मेलनले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुहुँदै सम्मेलनका सहभागी र प्रस्तुतकर्ता तथा मुख्य वक्ताहरूमा धन्यवादज्ञापन गर्नुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले सम्मेलनका विषयहरू नेपालको सन्दर्भमा निकै समयसान्दर्भिक रहेको बताउनुहुँदै भूकम्पसम्बन्धी अनुसन्धान र क्षति न्युनीकरणमा समेत सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।




कार्यक्रममा ख्वप इ. कलेजका उपप्राचार्य **सुवेगमान बिजुक्छेँ** र ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य **रत्नशोभा प्रजापति**ले सम्मेलन आयोजना गर्नुको उद्देश्य, सम्मेलनका उपलब्धिबारे प्रष्ट पार्नुहुँदै कलेजको आयोजनामा आगामी दिनहरूमा पनि समयसान्दर्भिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजनामा जोड दिँदै जाने बताउनुभयो ।

उक्त कार्यक्रममा सम्मेलनका स्टेरिङ कमिटिका सचिव **मन्जिप शाक्य** र विदेशी सहभागीले सम्मेलनको उपयोगिता र अनुभवबारे प्रष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा शिक्षक **नवराज बुढाथोकी**ले पनि बोल्नुभएको थियो ।

## हाम्रा मौलिक सामग्री



*जो कोट, कलाली(१९ औँ शताब्दी), कलशसहितको त्रिखुट्टी*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## जीवन-आचरण

### न्याय

एकदिन स्वर्गमा बस्दाबस्दै वाक्क दिक्क भएर देवराज इन्द्र माछाको रूप धारण गरी पोखरीमा रमाईलो गर्दै पौडी खेल्दै थिए। त्यतिकैमा माछा मार्न आएका माझीहरूको बल्छीमा इन्द्र परेछ। बल्छीको तीखो धारले इन्द्रको मुखमा नराम्ररी घाउ बनाई दिएछ। जसोतसो बल्छीबाट बचेर इन्द्र स्वर्गलोकतिर भाग्न सफल भएछन्।

माझीहरूले बिनासिति आफूलाई चोटपटक लगाई दिएकोले न्याय माग्न भनी कैलाश पर्वतमा गएर शिवजी सामु इन्द्रले गुनासो गरेछन्।

इन्द्रको सबै कुरा सुनेपछि शिवजीले इन्द्रलाई सोधेछन् – 'तिमी त्यो पोखरीमा इन्द्र भएर बसेका थियौ ?'

इन्द्र : 'थिइँन प्रभु, म माछाको रूपमा थिएँ।'

शिव : 'तिमी माछाको रूपमा थियौ। ती माझीहरूले माछाको सिकार गरेका थिए, इन्द्रको होइन। त्यसैले ती माझीहरूले तिमीलाई चोट दिएर कुनै गल्ती गरेका छैनन्।'

## चीनका प्राचीन नीतिकथा

### 8Ö¥ugsf] ;f]v

एक जना मानिस ड्रयागन भनेपछि हुरुक्कै गर्थ्यो। उसले आफ्नो घर, कोठाका भित्ताहरूमा ड्रयागनको चित्र र मूर्तिहरू सजाएर राखेको थियो। उसको ड्रयागनको सोख देखेर साँच्चैको ड्रयागन निकै खुशी भयो। एक दिन वास्तविक ड्रयागन त्यो मानिसको घरमा गयो र झ्यालबाट भित्र चियायो।

साँच्चैको ड्रयागन घरमा पस्न लागेको देखेर त्यो मानिसको डरले होस हरायो। ऊ भागेर बैगलमा लुक्न गयो। त्यो मानिस वास्तवमा ड्रयागनको सौकिन होइन रहेछ, ड्रयागनजस्तो देखिने वस्तुको सौकिन रहेछ भन्ने कुरा साँच्चैको ड्रयागनले बुझ्यो र फर्क्यो।

अनुवादः विनय कसजु

# स्वास्थ्य सेवा

## ख्वप अस्पतालले अँध्यारो रातमा चम्किलो बत्तीको रूपमा काम गरिरहेको छ : अध्यक्ष बिजुक्छेँ



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले ख्वप अस्पतालले अहिले अँध्यारो रातमा चम्किलो बत्तीको रूपमा काम गरिरहेको बताउनुहुँदै शिक्षामा जस्तै स्वास्थ्य क्षेत्रमा पनि गुणस्तरीय काम हुने अपेक्षा जनताको रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँगको असोज २६ गते भएको साक्षात्कार कार्यक्रममा उहाँले जनताको विश्वासकै कारण आज ख्वप अस्पताल सञ्चालन र व्यवस्थापनमा सहजता निम्तिएको बताउनुभयो ।

अस्पतालमा बिरामीहरूको चाप बढेसँगै सेवा प्रवाहमा केही असहज परिस्थिति निम्तिन सक्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले चिकित्सक, कर्मचारीबीच अस्पतालको विषयमा बरोबर बैठक र छलफल राख्नुपर्ने र सुविधाहरू थप्दै लानेतर्फ व्यवस्थापन समिति क्रियाशील हुनुपर्ने बताउनुभयो ।

जनताको विश्वासअनुसारको सेवा हामीले दिन सकेनौँ भने जनतामा अस्पतालको सेवाप्रति नैराश्यता छाउन सकिने बताउनुहुँदै उहाँले चिकित्सक कर्मचारीहरूले अस्पताल र जनताबीचको पुलको रूपमा काम गर्नु अझ प्रभावकारी हुने बताउनुभयो ।

जनताको सांस्कृतिक स्तरअनुसारको व्यवहार र भाषा प्रयोगमा विशेष ध्यान पुऱ्याउनुपर्ने भन्नुहुँदै उहाँले अस्पतालमा कार्यरत कर्मचारी र नर्सहरूलाई समयसापेक्ष तालिमहरू सञ्चालनमा पनि जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चिकित्सकहरूको ससानो गल्तीले ठूलो दुर्घटना निम्तिन सक्नेतर्फ सचेत पार्नुहुँदै ख्वप अस्पताल नयाँ अस्पताल र नयाँ अनुभव बोकेको अस्पताल भएको हुँदा संवेदनशील भएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालले प्रगतिउन्मुख भएर काम गरिरहेको हुँदा चिकित्सक र कर्मचारीहरूबीच समन्वयात्मक ढङ्गले काम गर्न मार्गनिर्देश गर्नुहुँदै उहाँले ख्वप अस्पताल जनताको अस्पताल हो र जनताको निम्ति खोलिएको हो भन्नुभयो ।

सार्वजनिक अस्पतालमा राम्रोसँग सेवा दिए जनतालाई फाइदा पुग्ने बताउनुहुँदै उहाँले ख्वप अस्पताल राम्रो हुनु भक्तपुरवासीहरूकै निम्ति गौरवको विषय हुने बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले चिकित्सक र स्वास्थ्यकर्मीहरूले पेशागत कामबाहेक पनि राष्ट्रिय अन्तर्राष्ट्रिय परिघटनाहरूबारे पनि जानकार हुनुपर्ने बताउनुहुँदै ख्वप अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूबाट जनताले धेरै अपेक्षा राखेको हुँदा जनताको भावनाअनुसार काम गर्न प्रेरित हुनुपर्ने बताउनुभयो ।

## भक्तपुरमा बृहत् छिकोङ व्यायाम प्रदर्शनी



भक्तपुर नगरपालिकाको आयोजनामा असोज २९ गते दरबार स्क्वायरमा छिकोङ व्यायाम प्रदर्शनी भयो ।

प्रतिनिधि सभाका सदस्य एवं नेमकिपाका केन्द्रीय सचिव **प्रेम सुवाल**को प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त प्रदर्शनीमा उहाँले तरकारीमा विषादीजन्य खाद्यान्नहरू पाइएकोले बजारमा अहिले तरकारी छनौट गर्दा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । साथै जंकफुड खानेकुरा खानाले रोगीहरूको सङ्ख्या वृद्धि भइरहेकोले स्वस्थ बन्न निरन्तर रूपमा शारीरिक



व्यायाम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले निर्वाचनको घोषणा बमोजिम नगरवासीको हितमा प्रत्येक वडामा व्यायामशाला निर्माण गरिएको चर्चा गर्नुहुँदै नपाले हरेक वर्ष खेलकुद प्रतियोगिताहरू पनि आयोजना गरिएको बताउनुभयो । साथै नागरिकलाई व्यायामतर्फ आकर्षित गर्नको लागि नगरपालिकाले छिकोङ व्यायाम प्रदर्शनीको आयोजना गरिएको समेत उहाँले बताउनुभयो ।

कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष **श्यामकृष्ण खत्री**ले स्वागत मन्तव्य दिनुभएको थियो भने वडा नं ४ का वडा अध्यक्ष **उपेन्द्र सुवाल**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त प्रदर्शनीमा प्रत्येक वडामा रहेका छिकोङ प्रशिक्षार्थीहरू, जनप्रतिनिधिहरू लगायत अन्य जनसमुदायको उल्लेख सहभागिता रहेको थियो ।

कार्यक्रममा वडा नं ८ का वडा सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

## शासक दलहरूले देशलाई सिक्कम र फिजीको बाटो धकेल्दैछ



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नजिकिँदै गरेको नेपालीहरूको महान् पर्व दशैंको शुभकामना दिनुहुँदै दशैं बिदालाई रचनात्मक र सिर्जनात्मक ढङ्गले सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

ख्वप अस्पतालको आयोजनामा कार्तिक २ गते भएको घरदैलो नर्सिङ सेवा र विद्यालय नर्स सेवाको मासिक बैठक तथा दशैंको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले दशैंमा मानिसहरूले चिल्लो पिरो बढी खाने, मासुको उपभोग बढी गर्ने र मद्यपानमा पनि जोड दिने गर्दा स्वास्थ्यमा त्यसले नकारात्मक असर पुऱ्याउनेतर्फ सचेत पार्नुहुँदै दशैं बिदा जीवनउपयोगी काम गरी मनाउन अनुरोध गर्नुभयो ।

शारीरिक व्यायामलाई निरन्तरता दिन सके रोगको जोखिम कम हुने बताउनुहुँदै उहाँले चाडबाडको समयमा आफ्नो स्वास्थ्यको अझ बढी ख्याल राख्नुपर्ने बताउनुभयो ।

केही दिन अघि नेपालका वर्तमान प्रधानमन्त्री 'प्रचण्ड'ले गैरआवासीय केही व्यक्तिलाई नागरिकता दिएर प्रवासी नेपालीहरूलाई नागरिकता दिने क्रम प्रारम्भ गरेको बताउनुहुँदै उहाँले यससँगै अब वर्षौंअघि नेपाली नागरिकता त्यागेर विदेशी बनेका लाखौं मानिसहरूले नेपालको नागरिकता प्राप्त गर्ने बाटो खुलेको बताउनुभयो । ती नागरिकहरूले नेपालको हितमा भन्दा पनि विदेशीकै हितमा काम गर्ने प्रष्ट पार्नुहुँदै उहाँले शासक दलहरूले देशलाई सिक्कमीकरण र फिजीको बाटोमा धकेल्दैछ भन्नुभयो ।

राजनीति गर्नेहरू राम्रा भए जनताले सुखको अनुभूति गर्न पाउने बताउनुहुँदै उहाँले तर अहिले सरकारमा बस्नेहरू स्वयम् विदेशी दलालको रूपमा काम गरिरहेको धारणा राख्नुभयो ।

उक्त कार्यक्रममा ख्वप अस्पतालका डा. **अमर प्रजापति**, डा. **रत्नसुन्दर लासिवा** र स्टाफ नर्स **रचना सुवाल**ले पनि बोल्नुभएको थियो भने १० ओटै वडाका वडा नर्स र विद्यालय नर्सहरूले स्वास्थ्यसम्बन्धी आफ्नो मासिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

## नेमकिपा अध्यक्ष बिजुक्छेँबाट ख्वप अस्पतालको निरीक्षण

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँबाट भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप



अस्पतालको कार्तिक ६ गते निरीक्षण गर्नुभयो । उहाँले अस्पतालका विभिन्न कक्षको निरीक्षण गर्नुका साथै चिकित्सकहरूसँग भेट गरी आवश्यक निर्देशन दिनुभयो ।



उहाँको साथमा नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवाल र भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति हुनुहुन्थ्यो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Ashoj Report
## 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2190 | 10.07 |
| 10-14. | 839 | 3.86 |
| 15-19 | 839 | 3.86 |
| 20-59 | 13403 | 61.60 |
| ≥60 | 4487 | 20.62 |
| Total | 21758 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 561 | 2.58 |
| General | 3908 | 17.96 |
| Insurance | 17289 | 79.46 |
| Total | 21758 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Banke | 1 | 0.01 |
| Jhapa | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Dhankuta | 1 | 0.01 |
| Kapilvastu | 1 | 0.01 |
| Chitwan | 2 | 0.01 |
| Salyan | 2 | 0.01 |
| Sankhuwasabha | 2 | 0.01 |
| Kalikot | 2 | 0.01 |
| Surkhet | 2 | 0.01 |
| Sunsari | 2 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Bara | 3 | 0.01 |
| Udayapur | 3 | 0.01 |
| Taplejung | 3 | 0.01 |
| Achham | 3 | 0.01 |
| Okhaldhunga | 4 | 0.02 |
| Kailali | 4 | 0.02 |
| Morang | 5 | 0.02 |
| Jumla | 7 | 0.03 |
| Sindhuli | 9 | 0.04 |
| Khotang | 11 | 0.05 |
| Lalitpur | 11 | 0.05 |
| Dolkha | 15 | 0.07 |
| Ramechap | 19 | 0.09 |
| Kathmandu | 25 | 0.11 |
| Sindhupalchowk | 32 | 0.15 |
| Kavrepalanchok | 69 | 0.32 |
| Bhaktapur | 21514 | 98.88 |
| Total | 21758 | 100.00 |
| Madhyapur Thimi | 120 | |
| Suryabinayak | 921 | |
| Changu | 3292 | |
| Bhaktapur | 17181 | |
| Total | 21514 | |

| Department | Number | In Percentage |
|---|---|---|
| Psychiatric | 91 | 0.42 |
| General Ward | 180 | 0.83 |
| Cardiologist | 184 | 0.85 |
| Physiotherapy | 234 | 1.08 |
| MDGP | 375 | 1.72 |
| Laboratory | 439 | 2.02 |
| General Surgery OPD | 459 | 2.11 |
| Dermatology | 727 | 3.34 |
| Internal Medicine | 769 | 3.53 |
| ENT | 1263 | 5.80 |
| Obs. & Gynaecology | 1287 | 5.92 |
| Paediatric | 1457 | 6.70 |
| Dental | 1472 | 6.77 |
| Emergency Ward | 1514 | 6.96 |
| Orthopedic | 2383 | 10.95 |
| General OPD | 8924 | 41.01 |
| Total | 21758 | 100 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 180 |
| Discharge | 149 |
| LAMA | 0 |
| Refer | 9 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2577 |
| Total Cataract Surgery | 90 |

### Operation

| | |
|---|---|
| Major | 33 |
| Minor | 95 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 12637 | 58.08 |
| Male | 9121 | 41.92 |
| Total | 21758 | 100 |

# भेटघाट

## विभिन्न देशका प्रतिनिधि टोलीलाई भक्तपुरमा स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर भ्रमणमा आएका विभिन्न देशका प्रतिनिधि टोलीलाई असोज २६ गते सांस्कृतिक नगरी भक्तपुरमा खादा, भादगाउँले टोपी र परम्परागत थैलीले स्वागत गर्नुभयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भौगोलिक दृष्टिले अलग अलग देशमा रही आए पनि सूचना र प्रविधिले एकआपसमा नजिक्याएको बताउनुहुँदै विभिन्न देशहरूसँगको पारस्परिक सहयोग पनि हुँदै आएको बताउनुभयो।

नेपाल सरकारलाई विशेषगरी व्यापार, पर्यटन र शैक्षिक क्षेत्रमा मित्र देशहरूले महत्त्वपूर्ण सहयोग र योगदान गरिरहेको स्मरण गर्नुहुँदै उहाँले भन्नुभयो, 'भक्तपुरको कला र संस्कृति हाम्रो पहिचानका साथै देशको सम्पत्ति पनि हुन्। हामीले ती सम्पत्तिहरूलाई संरक्षण र सम्बर्द्धनमा जोड दिँदै आएका छौं।'

नगरपालिका प्रवेश गर्ने पर्यटकहरूसँग उठेको शुल्कबाट भक्तपुरको कला–संस्कृति संरक्षण, शिक्षा, स्वास्थ्य र पर्यटन प्रवर्द्धनमा खर्च गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले सम्पदा पुनःनिर्माण र जीर्णोद्धारमा भक्तपुर नपा अत्यन्त संवेदनशील भई सक्रियतापूर्वक अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नपाले विदेशीको सहयोगलाई भन्दा यहाँका स्थानीयहरूसँग मिलेर विकास गर्छौं भन्ने भावनाले काम गर्दै आइरहेको उहाँले बताउनुभयो।

भक्तपुरमा उपभोक्ता समितिबाट भएका कामबाट स्थानीयले रोजगारी पाउने, गुणस्तरीय निर्माण हुने, कम खर्च, स्थानीय सीप र प्रविधिको प्रयोग हुने गरेको बताउनुहुँदै उहाँले भक्तपुर नपा शिशुस्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गर्ने देशकै एकमात्र स्थानीय तह भएको बताउनुभयो।

भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारीमा रहेको र विश्वविद्यालय सञ्चालनको लागि सरकारको स्वीकृतिको पर्खाइमा रहेको समेत उहाँले उक्त कार्यक्रममा अवगत गराउनुभयो।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले २०७२ सालमा गएको भूकम्पको असर, निजी घर तथा सम्पदा पुनःनिर्माणमा परम्परागत प्रविधि, संस्कृति संरक्षणमा भक्तपुर नपाको भूमिका, राष्ट्रिय कला सङ्ग्रहालय पुनःनिर्माण आदिबारे प्रस्तुतीकरण गर्नुभयो।

कार्यक्रममा उपस्थित प्रतिनिधिहरूले भक्तपुरको शिक्षा, सम्पदा, सरसफाइ, पर्यावरण सुरक्षा, फोहोरमैला व्यवस्थापन, वायु प्रदूषण, खानेपानी व्यवस्थापन आदि विषयमा नगर प्रमुख र उपप्रमुखसमक्ष जिज्ञासा राख्नुभएको थियो भने टोलीका प्रतिनिधि मार्क हार्भेले भक्तपुरले गरेको न्यानो स्वागतको लागि धन्यवादज्ञापन गर्दै भक्तपुरका सांस्कृतिक सम्पदाहरू अद्वितीय भएको र भक्तपुर साँच्चै नै सुन्दर र आकर्षक सहरको रूपमा पाएको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले प्रतिनिधि टोलीलाई भक्तपुर नपाको सम्पदा सचित्र पुस्तक उपहारको रूपमा प्रदान गर्नुभएको थियो।

टोलीमा बेलायत, फिलिपिन्स, कम्बोडिया, थाइल्याण्ड, लावस, भारतलगायत विभिन्न देशका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

टोलीले भक्तपुरको दरबार क्षेत्रका सांस्कृतिक सम्पदाहरू, टौमढी क्षेत्र, पोटरी स्क्वायर, दत्तात्रय, वाकुपति नारायण हुँदै भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालको समेत अवलोकन गर्ने कार्यक्रम रहेको पर्यटन सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले जानकारी दिनुभयो।

## नगर प्रमुख प्रजापितसँग राष्ट्रिय सभा उपाध्यक्ष अर्यालको भेट



राष्ट्रिय सभाका उपाध्यक्ष उर्मिला अर्यालले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कार्तिक १३ गते भक्तपुर नपा सभाकक्षमा भेट गर्नुभयो । नगर प्रमुख प्रजापतिले उपाध्यक्ष अर्याललाई सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुहुँदै भक्तपुर नपाको कार्य सम्पादनबारे विस्तृतमा अवगत गराउनुभयो । भेटमा उहाँहरूबीच देशको समसामयिक राजनीतिक विषयमा समेत कुराकानी भयो ।

भेटमा उपाध्यक्ष **अर्याल**ले स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा यसलाई अधिकार सम्पन्न गराउनुपर्ने धारणा राख्नुहुँदै भक्तपुर नपाले सबै क्षेत्रमा गरिरहेको काम अनुकरणीय र प्रशंसनीय भएको बताउनुभयो ।

प्रमुख **प्रजापति**ले संसद्मा विचाराधीन शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय पुन:स्थापना गर्नु सङ्घीयता र संविधानविपरीत भएकोउल्लेख गर्नुहुँदै जिल्ला स्तरीय कार्यालय खारेज गरी पालिकाअन्तर्गत राख्न सके राज्यको खर्च कम हुने बताउनुभयो ।

उहाँले शिक्षकहरूले राजनीति गर्न नपाउने भन्ने प्रावधान गलत भएको उल्लेख गर्नुहुँदै नागरिकता विधेयक संसद्ले देश हित विपरीत पारित गरेकोतर्फ ध्यानाकर्षण गर्नुभयो ।

राजनीति देश र जनताको हितमा केन्द्रित हुनुपर्ने बताउनुहुँदै उहाँले भन्नुभयो, उच्च पदाधिकारीहरू राम्रो भए देश राम्रो हुन्छ ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, स्वकीय सचिव रमाकान्त प्रसाद चौधरी, अधिवक्ता कविता ढुंगाना र भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालको उपस्थिति रहेको थियो ।

प्रमुख प्रजापतिले उपाध्यक्ष अर्याललाई भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

## नगर प्रमुख प्रजापति र कर्णाली प्रदेशसभा सदस्य भण्डारीबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कर्णाली प्रदेशका माननीय सभासद् एवम् सामाजिक विकास समितिका सभापति घनश्याम भण्डारीले कार्तिक १४ गते भक्तपुर नपाको सभाकक्षमा भेट गर्नुभयो । प्रमुख प्रजापतिले सभासद् भण्डारीलाई सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुहुँदै उहाँहरूबीच नगरपालिकाको कार्य सम्पादन र



कार्यशैलीबारे अनुभव आदानप्रदान भयो ।

भेटमा सभासद् **भण्डारी**ले आफू नगर प्रमुख भएको बेला दुल्लु नगरपालिकाले प्राविधिक शिक्षालय र अस्पताल सञ्चालन सुरु गरेको र उक्त संस्थाहरू सञ्चालन तथा व्यवस्थापनको लागि भक्तपुरको विकास मोडलको अध्ययनको सिलसिलामा भक्तपुर भ्रमणमा आएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा कर्णालीका धेरै विद्यार्थीहरू पनि अध्ययरत रहेको र त्यहाँबाट उत्पादित प्राविधिक जनशक्ति देशका विभिन्न सङ्घ संस्थाहरूमा इमानदारीपूर्वक काम गरिरहेको अवगत गराउनुभयो ।

भेटमा प्रमुख **प्रजापति**ले कर्णाली विकासको धेरै सम्भावना रहेको प्रदेश भएको र त्यहाँ फलफूल, जडिबुटी, पशुपालन तथा जलविद्युत्को क्षेत्रमा विकास गरी देशकै सम्पन्न प्रदेशको रूपमा अगाडि बढ्न सकिन्छ भन्नुभयो ।

समुदायलाई बलियो बनाउने नीतिअनुरूप भक्तपुर नपाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै शिशुशालादेखि उच्च शिक्षा अध्ययन गर्ने शैक्षिक संस्थाहरू सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो । उहाँले भक्तपुर नपाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर कायम गर्न नपाले विद्यालयहरूलाई आर्थिक तथा भौतिक सहयोग पनि गर्दै आएको बताउनुभयो ।

## घाना, तान्जानिया र अर्जेन्टिनाका प्रतिनिधिहरू भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग घाना, तान्जानिया र अर्जेन्टिनाका प्रतिनिधि टोलीले कार्तिक १४ गते भेट गऱ्यो ।

टोलीलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धनलगायतका क्षेत्रमा गरिरहेको अभ्यासबारे अवगत गराउनुहुँदै नेपाली र अफ्रिकी जनता फरक फरक महादेशमा भए पनि साम्राज्यवाद र विस्तारवाद विरोधी भावनामा समानता भएको बताउनुभयो ।

उहाँले अफ्रिकी स्वतन्त्रता सेनानी क्वामे एनक्रोमा घानाको मात्रै नभई अफ्रिकी महादेशकै नेता र साम्राज्यवाद तथा उपनिवेशवादविरोधी योद्धाको रूपमा नेपाली जनता परिचित छन् भन्नुभयो ।

सुन र हिराको देशको रूपमा परिचित घानाको प्राकृतिक स्रोत र साधन साम्राज्यवादीहरूको नियन्त्रणमा भएजस्तै नेपालको जलस्रोतलगायत प्राकृतिक स्रोत र साधन भारतीय विस्तारवादको कब्जामा पर्दै गएको उहाँले जानकारी दिनुभयो ।

साम्राज्यवादी मुलुकहरूले अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई नवउदारवादी नीति अवलम्बन गरी साना र कमजोर देशहरू कब्जा गर्न हतियारको रूपमा प्रयोग गरिरहेको स्मरण गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका पुरातात्त्विक र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण नगर भएको बताउनुहुँदै २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सम्पदा पुनःनिर्माण कार्य विदेशीहरूको सहयोगबिना जनस्तरबाट सम्पन्न गर्न सफल भएको बताउनुभयो ।

भक्तपुर किसानहरूको बाहुल्यता भएको नगर भएको बताउनुहुँदै भक्तपुर नपाले किसानहरूलाई लक्षित गरी तालिम सञ्चालन, उन्नत जातका बीउबिजन वितरण, मल वितरणलगायतका गतिविधिलाई निरन्तरता दिँदै आएको उहाँले बताउनुभयो ।

नेमकिपाले नेपालमै रासायनिक मल कारखाना स्थापना गर्नुपर्नेमा जोड दिँदै आएको उहाँले बताउनुभयो ।

बाओबाबका प्रमुख **थियोडोरा पिउस लिंगो**ले नेपाल र नेपालीहरूको अतिथि सत्कारबाट अत्यन्त प्रभावित भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाको आत्मनिर्भरतालाई जोड दिँदै जनताको सेवा गर्ने कार्य संसारका अन्य सहरहरूको लागि समेत प्रेरणा दिने गर्ने विचार व्यक्त गर्नुभयो ।

विदेशीहरूको सहयोगबिना भूकम्पले क्षति पुऱ्याएका भक्तपुरका सम्पदाहरू भक्तपुरका जनताको सहयोगबाटै



पुनःनिर्माण गरेको जानकारी पाउँदा हामी हर्षित छौँ भन्नुभयो ।

भेटमा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाल, घाना, तान्जानिया र अर्जेन्टिनाका प्रतिनिधि, प्रमेश पोखरेलको पनि उपस्थिति रहेको थियो ।

भेटपश्चात टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू र अस्पतालको स्थलगत निरीक्षण गर्नुभएको थियो ।

## धरानका बुद्धिजीवीहरूको टोली भक्तपुरनपामा



'हामी धराने काठमाडौँ' का संयोजक शक्ति थापाको नेतृत्वमा आउनुभएका धरानका बुद्धिजीवीहरूको टोलीले कार्तिक १८ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेट गऱ्यो ।

भक्तपुर नपाले गरेका कार्यहरूको अवलोकन गर्न आएका प्रतिनिधिहरूले ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेजलगायत नपाले गरिरहेका कार्यहरूबारे विस्तृत अध्ययन गर्नुभयो ।

विभिन्न पदका बुद्धिजीवीहरू सम्मिलित उक्त टोलीले भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा निर्माणलगायतका विषयमा कसरी सम्भव भएकोजस्ता थुप्रै जिज्ञासाहरू नगर प्रमुखसमक्ष राखेको थियो ।

नगर प्रमुख **प्रजापति**ले नेताहरू दूरदर्शी र जनता इमानदार भए हरेक क्षेत्रमा विकास गर्न सकिने बताउनुभयो ।

उहाँले २०५६ सालमा नेमकिपाले 'एक घर एक स्नातक'को अवधारणा अगाडि सारेपछि नगरपालिकाले विभिन्न

कलेजहरू सञ्चालन गरेको र त्यो शैक्षिक अभियान हालसम्म जारी रहेको तथा अहिले ख्वप विश्वविद्यालय स्थापनाको लक्ष्य लिएर अगाडि बढिरहेको जानकारी दिनुभयो।

नेमकिपाका कार्यकर्ताहरूले इमानदारीपूर्वक जनताको सेवा गर्नेबाहेक अरू कुनै स्वार्थ नलिएको बताउनुहुँदै उहाँले एउटै समाजमा धनी र गरिबले फरक-फरक सेवा-सुविधा पाउन नहुने, सबैले समान जीवन बिताउन पाउने अधिकार हुनुपर्ने कुरालाई ध्यानमा राखेर भक्तपुर नपाले काम गरिरहेको जानकारी दिनुभयो।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुरमा जनप्रतिनिधि र जनता सँगसँगै भएर हरेक क्षेत्रमा विकासलाई अगाडि बढाइरहेको बताउनुभयो।

प्रतिनिधि मण्डलका संयोजक **शक्ति थापा**ले भक्तपुर नपाले गरेको स्वागतप्रति धन्यवाद दिनुहुँदै बाहिर भक्तपुरबारे धेरै कुरा सुनेकोमा आफ्नै आँखाले हेर्न र देख्न पाएकोले अत्यन्त खुसी लागेको बताउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाक्टर **मजेशप्रताप मल्ल**ले ख्वप अस्पतालले हालसम्म गरिरहेको सेवा प्रवाह र आगामी योजनाबारे जानकारी दिनुभयो।

प्रमुख प्रजापतिले 'हामी धराने काठमाडौँ' लाई नगरपालिकाका प्रकाशनहरू हस्तान्तरण गर्नुभयो।

भ्रमण टोलीमा ३५ जनाभन्दा बढी प्रतिनिधिहरूको उपस्थिति थियो।

## नुवाकोटका विज्ञान शिक्षकहरूको टोली भक्तपुर नपामा




नुवाकोट जिल्लाका शिक्षक रविन्द्र डंगोलको नेतृत्वमा आएको विज्ञान हिक्षकहरूको टोलीले भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग कार्तिक १८ गते भेट गरी भक्तपुर नपाका विभिन्न गतिविधिहरूको जानकारी लिनुभयो।

टोलीले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताल, इन्जिनीयरिङ कलेजलगायतको अवलोकन भ्रमण गर्‍यो।

नपा प्रमुख प्रजापतिले टोलीका सदस्यहरूलाई नपाका केही प्रकाशनहरू उपहार प्रदान गर्नुभयो।

## सम्झनाको लागि




बौद्ध स्तुप क्षेत्र, विसं २०२४ र २०७९ मा।

(तस्बिर : इन्टरनेट)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# संक्षेपमा

## सरसफाइ





नगर प्रमुख सुनिल प्रजापतिको उपस्थितिमा असोज १९ गते महेश्वरी घाटमा सरसफाइ सम्पन्न भएको छ।

## थाहा पाइराखौं

- नेपालको सबैभन्दा अग्लो मन्दिर पाँचतले मन्दिर हो। (१०८ फिट)
- नेपामा वि.सं. २०१३ चैत्र २० गते सहकारी संस्थाको स्थापना भएको थियो।
- आफ्नो नाम बिर्सने वैज्ञानिक थोमस एल्वाएडिसन हो।
- शासक लुई चौथौंले आफ्नो सम्पूर्ण जीवनकालमा तीन पटक मात्र नुहाएका थिए। यो स्नान पनि उसको इच्छाले भएको थिएन।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## आगलागी



कार्तिक ६ गते सोमबार भक्तपुर नगरपालिका वडा नं. २ इताछैंमा खाना पकाउने ग्यास पड्केर आगलागी भएको घरमा पुगी घटनाबारे जानकारी लिनुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति। स्थानीय विष्णु तुकंबन्जारको घरमा आगलागी हुँदा आगो निभाउने क्रममा विनोद तुकंबन्जार, महेश नापित र रत्नभक्त खुसु घाइते भएको बताइएको छ।

तस्बिर : बीएन सुवाल/मजदुर दैनिक

## ढलान कार्य निरीक्षण



ख्वप इन्जिनियरिङ कलेज ब्लक बीको बन्दै गरेको नयाँ भवनको शेर वाल ढलान कार्यको कार्तिक १६ गते निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत।

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं।**

# विविध समाचार

## शिक्षा विधेयक सङ्घीयता र संविधानविरोधी प्रतिगामी कदम



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा श्री बालसेवक आधारभूत विद्यालयको ६१ औँ वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम असोज १९ गते भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले उच्च शिक्षाको मजबुत जग आधारभूत विद्यालयहरू भएको बताउनुहुँदै सामुदायिक विद्यालयहरू मजबुत र गुणस्तरीय भए गरिबका छोराछोरीहरूले सहज ढङ्गले उच्च शिक्षा प्रदान गर्न टेवा पुग्ने बताउनुभयो ।

शिक्षा ऐन संशोधन गरी जिल्ला शिक्षा कार्यालय पुन:स्थापना गर्न खोज्नु संविधान र सङ्घीय भावनाविपरीत भएको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको मावि तहसम्मको शिक्षाको एकल अधिकार खोस्न बनाइएको शिक्षा विधेयक सङ्घीयता र संविधानविरोधी प्रतिगामी कदम भएको बताउनुभयो ।

विद्यार्थीहरूमा भएको गुण, सीप र योग्यतालाई पहिचान गरी उनीहरूको रुचिअनुसारको व्यक्तित्व विकासमा शिक्षकहरूले सहजीकरण गर्न जोड दिनुहुँदै उहाँले गरिब र धनी परिवारका विद्यार्थीहरूलाई समान शिक्षा र सुविधा प्रदान गर्न शिक्षालाई विशेष प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

शिक्षा क्षेत्रमा भक्तपुरलाई आजको अवस्थासम्म ल्याउन धेरै बुद्धिजीवीहरूको महत्त्वपूर्ण देन भएको बताउनुहुँदै भक्तपुर नपाले यहाँका युवाहरूलाई शिक्षाको प्रमाणपत्रसँगै उनीहरूलाई सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले असहजता र चुनौतीबीच श्री बालसेवक आविले भक्तपुरको शैक्षिक उन्नयनमा खेलेको महत्त्वपूर्ण भूमिकाको लागि सम्मान व्यक्त गर्दै अभिभावकको दबाबभन्दा पनि विद्यार्थीको योग्यता र रुचिअनुसारको व्यक्तित्व विकासमा उनीहरूलाई उत्साहित गर्नुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णगोविन्द खाइजूले विद्यालयको इतिहास र हालको प्रगतिबारे, विद्यालयका प्रधानाध्यापक प्रेरणालक्ष्मी तपोलले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रममा शिक्षाप्रेमी पशुपतिमान प्रधान, अर्जुन भन्ते, छ्वाली हस्तकलाकर्मी सीताराम गोसाइँ, विद्यार्थी प्रतिनिधि विजय शाही र शिक्षक नारायणभक्त हेङ्गवजुले पनि बोल्नुभएको थियो ।

वार्षिकोत्सवको अवसर पारेर विद्यालयले जेहेनदार र अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गरेको थियो । सोही अवसरमा शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै विद्यालयका पूर्व प्रअ जयपालहरि कायष्ठलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

## वागीश्वरी कलेज अफ म्यानेजमेन्टमा बीबीएका विद्यार्थीहरूलाई अभिमुखीकरण




भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज अफ म्यानेजमेन्ट व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले युग सुहाउँदो जनशक्ति उत्पादन गर्ने, आफ्नै बलबुताामा उभिने प्रयास गर्ने र सम्पूर्ण विद्यार्थीहरूमा देशभक्ति भावना जगाउनुपर्नेमा जोड दिनुभएको छ ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टमा बीबीए प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूको लागि असोज २१ गते आयोजित अभिमुखीकरण कार्यक्रममा उहाँले उक्त विचार व्यक्त गर्नुभएको हो ।

देशमा साँचो परिवर्तन चाहने हो भने शिक्षालाई पहिलो प्राथमिकता दिनुपर्छ भन्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले प्रसूतिगृहदेखि शिशु स्याहार केन्द्र, कलेजहरूसमेत सञ्चालन

गरिरहेको जानकारी दिनुभयो। शिक्षामा गरिएको लगानी आजको भोलि नै प्रतिफलको नआउने चर्चा गर्नुहुँदै उहाँले विगतमा वागीश्वरी कलेजले १५ वर्षभित्र २ पटक नेपाल टप नतिजा ल्याएर देखायो भने अब नेपाल टप नतिजा ल्याउने पालो वागीश्वरी कलेज अफ म्यानेजमेन्टको हो, यसको लागि शिक्षक, विद्यार्थी, अभिभावक र कलेज व्यवस्थापन समितिको संयुक्त प्रयास आवश्यक छ भन्नुभयो।

शिक्षालाई महत्त्व दिएकै कारण छिमेकी मुलुक चीनले प्रगति गरिरहेको चर्चा गर्नुहुँदै भन्नुभयो– 'शिक्षाकै कारण चीन अगाडि बढिरहेको हो। कुनै बेला श्रीलङ्का पनि चर्चाको शिखरमा थियो तर भ्रष्टाचारको कारण श्रीलङ्का दुरावस्थाबाट गुज्रिरहेको छ। हाम्रो देश पनि अहिले भ्रष्टाचारकै कारण दुरावस्थाबाट गुज्रिरहेको छ। यसलाई सुधार्न हामी नै लाग्नुपर्छ।'



बल्लतल्ल पास गर्ने सोच नराखी सर्वोत्कृष्ट नतिजा ल्याउने आँट गरौँ, परनिर्भरको सोच त्यागौँ, दुःख भए पनि आत्मनिर्भर हुने, देशलाई सक्षम बनाउने प्रयास गरौँ भन्नुहुँदै उहाँले यो देशका उच्च पदाधिकारी पढेलेखेका व्यक्तिहरूले देशको माना खाएर विदेशीको गाना गाइरहेकोमा आपत्ति जनाउनुभयो।

उहाँले हामीले नयाँ पुस्तालाई निराशा हैन आशा जगाउनुपर्छ, आर्थिक दरिद्रताभन्दा बौद्धिक दरिद्रता धेरै खतराजनक छ भन्नुहुँदै परिश्रम गरौँ, देश बदलौँ, सङ्घर्ष गरौँ, भविष्य नयाँ पुस्ताकै हो भन्नुभयो।

कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट छुट्टाछुट्टै शैक्षिक संस्था भए पनि एकापसमा हातेमालो गरेर अगाडि बढिरहेको चर्चा गर्दै विद्यार्थीलाई पाठ्यपुस्तकमात्र सीमित नराखी अतिरिक्त सीप पनि दिँदै आएको प्रस्ट्याउनुभयो।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य **कृष्णप्रसाद धन्छा**को सभापतित्वमा भएको उक्त कार्यक्रममा कलेजका संयोजक **ज्ञानसागर प्रजापति र** विद्यार्थी मनोज कुटुवाले आफ्नो अनुभव सुनाउनुभएको थियो।

## 'भारतीय विस्तारवादकै कारण नेपाली जनताले दुःख पाएका छन्'




'भारतीय विस्तारवादकै कारण नेपाली जनताले दुःख पाइरहेका छन्।'

उक्त भनाइ भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले असोज २० गते भएको बाराही बचत तथा ऋण सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभामा व्यक्त गर्नुभएको हो।

सभाका अतिथि प्रजापतिले छिमकी भारतले नेपाललाई कहिले पनि स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रूपमा हेर्न नचाहेको र उसले जहिले पनि नेपाललाई आफ्नै प्रान्तको रूपमा व्यवहार गरिरहेको प्रस्ट पार्नुभयो।

नेपालमा चीनको लगानी भएको विद्युत् परियोजनाबाट उत्पादित विद्युत् भारतले खरिद नगर्ने घोषणा, चीनको ऋण लगानीमा बनेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाईजहाजको लागि बाटो नदिनु र गौतम बुद्ध भारतमा जन्मेको झूटो प्रचार गरी भारतमा नक्कली लुम्बिनी निर्माण गर्नुले यस कुराको पुष्टि हुन्छ, उहाँले भन्नुभयो।

प्रमुख प्रजापतिले वर्षको आठ लाख युवाहरू श्रम स्वीकृति लिएर विदेश जानु र उच्च शिक्षा हासिल गर्न १ लाखभन्दा बढी बाहिर जानुले नेपालका शासक दलहरूको असफलता प्रमाणित भएको बताउनुभयो।

उहाँले सहकारी संस्थाहरूले जनताको रकम लिएर भाग्ने क्रम बढिरहेको तर्फ सङ्केत गर्नुहुँदै सहकारी सञ्चालकहरूबारे राम्रो जानकारी लिएरमात्र सहकारीमा पैसा राख्न सुझाव दिनुभयो।

धेरैजसो सहकारीको पैसा बैङ्कमा जम्मा गर्ने गरेको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'सबै पैसा बैङ्कमा राख्ने हो भने गरिबहरूले अलि अलि गरेर जम्मा गरेको पैसा धनीहरूलाई पोस्ने काम हुनेछ।'

अक्सिजन प्लान्ट स्थापना गर्न धेरै सङ्घ-संस्थाहरूबाट सहयोग प्राप्त भएको र त्यही सहयोगले अहिलेसम्म भक्तपुरवासीले अक्सिजन निःशुल्क पाइरहेको जानकारी दिनुहुँदै

उहाँले भन्नुभयो, 'प्रतिमहिना एक हजार सिलिन्डर अक्सिन वितरण भइरहेको छ। त्यसको खर्च उच्च छ। त्यसलाई निरन्तरता दिन भनपाले सामुदायिक संरक्षण कोषबाट केही रकम लिएको हो। जनताको सहयोगले स्थापना गरेको अक्सिजन प्लान्टलाई थप व्यवस्थित गर्न सहकारीहरूले केही योगदान गर्नु आवश्यक छ।'

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष **कृष्णगोविन्द लाखा**ले सहकारी संस्थाहरू सहकारी सिद्धान्तअनुसार चल्नुपर्ने सुझाव दिनुभयो।

भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले पुँजीवादी व्यवस्थामा हरेक १० वर्षमा ठूलठूला आर्थिक सङ्कट आउने विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सले भन्नुभएको र नेपालमा अहिले आइरहेको सङ्कट त्यसैको सिलसिला भएको बताउनुभयो।

भक्तपुर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष **बलराम प्रजापति**लगायतले शुभकामना दिनुभएको उक्त कार्यक्रम संस्थाका ८२ वर्षीय ज्येष्ठ सदस्य **कृष्णगोपाल प्रजापति**को प्रमुख आतिथ्यमा भएको थियो।

संस्थाका अध्यक्ष **विश्वराम त्वायना**को सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत **राधेश्याम सुवाल** र साधारणसभा मूल तयारी समितिका संयोजक **कृष्णभक्त**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले उत्कृष्ट ऋणी, उत्कृष्ट असल बचतकर्ताहरूलाई सम्मानपत्र वितरण गर्नुभएको थियो भने संस्थाका सदस्यहरूमध्येबाट एसईई उत्तीर्ण विद्यार्थीहरूलाई अध्यक्ष त्वायनाले प्रशंसापत्र वितरण गर्नुभएको थियो।

## सहकारीको निक्षेप अनुत्पादक क्षेत्रमा लगानी गर्न नहुने



सभा भक्तपुर नपा ४ नं वडाध्यक्ष उपेन्द्र सुवालको प्रमुख आतिथ्यमा सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.को १३ औँ साधारण असोज २० गते पर्यावरणप्रति सचेतताको लागि गमलामा पानी दिएर उद्घाटन गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि सुवालले अहिले सहकारीको निक्षेप सबै अनुत्पादक घरजग्गा लगायत क्षेत्रमा लगानी हुँदा आजको यो स्थिति आएको बताउनुभयो। उहाँले साधारण सभामा सदस्यहरू सहभागी भई नीति निर्माणमा सकृय सहभागी भए र नगरपालिकाले लेखा तालिम, लेखा अनुगमन तालिम, संस्थागत विकास तालिममा सिके अनुसार सहकारीमा काम गरे सहकारी नबिग्रने बताउनुभयो।

कार्यक्रममा अतिथि गःपली टोल सुधार समितिका अध्यक्ष **रामकृष्ण प्रजापति**ले निक्षेप र लगानीबाट आएको नाफाले सहकारीको विभिन्न गतिविधि अगाडि बढ्ने भएकोले पर्ल्स अनुसार सदस्यता वृद्धि, शेयर वृद्धि, तरलता, लगायत सबै मिलाएर राखे मात्र सहकारी राम्रो र सुव्यवस्थित सञ्चालन भएको देखिने बताउनुभयो।

कार्यक्रम संस्थाका अध्यक्ष **रबिन छुस्याकी**को सभापतित्वमा भएको कार्यक्रममा भक्तपुर सिकर्मी सङ्घका सल्लाहकार एवम् उद्यमी **विष्णुभक्त कुसी,** गायक **हरिसुन्दर लाखे श्रेष्ठ**, **कृष्णाराम गणेश**, **गौरीमैया छुस्याकी**, **कृष्णप्रसाद न्हुछे**, **रामप्रसाद प्रजापति**, **प्रविण त्वाती**, **राजु त्वाती**, **विश्व गणेश हाकुदुवा**लगायतले बोल्नु भएको थियो।

कार्यक्रममा रक्तदाताहरूलाई प्रमाणपत्र र असल ऋणी, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऐच्छिक बचत कर्ता, उत्कृष्ट मुद्दती बचतकर्तालाई मायाको चिनो प्रदान गरिएको थियो।

## बागमती प्रदेशमा नेपालभाषा र तामाङ भाषालाई मान्यता

बागमती प्रदेश संसद्ले असोज २४ गते 'प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' सर्वसम्मतले पारित गरेको छ।

यो विधेयक पारित भएसँगै अब बागमती प्रदेशमा नेपाली भाषाका साथसाथै नेपालभाषा र तामाङ भाषालाई पनि सरकारी कामकाजी भाषाको रूपमा मान्यता प्राप्त भएको छ।

बागमती प्रदेश संसद्मा सरकारका तर्फबाट उद्योग, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनले उक्त विधेयक पेश गर्नुभएको थियो भने त्यसलाई संसदको सर्वसम्मतबाट पारित गरिएको थियो।

नेपालमा भाषा सम्बन्धी विषयका लागि मात्र छुट्टै कानुन तर्जुमा गरिएको यो नै पहिलापटक हो।

विधेयकमा अब उप्रान्त प्रदेशको सरकारी कार्यालय, अदालत, विद्यालय आदि जस्ता स्थानमा नेपाली भाषाका अतिरिक्त नेपालभाषा र तामाङ भाषा प्रयोग गर्न सकिनेछ। यसको लागि सरकारले विद्यमान कर्मचारी संयन्त्रबाटै आवश्यक तयारी गर्नेछ।

विधयेकले भाषा प्रयोगका साथसाथै योसँग जोडिएको लिपिको पनि प्रवर्द्धन गर्दै जाने नीति लिएको छ।

भाषा आयोगले २०६८ सालको जनगणनाअनुसार ११ भाषालाई प्रदेशगत सरकारी कामकाजको भाषा सिफारिस गर्दै नेपाल सरकारलाई बुझाएको प्रतिवेदनका आधारमा बागमती प्रदेशले यो विधेयक पारित गरेको हो। अब यस्तै विधेयक अन्य प्रदेशहरूले पनि तर्जुमा गर्दै लानुपर्नेछ।

आयोगले कोशीमा मैथिली र लिम्बू, मधेशमा मैथिली, भोजपुरी र बज्जिका, बागमतीमा तामाङ र नेपालभाषा, गण्डकीमा मगर, गुरुङ र भोजपुरी, लुम्बिनीमा थारू र अवधी, कर्णालीमा मगर र सुदूरपश्चिममा डोट्याली र थारू भाषा निर्धारण गरिएको हो।

## स्थानीय तह बलियो भए देश विकासमा सहजता आउने



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाका कर्मचारीहरूलाई विजया दशमी तथा दीपावली २०८० को अवसरमा असोज २६ गते शुभकामना तथा मार्गदिर्नेशन गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले स्थानीय तहलाई स्वायत्तताको अधिकार प्रदान गरी विकेन्द्रीत गर्ने हो भने प्रदेश सरकारको आवश्यकता नै नहुने र देशको आर्थिक अवस्था सुधार हुने विचार व्यक्त गर्नुभयो। उहाँले कर्मचारीहरूले राजनीति गर्नुहुन्न भन्ने भ्रम फैलाइरहेको हुँदा कर्मचारीहरूले राजनीतिलाई सेवाको रूपमा लिनुपर्ने र भ्रष्ट आचरणबाट टाढा रहनुपर्ने बताउनुहुँदै इमानदारीपूर्वक निष्पक्ष देश र



जनताको सेवा गर्नु स्थानीय तहमा कार्यरत कर्मचारीहरूको दायित्व हो भन्नुभयो।

प्रमुख अतिथि विजुक्छेँले भक्तपुर नगरपालिकाको विशेषताबारे थाहा नहुने कर्मचारीहरूले भक्तपुरको सेवा गर्न नसक्ने बताउनुहुँदै कर्मचारीहरूले संविधान, नियम, कानूनबारे जानकारी राख्नुपर्ने र सेवा निवृत्त कर्मचारीहरूले समेत नयाँ भाषा सिकी आफूलाई उर्जाशील बनाइराख्नुपर्ने विचार व्यक्त गर्नुभयो।

देशको माथिल्लो तहमा बस्ने मन्त्रीहरूलाई स्थानीय तहको समस्याबारे अवगत नहुन विडम्बनापूर्ण भएको बताउनुहुँदै उहाँले 'बुद्धिजीवीहरू अज्ञानी हुन्छन्' र आफ्नो विषय बाहेक अन्य विषयमा जानकार हुँदैनन् भन्नुभयो। कर्मचारीहरूको कार्यसम्पादन प्रभावकारी बनाउन सबै विषयमा जानकारी हुनुपर्ने र समयमा काम सम्पन्न नगर्नु पनि भ्रष्टाचार हुने तथा यसले संस्थागत नोक्सान हुने भएकोले कर्मचारीहरू सचेत हुनुपर्ने बताउनुहुँदै उदाहरणीय कार्य गरी संस्थालाई दीगो बनाउने सोच कर्मचारीहरूमा हुनुपर्ने प्रमुख अतिथि बिजुक्छेँले बताउनुभयो।

कार्यक्रमका विशेष अतिथि एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारी इमानदार भए जनताले सुखको अनुभूति हुने तथा अनुशासित कर्मचारीहरूले मात्रै अनुशासित संस्था बन्न सक्ने बताउनुहुँदै समाजलाई अगाडि बढाउन जनप्रतिनिधिहरूले दूरदर्शीतापूर्वक नीति तयार गर्नुपर्ने र कर्मचारीहरूले इमानदारीपूर्वक नीति कार्यान्वयन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले देशभरिकै जनताको लागि रोल मोडेलको रूपमा कार्य गरिरहेको बताउनुहुँदै भक्तपुरका कर्मचारीहरूको आचरणले नगरपालिकाको मूल्याङ्कन हुने हुँदा सिङ्गो समाजलाई उठाउन कर्मचारीहरूले पहिलो प्राथमिकता संस्थालाई दिनुपर्ने बताउनुभयो।

कार्यक्रमका अतिथि एवं उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले नगरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल र सम्पदायुक्त सांस्कृतिक नगरको रूपमा अगाडि बढाउने लक्ष्यका साथ विभिन्न गतिविधि गर्दै आइरहेको र हालैमात्र भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूमा अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गरिएको बताउनुहुँदै कर्मचारीहरूले संस्थागत हितलाई ध्यान दिई कार्य गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति नेपाल नगरपालिका कर्मचारी एशोसियसन, भक्तपुर नगरपालिकाका अध्यक्ष **गौतम प्रसाद लासीवा**ले भक्तपुर नगरपालिका अरू नगरपालिकाहरूभन्दा पृथक रहेको बताउनुहुँदै नपाका कर्मचारीहरू कर्तव्यनिष्ठ र इमानदार रही संस्थागत हितको लागि प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रममा भनपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत **रामगोविन्द श्रेष्ठ**, एशोसियसनका सचिव **राजेश दिस्ती**, सहसचिव **विकास प्रजापति** र सदस्य **गणेशलाल फौंजू**लगायतले विजया दशमी र दीपावली २०८० को शुभकामना मन्तव्य राख्नु भएको थियो ।

## धिमे बाजा तथा धाँ बाजा प्रशिक्षणको समापन



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सांस्कृतिक गतिविधिहरूमा नयाँ पुस्ताको उत्साहजनक सहभागिताले यहाँको कला संस्कृति संरक्षणमा समेत टेवा पुग्ने बताउनुभयो ।

श्री चण्डेश्वरी धिमे पुचःको आयोजनामा भएको दोस्रो चरणको धिमे बाजा प्रशिक्षण तथा पहिलो पटक धाँ बाजा प्रशिक्षणको समापनको अवसरमा असोज २६ गते आयोजित कदरपत्र वितरण कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि प्रजापतिले भक्तपुरको कला र संस्कृति हाम्रो पहिचान भएको बताउनुभयो ।

उहाँले भक्तपुर नपाले समय समयमा सांस्कृतिक बाजाको प्रतियोगिता गर्दै संस्कृतिकर्मीहरूको सम्मान समेत गर्दै आएको र आर्थिक तथा भौतिक सहयोगलाई पनि निरन्तरता दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**, श्री चण्डेश्वरी धिमे पुचःका सल्लाहकार **आशाकाजी त्वानाबासु**, उपाध्यक्ष **विष्णुप्रसाद त्वानाबासु**लगायतले बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सुनिल प्रजापतिले धिमेबाजा प्रशिक्षण तथा धाँ बाजा प्रशिक्षणका प्रशिक्षार्थीहरूलाई कदर पत्र प्रदान गर्नुभएको थियो ।

## असल र इमानदार विद्यार्थी उत्पादनमा विद्यालयले जोड दिनुपर्ने



श्री महेन्द्र आधारभूत विद्यालयको आयोजनामा भएको २०८० सालको विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको अवसरमा असोज २६ गते शुभकामना आदानप्रदान तथा पुरस्कार वितरण कार्यक्रम भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले दशैं, दीपावली र छठ पर्वको शुभकामना तथा विद्यालयको उत्तरोत्तर प्रगतिको कामनाका साथै असल र इमानदार विद्यार्थी उत्पादनमा विद्यालयले जोड दिनुपर्ने बताउनुभयो ।

महेन्द्र आधारभूत विद्यालयको शैक्षिक प्रगतिकै कारण विद्यालयमा विद्यार्थीको आकर्षण बढिरहेको बताउनुहुँदै उहाँले विद्यालयबाट उत्पादित विद्यार्थीहरू देश र जनताको सेवामा समर्पित हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले अभिभावकहरूबाट विद्यार्थीहरूलाई नराम्रो काम गर्नबाट समयमै रोक्नुपर्ने, अनुशासनमा विशेष जोड दिनुपर्ने र समाजको एक असल नागरिक बन्न प्रेरित गर्नुपर्नेमा जोड दिनुहुँदै आजको विद्यार्थी भोलिका भविष्य हुन् भन्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रअ **असलमाया वनमाला**ले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै भक्तपुर नपाबाट प्राप्त आर्थिक सहयोगले विद्यालयको भौतिक विकासमा टेवा पुगेको बताउनुभयो ।

उक्त कार्यक्रममा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**, आधारभूत विद्यालय समितिका अध्यक्ष **दिपक माक**, शिक्षिका **राज्यलक्ष्मी कासुला**लगायतले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि र अतिथिहरूले विद्यालयको आयोजनामा भएको अतिरिक्त क्रियाकलापमा विजयीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## नेपालमा दलाल पुँजीपति वर्ग हाबी : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर ट्रक व्यवसायी सङ्घ (रूपान्तरित) भक्तपुर ट्रक व्यवसायी प्रा.लि.को २२, २३ र २४ औँ वार्षिक साधारणसभा तथा ८ औँ अधिवेशनको असोज २९ गते उद्‌घाटन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले नेपालमा दलाल पुँजीपति वर्ग हाबी भइरहेको बताउनुहुँदै राष्ट्रिय पुँजीपति वर्ग मिलेर विदेशी दलाल र पुँजीपति वर्गको विरोधमा सङ्घर्ष गर्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले हातहतियार बोक्ने मान्छेजस्तै सवारीसाधन भएका मानिस पनि सचेत हुनुपर्ने बताउनुहुँदै सरकारले सवारीचालकहरूलाई लाइसेन्स दिने बेला ध्यान दिनुपर्ने, राजमार्गभन्दा १५–२० मि. टाढा बस्ती बसाल्नुपर्ने र सवारीसाधन खरिद गर्नुअघि ग्यारेजको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

देशको नीति निर्माण गर्ने थलो संसद् राम्रो नभएसम्म देशको अवस्था राम्रो नहुने बताउनुहुँदै उहाँले सदनमा व्यवसायीहरू पुग्न सके सहज हुने तथा देशलाई माया गर्ने र देशको हितमा काम गर्ने कर्मचारीहरूको बाहुल्यता भए देशको विकास छिटो हुने बताउनुभयो ।

पार्किङको लागि भक्तपुर नपाले ठाउँ ठाउँमा ग्यारेज निर्माण गर्नुपर्ने बताउनुहुँदै उहाँले सरकारले एउटै देशको सवारीसाधन खरिद गर्न बन्द गर्नुपर्ने र विदेशीहरूको बैङ्कमा पैसा राख्न नहुने धारणा राख्नुभयो ।

उहाँले व्यवसायीहरूमा राष्ट्रिय भावना भएन भने ट्रक व्यवसायी, अर्बपति, खर्बपतिहरू नाङ्ले पसलमा झर्ने स्थिति आउन सक्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरकारले हचुवाको भरमा वर्षौँसम्म जग्गाको कित्ताकाट रोकेको कारण देशको आर्थिक कारोबारमा समेत असर परेको बताउनुभयो ।

नेपालमा चरम बेरोजगारी, राजनैतिक अस्थिरता, भ्रष्टाचारका कारण उत्पन्न आर्थिक सङ्कटका कारण बितेको १९ महिनामा २४ लाख युवाहरूले नेपाल छाडेको तथ्याङ्क रहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले गत आ.व. २०७९/८० मा श्रम रोजगारी स्वीकृतिमा नेपालका ८ लाख र अध्ययन गर्नको लागि १ लाख १० हजार युवाहरू विदेशिएको तथ्याङ्क उक्त कार्यक्रममा प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो – सार्वजनिक तथ्याङ्कअनुसार यो आर्थिक वर्षमा चीनका ११ करोड, भारतका ८० लाख र बंगलादेशका २० लाख पर्यटकहरू विदेश भ्रमणमा जाने रेकर्ड छ । त्यसको ५ प्रतिशत मात्र नेपाल आउने वातावरण बनाउन सके देशको लागि ठूलो टेवा पुग्ने देखिन्छ ।

यातायात व्यवस्था विभागका महानिर्देशक **उद्धव रिजाल**ले भूकम्पको समयमा ठूलो चुनौतीको बीच काम गरेको अनुभव सुनाउनुहुँदै यातायातलाई प्रविधिसँग जोड्नुपर्ने र यातायात सुधारको लागि कार्यदल गठन भएको उहाँले सोही अवसरमा बताउनुभयो ।

नेपाल यातायात व्यवसायी महासङ्घका अध्यक्ष **विजयबहादुर स्वाँर**ले यातायात व्यवसायीहरूको समस्या सरकारसमक्ष राख्दा पनि सरकारले गम्भीरता पूर्वक नलिएको बताउनुहुँदै यातायात व्यवसायीहरू नागरिकहरूप्रति जवाफदेही हुनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ **रोशनीकुमारी श्रेष्ठ**ले अपराधी नियन्त्रणमा ट्रक व्यवसायी सङ्घले सहयोग गर्दै आएकोमा धन्यवादज्ञापन गर्नुहुँदै सवारी चालकहरूको गतिविधि व्यवस्थित गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय हुनुपर्ने बताउनुभयो ।

भक्तपुर ट्रक व्यवसायी सङ्घका अध्यक्ष **लक्ष्मीप्रसाद गोरा**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **शिव मानन्धर**ले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

# पारदर्शीता, इमानदारी र जिम्मेवारीपूर्वक संस्था सञ्चालन गर्नु नै सदस्यहरुको विश्वास जित्ने आधार हुन् : प्रमुख प्रजापति




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको २९ औं वार्षिक साधारणसभा (क्षेत्र नं. ५ र ६ को संयुक्त क्षेत्रगत) को उद्घाटन सत्र असोज ३० गते सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि **प्रजापति**ले पारदर्शीता, इमानदारी र जिम्मेवारीपूर्वक संस्था सञ्चालन गर्नु नै सदस्यहरूको विश्वास जित्ने आधारहरू भएको बताउनुभयो ।

संस्थालाई व्यक्तिगत पहलमा भन्दा सामूहिक नेतृत्वमा चलाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुरलाई सुन्दर र आकर्षक नगरको रूपमा विकास गर्न नगरवासीहरूको पनि साथ र सहयोगको आवश्यकता रहेको बताउनुभयो।

सङ्कटको समयमा भक्तपुरका सहकारी संस्थालगायत विभिन्न सङ्घ संस्थाहरूले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालमा अक्सिजन प्लान्ट र आइसोलेसन केन्द्र स्थापना गर्न आर्थिक सहयोग गरेको स्मरण गर्नुहुँदै उहाँले जनताको साथ र सहयोग रहेकै कारण शिक्षा, सरसफाइ र सामाजिक क्षेत्रमा भक्तपुरले धेरै उपलब्धी हासिल गरेको बताउनुभयो ।

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.ले भक्तपुरका सहकारीहरूमध्ये पहिलोपटक आदर निकेतन सञ्चालन गरी सराहनीय कार्य गरेको बताउनुहुँदै उहाँले अन्य सहकारीहरूले पनि यसबाट सिक्दै देशको कला–संस्कृति संरक्षण, सीपमूलक तालिम, सरसफाइ, रोजगारीका अवसरहरू प्रदान गर्ने विषयमा गतिविधिहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजबाट देशको लागि आवश्यक धेरै दक्ष इन्जिनियरहरू उत्पादन गरिसकेको बताउनुहुँदै कर्मचारीहरूले आफ्नो पेशा सँगसँगै समाजलाई राम्रो बनाउन देशभक्त भई काम गर्नुपर्ने बताउनुभयो ।

सोझा सिधा जनताले खाइनखाई जम्मा गरी राखेको रकम लिएर भाग्ने 'ठगहरू' को कारण अहिले समुदायमा आधारित सहकारी संस्थाहरूप्रति पनि जनताले शङ्काको दृष्टिले हेर्न थालेको बताउनुहुँदै उहाँले सहकारी संस्थाहरू आर्थिक लेनदेनमा मात्र सीमित हुन नहुने र जनताको राजनैतिक चेतनास्तर उकास्न विशेष भूमिका खेल्नुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले सहकारी संस्थाहरूले जनताको विश्वासलाई आत्मसात गर्दै संस्था विकासको लागि जिम्मेवार भएर प्रस्तुत हुनुपर्नेमा जोड दिनुहुँदै सदस्यहरूको रकम लिएर भागेका सञ्चालकहरूलाई कानुनको घेरामा ल्याइ कानुनी सजाय दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले कृषकहरूलाई लक्षित गर्दै लिबालीमा चिस्यान केन्द्रको निर्माण गरिरहेको बताउनुहुँदै बढ्दो सहरीकरण कारण कम जमिनमा बढी उत्पादन गर्ने प्रविधितर्फ किसानहरूउन्मुख हुनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा जिल्ला बचत सङ्घका अध्यक्ष एवम् सिद्धि गणेश साकोसका सञ्चालक **कृष्णगोविन्द लाखाजू**ले सिद्धि गणेश साकोस भक्तपुरका जनताको जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापनाकालदेखि अगाडि बढिरहेको बताउनुहुँदै यस संस्थाले सहकारी मूल्यमान्यता र सिद्धान्तअनुसार सदस्यहरूको सेवामा निरन्तर काम गर्दै आइरहेको बताउनुभयो ।

मित्र सहकारीका प्रतिनिधिको तर्फबाट महेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. का **विवेक कुस्मा**, नेफ्स्कुन भक्तपुर जिल्लाका **कल्पना पराजुली**ले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने **हेरा ख्याजु**, तुल्सीदास दुमरु प्रतिवेदन र प्रगति प्रस्तुत गर्नुभएको थियो।

संस्थाका सचिव **विष्णुप्रसाद दुमरु**को सभापतित्वमा भएको कार्यक्रममा रमेश दुमरुले पनि बोल्नुभएको थियो।

प्रमुख अतिथि प्रजापतिले सोही अवसरमा असल बचतकर्ता, असल ऋणी र गोलाप्रथामा प्रथम, द्वितीय र तृतीय भएकालाई कदरपत्र र पुरस्कार वितरण गर्नुभएको थियो ।

## संरक्षक दिवस



भक्तपुर नगरपालिकाका उप-प्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा नव आगमन संरक्षक समाजद्वारा कार्तिक २ गते आयोजित दोस्रो अन्तरराष्ट्रिय संरक्षक दिवस कार्यक्रम सम्पन्न गरेको छ।

## वडाराष्ट्र अहङ्कारवादले विश्वमा अशान्ति




'आदर्श समाजमा सबै मानिसहरूको सांस्कृतिक स्तर राम्रो भइसकेको हुन्छ। उक्त समाजमा प्रहरी, अदालत, जेल आवश्यक हुँदैन। तिम्रो र मेरो भन्ने नै हुँदैन। त्यसैले युद्धको सम्भावना पनि हुँदैन। युद्धमा हुने खर्चबाट विश्वको शिक्षा र स्वास्थ्यलगायत विकास निर्माणको खर्चको व्यवस्थापन गर्न सकिन्छ। विश्वको आर्थिक विकासमा सहयोग हुनेछ। आदर्श समाजको निर्माणको लागि हामी सक्रिय हुनु आवश्यक छ।'

उपरोक्त विचार नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद **प्रेम सुवाल**ले पर्यटक प्रथप्रदर्शकहरूको कार्तिक २ गते भएको भेला तथा शुभकामना आदान प्रदान कार्यक्रममा व्यक्त गर्नु भएको हो।

उहाँले हाम्रो देशको सरकारमा गएका नेताहरूको सांस्कृतिक स्तरको कमीले भ्रष्टाचार, तस्करी, भूमाफिया, देशका युवाहरू विदेश पलायन (मानव तस्करी) बढ्दै गएको, एमसीसी जस्ता देशघाती सम्झौता गरेको र देशको कोशी, गण्डकी, महाकाली र कर्णाली लगायतका नदीनालाहरू भारतलाई सुम्पेकोले आज हाम्रो देश अति कम विकसित भई गरिब देशको सूचीमा पर्न गएको बताउनुभयो। अहिले सम्म सरकारहरूले सियोसमेत नबनाएको र भएको उद्योग कलकारखानाहरू पनि कौडीको मोलमा निजीकरण गरी देशको उत्पादन शून्य बनाउनुका साथै कृषि प्रधान देशको नाम जपेर आवश्यक मल कारखाना समेत नबनाई वैदेशिक आयातमा भर पर्नुपर्ने अवस्था सृजना गरेकोले देशको आर्थिक अवस्था झन कमजोर बनाउँदै लगेको सांसद सुवालले बताउनु भयो।

अहिले विश्वमा बडाराष्ट्र अहङ्कारवादले अशान्तिको वातावरण सृजना भएको बताउनुहुँदै उहाँले पेलेस्टाइनहरूले आफ्नो देशको अस्तित्वको लागि सङ्घर्ष गरिरहेको बताउनु भयो।

उहाँले व्यक्तिगत स्वार्थ नभएको मानिसहरू अभय हुने तर हाम्रो सरकार भारतीय प्रधानमन्त्री मोदीले बिनासूचना कूटनैतिक मर्यादा विपरीत नेपाली भूमि कालापानीमा भ्रमण गर्दा पनि चुइँक्क बोल्न नसक्ने भारतीय दलाल सावित हुँदैछ भन्नुभयो। हाम्रो पथ प्रदर्शकहरूले पनि देशको भूगोल, कूटनैतिक व्यवहार, इतिहास, कला संस्कृति र सम्पदा लगायतका विषयहरूमा अध्ययन गरी राजनैतिक रूपले सु-संस्कृत हुनुपर्ने र पर्यटकहरूलाई सही सूचना दिनुपर्ने सांसद सुवालले बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँद्वारा लिखित सय वर्ष पछिको भक्तपुर पुस्तक मार्ग निर्देशक भएको बताउनुभयो।

उहाँले पथप्रदर्शकहरूले भक्तपुरलाई विश्वमा चिनाउने कार्य गर्ने हुँदा अध्ययनमा जोड दिनुपर्ने साथै हामीले संस्कृति मनाउँदा घाँटी हेरी हाड निल्नुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति एवं पथ प्रदर्शक परिचालन समितिका संयोजक **गौतम प्रसाद लासिवा**ले पथप्रदर्शकहरू सद्भावना राजदूतको रूपमा कार्य गर्ने भएकोले आफ्नो सकारात्मक व्यवहारले पर्यटकहरूलाई प्रभावित गर्न सक्ने हुनुपर्छ भन्नुभयो।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**, भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका सदस्यहरू **उपेन्द्र सुवाल, मञ्जु लाखाजु,** पथप्रदर्शक परिचालन समितिका सदस्यहरू **राम सुन्दर भेले**, पथप्रदर्शकहरू **सुरेश परियार** र **श्रीजन प्रजापति**ले शुभकामना मन्तव्य राख्नु भएको थियो।

## सेवा निवृत्त शिक्षकहरूले अध्ययन र लेखन कार्यलाई निरन्तरता दिनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सेवा निवृत्त शिक्षक समाज भक्तपुरले प्रकाशन गरेको 'शैक्षिक अनुभव' पूर्णाङ्क १३ को कार्तिक ३ गते विमोचन गर्नुभएको छ ।

दशैं, शुभ दिपावली र छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा पुरस्कार वितरण कार्यक्रममा उहाँले सेवा निवृत्त हुनुभएका शिक्षकहरूले अध्ययन र लेखन कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

पुर्खाको अनुभवले नयाँ पुस्तालाई ऊर्जा प्राप्त हुने बताउनुहुँदै उहाँले सेवा निवृत्त शिक्षकहरूले अझ आफूलाई राजनीतिक र सामाजिक क्षेत्रमा क्रियाशील बनाइराख्नुपर्नेमा तथा आफ्नो जीवनलाई शिथिल नबनाई अझ सक्रिय जीवनयापन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

जिल्ला शिक्षा कार्यालय पुनःस्थापना गर्नु नेपालको संविधान र सङ्घीयताको मर्मविपरीत भएको बताउनुहुँदै सरकारले बजेटमा निजी कलेजहरूमाथि नियन्त्रण गर्ने कुनै प्रावधान उल्लेख नगर्दा निजी कलेजहरूले स्वेच्छाचारी ढङ्गले अभिभावकहरूसँग रकम असुलिरहेको उहाँले बताउनुभयो ।

कुनै पनि संस्था आर्थिक रूपले सबल भएर मात्र नपुग्ने बताउनुहुँदै उहाँले संस्था सञ्चालक र व्यवस्थापकहरू सक्षम र इमानदार हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी धेरै विषयमा स्नातकोत्तर तहसम्मको विषय अध्ययन अध्यापन गराउँदै आएको बताउनुहुँदै शासक दलहरूले विभिन्न बहानामा अहिलेसम्म ख्वप विश्वविद्यालय विधेयक अगाडि नबढाइएको उल्लेख गर्नुभयो ।

भक्तपुर नपाले विद्यालयहरूमा समय समयमा अनुगमन, शिक्षक तालिम, अनुदान सहयोग, भौतिक पूर्वाधार निर्माणजस्ता विषयमा जोड दिएको कारण नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरू स्वतःस्फूर्त रूपमा राम्रो हुँदै आएको बताउनुभयो ।

वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा**ले सेवा निवृत्त शिक्षकहरू देशको राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक परिवर्तनका जिउँदा इतिहासका साक्षीको रूपमा रहेको बताउनुहुँदै नयाँ पुस्ताको लागि उहाँहरू प्रेरणाका स्रोत रहेको बताउनुभयो ।

त्यस्तै एभरेष्ट इ. स्कूलका प्रिन्सिपल **भक्त राजभण्डारी**ले सेवा निवृत्त शिक्षकहरू समाजका स्रोतव्यक्तिको रूपमा रहेको बताउनुहुँदै समाजबाट आगामी दिनहरूमा पनि विद्यार्थी केन्द्रित विविध गतिविधिहरूको आयोजना हुने विश्वास व्यक्त गर्नुभयो ।

शैक्षिक अनुभव पुस्तकका प्रधान सम्पादक **ज्ञानसागर प्रजापति**ले पुस्तकबारे समीक्षात्मक टिप्पणी गर्नुहुदै पुस्तकमा सेवा निवृत्त शिक्षकहरूका गहकिला, प्रेरणादायी र पठनीय संस्मरण तथा लेखहरू रहेको बताउनुभयो ।

सेवा निवृत्त शिक्षक समाज भक्तपुरका उपाध्यक्ष **रामगोपाल कर्माचार्य**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कोषाध्यक्ष **विश्वराम कवां**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने सदस्य **तुल्सीराम ग्वाछा**ले समाज स्थापनाका उद्देश्यहरूबारे आफ्नो धारणा राख्नुभयो ।

प्रमुख प्रजापतिले सेवा निवृत्त शिक्षक समाजको आयोजनामा भएको निबन्धलेखन प्रतियोगिताका विजेताहरूलाई नगद पुरस्कारसहित मेडल र प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## राजनैतिक कार्यकर्ताहरु सधैं देश र जनताको सेवामा लाग्नुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सहकारी संस्थाहरूले सदस्यहरूलाई सीपमूलक तालिम, शैक्षिक ऋण र सांस्कृतिक प्रशिक्षणहरू दिएर समाजको सेवा गर्नुपर्ने बताउनुभयो ।

लोकेश्वर बचत तथा ऋण सहकारी संस्थाको सोह्रौँ वार्षिक साधारण सभाको कार्तिक ४ गते उद्घाटन कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले राजनैतिक कार्यकर्ताहरू जुनसुकै क्षेत्रमा गए पनि देश र जनताको सेवामा लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो।

उहाँले नगरपालिकाको आह्वानमा अक्सीजन प्लान्ट स्थापना, आइसोलेसन केन्द्र सञ्चालनको लागि संस्थाले सहयोग गरेकोमा धन्यवाद ज्ञापन गनुहुँदै नगरवासीलाई निःशुल्क अक्सीजन वितरणलाई निरन्तरता दिन नगरपालिकाले सामुदायिक कोषको निश्चित प्रतिशत रकम स्वास्थ्य कोषमा जम्मा गर्न आग्रह गरेको पनि सो अवसरमा बताउनुभयो।

प्रमुख प्रजापतिले नेपाल सरकारले एमसीसी जस्ता राष्ट्रघाती सम्झौता गरेको कारण देशमा अमेरिकी सेना आउने खतरा बढेको बताउनुहुँदै उहाँले उक्त सम्झौता खारेज नभएसम्म सम्पूर्ण देशभक्त नेपाली जनताले विरोध जारी राख्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले सहकारी संस्थाहरू अनुगमन जाने सिलसिलामा केही संस्थाहरूमा सहकारी सिद्धान्त विपरीत कार्य भइरहेकोले बारम्बार सचेत गर्ने काम गरिरहेको बताउनुभयो।

साविक वडा नं. १५ का पूर्व वडाध्यक्ष **रविन्द्र खर्बुजा**ले विद्यालय शान्ति क्षेत्र हुनुपर्नेमा विभिन्न नाउँमा वर्षमा १०० दिनभन्दा बढी बन्द हडताल हुने गरेको उल्लेख गर्नुहुँदै नेपाली विद्यार्थीहरू विदेशिएकोबाट वार्षिक ६० अर्ब बढी रकम विदेशिने गरेको बताउनुभयो। उहाँले भन्नुभयो– 'नेपालमा शैक्षिक सुधार गरी त्यसलाई रोक्नुपर्छ।'

नगर सभासद **श्यामसुन्दर मातां**ले कानून विपरीत प्रदेश सरकारमा दर्ता गरी भक्तपुरमा दर्ता गर्न आएका १४ ओटा बहुउद्देश्यीय सहकारी संस्थालाई काम गर्न नदिएकोबारे प्रष्ट पार्नुहुँदै त्यसरी दर्ता गरेको भए भक्तपुरका जनताको धेरै बचत खतरामा पर्ने बताउनुभयो।

जिल्ला बचत तथा ऋण सहकारी सङ्घका **कान्छा भक्त घजु**, सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष **विष्णुराम दुमरु** लगायतले शुभकामना मन्तव्य दिनु भएको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष राजन जतिको सभापतित्वमा सम्पन्न भएको थियो।

प्रमुख अतिथि प्रजापतिले जेष्ठ सदस्यहरूलाई दोसल्ला ओढाइ सम्मान गर्नु भएको थियो भने संस्थाका सदस्यहरूमध्येबाट १२ कक्षा उतीर्ण विद्यार्थीहरूलाई धन्यवाद पत्र हस्तान्तरण गर्नुभएको थियो।

## इतिहासकार चित्तरञ्जन नेपालीको निधन



नेपालको इतिहास लेख्ने सुरुवाती लेखकमध्ये अग्रपङ्क्तिका चित्तरञ्जन नेपालीको ९२ वर्षको उमेरमा असोज ३० गते निधन भएको छ। साहित्यकार, इतिहासकार, पुरातत्त्वविद् तथा प्रशासक नेपालीको जन्म वि.सं. १९८८ साउन १० गते शनिवारका दिन बाबु मेदिनीप्रसाद राजभण्डारी र आमा कालीनानीका सुपुत्रका रूपमा न्हैकन्तला टोल, काठमाडौँमा भएको थियो।

उनले प्रमाणमा टेकेर इतिहास लेखेकोले उनले लेखेको इतिहासलाई वैज्ञानिक र प्रमाणित भन्न मिल्छ।

निर्वाचन आयुक्त रहिसकेका नेपाली नेपाल भाषा एकेडेमीका पूर्वचान्सलर पनि रहेका थिए। उनको वास्तविक नाम नारायणप्रसाद राजभण्डारी हो। राणाविरोधी आन्दोलनका लागि उनले आफ्नो नाम चित्तरञ्जन नेपाली राखेका थिए। साहित्यकार पनि रहेका नेपालीले लेखनमा आफ्नो वास्तविक नाम भने कहिल्यै पनि प्रयोग गरेनन्। २०१३ को सुरुकै मदन पुरस्कार उनलाई 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' का लागि प्रदान गरिएको थियो।

मुख्तियारीका रूपमा ३१ वर्ष देश चलाएका भीमसेन थापाको दुःखद अवसान भएको थियो। उनले निकै दर्दनाक मृत्यु आत्मसात् गरे। त्यसको इतिहासबारे चित्तरञ्जनले सटीक ढङ्गले कलम चलाएका छन्।

उनको अर्को प्रसिद्ध कृति 'श्री ५ रणबहादुर शाह' रहेको छ। उनले यसमा रणबहादुर शाहप्रति सहानुभूति

देखाउन खोजेका छन् र यसलाई लिएर केही आलोचना पनि भएको पाइन्छ ।

भीमसेन थापा र रणबहादुर शाहबारे उनले लेखेका कृति नेपालको इतिहास बुझ्नका लागि अध्ययन अनिवार्य जस्तै मानिन्छ । चित्तरञ्जनले लेखेपछि मात्र नेपाली इतिहासका ती दुई महत्त्वपूर्ण पात्रबारे थप अध्ययनको ढोका खुलेको मानिन्छ ।




श्रेष्ठ सिरपाः (२०१५) र भीमसेन थापा स्मृति पुरस्कार (२०५२) भानुभक्त पुरस्कार (२०७९) प्राप्त गरेका नेपाली थुप्रै पदकबाट विभूषित थिए ।

### चित्तरञ्जन नेपालीका केही कृति

- नेपाली इतिहास परिचय (भाग १, २, ३)
- जनरल भीमसेन थापा र तत्कालीन नेपाल
- श्री ५ रणबहादुर शाह
- नेपाल–चीन सिमाना सन्धि (इतिहास)
- मां लुमंका (नेवारी शोककाव्य)
- जंगबहादुरको कथा,
- राणाशाहीको रोलव्यवस्था र धर्मपत्रहरू
- शाह किङ्स अफ नेपाल
- केही कृति : केही अभिव्यक्ति
- पारिवारिक षड्यन्त्रका कथाहरू
- प्रतिक्रिया (नेवारी कविता सङ्ग्रह)
- 'गंकी' (नेपाली भाषामा अनुवाद)
- मुद्रा राक्षस (नेपाली भाषामा अनुवाद)

## कार्यपालिकालाई न्यायपालिकाको लगाम : न्याय मर्नबाट रोकियो

नेपालगन्जका चेतन मानन्धरको २८ असार २०७२ मा खुँडा प्रहार गरेर हत्या भएको थियो । चेतन मानन्धरको हत्या गरेको अभियोगमा जन्मकैद सजाय पाएका योगराज ढकाल 'रिगल'लाई कैद कट्टा गरी कानुनविपरीत माफी दिने सरकारको निर्णय कार्तिक १६ गते सर्वोच्च अदालतले बदर गरिदिएको छ । कायममुकायम प्रधानन्यायाधीश ईश्वरप्रसाद खतिवडा, न्यायाधीशद्वय सपना प्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासले असोज ३ गते संविधान दिवसका अवसरमा सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट रिगलले पाएको आममाफीको निर्णय बदर हुने निर्णय गरेको हो ।

रिगलबाट हत्या गरिएका नेपालगन्जका चेतन मानन्धरकी पूर्वपत्नी भारती शेर्पा अदालत पुगेकी थिइन् ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'रिगल ढकाललाई कर्तव्य ज्यान मुद्दामा सुरु बाँके जिल्ला अदालत र उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट हुने ठहर गरिएको




जन्मकैदको सजायमध्ये भुक्तान गर्न बाँकी कैद सजाय कट्टा गर्ने गरी भएको कामकारबाही सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय र सोसम्बन्धी पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ ।' बाँकी सजाय भुक्तानका लागि सर्वोच्चले आदेश दिएलगत्तै रिगल कार्तिक १६ गते नै नेपालगन्जबाट पक्राउ परेका छन् ।

फैसलापछि भारतीले भक्कानिँदै सर्वोच्चको आँगन ढोगेर भनिन्–कानुन मरेको छैन, मैले न्याय पाएँ ।

न्याय पाउन तिनले माइतीघर मण्डलामा दुईपटक आमरण अनशनमा बसेकी थिइन् ।

### जाजरकोट भूकम्प



गएको कार्तिक १० गते राति ११:४७ मा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएको छ। यो भूकम्प नयाँ हो, बारपाक, डोटी या बझाङमा गएका यसअघिका कुनै पनि भूकम्पको परकम्प होइन। २०७२ सालपछिको यो ठूलो विनाशकारी भूकम्प हो। यसको धक्का नेपाल र भारतका विभनन भागमा महसुस गरिएको थियो।

जाजरकोटको भूकम्पको केन्द्र जमिनको सतहदेखि १० देखि १५ किलोमिटरभित्र मात्र छ। भूकम्पको केन्द्र जति कम गहिराइका हुन्छ क्षति त्यति नै बढी हुन सक्छ।



शनिबार मध्यरातिसम्म १५९ को मृत्यु र ३३७ घाइते भएको छ। मृत्यु हुनेमा जाजरकोटमा १००, रुकुम पश्चिममा ५२, दैलेखमा ३, जुम्लामा ३ र रोल्पामा १ जना रहेका छन्। त्यस्तै जाजरकोटमा ४ हजार र रुकुम पश्चिममा कम्तीमा २ हजार घर पूर्ण रूपमा ध्वस्त भएका छन्।

## उपप्रमुख जोशीद्वारा पुरस्कार तथा प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले एभरेस्ट ह्विलचियर बास्केटबल फ्रेन्डसिप म्याचमा प्रथम भएका खेलाडीहरूलाई कार्तिक १७ गते एक कार्यक्रमबीच पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो।

एभरेस्ट स्कूल मिबाछेँ भक्तपुरद्वारा आयोजित मैत्रीपूर्ण प्रतियोगितामा त्रिभुवन आर्मी क्लव टीम प्रथम भएको छ। प्रतियोगितामा स्पाइनल कर्ड इन्जुरी नेटवर्क नेपाल दोस्रो भएको छ। मैत्रीपूर्ण खेलमा त्रिभुवन आर्मी क्लवका रामबहादुर तामाङ मोस्ट भ्यालुएबल प्लेयर हुनुभएको छ।

कार्यक्रममा उपप्रमुख **जोशी**ले भक्तपुर नगरपालिकाले अपाङ्गता क्षेत्रमा पनि उचित हेरचाह गरिरहेको बताउनुभयो। नगरपालिका क्षेत्रमा कुल ६ सय २५ जना अपाङ्गता भएका व्यक्तिहरू रहेको भन्नुहुँदै उहाँले आवश्यक ह्विलचियरलगायतका सामानहरू प्रदान गरी सहयोग गर्दै आएको जानकारी दिनुभयो।

अपाँता भएका व्यक्तिहरूलाई सक्रिय बनाउन प्रत्येक वर्ष विश्व अपाङ्ग दिवसको अवसरमा कार्यक्रम गर्दै आएको पनि उहाँले बताउनुभयो।


कार्यक्रममा आयोजक स्कूलका संस्थापक प्रिन्सिपल **भक्त राजभण्डारी**ले फ्रेन्डसिप फस्ट, कम्पिटिसन सेकेन्ड र सके जितिन्छ, नसके सिकिन्छ भन्ने मान्यताका साथ स्कूलले समयसमयमा विभिन्न कार्यक्रमहरू गर्दै आएको जानकारी दिनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रामगोपाल कर्माचार्य**ले राष्ट्र र स्वास्थ्यको लागि खेल आवश्यक भएको बताउनुभयो।

## तिहारको तिथि निर्धारण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा यस वर्षको तिहार (स्वन्ती) मनाउने विषयमा कार्तिक १९ गते तलेजुका पुजारी नाइकेहरू तथा ज्योतिष डा. वीरेन्द्रप्रसाद कायस्थ र ज्योतिष श्री केदारप्रसाद दैवज्ञसहितको उपस्थितिमा बैठक बस्यो।



उक्त बैठकले तलेजुका पुजारी नाइकेहरूको सुझाव र तिथिअनुसार २०८० कार्तिक २६ गते अपरान्ह २ बजेर १४ मिनेटपछि औंसी लाग्ने हुँदा उक्त दिन साँझ लक्ष्मीपूजा गर्ने, कार्तिक २७ गते अपरान्ह २ बजेर ४१ मिनेटपछि परेवा प्रतिपदा तिथि सुरु हुने भएकोले उक्त दिन साँझ म्हः पूजा गर्ने र कार्तिक २८ गते अपरान्ह २ बजेर ३८ मिनेटमा द्वितीया तिथि लाग्ने भएकोले सो दिन किजापूजा गर्ने निर्णय गरेको छ।

बैठकमा भक्तपुर नपाका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मा, तलेजुका पुजारीहरू प्रजेशराज राजोपाध्याय, महेश कर्माचार्य, पदमलोचन कर्माचार्य समेतको उपस्थिति रहेको थियो।

## महासचिव गुटेर्रेसको नेपाल भ्रमण



संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले कार्तिक १२ गतेदेखि १५ गतेसम्म नेपालको भ्रमण गर्नुभयो।

महासचिव गुटेर्रेसले नेपालका राष्ट्रपति, प्रधानमन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता लगायतसँग भेट गर्नुका साथै पाटन दरबार स्क्वायर, सोलुखुम्बुको स्याङ्बोचे, पोखरा, गौतम बुद्धको जन्मस्थल लुम्बिनीको अवलोकन भ्रमण गर्नुभयो।

महासचिवका रूपमा दोस्रो कार्यकालमा रहनुभएका गुटेर्रेस पोर्चुगलका पूर्वप्रधानमन्त्री हुन्।

उहाँले नेपालको सङ्घीय संसद्‌को दुवै सदनलाई सम्बोधन गर्नुभयो। कात्तिक १५ गते महासचिव गुटेर्रेस नेपालको आफ्नो चारदिने भ्रमण पूरा गरी फर्कनुभयो।

## पहुँचका बलमा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सरकारी अनुदान : कामै नगरी १८ करोड भ्रष्टाचार

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसार पूर्वप्रधानमन्त्री एवं सत्तारूढ दल एकीकृत समाजवादीका सम्मानित नेताको 'झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान'मा १८ करोड भ्रष्टाचार भएको छ। सर्पदंशविरुद्ध लड्न एन्टिभेनम उत्पादनका लागि भन्दै सरकारी कोषबाट करिब १८ करोड रुपैयाँ अनुदान लगेर भ्रष्टाचार गरेको आरोपमा आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपालले एन्टिभेनम उत्पादन गर्ने भन्दै १७ करोड ९८ लाख ३३ हजार रूपैयाँ अनुदान लिएर काम नगरी सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको आरोपमा अख्तियारले भ्रष्टाचार मुद्दा चलाएको हो। आयोगले मुद्दामा मधेश प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजयकुमार यादव, तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठ र सर्लाहीको लालबन्दी नगरपालिकाका तत्कालीन मेयर मानबहादुर खड्कासमेत सातजना र प्रतिष्ठानसहितलाई प्रतिवादी बनाएको छ।

अख्तियारले ठहरसम्पूर्ण रकम खर्च भइसक्दासमेत योजनाको उद्देश्य प्राप्तितर्फ शून्य प्रगति भई कार्यक्रममा गरेको लगानी अलपत्र र खेर गएको ठहर गरेको छ।

## भेपमार्फत सुन तस्करी प्रकरणको दोस्रो चरणको अनुसन्धान : राहुल महरासहित चारजनाविरुद्ध मुद्दा चलाउन सिफारिस

बहुचर्चित विद्युतीय चुरोट (भेप)भित्र लुकाई गरिएको सुन तस्करीसँग सम्बन्धित दोस्रो चरणको अनुसन्धान सकेर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले सरकारी वकिल कार्यालयमा प्रतिवेदन पेस गरेको छ। प्रहरीले प्रतिवेदनमा सुन तस्करीमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध मुद्दा चलाउनुनपर्ने निष्कर्ष निकालेको छ। तर, उनका छोरा राहुलसहित चारजनाविरुद्ध भने मुद्दा चलाउन सिफारिस छ।

घटनामा नयाँ पात्रको नामसमेत जोडिएपछि प्रहरीले दोस्रो चरण पुनः अनुसन्धान थालेको थियो। सोही क्रममा राहुल गत १३ भदौमा पक्राउ परेका थिए। प्रहरीले पूरक अभियोजनमा राहुलसहित अन्य चारजनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको हो। अन्य प्रतिवादी लोकेन्द्र पौडेल, तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ र चिनियाँ नागरिक ली हानसोङ छन्। उनीहरूविरुद्ध आठ करोड ५७ लाख रूपैयाँको बिगो दाबी गरिएको छ।

यस काण्डमा पूर्वसभामुख कृष्णबहादुरले भन्सारमा राखिएको सुन छुटाउन भन्सारका कर्मचारीलाई पटक–पटक फोन गरेको आरोप थियो। उनका छोरा राहुलले सुन छुटाउन भन्सारका कर्मचारीलाई दबाब दिने तथा अभियुक्तलाई सहयोग गरेको आरोप लागेको थियो। घटनामा संलग्न रहेको देखिएकै आधारमा राहुललाई मुद्दामा प्रतिवादी बनाइएको हो।

## उनाइसौं एसियाड भव्यताका साथ सम्पन्न

चीनको पूर्वी सहर हाङझाउमा आयोजना भएको १९औं एसियन खेलकुद प्रतियोगिता (एसियाड) सम्पन्न भएको छ। प्रतियोगिता २३ सेप्टेम्बरदेखि ८ अक्टोबरसम्म चलेको थियो।

यहाँ सहभागी भएका विदेशी पत्रकार, खेलाडी तथा अफिसियलहरूले १९औँ संस्करणको आयोजना भव्य भएको बताएका छन् । विशेष गरी उद्घाटन र समापन समारोहलाई आयोजक चीनले विशेष बनाएको थियो । समापनले चीनले पूरै अत्याधुनिक डिजिटल लाइटको प्रयोग गरेको थियो । समापनमा आयोजकले स्थानीय संस्कृतिदेखि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम समावेश गरेको थियो ।

### ४५ देशका १२ हजार खेलाडी

सन् १९५१ मा नयाँदिल्लीदेखि सुरु भएको एसियाडको इतिहासमा यसपटक धेरै रेकर्ड बनेका छन् । पहिलोपटक ४५ देशका १२ हजार खेलाडी सहभागी थिए । यसअघिको संस्करणमा ११ हजार खेलाडी मात्र थिए । १९औँ संस्करणमा खेलाडीहरूले ४० खेलको ४८३ इभेन्टमा प्रतिस्पर्धा गरेका थिए । जसमध्ये ४१ राष्ट्रले पदक जितेका छन् । सहभागीमध्ये भुटान, माल्दिभ्स, यमन र टिमोर लिस्टे मात्र पदकविहीन हुँदै घर फर्किएका छन् ।

यसपटक एसियाडमा नेपालबाट २९ खेलमा दुई सय ५३ खेलाडीको सहभागिता रहेको थियो । महिलामा एक सय २७ र पुरुषमा एक सय २६ खेलाडी सहभागी थिए ।

## अन्तिम पदक तालिका

| देश | स्वर्ण | रजत | कांस्य | जम्मा पदक |
|---|---|---|---|---|
| चीन | २०१ | १११ | ७१ | ३८३ |
| जापान | ५२ | ६७ | ६९ | १८८ |
| दक्षिण कोरिया | ४२ | ५९ | ८९ | १९० |
| भारत | २८ | ३८ | ४१ | १०७ |
| उज्वेकिस्तान | ३१ | २२ | १८ | ७१ |
| चाइनिज ताइपेई | १९ | २० | २८ | ६७ |
| इरान | १३ | २१ | २० | ५४ |
| थाइल्यान्ड | १२ | १४ | ३२ | ५८ |
| बहराइन | १२ | ३ | ५ | २० |
| प्रजग कोरिया | ११ | १८ | १० | ३९ |
| कजाखस्तान | १० | २२ | ४८ | ८० |
| हङकङ | ८ | १६ | ८ | २९ |
| इन्डोनेसिया | ७ | ११ | १८ | ३६ |
| मलेसिया | ६ | ८ | १८ | ३२ |
| कतार | ५ | ६ | ३ | १४ |
| युएई | ५ | ५ | १० | २० |
| फिलिपिन्स | ४ | २ | १२ | १८ |
| किर्गिस्तान | ४ | २ | ९ | १५ |
| साउदी अरब | ४ | २ | ४ | १० |
| सिंगापुर | ३ | ६ | ७ | १६ |
| भियतनाम | ३ | ५ | १९ | २७ |
| मंगोलिया | ३ | ५ | १३ | २१ |
| कुवेत | ३ | ४ | ४ | ११ |
| ताजाकिस्तान | २ | १ | ४ | ७ |
| मकाउ | १ | ३ | २ | ६ |
| श्रीलंका | १ | २ | २ | ५ |
| म्यानमार | १ | ० | २ | ३ |
| जोर्डन | ० | ५ | ४ | ९ |
| तुर्किमिनिस्तान | ० | १ | ६ | ७ |
| अफगानिस्तान | ० | १ | ४ | ५ |
| पाकिस्तान | ० | १ | २ | ३ |
| नेपाल | ० | १ | १ | २ |
| ओमान | ० | १ | १ | २ |
| इराक | ० | ० | ३ | ३ |
| लाओस | ० | ० | ३ | ३ |
| बंगलादेश | ० | ० | २ | २ |
| कम्बोडिया | ० | ० | १ | १ |
| लेबनान | ० | ० | १ | १ |
| प्यालेस्टाइन | ० | ० | १ | १ |
| सिरियन अरब रिपब्लिक | ० | ० | १ | १ |

### एरिकाले बोकिन् नेपालको झन्डा

१९औँ एसियाडको समापन समारोहमा नेपालको झन्डा कराँते खेलाडी एरिका गुरुङले बोकेकी थिइन् । उनले नेपाललाई कराँतेमा ऐतिहासिक रूपमा रजत पदक दिलाएकी थिइन् । एसियाडको उद्घाटनमा नेपालको झन्डा वीरबहादुर महरा र उसुकी निमा घर्तीमगरले संयुक्त रूपमा बोकेका थिए ।

### नेपाललाई दुई पदक




नेपाललाई रजत पदक दिलाउने एरिका गुरुङ

एसियाली खेलकुदमा नेपालले एक रजत र एक कांस्य जितेको छ । नेपालले सन् २००६ पछि पहिलोपटक दुई पदक जितेको हो । पछिल्ला तीन संस्करणमा नेपाल एक–एक पदकमा सीमित बनेको थियो ।



नेपाललाई पदक दिलाउने महिला कबड्डी टोली

त्यस्तै महिला कबड्डी टोलीले कांस्य पदक जितेको थियो। महिला टोलीले डेब्युमै ऐतिहासिक पदक जितेको हो। नेपाल पदक तालिकाको ३३औं स्थानमा रह्यो।

नेपाली खेलाडीहरूले विभिन्न खेलमा राष्ट्रिय कीर्तिमान बनाएका छन् जसलाई पदकसरह मानेका छन्।

## अल नेपाल अन्तर वडा टेबुलटेनिस प्रतियोगिता

### भक्तपुरका राजीव च्याम्पियन : भक्तपुर नपा वडा नं. २ लाई स्वर्ण




च्याम्पियन : राजीव चिकंबन्जार र सुस्मिता खड्का

भक्तपुरका राजीव चिकंबन्जार र ओखलढुंगाकी सुस्मिता खड्का तेस्रो अल नेपाल अन्तर वडा टेबलटेनिस प्रतियोगितामा च्याम्पियन बन्न सफल भएका छन्।

स्पिन इभेन्ट प्रालिद्वारा आयोजित प्रतियोगिताको पुरुष सिंगल्स फाइनलमा राजीवले सिरहाका कृष्ण थापामगरलाई हराएर उपाधि हासिल गरेका हुन्।

त्यस्तै महिला सिंगल्सको फाइनलमा सुष्मिताले भक्तपुरकी मञ्जु सुवाललाई हराएकी हुन्।

यो विधामा कीर्तिपुरकी योङगी पौडेल र भक्तपुरकी यशस्वी अवालले तेश्रो स्थान प्राप्त गरेका थिए।

स्पीन इभेन्ट्सको आयोजनामा कार्तिक १ गतेदेखि ४ गतेसम्म  राष्ट्रिय खेलकुद परिषद्को हलमा भएको देशव्यापी अन्तर वडा टेबुलटेनिस प्रतियोगितामा भक्तपुर नपा वडा नं. २ महिला टीम इभेन्टमा स्वर्ण जित्न सफल भएको छ।



सो टीममा खेलाडीहरू मन्जु सुवाल, अन्जु सुवाल, क्यारिना सुवाल, उरबि सुवाल, मन्जु सुवाल सानो रहेका छन्।

त्यस्तै त्यसै वडाबाट भाग लिएका मन्जु सुवाल महिला खुल्ला प्रतियोगितामा रजत जित्न सफल भइन्।

टीम इभेन्टको पुरुषमा ललितपुरले स्वर्ण हात पार्न सफल भएको छ।

## विजयी खेलाडीहरुलाई बधाईज्ञापन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा स्पिन इभेन्ट प्रालिद्वारा आयोजित प्रतियोगितामा सहभागी विजयी खेलाडीहरूलाई कार्तिक १६ गते बधाईज्ञापन तथा मार्गनिर्देश गर्नुभयो।

# हाम्रो स्वास्थ्य

## गर्मी मौसममा आँखाको समस्या

– डा रोहित सैंजुस



मानव शरीरमा सबै अङ्को आ–आफ्नै महत्त्व भए पनि आँखाको महत्त्व अरूभन्दा महत्त्वपूर्ण छ । सामान्य हेलचक्र्याइँले पनि आँखाको ज्योति गुम्न सक्छ । आँखामा देखिने कुनै पनि समस्यालाई सामान्यरूपमा लिनु हुँदैन । गर्मी मौसममा आँखाको समस्या बढी देखिने हुनाले अस्पतालमा बिरामीको सङ्ख्यामा पनि बढ्ने गर्छ । यस्तो बेला प्रायःजसो आँखा चिलाउने, पाक्ने, रातो हुनेजस्ता समस्या धेरै नै पाइन्छ । १४/१५ वर्षका बच्चामा आँखा चिलाउने रोग गर्मीसँगै सुरु हुन्छ । गर्मी सकिएर चिसो मौसमको सुरुवात हुनासाथ ठीक हुन्छ ।



आँखाको समस्या देखिँदा सुरुको अवस्थामा रातो देखिन्छ । त्यसपछि आँखाबाट धागोजस्तो लामो चिप्रा आउने, उज्यालोमा हेर्न समस्या हुने र चिलाउने हुन्छ । यसलाई सिजनल एलर्जीक कन्जन्टेभाइटिस भनिन्छ । यो कुनै कीटाणुको कारण नभई वातावरणसँगै आँखामा आउने समस्या हो । गर्मी मौसममा धूलो, धुँवा, बढी हुने तथा रूखमा फूल फुलेर झर्ने हुनाले पनि एलर्जी बढी देखा पर्छ । यसका कारण आँखा चिलाउने, राता देखिने, चिप्रा आउने, आँखा मैलो हुनुका साथै नानीमा समेत सेतो दाग देखा पर्नसक्छ । जसका कारण कहिलेकाहीँ नानीमा सङ्क्रमणमा भई दृष्टिसमेत गुम्न सक्छ । आँखा चिलाउने रोगका लागि लामो समयसम्म एन्टीएलर्जीक आईड्रप्स प्रयोग गर्नुपर्ने हुन्छ ।

एलर्जीक कन्जन्टेभाइटिसलाई समयमै उपचार गरिएन भने आँखाको नानीको आकारलाई परिवर्तन गर्छ । आकार परिवर्तन भैसकेपछि आँखाको दृष्टि कम हुन्छ । यो ठीक भएपनि नानीमा खत बनाउँछ र पछि गएर दृष्टि नष्ट हुन्छ । यसबाट बचाउन सुरुकै अवस्थामा उपचार गर्न जरूरी हुन्छ ।

आँखा पाक्ने रोग गर्मी मौसममा बढ्ने गर्छ । आँखाको सबैभन्दा बाहिरी झिल्ली रातो भई सुनिन्छ । यसमा आँखाबाट आसुँ बग्ने, चिप्रा लाग्ने, परेलीको डिल सुन्निने हुन्छ । जसका कारण घाममा तथा बढी उज्यालोमा आँखा खोल्न गाह्रो हुने, दुख्नेजस्ता समस्या देखिन्छ । आँखा पाक्ने रोगको कीटाणुविरुद्ध एन्टिबायोटिक औषधि चलाउनु पर्ने हुन्छ । त्यसकारण यो रोग लागेमा समयमै चिकित्सकको सल्लाहबमोजिम उपचार गराउनुपर्छ । चिकित्सकको सल्लाहबिना आफै औषधि प्रयोग गर्दा कहिलेकाहीँ थप सङ्क्रमण भई अन्धोपनसमेत निम्त्याउन सक्छ ।

गर्मीमा आँखा सुख्खा हुने समस्या पनि धेरै नै पाइन्छ । जति गर्मी बढ्दै जान्छ, त्यति नै आँखामा सुख्खापन आउँछ । आँखाले नजीकबाट केन्द्रित भएर गर्ने काम जस्तै कम्प्युटर, ल्यापटप, टिभी हेर्ने जस्ता कार्यमा बढी आँखा सुख्खा हुने हुन्छ । यस्तो कार्यमा आँखाले एकनासले हेर्ने, झिम्काई कम हुने हुँदा सुख्खा हुने हुन्छ । साथै गर्मी मौसममा धूलो धुँवा बढी उड्ने हुँदा यसले आँखालाई असर गर्ने हुन्छ । वातावरणमा धूलो, धुँवाको मात्रा बढी हुनाले आँसु चाँडै वाफ बनेर जाने हुँदा सुख्खा हुने हुन्छ । यसबाट बच्न धूलो, धुँवाबाट बच्नुका साथै बाहिरी वातावरणमा काम गर्दा कालो चस्मा वा भाइजरको प्रयोग गर्नु राम्रो हुन्छ ।


सर्वप्रथम सुख्खा आँखाको समस्या हुने व्यक्तिले आफूले काम गर्ने वातावरण परिवर्तन गर्न जरूरी हुन्छ । कम्प्युटर चलाउँदा वा टिभी हेर्दा केही समय आराम र चिसो पानीले मुख धुनु उपयुक्त हुन्छ । मुख्यतया सुख्खा आँखाको उपचारका लागि कृत्रिम आँसुका थोपा नियमित प्रयोग गर्न सकिन्छ । घाममा निस्कँदा कालो चस्मा लगाउने, आवश्यक मात्रामा पानी तथा झोलपदार्थ पिउनु पर्दछ । यो समस्याको लामो समयसम्म उपचार गर्नुपर्ने भएकाले चिकित्सकसँग नियमित परीक्षण गराउनुपर्छ । गर्मी मौसममा हुने यस्ता समस्याबाहेक डरलाग्दो लक्षण भनेको उज्यालोमा हेर्न गाह्रो हुने हो । यदि आँखा रातो हुने, चिलाउने तथा उज्यालोमा हेर्न समस्या हुन्छ भने आँखाको नानीमा केही खराबी भएको बुझ्नुपर्छ ।

आँखाको नानी संवेदनशिल हुन्छ । नानीमा अलिकता धूलो मात्र पऱ्यो भने पनि आँखाले उज्यालो मन नपराउने हुन्छ । यस्तो समस्या देखियो भने तुरुन्तै आँखा चिकित्सकको सहयोग लिनुपर्छ । गर्मी मौसममा लाग्ने आँखा रोग प्रायः सर्दैनन् । यिनीहरू सिजनल भएका हुनाले वातावरण परिवर्तनसँगै ठीक भएर जान्छ । तर ब्याक्टेरियाका कारण भएको हो भने आँखा पाक्ने रोग सर्न सक्छ । यसबाट बालबालिका बढी प्रभावित हुन्छन् । आँखा रातो भई सुन्निने, आँसु धेरै बग्ने, चिप्रा आई आँखा टालिने, दुख्ने र धमिलो देखिने हुन्छ । यो एक्कासी देखिनुका साथै एकबाट अर्को व्यक्तिमा सजिलै सर्ने हुन्छ ।

(डा.रोहित सैंजु नेपालका वरिष्ठ नेत्र रोग विशेषज्ञ हुनुहुन्छ ।)

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८०/८१ आश्विन महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २८१ | २५५ | २२४ | २३३ | २३१ | २९० | ३३५ | ३४९ | २९८ | ३२७ | ४८९ | ३१२ | ३८७ | ४१६ | ४१८ |
| ■ सार्क तथा चिनियाँ | ३०० | १९७ | १९५ | २५६ | २९६ | ४७५ | ४४८ | ३०२ | २५० | ५१३ | ४५९ | ३७४ | ७०५ | ५४१ | ५९४ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४३८ | ३५८ | ४४० | ४७० | ५३८ | ४५७ | ५१८ | ५२१ | ५११ | ५६२ | ६१० | ६८९ | ५१८ | ५६२ | ४६२ |
| ■ सार्क तथा चिनियाँ | ६२३ | २८६ | ४९१ | ४८० | ५१२ | ४१६ | २५६ | २०६ | २६५ | २७१ | १९२ | ३३८ | २९२ | १५९ | १०६ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० आश्विन | १२,४९९ | १०,७९८ | २३,२९७ |
| २०७९ आश्विन | ८,६६८ | ६,२५० | १४,९१८ |
| प्रगति | ३,८३१ | ४,५४८ | ८,३७९ |

सम्पादकको पृष्ठ

# हिटलरलेझैँ यहुदी शासकहरूले सजाय भोग्ने निश्चित

हिटलरको यहुदी जातिहत्याको फासीवादबाट पीडित यहुदीहरू प्रति हिजो धेरैको सहानुभूति थियो। तर, साम्राज्यवादीहरूको सहयोगमा प्यालेस्टिनीहरूको भूमिमा यहुदी जातिवादी इजरायल बनाएपछि त्यो सहानुभूति विरोधमा परिणत भयो। त्यसमाथि इजरायलको जातीय राज्य आतङ्कवादबाट अरबका मुसलमानहरू पीडित हुन थालेपछि विरोध आक्रोशमा परिणत भयो। आज इजरायलका यहुदी शासकहरू स्वयं प्यालेस्टिनीहरूको जातिहत्या गर्न उद्यत भएपछि तिनीहरूप्रति विश्वभर विरोध र आक्रोश उत्पन्न भएको छ। ती शासकहरूलाई आज हिटलरी फासीवादकै पुनर्जन्मको रूपमा लिन थालिएको छ।

साम्राज्यवादी अमेरिकाको उपग्रह राज्य ठहरिएको इजरायलका जातिवादी यहुदी शासकहरूले प्यालेस्टिनी भूमि लुटेकोमात्र होइन छुट्याइएको प्यालेस्टिनी भूमि पनि अतिक्रमण गर्दै प्यालेस्टिनीहरूलाई देशविहीन बनाउन खोज्दै छ। आफ्नो भूमिबाट आफैलाई विस्थापित गर्न खोज्नेहरूको प्रतिकार र प्रतिरोध गर्नु स्वाभाविक र जायज कुरा हो। हमासले त्यही गरेको थियो। तर, साम्राज्यवादीहरूको आडभरोसा पाएको इजरायली यहुदी शासकहरूले प्यालेस्टिनीहरूको जाति उन्मूलन गर्न बर्बर आक्रमण गरिरहेको छ। उल्टो प्यालेस्टिनीहरूलाई आतङ्कवादीको आरोप लगाएर संरा अमेरिका र इजरायली राज्य आतङ्कवादलाई ढाकछोप गर्ने दुस्साहस गरिरहेको छ।

साम्राज्यवादी, उपनिवेशवादी, फासीवादीहरूले स्वतन्त्रता, स्वाधिनता, देशभक्ति, स्वाभिमान खोज्नेहरूमाथि नानाथरीको आरोप लगाउनु कुनै नयाँ कुरा होइन। विश्व आतङ्कवादका नाइके साम्राज्यवादी संरा अमेरिका र राज्य आतङ्कवादी इजरायलले प्यालेस्टिनीहरूविरुद्ध त्यस्तै मिथ्या आरोप लगाइरहेकोछ। त्यो फतुरको आडमा प्यालेस्टिनीहरू बसोबास गरिरहेको क्षेत्रमा बर्बर आक्रमण गरी हजारौँको हत्या गर्दै अस्पताल, विद्यालय, बस्ती ध्वस्त पारिरहेको छ। तर, साम्राज्यवादी र फासीवादीहरूको बमले प्यालेस्टिनीहरूको देशभक्ति मर्ने छैन, लुटिएको देश फिर्ता लिने सङ्घर्ष रोकिने छैन। विश्वका देशभक्त र न्यायप्रेमी जनता आज प्यालेस्टिनीहरूको पक्षमा र प्यालेस्टिनीहरूको जातिहत्या गर्ने साम्राज्यवादी र फासीवादी अपराधीहरूको विरोधमा उर्लिएका छन्। हिजो, यहुदी जातिहत्या गर्ने हिटलरलेझैँ आज प्यालेस्टिनीहरूको जातिहत्या गर्न उद्यत इजरायलका यहुदी शासकहरूले एक दिन सजाय भोग्ने निश्चित छ।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँबाट भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालको विभिन्न कक्षको निरीक्षण । कार्तिक ६ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको उपस्थितिमा ख्वप अस्पतालको घरदैलो नर्सिङ र विद्यालय नर्स सेवाको मासिक बैठक । कार्तिक २ गते



'जनता म्वासा भाषा म्वाइ' नारा बोकेको ४३ औँ नेपाल भाषा साहित्य त:मुंज्या र सांस्कृतिक प्रदर्शनी ल्यसिंख्य:मा भव्यताका साथ सम्पन्न । कार्तिक ९ र १० गते



भक्तपुर नपाको आयोजनामा भक्तपुर लायकूमा छिकोङ व्यायाम प्रदर्शनी । असोज २९ गते